# महान्यायाधिवक्ताको कार्यालयको

# पञ्चवर्षीय रणनीतिक योजना

## २०६८।०६९ - २०७२।०७३

महान्यायाधिवक्ताको कार्यालय

रामशाहपथ, काठमाडौं

२०६८

# मन्तव्य

महान्यायाधिवक्ताको कार्यालयले आफ्नो संस्थागत सुदृढीकरण र आफुले गर्ने कार्य सम्पादन तथा पुरागर्नु पर्ने जिम्मेवारी र कर्तव्यको सुदृढ व्यवस्थापन तथा यसबाट प्राप्त हुने अपेक्षित सफलताको लागि रणनीतिक कार्य योजनाको तर्जुमा गरेको छ । कुनै पनि संस्थाको समसामयिक सुधार तथा सुदृढीकरण त्यसका लागि निर्मित रणनीतिक योजनको अभावमा सहज र सजिलो हुंदैन । त्यस यर्थाथतालाई ध्यानमा राखेर नै महान्यायाधिवक्ताको कार्यालयले पनि आफ्नो रणनीतिक कार्ययोजना तयार पारी सार्वजनिक गरेको छ ।

महान्यायाधिवक्ताको कार्यालयको इतिहास छोटो छैन । नेपालमा आधुनिक न्याय प्रणालीको अवधरणाको शुरुवात संगसंगै महान्यायाधिवक्ताको कार्यालय पनि स्थापित भएको पाईन्छ । प्रारम्भमा सरकारको कार्यकारिणी निर्णयबाट गठन भएको भए तापनि विकासको क्रममा  यो एक मर्यादापूर्ण एवं प्रभावशाली संवैधानिक निकायको रुपमा स्थापित र विकसीत भएको छ । नेपाल सरकारलाई आवश्यक पर्ने कानूनी राय र सल्लाह उपलब्ध गराउने लगायत फौजदारी न्याय प्रणाली अन्तर्गत अपराधको अभियोजन गर्ने, अदालतमा उपस्थित भई सरकारको तर्फबाट वकिलको रुपमा अभियोजनका पक्षमा वकालत गर्ने, वहस पैरवीमा सरिक हुने, नेपाल सरकारका हक, हित र सरोकार निहित रहेका विषय, मुद्दा मामीलमा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने लगायत हिरासतमा रहेका व्यक्तिहरु प्रति मानवोचित व्यवहार सुनिश्चित गर्ने र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको कार्यान्वयन गर्ने जस्ता अत्यन्त महत्वपूर्ण जिम्मेवारीहरु महान्यायाधिवक्ताले पुरागर्नु पर्दछ । विषय सन्दर्भ र आवश्यकता अनुसार कानून र न्यायका क्षेत्रमा महान्यायाधिवक्ताले सम्पादन गर्नुपर्ने अनेकौ कार्यहरु रहेका छन् जसमा कानूनी शासन, सुशासन र मानव अधिकारको संरक्षण एवं सम्वर्धनका उद्देश्य निहित रहेका छन् । सक्षम महान्यायाधिवक्ताको कार्यालय लोकतन्त्र, स्वच्छ र निष्पक्ष न्याय व्यवस्था, मानव अधिकार र सुशासन सुनिश्चित गर्ने प्रभावकारी सयन्त्र हो भन्ने कुरामा कसैको दुइमत हुन सक्तैन ।

महान्यायाधिवक्ताको कार्यालयले उपरोक्त अपेक्षापूर्ण हैसियतको निर्माण गर्न आफूलाई सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ भन्ने कुरामा पनि दुई मत छैन । रणनीतिक कार्ययोजना तर्जुमाका क्रममा यसका सवल एवं कमजोर पक्षहरु तथा अवसर र चुनौतीहरुको विहंगम विश्लेषण भएको छ र सुधार गर्नुपर्ने क्षेत्रहरु र सुधारका लागि गरिनु पर्ने रणनीतिक कार्यहरुको पहिचान पनि स्पष्ट ढंगबाट गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुलाई संविधान र विभिन्न ऐनहरुले अपेक्षा गरेका यसका भूमिकाहरुलाई समसामयिक वनाउनु यसका कार्यसम्पादन पद्धतिलाई आधुनिकीकरण गर्नु, कम खर्चिलो वा कम समयमा गर्न सकिने बनाउनु समसामयिक चुनौती हुन भन्ने कुरालाई विश्लेषणले सटिक ढंगबाट स्थापित गरेको छ । महान्यायाधिवक्ताको कार्यालयमा हाल कायम रहेको दरवन्दी वा जनशक्ति, सुविधाहरु, कार्य सम्पादनका सयन्त्रहरु र उपकरणहरुबाट परिवर्तित समय, जनताका अपेक्षा र सरकारका प्रतिवद्धता अनुरुपको कार्य सम्पादन गर्न कठिन मात्र होइन असंभव देखिन्छ । मुद्दा मामिलाको संख्याको अनुपातमा अहिलेको २५० जना सरकारी वकीलको संख्या अत्यन्त न्यून छ । न्यायपालिकामा कायम रहेको न्यायाधीशहरुको संख्याको अनुपातमा समेत सरकारी वकीलहरुको संख्या न्यून रहेको छ । त्यसमा पनि जिल्ला प्रशासन, राजश्व न्यायाधिकरण, वन, अध्यागमन लगायतका क्षेत्रमा समेत कार्यरत रहनु पर्दछ । सरकारको कानूनी सल्लाहकारका रुपमा समेत कार्यरत रहनुपर्ने हुन्छ । यस्तो अवस्थामा न्यायपालिकाको सुदृढिकरणको योजना संगै महान्यायाधिक्ताको कार्यालयको पनि सुदृढीकरण हुन नसक्दा र संस्था प्रति आकर्षण गर्ने सुविधा र अवसरहरुमा समेत अत्यन्त न्यूनता रहेको कारणले महान्याधिवक्ताको कार्यालयको जनशक्ति अन्य निकायमा पलाएन हुने परिपाटी चुनौतीपूर्ण यर्थाथताको रुपमा रहेको छ । प्रतिरक्षी कानून व्यवसायीसंग बौद्धिक प्रतिस्पर्धा गर्ने अवस्था रहेको छ, तर महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालहरुमा त्यसका लागि चाहिने

पूर्वाधारहरुको व्यापक अभाव रहेको छ । परिणामस्वरुप अभियोजन असफताको दर सार्वजनिक अपराधलाई हटाउंदा ५० प्रतिशतको हाराहारीमा सिमित रहेको छ । सर्वोच्च अदालतमा दैनिक एघार वटा इजलासबाट मुद्दाको सुनुवाई हुन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट करीव २०/२५ वटा मुद्दाहरुको प्रतिरक्षा सर्वोच्च अदालतमा मात्र दैनिक गर्नु पर्छ । तर त्यसका लागि महान्यायाधिवक्ताको कार्यालयमा जम्मा ७ जना सह न्यायाधिवक्ताको दरवन्दी रहेको छ । काठमाडौं जिल्लामा दैनिक लगभग १० वटा अपराध अभियोजन हुने गर्दछन् । दैनिक त्यति नै संख्याका मुद्दामा वहस पैरवी हुन्छ । त्यति नै संख्यामा शंकित व्यक्तिको वयान गराउनु पर्ने हुन्छ । ति सवै कार्यका लागि काठमाण्डौ जिल्ला सरकारी वकील कार्यालयमा ६ जना सरकारी वकीलको दरवन्दी रहेको छ । काठमाण्डौ जिल्ला सरकारी वकील कार्यालय एउटा जीर्ण भवनको ५ कोठामा अवस्थित छ । शंकित व्यक्तिहरुलाई वस्ने ठाउंसम्म उपलब्ध रहेको छैन । धेरैजसो सरकारी वकील कार्यालयहरुको अवस्था यस्तै नै छ ।

करीव ९ अरव रकम समावेश रहेका सयौ राजश्वका मुद्दाहरु हाल विभिन्न अदालतमा विचारधीन रहेका छन् । अर्कातिर मध्यस्थता, कानूनी राय, निर्णय, पुनरावलोकन लगाएतका विविध कार्यहरु पनि गर्नुपर्ने हुन्छ । भ्रष्टाचार, संगठित अपराध, अध्यागमन, लागू पदार्थ, वैदेशिक रोजगार जस्ता संवेदनशील अंगका विषयवस्तु र मुद्दामामिलाको चाप उतिकै रहेको छ । तर हाल कायम रहेको दरवन्दी र भौतिक सुविधाहरु यस्ता मुद्दाको प्रतिरक्षाको लागि न्यूनमात्र होइन अवरोधका रुपमा रहेका छन् । उपरोक्त परिदृष्यले महान्यायाधिवक्ताको कार्यालयको आधुनिकीकरण राष्ट्रको एक प्राथमिक कार्य हुनु पर्ने कुरामा विवाद छैन । महान्यायाधिवक्ताको कार्यालयको आधुनिकीकरण एवं दक्षताको विकासले राज्यलाई कानूनी क्षेत्रमा मजवुत बनाउछ भन्ने कुरामा विवाद हुन सक्दैन ।

उपरोक्त परिदृष्यलाई नेपाल सरकारले हृदयगम गर्नु पर्छ भन्ने कुरामा पनि विमती हुनुपर्ने अवस्था हुदैन । सुदृढ महान्यायाधिवक्ताको कार्यालय र यसका मातहतका सरकारी वकील कार्यालयहरुको कार्यदक्षतामा विस्तार र गुणस्तर कायम गर्न सक्दा सुशासनको प्रर्वधन हुन सहयोग पुग्छ भन्ने अर्कातिर मानव अधिकारको संरक्षण समेत फस्टाउदै जान्छ । जिल्लादेखि केन्द्रसम्म सरकारी वकीलको सक्षमता वृद्धि हुन सकेमा सरकारका विभिन्न निकायले गर्ने निर्णयको वैधता संरक्षण हुन जान्छ । अर्कातिर फौजदारी अपराधको अनुसन्धान र अभियोजन व्यवस्थित, स्वच्छ एवं निष्पक्ष हुन जान्छ । यसबाट कसुरदार फूत्कीन र निर्दोष पीडित हुने संभावनालाई अन्त्य गर्न सकिन्छ । राजश्वको विषय संलग्न रहेका मुद्दाहरुको प्रतिरक्षा प्रभावकारी भई नेपाल सरकारको अरवौंको राजश्व जोगिन जान्छ ।

यी सवै अपेक्षित सुधारका क्षेत्रलाई समावेश गरेर रणनितिका योजना तर्जुमा गरिएकोछ । ४५ दिनको छोटो अवधिमा कुनै दातृसंस्थाको अनुदान र कुनै विदेशी परामर्शदाताको सहयोग विना महान्यायाधिवक्ताको कार्यालयमा उपलब्ध जनशक्तिले आफ्नो दैनिक कार्यसम्पादनमा कुनै अवरोध नपुऱ्याई यो रणनीतिक कार्ययोजनाको निर्माण गर्न सकेको अवस्था छ । महान्यायाधिवक्ताको कार्यालयले यसको निर्माण गर्दा छुट्टै बजेटको प्रयोग वा खर्च समेत गरेको छैन । कार्यालय समय पछाडि एवं विदाका दिनहरुको समय प्रयोग गरी यो कार्य योजनाको निर्माण गर्न सकिएको छ । कार्ययोजनाको तर्जुमा गर्दा सवै तहका सकारी वकील तथा कर्मचारीहरुको बीचमा व्यापक छलफल र अर्न्तक्रियाहरु गरिएका छन् । न्यायिक क्षेत्र वाहिरका नेपाल सरकारका वरिष्ट कर्मचारीहरु विभिन्न विशेषज्ञहरु र नागरिक समाजका विभिन्न व्यक्तित्वहरुका सल्लाह सुझावहरुबाट यो कार्ययोजना लाभान्वित भएको छ ।

कार्ययोजनाले मूलतः केही महत्वपूर्ण सुधारका पक्षलाई प्राथमिकताका साथ अगाडि सारेका छ । जस्तै महान्यायाधिवक्ताको कार्यालय र सरकारका विभिन्न निकायहरु बीचको कार्यगत समन्वयलाई बढी प्राथमिकता दिइएको छ । महान्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्ने सवै कार्यहरुमा सरकारका निकायहरुको प्रत्यक्ष सहयोग र भूमिकाको आवश्यकता हुन्छ । त्यस्तो भएमा मात्र सरकारको प्रतिरक्षा अपेक्षाकृत सफल हुन्छ । अतः सुधारका कार्यहरु यसतर्फ केन्द्रित भएको रणनीतिक कार्ययोजनामा परेका विषयबाट प्रष्ट देख्न सकिन्छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकीलहरुको व्यवसायिक दक्षता अभिवृद्धि, महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुको संरचनात्मक एवं संस्थागत आधुनिकीकरण, फौजदारी अनुसन्धान तथा अभियोजन प्रणालीको आधुनिकीकरण, सुशासन र मानव अधिकारको संरक्षण तथा भ्रष्टाचार निवारणका कार्यहरु प्रति रणनितिक कार्ययोजना विशेष लक्षित रहेको छ ।

यसको निर्माणमा महान्यायाधिवक्ता कार्यालय र मातहतका सरकारी वकील कार्यालयका कर्मचारीहरुको व्यापक परिचालन भएको छ । केन्द्रमा नायव महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला, श्री सूर्य प्रसाद कोइराला, श्री प्रेमराज कार्की र श्री राजनारायण पाठकज्यूले कार्ययोजनाका लागि आवश्यक पर्ने वस्तुस्थिति विश्लेषणका कार्यहरुको अगुवाई गर्नु भएको थियो भने सह न्यायाधिवक्ता युवराज सुवेदी, ठोक प्रसाद शिवाकोटी, किरण पौडेल, महेश शर्मा पौडेल, उप न्यायाधिवक्ता धर्मराज पौडेल, शिवबहादुर रानाभाट, खेमराज ज्ञवालीले वस्तुस्थिती विश्लेषणपत्र तयार पार्नमा महत्वपूर्ण भूमिका खेल्नु भएको छ ।

रणनीतिक कार्य योजना तर्जुको क्रममा दैनिक कार्य सम्पादनको कार्य उप न्यायाधिवक्ता दिवाकर भट्ट र उप न्यायाधिवक्ता मदन वहादुर धामीले गर्नु भएको छ । त्यसै गरी रणनीतिक कार्य योजना तर्जुमा गर्ने कार्यमा शाखा अधिकृत सन्तोष कुमार गिरी, अजित घिमिरे, अशोक कुमार क्षेत्री र नायव सुव्वा गजेन्द्र कुमार के. सी. ले लगनशिलता पूर्वक कार्य गर्नु भएको छ । कार्ययोजना निर्माणका क्रममा आ-आफ्नो स्तरबाट प्र. ना. नि नारायण वहादुर गुरुङ्ग र भुवन खडकाको सहयोग पनि महत्वपूर्ण रहेको छ ।

रणनीतिक कार्ययोजनाको निर्माण क्रममा सह न्यायाधिवक्ताहरु सरोज प्रसाद गौतम, राजेन्द्र कुमार पोखरेल, महेश कुमार थापा, किरण पौडेल महेश शर्मा पौडेल र कृष्ण प्रसाद पौडेल उप न्यायाधिवक्ताहरु शरद कुमार खड्का, योगराज बराल, धर्मराज पौडेल, तेजनारायण पौडेल रमेश शर्मा पौडेल, रेवतीराज त्रिपाठी, खेमराज ज्ञवाली, हरि प्रसाद रेग्मी र शंकर बहादुर राई शाखा अधिकृतहरु हरिशंकर ज्ञवाली, यदुनाथ शर्मा, रमादेवी पराजुली, ध्रुबकुमार चौहान नारायण बहादुर थापा, यामबहादुर बानियां, इश्वरी प्रसाद ढकाल, उर्मिला दाहाल, प्रकाश कोइराला पदमप्रसाद आचार्य, बालकृष्ण वाग्ले, सन्तोष कुमार गिरी, हरि प्रसाद ज्ञवाली सुरेन्द्र प्रसाद श्रेष्ठ, जिवनिधी पौडेल, विदुर कुमार कार्की, अजित घिमिरे, प्रतिमा कुमारी भट्टराई, सोमकान्त भण्डारी, अशोक कुमार क्षेत्री, चपला पोखरेल, संगिता न्यौपाने, बासुदेव लम्साल, नवराज पराजुली र मुकुन्दहरि पौडेल तथा लेखा अधिकृत खगराज पौडेल र अन्य सवै कर्मचारीहरुले आफनो विचार र सुझावहरु दिएर सहयोग गर्नु भएको छ ।

यो कार्ययोजना निर्माणका क्रममा विशेष बैठकको आयोजना गरी विशेष सुझाव उपलब्ध गराउने नेपाल प्रहरीका महानिरिक्षक रमेश चन्द ठकुरी र सशस्त्र प्रहरी वरिष्ठ अधिकृहरु, कानून मन्त्रालयका सचिव माधव प्रसाद पौडेलज्यू, मन्त्रीपरिषदका सचिव श्री लिलामणी पौडेलज्यू, मन्त्रीपरिषदका सचिव त्रिलोचन उप्रेतीज्यू, पुनरावेदन अदालतका मुख्य न्यायाधीश केशरी राज पण्डितज्यू सबै प्रति आधार व्यक्त गर्दछु । साथै सुझाव सल्लाह दिने कर्मचारी युनियनका पदाधिकारीहरु, नेपाल ल क्याम्पस र काठमाडौ स्कूल अफ ल का शिक्षकहरु,

विद्यार्थीहरु तथा नागरिक समाजका प्रतिनिधिहरु र अन्तर्राष्ट्रिय समुदाय खासगरी संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगको नेपालस्थित कार्यालय प्रति पनि सुझावका लागि धन्यवाद व्यक्त गर्दछु ।

रणनितिक योजना निर्माण कार्यको प्रशासनिक संयोजनको कठीन कार्य सम्पादन गर्नु भएकोमा सह न्यायाधिवक्ता श्री युवराज सुवेदी प्रति पनि आभार व्यक्त गर्दछु । साथै विभिन्न किसिमका सहयोगमा खटिने महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत कार्यालय सहयोगी दीपक पुडासैनी, कुमलाल अवाल, भुखल चौधरी, आत्माराम भण्डारी, प्रदीप दाहाल, हरि माझी, ड्राइभर अक्कले तामाङ्ग र गुप्त वहादुर मल्ल र यस कार्यालयका अन्य कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

(युवराज संग्रौला, पीएच. डी।)
महान्यायाधिवक्ता

# मन्तव्य

नेपालको राजनीतिक तथा राज्य पुन:संरचनाका सन्दर्भमा तत्काल कायम रहेका आधारभूत मूल्य र मान्यतामा परिवर्तन आएको यथार्थता हाम्रो सामु स्पष्ट रहेको छ । बिद्यमान फौजदारी कानूनी व्यवस्था र फौजदारी न्याय संपादन गर्ने प्रकृयाबाट मात्र आगामी दिनको फौजदारी न्याय प्रशासनलाई सञ्चालन गर्न सकिने अवस्था छैन । बिज्ञान र बिकासको गतिसंगै तिब्र रुपमा बढदै गएको अपराधिक कृयाकलाप र आपराधिकरणको नयांपनलाई नेपालको हालको फौजदारी न्याय प्रशासनको संयन्त्र र संस्थागत ढांचाले धान्न सक्ने अवस्थामा छैन । नागरिकको बढदै गएको सचेतनाको स्तर, बिश्वमा फौजदारी न्यायको विधामा अपनाई आएको मापदण्ड र मान्यताका साथ आगामी दिनमा यस प्रणलीमा पनि सुधार हुन अपरिहार्य भएको छ । यसलाई बिशेष गरी अपराधिक कृयाकलापमा नियन्त्रण गरी संबिधानले सुनिश्चित गरेका नागरिकका अधिकारको संरक्षण गर्ने क्रममा मानव अधिकारको संरक्षणको पृष्ठभूमिमा हेरिनु आवश्यक छ । आजको परंपरागत फौजदारी न्याय प्रणालीबाट मात्र उल्लेखित अपेक्षा पूरा गर्न सम्भब छैन । आजको बिश्वको बदलिंदो परिवेश, मानव अधिकार तथा फौज्दारी न्यायसंग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि संझौताहरु अर्न्तगत सृजित राज्यका दायित्वहरु तथा परंपरागत प्रकृतिको फौजदारी न्याय प्रशासनको क्षेत्रमा बिकसित आधुनिक मान्यता र अभ्यासहरुलाई दृष्टिगत गर्दै मानव अधिकार मैत्री, सक्षम र प्रभावकारी फौजदारी न्याय प्रशासनको बिकास गर्न जरुरी रहेको छ ।

आम नागरिकका आकांक्षालाई बदलिंदो परिबेशमा फौजदारी न्याय प्रशासनलाई सम्बोधन गर्दै आमूल परिबर्तन गर्नु पर्ने आवश्यकताको वोध भएको छ । यसैको परिणाम स्वरुप सरकारको तर्फबाट अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर र सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको तर्जुमाको लागि संबिधान सभा (विधायिका) मा प्रस्तुत भै सकेको छ । प्रस्ताबित कानूनले अबलंबन गरेका सिद्धान्त र मान्यतालाई कार्यान्वयनको तहमा रुपान्तरण गर्ने एक महत्वपूर्ण निकाय महान्यायाधिवक्ताको कार्यालय हो ।

देशमा शान्ति, सुव्यवस्था कायम गरी जनतालाई कानूनको शासनको प्रत्याभूति गराउनु राज्यको प्रमुख कर्तव्य हो । यस कर्तव्य पालनामा सरकारको एउटा अपरिहार्य सहयोगीको रुपमा सरकारी वकीलहरुले कानूनद्वार आफूलाई निर्दिष्ट कार्य इमान्दारीपूर्बक गर्दै आइरहेका छन् । यति ठूलो अविभारा बोकेका सरकारी वकीलहरुको कामकारवाही छिटो, छरितो, प्रभावकारी र भरपर्दो भएमा देशमा शान्ति, सुव्यवस्था कायम भै कानूनी राज्यको परिकल्पना साकार हुने र मानव अधिकारको संरक्षणमा महत्वपूर्ण योगदान हुन जाने परिप्रेक्षमा सरकारी वकीलहरुले गर्ने सम्पूर्ण कामलाई रणनीतिक योजना बनाई अगाडि बढाउन सकेमा लक्ष सहज एवं व्यवस्थित रुपमा प्राप्त हुन र सरकारी वकीलहरुको काममा देखिएका कमी, कमजोरीलाई सहज रुपमा समाधान गर्न मद्दत् पुग्ने यथार्थतालाई मनन् गरी महान्यायाधिवक्ताज्यूको प्रयासमा महान्यायाधिवक्ताको कार्यालयले आफ्नो पांच वर्षे रणनीतिक योजना बनाई लागु गर्न प्रयास गरेको हो । प्रस्तुत पंचवर्षीय रणनीतिक योजना बन्नु पूर्व पनि यस महान्यायाधिवक्ताको कार्यालयले रणनीतिक योजना बनाएको भएपनि सो कार्यान्वयन हुन सकेन । प्रस्तुत पंचवर्षीय रणनीतिक योजनामा उल्लेखित परिदृष्य, परिलक्ष्य र मूल्य र मान्यताबाट सम्पूर्ण सरकारी वकीलहरुले सम्पादन गर्नुपर्ने कार्यहरुको पहिचान भई योजनाबद्ध रुपमा सरकारी वकीलहरुको कार्य परिमार्जन भै अगाडि बढाएर लैजाने कुरालाई मद्दत् पुऱ्याउने कुरामा म विश्वस्त छु ।

यसर्थ बिश्वमा फौजदारी न्याय प्रशासनमा आएको परिबर्तनलाई आत्मसाथ गर्दै नेपालको फौजदारी न्याय प्रशासनमा पनि समय सापेक्ष रुपमा परिबर्तन गर्नु आजको आवश्यकतालाई मनन् गरी तथा सरकारी वकीलको बिद्यमान भूमिकामा बर्तमान सन्दर्भमा परिमार्जन गर्नु पर्ने टड्कारो आवश्यकताले साह्रै छोटो समयमा प्रस्तुत पंचवर्षीय रणनीतिक योजना बनाइएको छ । प्रस्तुत रणनीतिक योजना बनाउनमा महान्यायाधिवक्ताको कार्यालयको आफ्नै स्रोत, साधन र जनशक्ति परिचालन भएको छ । यसका लागि कुनै पनि स्वदेशी तथा विदेशी संघ संस्था तथा निकायको सहयोग लिइएको छैन । यो रणनीतिक योजना ल्याउनमा अग्रणी भूमिकाका

साथ रातदिन आफैं खटिई हामी सम्पूर्ण सरकारी वकीलहरुलाई उत्प्रेरणा दिने समेतको काम गर्ने महान्यायाधिवक्ता प्रा.डा.श्री युवराज संग्रौलाज्यू प्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु। यसैगरी प्रस्तुत पंचवर्षीय रणनीतिक योजना तयार गर्न रात दिन खटिनु भएका सम्पूर्ण सहकर्मी सरकारी वकील साथीहरु र अन्य सबै राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद

मितिः २०६७।२।१५

(पुष्पराज कोइराला)
नायव महान्यायाधिवक्ता

## मन्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ र यस पूर्वका संविधानले महान्यायाधिवक्तालाई एक संवैधानिक निकायको रुपमा स्वीकार गरी महान्यायाधिवक्तालाई नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारको जिम्मेवारी, नेपाल सरकारको हक हित सरोकार निहित हुने मुद्दामा जुन सुकै न्यायिक निकायमा उपस्थित भै वहस पैरवी र प्रतिरक्षा गर्ने, नेपाल सरकार वादी हुने मुद्दा चलाउने नचलाउने सम्वन्धमा अन्तिम निर्णय गर्ने समेतका काम, कर्तव्य र अधिकार प्रदान गरेको छ । कानूनी शासन, मानव अधिकार तथा फौजदारी न्याय प्रणालीको प्रवर्धन गर्ने क्रममा परिवर्तित सन्दर्भमा महान्यायाधिवक्ताको वढ्दो भूमिकालाई मध्यनजर गर्दै नेपालको अन्तरिम संविधान, २०६३ ले सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने, हिरासतमा रहेका थुनुवाहरु प्रति मानवोचित व्यवहार भए नभएको सम्वन्धमा हिरासतको निरीक्षण र अनुगमन गर्न सक्ने समेतका थप जिम्मेवारी सुम्पेको छ ।

महान्यायाधिवक्ताको नेतृत्वमा महान्यायाधिवक्ताको कार्यालय, विभिन्न १६ वटा पुनरावेदन सरकारी वकील कार्यालय तथा ७५ जिल्लामा जिल्ला सरकारी वकील कार्यालयहरुमा नेपाल न्याय सेवा, सरकारी वकील समूहमा कार्यरत सरकारी वकीलहरुबाट नेपाल सरकार वादी हुने परम्परागत तथा आधुनिक विशिष्ट प्रकृतिका मुद्दामा अभियोजन, वहस, पैरवी एवं प्रतिरक्षा हुंदै आएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुले प्रचलित कानून बमोजिमका जिम्मेवारी सम्पादन गर्नका लागि विद्यमान भौतिक साधन, स्रोत, मानव संसाधन, पुस्तकालयको सुविधा निकै अपर्याप्त रहेको अबस्था छ । त्यसै गरी सरकारी वकील कार्यालयहरुका भवनहरु जिर्ण भै पुनःनिमार्ण गर्नुपर्ने अवस्था छ ।

महान्यायाधिवक्ताको कार्यालयदेखि पुनरावेदन सरकारी वकील कार्यालय र सरकारी वकील कार्यालयसम्म सूचना प्रविधियुक्त कार्य सम्पादन प्रणालीको स्थापना हुन सकेको स्थिति एकातिर छ भने अर्कोतिर सरकारी वकीललाई संविधान, ऐन कानूनले जिम्मेवारी थप गर्ने क्रमको वढ्दो अवस्था छ । सरकारी वकीललाई दिईएको जिम्मेवारी र सो सम्पादन गर्नका लागि उपलव्ध भौतिक साधन श्रोत, जनशक्ति, सूचना प्रविधि, वजेट व्यवस्थाको उपलव्धता बीच ठूलो खाडल देखिएको अवस्थामा सरकारी वकीलहरुले आफ्ना गहनतम जिम्मेवारी सम्पादन गर्ने कार्य निकै चुनौतिपूर्ण देखिएको छ ।

समाजमा बढ्दै गएको जटिलता, सामाजिक क्रियाकलापहरुको वृद्धि, अपराधका स्वरुप तथा प्रकृतिमा भएको व्यापकता, मुलुकमा वढ्दै गएको दण्डहीनता तथा सवल सुरक्षाको अभाव लगायतका कारणबाट अपराधको संख्या दिन प्रतिदिन वढ्दै गएको छ । त्यसै गरी नेपाल सरकारले गर्नु पर्ने कार्यहरुमा वृद्धि, नेपाल सरकारले अन्तर्राष्ट्रिय महासन्धि तथा अन्तराष्ट्रिय दस्तावेजमा पक्ष भई सिर्जना हुन आएको दायित्व, अन्तर्राष्ट्रिय स्तरमा नेपाल सरकारको संलग्नता वढेबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाल सरकार माथि आई पर्ने दायित्वहरु वढ्दै गएको अवस्था छ । यस अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाल सरकारको न्यायिक तथा अर्ध न्यायिक निकायमा प्रभावकारी प्रतिनिधित्व गर्ने दक्ष, कुशल तथा व्यवसायिक संयन्त्रको आवश्यकता छ । नेपाल सरकारको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी प्रतिनिधित्व तथा प्रतिरक्षाका लागि सरकारी वकील व्यवसायिक, सक्षम तथा प्राशिक्षित हुनुपर्ने अवस्था छ ।

सरकारी वकीलले सम्पादन गर्नु पर्ने वढ्दो कार्यबोझ तथा जिम्मेवारीको तुलनामा उपलव्ध जनशक्ति अपर्याप्त हुनु, उपलव्ध जनशक्ति समेत प्रशिक्षित हुन नसक्नु, सरकारी वकीललाई व्यवसायिक एवं दक्ष बनाउनका लागि आवश्यक पर्ने अध्ययन, प्रशिक्षण तथा अभिमूखीकरणको अभाव, कार्यसम्पादन, मूल्यांकनका आधारहरु पारदर्शी तथा सुस्पष्ट हुन नसक्नु, सरकारी वकीलले सम्पादन गर्नु पर्ने चुनौतीपूर्ण कार्यहरुका

सम्वन्धमा नेपाल सरकारको ध्यान पुग्न नसक्नु र सरकारी वकीलहरुले आफूले पेशामा गरेको परिश्रमको राज्यबाट मान्यता ( Recognition) प्राप्त हुन नसक्नु आदि सरकारी वकीलहरुका गुनासो रहेका छन् । यसका आन्तरिक र वाह्य पक्षहरु छन् । आन्तरिक पक्ष हेर्दा महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरुका भौतिक, मानव संसाधन, कानूनी तथा कार्यविधिगत सुधार हुन जरुरी छ भने वाह्य पक्षमा महान्यायाधिवक्तालाई संविधानले गहनतम जिम्मेवारी सुम्पेको भएतापनि महान्यायाधिवक्ताको कार्यालयलाई राज्यले उचित प्राथमिकता दिन सकेको छैन् । महान्यायाधिवक्ताको कार्यालयलाई सरकारबाट विनियोजित वजेट अति न्यून भएकाले आन्तरिक सुधारका पक्षहरु संबोधन गर्न नसकिएको अबस्था छ । आन्तरिक पक्षकै उल्लेख गर्दा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुका भवनहरुको पुननिर्माण हुन नसकेकाले कार्यालयको कार्य सम्पादनको अपेक्षित रुपमा गुणस्तरीय हुन सकेको छैन । सरकारी वकीललाई आवश्यक साधन स्रोत, प्रशिक्षण र सूचना प्रविधिको पहुँचको अभावका कारण सरकारी वकीलले सम्पादन गर्ने काम कारवाहीमा आधुनिकीकरण गर्न सकेको छैन ।

यसर्थ यी संबोधन हुन नसकेका र सुधार हुन नसकेका विषयहरुलाई समेटेर महान्यायाधिवक्ताको कार्यालयले पञ्च वर्षीय रणनीतिक योजना तयार गरेको छ । यस योजनाले यस कार्यालय र मातहतका कार्यालयहरुको संस्थागत सुदृढीकरण गरी फौजदारी न्याय प्रशासनलाई चुस्त दुरुस्त राख्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

निकै छोटो समयमा कार्यालयको समय बाहेक अतिरिक्त समयमा बसी तयार पारिएको यस रणनीतिक योजनामा महान्यायाधिवक्ता प्रा. डा. श्री युवराज संगौलाज्यूको नेतृत्वमा प्रस्तुत रणनीतिक कार्य योजना तर्जुमा गर्न सफल भएका छौं । यस कार्यका लागि महान्यायाधिवक्ताज्यू प्रति आभार व्यक्त गर्दछु । साथै प्रस्तुत कार्ययोजना तर्जुमा गर्नमा आफ्नो पूर्ण समय दिई खटिएका महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलहरु, कर्मचारीहरु र अन्य महानुभावहरुमा धन्यवाद दिन चाहन्छु ।

(सूर्य प्रसाद कोइराला)
नायब महान्यायाधिवक्ता

# मन्तव्य

कानूनी राज्यको अवधारणालाई साकार पार्न मानव अधिकारको सुरक्षा गर्नु राज्यको मूलभूत दायित्व हो । मौलिक अधिकार, स्वतन्त्रता र समानता एवं न्यायका हकको रक्षा गर्न सक्षम न्याय प्रणाली आजको अपरिहार्यता हो । लोकतान्त्रिक शासन व्यवस्थामा सरकार तथा मातहतका सवै निकाय तथा पदाधिकारीहरुको कार्य विधि सम्मत, न्यायिक र पारदर्शी हुन  आवश्यक हुन्छ । यिनै सारभूत उद्देश्य प्राप्तिका लागि नेपालको संवैधानिक एवं कानून व्यवस्था बमोजिम महान्यायाधिवक्ता र यस कार्यालयको अधिकारीहरुबाट काम कर्तव्य र अधिकारको प्रयोग एवं पालना हुदै आएको छ ।

नागरिकहरुको हक, मानव अधिकार र स्वतन्त्रताको गैर कानूनी ढंगबाट अपहरण हुन नदिने, समाजको शान्ति सुरक्षामा खलल पार्ने अपराधिक गतिविधिहरु नियन्त्रण गरी त्यस्ता कार्यमा संलग्न व्यक्तिहरु उपर कानून बमोजिम कारवाही चलाउने, राज्यको काम कारवाहीमा कुनै वाधा अडकाउ उत्पन्न भएमा कानूनी राय उपलब्ध गराउने, कानूनी प्रतिरक्षा गर्ने गराउने लगायतका जिम्मेवारी महान्यायाधिवक्ता र सरकारी वकीलहरुबाट सम्पादित हुदै आएको छ । यी जिम्मेवारी पुरा गर्न राष्ट्रसेवक सरकारी वकीलहरु कटिवद्ध छन् । संविधान र कानूनद्वारा सुम्पिएको जिम्मेवारी पुरा गर्नका लागि स्रोत साधन, संरचना, प्रविधि र तत्सम्बन्धी क्रियाकलापका लागि क्षमता विकास हुन जरुरी हुन्छ । राज्यले यस्तो कार्यमा संलग्न व्यवसायिक संगठनको विकास र क्षमता वृद्धि गर्न महत्व दिनु पर्दछ, उपेक्षा गर्नु हुदैन । न्यायिक प्रणालीको अभ्यास र विकासक्रम संगसंगै सरकारी वकीललाई पनि समय सापेक्ष रुपमा सक्षम वनाउनु पर्ने जरुरी भएको कुरा सवैको सरोकारको विषय वन्नु पर्दछ । सरकारी वकीलको कार्य सम्पादन र दायित्व पुरा  गर्न चाहिने साधन र स्रोत, प्रविधि र प्रशिक्षण, दक्षता र विशेषज्ञता जस्ता आधारभूत कुराहरु पूरा गराउन सकिएमा राज्य प्रतिको दायित्व निर्वाह हुन सक्दछ । यी उद्देश्य प्राप्तीका लागि योजनावद्ध नीति र कार्यक्रमको आवश्यकता थियो त्यही उद्देश्य प्राप्तीका लागि यो रणनीति योजना थालनी भएको छ ।

संविधान र प्रचलित कानून वमोजिमका जिम्मेवारी पूरा गर्नका लागि चाहिने पूर्वाधारहरुको विकास र उचित व्यवस्थापन भएमा सरकारी वकीलले पूरा योगदान दिन सक्नेछन् । समस्या र चुनौतीहरुका पहिचान गरी संगठन विकास गर्दै आ आफ्नो जिम्मेवारी पूरा गर्न यो रणनीति योजनाले सहायता गर्ने विश्वास गरिएको छ । यिनै आशा र उद्देश्य प्राप्तीका लागि महान्यायाधिवक्ता श्रीमान युवराज संग्रौलाज्यूबाट थालनी भएको कार्यको सफलतामा हामी सवै राष्ट्रसेवक सरकारी वकीलको भविष्य समेत  सन्निहित रहेको छ ।

महान्यायाधिवक्ता पदमा वहाली भएपछि यो रणनीतिक कार्य योजनाको तर्जुमा गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह भएको छ । कुशल नेतृत्व र व्यवसायिक विशेषज्ञताको प्रतिरुप यो रणनीति रहेको छ । यस योजनाले विद्यमान जनशक्तिको चाहनालाई साकार रुप दिनेछ । यसमा नेपाल सरकार र सम्वद्ध सवै निकाय एवं पदाधिकारीज्यूहरुबाट सवै प्रकारको सहयोग पुग्ने विश्वास गरिएको छ । यस सुखद घडीमा महान्यायाधिवक्ताज्यूमा आभार प्रकट गर्दछु । साथै सम्पूर्ण सकारी वकील र कर्मचारी मित्रहरुमा वधाई तथा शुभकाना व्यक्त गर्दछु । धन्यवाद

धन्यवाद ।

मिति २०६७।२।१५

(प्रेमराज कार्की)
नायव महान्यायाधिवक्ता

## मन्तव्य

प्रधान न्यायालय ऐन, २००८ को प्रथम संशोधनबाट एटर्नी जनरलको व्यवस्था भई महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकास आरम्भ भएको झण्डै साठी बर्ष भए पनि पहिलो पटक कार्यालयको पञ्च बर्षीय रणनीति २०६७-२०७२ तर्जुमा भई सार्वजनिक गर्न पाउँदा म हर्षबिभोर भएको छु।

ज्यादै सानो संगठन संरचनाबाट सुरु भएको यस कार्यालयको बिद्यमान संगठन संरचनामा ब्यापक बिस्तार भई ७५ जिल्ला सरकारी वकील कार्यालयहरु, १६ पुनरावेदन र तथा केन्द्रीय कार्यालयको रुपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र नेपाल सरकारका विभिन्न निकायमा सरकारी वकील र कर्मचारी गरी ८८२ जना कार्यरत रहेको बृहत संगठनको रुपमा विकास भएको छ। महान्यायाधिवक्ता र मातहत सरकारी वकील कार्यालयहरुबाट सम्पादन हुने कामहरु पनि प्रत्यक्षः मानव अधिकार, कानुनको शासन, सुशासन, अपराध नियन्त्रण र न्याय प्रशासनको मेरुदण्डका रुपमा रहेका छन्। संबिधान र प्रचलित कानुनले प्रदान गरेका यी जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नका लागि संगठनलाई पर्याप्त रुपमा बिभिन्न नीतिगत, कानूनी, भौतिक, मानव संशाधन लगायतका पूर्वाधारहरु आवश्यक पर्छन्। तर, यस्ता पूर्वाधारहरुको पर्याप्त विकास हुन नसकेको कारण संगठनले अपेक्षित योगदान पुराउन बाधा परेको छ। कार्यसम्पादनका दौरानमा संगठनका सामु थुप्रै चुनौती र समस्याहरु उपस्थित रहेका छन्। ती समस्याहरुसंग जुध्नका लागि ब्यबस्थित र योजनबद्ध कार्ययोजना र कार्यक्रमहरु आवश्यक पर्छन्। त्यही आवश्यकता संबोधन गर्न यो रणनीति तर्जुमा गरिएको हो।

बास्तबमा सीमित स्रोत साधनका बाबजुद व्यवस्थापकीय कौशलको प्रयोग गरी निर्धारित गन्तव्य हासिल गर्नका लागि रणनीतिक योजना राम्रो माध्यम हो। यसले छुट्टाछुट्टै र अव्यबस्थित रुपमा गरिने समस्या समाधानका प्रयासको बदलामा त्यस्ता प्रयासहरु एकीकृत गर्दै ब्यबस्थित रुपमा समस्याहरुसंग जुध्न मद्दत गर्दछ। प्रस्तुत रणनीतिले पनि त्यही मान्यतालाई आत्मसात गरेको छ। मूलतः यो रणनीतिले संगठनका तमाम समस्याहरुलाई पहिचान गरी त्यसका लागि गर्नु पर्ने मुख्य कार्यहरुलाई किटान गरेको छ।

सैन्य क्षेत्रबाट प्रारम्भ भएको रणनीति सार्वजनिक प्रशासनमा १९७० को दशकदेखि प्रवेश पाएको र नेपालका विभिन्न संगठनहरुले केही समय अघिदेखि यसको प्रयोग आरम्भ गरेको भएपनि महान्यायाधिवक्ताको कार्यालयको लागि यो प्रयोग नौलो हो। यसको आवश्यकता हामीले बिगतदेखि गर्दै आई बि.सं २०६२ सालतिर रणनीतिको मस्यौदा तर्जुमा भएपनि कार्यान्वयनमा आउन सकेन। बर्तमान महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौलज्यूले संगठन सुधारको दृढ अठोट र प्रतिज्ञाका साथ पदभार ग्रहण गरे पछि उहाँको नेतृत्व, निर्देशन, परिश्रमका कारण कुनै पनि निकायको कुनै पनि भौतिक, मौद्रिक र प्राबिधिक सहयोग बिना करिब एक महिनाको समयमा आन्तरिक क्षमताको भरमा यो रणनीति तर्जुमा भएको ब्यहोरा खुलस्त गर्न पाउँदा मलाई झन खुसी लागेको छ।

हामीले तर्जुमा गरेको यो रणनीति कार्यान्वयनका क्रममा पनि चुनौतीहरु छन्। खासगरी रणनीतिक योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने आर्थिक स्रोतहरुको ब्यबस्था गर्नु बढी चुनौती छ। तर नेपाल सरकारबाट यो रणनीतिक योजनाका हरेक योजना कार्यान्वयन गर्न सम्पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने मेरो विश्वास छ। यस्तै अन्य सबै सरोकारवाला निकायबाट पनि संगठनले पूर्ण सहयोग पाउने अपेक्षा राखेको छ।

अन्तमा, यो रणनीति तयार गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने श्रीमान् महान्यायाधिवक्ताज्यू प्रति आभार र अहोरात्र तर्जुमा कार्यमा जुट्ने सम्पूर्ण कर्मचारीहरु एवं प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नु हुने सबैलाई धन्यबाद दिन चाहन्छु।

धन्यवाद।

मिति २०६७।२।१५

राजनारायण पाठक
नायब महान्यायाधिवक्ता

# विषय सूची

**मन्तव्य** **पृष्ठ नं.**

## परिच्छेद - एक
## संस्थागत संरचना र चुनौतीहरु


१.१. महान्यायाधिवक्ताको कार्यालयको स्थापना, सुदृढिकरणका प्रयासहरु र वर्तमान स्वरुप एवं अवस्था .......... १

१.२. जिल्ला तहमा मुद्दाको अभियोजनको संस्थागत संरचना र विकास, चुनौती र संभावनाहरु .......... १४

१.३ पुनरावेदन सरकारी वकील कार्यालयहरुको संस्थागत संरचना तथा पुनरावेदन गर्ने मुद्दा दोहो-याउने\ नदोहो-याउने एवं जिल्ला स्तरको अभियोजनको अनुगमन : चुनौती एवं सुधारका सम्भावनाहरु .......... २२

१.४ महान्यायाधिवक्ताको कार्यालयको संस्थागत एवं संरचनात्मक स्वरुप: चुनौती र संभावनाहरु .......... २९

१.५ भ्रष्टाचार बिरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि र यसको कार्यान्वयन सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको सुदृढीकरण : सम्भावना र चूनौतीहरु .......... ३४


## परिच्छेद - दुई
## परिदृष्य, परिलक्ष्य तात्कालिक लक्ष्य र मूल्यहरु


२.१ परिदृष्य (Vision) .......... ३९.

२.२ परिलक्ष्य (Mission) .......... ३९

२.३ तात्कालिक लक्ष्यहरु .......... ३९

२.४ मूल्यहरु .......... ३९

# परिच्छेद - तीन

## बस्तुस्थिति विश्लेषण


३.१ पृष्ठभूमि ........ ४१

३.२ बस्तुस्थितिको विश्लेषण ........ ४२

३.२.१. संविधान तथा कानूनद्वारा प्रदत्त जिम्मेवारी वहन गर्न चाहिने आवश्यक जनशक्ति ........ ४२

३.२.२. नेपाल सरकारका हक, हित वा सरोकार निहित मुद्दा मामिलामा प्रभावकारी प्रतिरक्षा लागि सरकारका निकायहरुसँग समन्वय ........ ४२

३.२.३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरुको संवैधानिक एवं कानूनी दायित्व र अधिकार प्रति सरकारका निकायहरुको जानकारी अभिवृद्धि ........ ४२

३.२..४. नेपाल सरकारका विभिन्न निकायहरुले निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालय एवं मातहत सरकारी वकील कार्यालयहरुका बीचमा समन्वय गरी राय सुझाव लिने परिपाटी ........ ४३

३.२.५. फौजदारी अपराध सम्बन्धी अनुसन्धान बस्तुगत बैज्ञानिक नभै बयानमुखी भएकाले अभियोजना सफलता प्रतिशत न्यून हुन गई जनताको न्याय माथिको भरोसा ........ ४४

३.२..६. सरकारी वकीलको कार्य वा जिम्मेवारीलाई सम्पादन गर्न व्यवसायिक दक्षता अभिवृद्धि एवं वृति विकासका सुबिधाबाट बञ्चित भएका कारण जनशक्ति संस्थाबाट अन्यत्र पलायन हुने प्रवृति ........ ४४

३.२.७. महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरु बीच समन्वय र सम्पर्क ........ ४५

३.२.८. प्रशिक्षित बिशिष्टीकृत जनशक्तिको अभाव ........ ४५

३.२.९. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरुमा आधुनिक भौतिक संरचना एवं आधुनिक प्रविधिको कमी ........ ४६

३.२.१०. महान्यायाधिवक्ताको कार्यालय एवं मातहत सरकारी वकील कार्यालयको कार्यसम्पादन व्यवस्थापन तथा अनुगमन ........ ४६

३.२.११. सरकारी वकिलको सेवा शर्त सम्बन्धी ऐनको व्यवस्था ........ ४७

३.२.१२. पुस्तकालय एवं अन्य आधारभूत आवश्यकता परिपूर्ति ........ ४७

३.२.१३. कार्य सम्पादनका लागि पर्याप्त वजेट ........ ४८

३.२.१४. कार्य सम्पादन मूल्याकंन ब्यबस्था सम्बन्धमा ........ ४९

३.२.१५. सहायक स्तरका कर्मचारीको कानूनी दक्षता अभिवृद्धी ........ ४९

३.२.१६. कर्मचारी कल्याण एवं सुविधा ........ ४९

३.२.१७. फौजदारी न्याय प्रणालीमा आवश्यक कानूनको सुधार ........ ५०

३.२.१८. स्वच्छ एवं निष्पक्ष न्यायका लागि अर्धन्यायिक निकायहरुको सुदृढीकरण ........ ५०

## परिच्छेद - चार

## रणनीतिक कार्य योजना तथा समय र बजेटको प्रक्षेपण

४.१ रणनीतिक कार्ययोजनाको मूल कार्य, नतिजा परिसूचक र रणनीतिक कार्ययोजना ........ ५१
४.२ रणनीतिक कार्ययोजनाको पांचवर्षे कार्य विभाजन ........ ८८
४.३ रणनीतिक कार्ययोजनाको अनुमानित बजेट ........ ११२

## अनुसूची

अनुसूची १ ........ १३५
अनुसूची २ ........ १३७

# परिच्छेद - एक

# संस्थागत संरचना र चुनौतीहरु

## १.१ महान्यायाधिवक्ताको कार्यालयको स्थापना, सुदृढिकरणका प्रयासहरु र वर्तमान स्वरुप एवं अवस्था

### १.१.१ ऐतिहासिक विकासक्रम

संवैधानिक सर्वोच्चता र विधिको शासन संविधानको मूल मन्त्र हो । जुन समाजमा विधिको शासन कायम रहन्छ त्यहाँ जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण हुने, कानूनको उल्लंघन गर्नेले राज्यद्वारा निर्धारित दण्ड पाउने, पीडितले क्षतिपूर्ति पाउने लगायत जनताले आफूलाई न्याय प्राप्तीको अनुभूति गर्ने अवस्स्था हुन्छ । विधिको शासन तब कायम हुन्छ जब राज्यका विभिन्न अंग र निकायहरुले यथोचित विधि प्रक्रिया (Due Process of Law) पालना गर्छन् । विधिको शासनमा मात्र मानव अधिकारको संरक्षण हुन सक्छ । जनतालाई सुशासनको प्रत्याभूति दिलाउन, नागरिकका संविधान र कानूनद्वारा प्रत्याभूत हकहरुको उपयोग र प्रयोग गर्न, लोकतान्त्रिक शासन व्यवस्था संचालन प्रक्रियामा संविधान र कानूनले निर्दिष्ट गरेका प्रक्रियाहरुको पूर्ण पालना गराउन कानूनी सल्लाहकारको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ ।

विधिशास्त्रीय दृष्टीकोणबाट हेर्दा नेपालको न्याय व्यवस्था हिन्दू कानूनबाट प्रभावित र विकासित भएको पाइन्छ भने कार्यकारिणी अधिकारको प्रयोग गर्नेलाई राय सल्लाह प्रदान गर्न वैदिक काल देखि नै विभिन्न व्यक्ति र पदको व्यवस्था भएको पाइन्छ । जसमध्ये शास्त्रविज्ञ पण्डित, ब्राम्हण, भारदार, चौतारिया आदिले समय समयमा कुनै न कुनै रूपमा हालको सरकारी वकीलले गर्ने खालका कार्यहरू गरेका थिए । माथि उल्लेख भए झै कार्यपालिकाबाट न्यायपालिकाको अलग्याई एवं स्वतन्त्रता पछि मात्र कार्यकारिणीको कानूनी सल्लाहकारको हैसियतमा सरकारी वकीलको जन्म भएको भन्न सकिन्छ ।

महान्यायाधिवक्ताको शुरुवात सम्बन्धी ऐतिहासिक तथ्यलाई अवलोकन गर्ने हो भने विश्वका हरेक कानून प्रणालीमा कार्यकारिणीको प्रमुख सल्लाहकारको रूपमा महान्यायाधिवक्तालाई राखेको पाइन्छ । सर्वप्रथम महान्यायाधिवक्ता सम्बन्धी व्यवस्थाको शुरूवात बेलायतमा बाह्रौं शताब्दीतिर न्यायालयहरूमा चलेका राज्यको हक, हित सम्बन्धी मुद्दाहरूमा आफ्नोतर्फबाट प्रतिनिधित्व गराउन Attorneys and Sergeants नियुक्त गरी वकीलको रूपमा खटाउने व्यवस्थाबाट भएको पाइन्छ ।[१]

लिखित कानूनको प्रचलन भन्दा अघि शासन सञ्चालनमा शास्त्र सम्मतिको ज्ञाता नै, जुनसुकै नामाकरण र उपाधिको भए पनि, बैधानिकताको प्रश्नमा राज्यको प्रमुख सल्लाहकार हुने गर्दथ्यो । नेपाल सरकार बैधानिक कानून २००४ को दफा १२ अन्तर्गत कानूनी विषयमा राज्यको एउटा प्रमुख कानूनी सल्लाहकार रहने व्यवस्था गरिए पनि त्यस अन्तर्गतको कुनै नियुक्ति र कार्यान्वयन भएको देखिन्न ।[२]

नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था थिएन । तर सरकारको लागि कानूनी सल्लाहकारको आवश्यकता महसुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते नेपालमा प्रथम पटक राणा काँग्रसको संयुक्त सरकारले एटर्नी जनरल (महान्यायाधिवक्ता) मा श्री काली प्रसाद उपाध्यायलाई नियुक्ति गरेको थियो । महान्यायाधिवक्ताको नियुक्ति पछि मात्र यसलाई कानूनी रूप प्रदान गर्न प्रधान न्यायालय ऐन, २००८ को प्रथम संशोधन (२००९।६।३१) को दफा ४१(१) ले प्रधान न्यायालयको न्यायाधिश हुन लायक व्यक्तिलाई परामर्शदाताहरुको सल्लाहले श्री ५ बाट नियुक्ति हुने गरी महान्यायाधिवक्ताको व्यवस्था र निजको काम, कर्तव्य तथा सेवा शर्तको व्यवस्था गरेको थियो । त्यस पश्चात महान्यायाधिवक्ताको नियुक्ति निरन्तर रूपमा भएको भए पनि २०१९ साल अगाडि महान्यायाधिवक्ताको नियुक्ति कहिले कार्यकारिणी आदेशबाट र कहिले कानूनी व्यवस्थाबाट गरिएको थियो ।

न्याय प्रशासन (पुनर्गठन) ऐन, २०१२ को दफा १३ मा सरकारी प्लीडर तथा प्रोजिक्यूटर शिर्षक अन्तर्गत हरेक जिल्लाको निमित्त सरकारले प्लीडर तथा प्रोजिक्यूटर नियुक्ति गर्न सक्ने र त्यस्ता प्लीडर तथा प्रोजिक्यूटर वडा हाकिमको मातहत हुने, निजहरुले जिल्ला अदालतमा परेको सबै मुद्दा सरकारको तर्फबाट चलाउने र वहस पैरवी गर्ने, अमिनी

---

१ संविधानसभा, न्याय प्रणाली सम्बन्धी समिति, अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६, काठमाण्डौ, पृ. ८६

२ गणेशराज शर्मा, *महान्यायाधिवक्ता-संविधान र यथार्थता,* **न्यायदीप अर्धवार्षिक,** फौजदारी न्याय विशेषाङ्क, २०६२, अंक २, सरकारी वकील समाज, काठमाण्डौ, पृ. ३६

अदालत र फौजदारीका हाकिमले गरिआएका सरजमिन तहकिकात सम्बन्धी सबै कामहर अब न्यायाधीशले नगरी प्रोजिक्यूटर र प्लीडरले गर्ने व्यवस्था गरेको थियो तर उक्त ऐन पनि लागू हुन सकेन ।[३]

प्रधान न्यायालय ऐन, २००८ लाई खारेज गरी २०१३।२।८ मा जारी भएको सर्वोच्च अदालत ऐन, २०१३ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था थिएन । सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले प्रदान गरेको अधिकार प्रयोग गरी गृह मन्त्रालयको २०१३ साल श्रावण १ गतेको राजपत्रमा प्रकाशित सूचनाबाट सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार गभर्मेण्ट एडभोकेटले सर्वोच्च अदालत लगायत नेपालको जुनसुकै अड्डा अदालतमा हाजिर भई बहस पैरवी गर्ने कानूनी व्यवस्था गरियो ।[४]

सोही कानूनी व्यवस्था अनुसार तत्कालिन प्रधानमन्त्री टङ्कप्रसाद आचार्य उपर २००७ सालको शाही घोषणा र २००८ सालको जनप्रतिनिधित्व ऐन विरुद्ध वक्तव्य दिएको भनी वि.पी. कोइरालाले सर्वोच्च अदालतमा एउटा रिट निवेदन दायर गरेपछिसरकारी वकीलको व्यवस्था कानूनमा नभएकाले उक्त मुद्दामा सरकारको तर्फबाट बहस गर्न २०१३ श्रावणमा स्व. शम्भुप्रसाद ज्ञवालीलाई कानून मन्त्रालयको एसिस्टेण्ट सेक्रेटरीबाट पदेन गभर्नमेन्ट एडभोकेटकोरुपमा नियुक्ति गरियो ।[५]

सर्वोच्च अदालत नियमावली, २०१३ को परिच्छेद ३ नियम १ देखि ३१ सम्म सरकारी वकिल सम्बन्धी कानूनी व्यवस्था भएको थियो ।[६]

नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ताको संवैधानिक व्यवस्था हुन सकेन ।[७]

श्री ५ को सरकार, न्याय मन्त्रालयको मिति २०१६।५।२२ मा प्रकाशित सूचना अनुसार २०१६।५।९ को निर्णय सम्बन्धी विज्ञप्तीले एटर्नी जनरलको योग्यता र काम, कर्तव्य तोक्नुका साथै एटर्नी जनरल वा सरकारी वकिलको स्थान सबै वकीलहरुभन्दा माथि हुनेछ भन्ने व्यवस्था समेत गरेको पाइन्छ । त्यस समयमा महान्यायाधिवक्ता पदमा श्री शम्भुप्रसाद ज्ञवालीलाई र गभर्नमेण्ट एडभोकेटमा श्री बेदप्रसाद धिताल र श्री रमानन्दप्रसाद सिंहलाई तोकियो ।[८]

न्याय प्रशासन ऐन २०१६ ले सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा सरकारी वकीलद्वारा बहस पैरवी हुने र अदातलको सर्वोच्च, उच्च, जिल्ला र ईलाका गरी ४ तह हुने व्यवस्था गऱ्यो । वि.सं. २०१७ सालमा जारी भै २०१८।१।१ मा लागू भएको सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ ले सरकारी वकीलको छुट्टै कानूनी व्यवस्थाका साथै सरकारी वकीलको परिभाषाभित्र महान्यायाधिवक्तालाई समेत समावेश गरी सरकारवादी मुद्दाको अनुसन्धान तहकिकात, वहस पैरवी, प्रतिरक्षा र कानूनी सल्लाहकार समेतको काम, कर्तव्य सरकारी वकीलले गर्नु पर्ने गरी तोकेको थियो । यो ऐन आए पछि सरकारी वकीलको दायित्व वढेको पाइन्छ । यसरी २०१७ सालमा देशका सबै जिल्लामा सरकारी वकील रहने कानूनी व्यवस्था रहेको पाइन्छ । न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ ले अदातलको सर्वोच्च, अञ्चल र जिल्ला गरी ३ तह हुने व्यवस्था अनुरुप सरकारी वकील कार्यालयहरु रहने व्यवस्था भयो । यसरी सरकारी वकील सम्बन्धी छुट्टै व्यवस्था हुनुपूर्वको अवस्था अर्थात् वि.सं. २०१७ साल अघि जघन्य अपराधको अनुसन्धान अभियोजन र न्यायिक निर्णय समेतको कार्यमा अदालत स्वयं संलग्न हुने र त्यस्ता अपराधको साक्षी सवुद प्रमाणको संकलन र प्रस्तुती पीडित आफैले गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । सवुद प्रमाण संकलन गर्न नसके झुटो जाहेरी दिए वापत पीडितले उल्टै सजाय भोग्नु पर्ने व्यवस्थाको विद्यमानता देखिन्छ । उक्त ऐनको व्यवस्था अनुसार सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकात र अभियोजनको कार्य प्रहरी र सरकारी वकीलले संयुक्त रूपमा गर्नु पर्दथ्यो । यद्यपि अदालतमा मुद्दा दायर भएपछि अदालतले पुनःअनुसन्धान गर्न गराउन सक्दथ्यो । वहस पैरवि र प्रतिरक्षाको जिम्मा सरकारी वकीलकै थियो ।[९]

---

३ नरेन्द्रप्रसाद पाठक, *सरकारी वकील विगत र वर्तमान,* **सरकारी वकील समाज स्मारिका-२०५७,** काठमाण्डौ, पृ. ३९

४ महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०६५/०६६, पृ. १

५ **न्यायदीप अर्धवार्षिक,** फौजदारी न्याय विशेषाङ्क, २०६२, अंक २, सरकारी वकील समाज, काठमाण्डौ, पृ. १

६ एपेक्स एजुकेशन एकेडेमी, पुतलीसडकद्वारा संचालित राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत पदका लागि सञ्चालित प्रशिक्षण कार्यक्रम, २०६४ का अवसरमा खेमराज ज्ञवालीद्वारा तयार पारिएको सरकारी वकीलको संस्थागत विकास विषयक कार्यपत्र (अप्रकाशित)

७ सरकारी वकील दिग्दर्शन, २०६३, महान्यायाधिवक्ताको कार्यालय नेपाल, काठमाण्डौ, पृ. ४

८ पूर्वपाद् ३, पृ. ३९

९ पूर्व पाद् ६, पृ. २, ३

सरकारवादी हुने फौजदारी मुद्दामा (ऐनको अनुसूची १ का मुद्दा) तहकिकात एवं अनुसन्धान गर्ने तथा अदालतमा मुद्दा दायर गर्ने कार्य प्रहरी र सरकारी वकीलबाट हुने व्यवस्था भयो । सरकारवादी हुने देवानी मुद्दाहरु दायर गर्ने काम पनि सरकारी वकीलबाटै (सरकारी अभिवक्ता) हुने व्यवस्था उक्त ऐनले गर्‍यो । सरकारवादी हुने मुद्दामा बहस, पैरवी, प्रतिरक्षा, पुनरावेदन र निवेदन गर्ने समेतका कार्यहरु पनि सरकारी वकीलले गर्नु पर्ने कर्तव्य कानूनले सुम्प्यो । यस ऐन अन्तर्गत बनेको सरकारी वकील सम्बन्धी नियमावली, २०१८ ले सरकारी वकीलहरु एटर्नी जनरलको मातहत एवं निजको सामान्य प्रशासकीय नियन्त्रणमा रहने व्यवस्था गरी सरकारी वकीलको काम, कर्तव्य र अधिकारको विस्तृत व्यवस्था गर्‍यो । यसै गरी उक्त नियमावलीले उक्त ऐनको व्यवस्थाहरुको कार्यान्वयन गर्न तहकिकात सम्बन्धी कार्यविधि, फौजदारी मुद्दाको दायरी र तत् सम्बन्धी कार्यविधि, देवानी मुद्दाको कार्यविधि लगायतका व्यवस्थाहरु गर्‍यो ।

यसरी हेर्दा हाम्रो फौजदारी न्याय व्यवस्था आफ्नो छुट्टै विशेषता अंगाल्दै हिन्दू कानूनबाट प्रभावित र विकसित हुदै अगाडि बढेकोमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ आउनुपूर्व अन्वेषणात्मक प्रणाली (Inquisitorial System) को नजिक देखिएकोमा तत् पश्चात अभियोजनात्मक प्रणाली (Adversarial System) को नजिक खोजेको पाइन्छ । हाल नेपालले आफ्नै वैशिष्ट्यता सहितको मिश्रित प्रणाली अवलम्बन गरेको पाइन्छ ।

सरकारी मुद्दा सम्बनधी ऐन अन्तर्गत बनेको सरकारी वकिल सम्बन्धी नियमावली, २०१८ ले सरकारी वकिलहरु एटर्नी जनरलको मातहत एवं निजको सामान्य प्रशासकिय नियन्त्रणमा रहने व्यवस्था गरी सरकारी वकिलको काम, कर्तव्य र अधिकारको विस्तृत व्यवस्था गरेको थियो । सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ ले ऐनको व्यवस्थाहरुको कार्यान्वयन गर्न तहकिकात सम्बन्धी कार्यविधि, फौजदारी मुद्दाको दायरी र ततसम्बन्धी कार्यविधि, देवानी मुद्दाको कार्यविधि लगायतका व्यवस्थाहरु गरेको थियो ।[१०]

नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक निकायको रूपमा स्थापित गर्‍यो । उक्त संविधानको भाग १४, धारा ७९ र ८० मा महान्यायाधिवक्ताको नियुक्ति, पदावधि, सेवाका शर्त एवं काम, कर्तव्यका बारेमा व्यवस्था गरिएको थियो । जस अनुसार महान्यायाधिवक्ताको कर्तव्य सरकारी मुद्दामा सर्वोच्च अदालत लगायत सम्पूर्ण न्यायिक निकायमा सरकारको प्रतिनिधित्व गर्नुको अतिरिक्त श्री ५, श्री ५ को सरकार वा श्री ५ बाट तोकिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु थियो । तर महान्यायाधिवक्तालाई अभियोजनको अधिकार प्रदान गरेको थिएन ।[११] उक्त संविधानको २०२३ सालमा भएको प्रथम संशोधनबाट एटर्नी जनरललाई महान्यायाधिवक्तामा रुपान्तर गरेको र २०३७ सालमा भएको तेश्रो संशोधनले राजाको इच्छा अनुसारको अवधिसम्म पदमा बहाल रहने व्यवस्थाको सट्टा ६ वर्षको कार्यकाल निर्धारण गरेको पाइन्छ ।[१२]

२०२० सालसम्म सरकारी वकीलको प्रशासन महान्यायाधिवक्ता कार्यालयबाट भएको भए पनि २०२० देखि २०२७ सालसम्म सरकारी वकील कार्यालयलाई कहिले अञ्चलाधीश कार्यालय र जिल्ला कार्यालयमा गाभ्नुका साथै सरकारी वकीलहरूको प्रशासनको काम कानून तथा न्याय मन्त्रालयले गर्थ्यो । वि.सं. २०२७ सालमा सरकारी वकीलको प्रशासन पुनः महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने र कार्यालय पनि छुट्टै रहने व्यवस्था भयो ।[१३] सोही बमोजिम वि.सं. २०२७ सालमा महान्यायाधिवक्ताको कार्यालयको भवन बनाउने कार्य प्रारम्भ भयो ।

२०२८ सालमा सरकारी वकील सम्बन्धी नियमावली जारी गरियो र यसले पुरानो सरकारी वकील सम्बन्धी नियमावली, २०१८ लाई खारेज गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दा, अनुसूची २ मा उल्लेखित देवानी मुद्दा र सरकारलाई सरोकार पर्ने भनी सरकारले तोकिदिएको मुद्दालाई सरकारलाई सरोकार पर्ने मुद्दा भनी परिभाषित समेत गर्‍यो । यस नियमावलीले सरकारी वकील कार्यालयको संस्थागत स्थापना गरी सरकारी वकीलको काम, कर्तव्य र अधिकार निर्धारण गर्नुका साथै सरकारलाई सरोकार पर्ने मुद्दाको बहस, पैरवी, प्रतिरक्षा सम्बन्धमा विस्तृत व्यवस्था गरेको थियो ।[१४]

---

[१०] पूर्व पाद् ६, पृ. ३

[११] पूर्व पाद् ४, पृ. १

[१२] नेपालको संविधान, २०१९

[१३] खेमराज ज्ञवाली, *संघीय शासन प्रणालीमा महान्यायाधिवक्तको संवैधानिक स्थिति,* **न्यायिक आवाज,** २०६६, न्यायपालिका अधिकृत समाज, काठमाण्डौ, पूर्व पाद् १, पृ. २९२

[१४] पूर्व पाद् ७, पृ. ५

तत्पश्चात आएको न्याय प्रशासन सुधार ऐन, २०३१ अनुसार अदालतका सर्वोच्च, क्षेत्रीय, अञ्चल र जिल्ला अदालत गरी ४ तह भए अनुरुप सरकारी वकील कार्यालयहरुको व्यवस्था भयो ।[१५]

नेपाल अधिराज्यको संविधान, २०४७ ले भाग १६, धारा १०९ देखि १११ सम्ममा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने नचलाउने अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई प्रदान गऱ्यो । उक्त व्यवस्थालाई मूर्तरूप दिन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लागू गरियो । प्रस्तुत ऐनले अनुसन्धान तहकिकातको कार्य प्रहरीलाई र अभियोजन र वहस पैरवीको कार्य सरकारी वकीललाई सुम्पेको छ । संवैधानिक प्रावधान अनुरूप महान्यायाधिवक्तामा निहित अधिकार केही शर्तहरूको अधिनमा रही मातहत सरकारी वकीलहरूले प्रयोग गर्न पाउने गरी २०४८।७।२३ को राजपत्रमा सूचना प्रकाशित भै सकेको छ । २०५५ सालमा सरकारी मुद्दासम्बन्धी नियमावली र सरकारी वकिल सम्बन्धी नियमावली हरु जारी गरी लागू भएका छन् । जसले मुलरुपमा सरकारी वकिलको काम, कर्तव्य र अधिकार निर्धारण गरेका छन् ।

उक्त संविधान र न्याय प्रशासन ऐन, २०४८ ले अदालतको सर्वोच्च, पुनरावेदन र जिल्ला गरी ३ तह कायम गरे अनुरुप सरकारी वकील कार्यालयहरु पनि ३ तह कायम भए ।

वर्तमान अन्तरिम संविधान, २०६३ को धारा १३५ को व्यवस्था अनुसार नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारको रूपमा संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह प्रदान गर्ने कर्तव्य महान्यायाधिवक्तालाई तोकिएको छ । नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहत अधिकृतहरूबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकिएको छ। संविधानको धारा १३७ अनुसार महान्यायाधिवक्तालाई व्यवस्थापिका संसद, संविधानसभा वा त्यसका कुनै समितिका बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत छ । महान्यायाधिवक्तालाई संविधानद्वारा प्रदत्त अधिकार प्रयोग गरी कुनै मुद्दा वा कानूनी रायका सम्बन्धमा भएको निर्णय वा व्यक्त गरेको रायउपर प्रश्न उठ्न नसक्ने गरी व्यावसायिक उन्मुक्ति प्राप्त छ । वर्तमान संविधानको धारा १३५(६) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान अनुरुप २०६३।१०।१ को राजपत्रमा प्रकाशित सूचनाबाट महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीलहरुलाई आफूमा निहित अधिकार सुम्पेको पाइन्छ ।[१६]

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १६ अन्तर्गत धारा १३४ देखि १३७ सम्म महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था भएको पाइन्छ । धारा १३४ मा महान्यायाधिवक्ताको नियुक्ति सम्बन्धी, धारा १३५ मा निजको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्दै २०४७ को संविधानमा भन्दा २ वटा अधिकारहरु थप भएका छन । संवैधानिक प्रावधान अनुरूप महान्यायाधिवक्तामा निहित अधिकार केही शर्तहरूको अधिनमा रही मातहत सरकारी वकीलहरूले प्रयोग गर्न पाउने गरी २०६३।१०।१ को राजपत्रमा सूचना प्रकाशित भै सकेको छ । विद्यमान कानूनी व्यवस्था अनुसार सरकारी वकिल नेपाल सरकारको कानूनी सल्लाहकार, नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दाको अभियोजनकर्ता, न्यायको पहरेदार, पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने संस्था, अदालतको सहयोगी र कानूनको रक्षक हो ।

महान्यायाधिवक्ताका सम्बन्धमा विभिन्न कानूनहरु जस्तै : महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५, सरकारी वकील सम्बन्धी नियमावली, २०५५, नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१, सरकारी वकीलहरूको व्यवसायिक आचारसंहिता, २०५८ तथा न्याय सेवा आयोग ऐन, २०४८, नेपाल कानून

---

[१५] पूर्व पाद् ६, पृ. ३

[१६] पूर्व पाद् १३, पृ. २९४, २९५

व्यवसायी परिषद ऐन, २०५०, कानूनी सहायता सम्बन्धी ऐन, २०५४, राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३, नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ तथा नियमावली २०६३, न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६, हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६, संविधानसभा नियमावली, २०६५, संविधानसभा (व्यवस्थापिका संसदको कार्य संचालन) नियमावली, २०६५ आदिमा समेत व्यवस्था गरिएको छ।[१७]

### १.१.२ संगठनात्मक स्वरूप

२०१६ सालमा सिंहदरवारको पहिलो चोकको दक्षिण स्थित माथिल्लो तल्लाको एउटा कोठामा महान्यायाधिवक्ताको कार्यालय स्थापना भएको पाइन्छ।[१८]

२०१८ सालमा देशभर सरकारी वकीलको व्यवस्था गर्न प्रत्येक अदालतमा सरकारी वकीलको एउटा अफिसको व्यवस्था मिलाइयो। शुरु जिल्ला अदालतमा असिस्टेन्ट पब्लिक प्रसिक्युटर तथा असिस्टेन्ट गभर्नमेन्ट प्लीडरको अफिस त्यस उपर पब्लिक प्रसिक्युटर तथा गभर्नमेन्ट प्लीडरको अफिसको व्यवस्था गरियो। यी दुई तह उपर क्षेत्रीय स्तरमा पूर्वाञ्चल विराटनगरमा र पश्चिमाञ्चल नेपालगञ्जमा एक एक वटा सरकारी वकील अफिस खडा गरियो। केन्द्रमा एटर्नी-जनरल अफिस नै रहेकोले छुट्टै मध्यमाञ्चल क्षेत्रीयस्तरको सरकारी वकील अफिसको व्यवस्था गरिएन। सम्पूर्ण सरकारी वकीलको व्यवस्था पनि सकभर किफायत साथ गर्ने हिसाबले प्रत्येक पब्लिक प्रसिक्युटर तथा गभर्नमेन्ट प्लीडरलाई निजको अफिस चलाउन १ जना कारिन्दा र २ जना पिउन दिइएको थियो। त्यस्तै असिस्टेन्ट पब्लिक प्रसिक्युटर तथा असिस्टेन्ट गभर्नमेन्ट प्लीडर १ जना कारिन्दा र १ जना पिउन मात्रको दरवन्दी प्राप्त थियो।[१९]

२०२९ साल बैशाख २ गतेका दिन एक भब्य समारोहका वीच तत्कालिन राजाबाट महान्यायाधिवक्ताको कार्यालय भवनको उद्घाटन सम्पन्न भयो। तत् पश्चात् उद्घाटित भवनको राजाबाट निरिक्षण गरियो। त्यस अवसरमा आमन्त्रित गन्यमान्य व्यक्तिहरुमा ब्रिटिश राजदूतले काठमाण्डौमा सरकारले बनाएको कार्यालय भवनमा यति राम्रो र काम गर्न सुविधा युक्त भवन अर्को वहाँले देख्नु भएको छैन भन्नु भएको थियो।[२०] यस पछि मात्र महान्यायाधिवक्ताको कार्यालयको सांगठनिक स्वरूपले स्थायित्व प्राप्त गरेको पाइन्छ।

२०३१ सालमा क्षेत्रीय अदालतको स्थापना पश्चात् जिल्ला, अञ्चल, क्षेत्रीय गरी ४ तहका सरकारी वकील कार्यालय थिए।

२०३८ सालमा प्रत्येक जिल्ला सरकारी वकील कार्यालयमा राजपत्रांकित तृतीय श्रेणीको सरकारी वकीलको दरवन्दी व्यवस्था भएपछि मात्र कानूनमा स्नातक गरेका धेरै व्यक्तिहरु सरकारी वकीलको सेवामा प्रवेश गरेको पाइन्छ।[२१]

२०१८ सालमा संस्थागत रुपमा विकसित भएको सरकारी वकीलको दरवन्दी हेर्दा २०१८ देखि २०२७ सम्म महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ता १ र ३ जना सरकारी अधिवक्ताको दरवन्दी रहेकोमा २०२७ सालको अन्ततिर १ वरिष्ठ सरकारी अधिवक्ता र २ अतिरिक्त सरकारी अधिवक्ताको दरवन्दी थप भएको देखिन्छ। आ.व. २०३५/०३६ सम्म सरकारी वकीलमा राजपत्रांकित ४५ र राजपत्र अनंकित २ गरी जम्मा ४७ जनाको दरवन्दी रहेकोमा २०३८ सालमा सरकारी वकीलको दरवन्दीलाई अपग्रेड गरी जिल्ला स्थित सरकारी वकील पनि राजपत्रांकित तृतीय श्रेणीको हुने व्यवस्था गरेको पाइन्छ। २०४२ सालमा महान्यायाधिवक्ताको कार्यालय, क्षेत्रीय, अञ्चल र जिल्ला सबै तहका जम्मा राजपत्रांकित तहमा १०५ सरकारी वकील र राजपत्र अनंकित तहमा ८ जना गरी महान्यायाधिवक्ता सहित जम्मा ११४

---

१७ न्यायपालिका अधिकृत समाजद्वारा आयोजित नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत पदका लागि सञ्चालित प्रशिक्षण कार्यक्रम, २०६७ का अवसरमा खेमराज ज्ञवालीद्वारा तयार पारिएको महान्यायाधिवक्ताको संवैधानिक एवं कानूनी स्थिति विषयक कार्यपत्र (अप्रकाशित)

१८ पूर्व पाद् ३, पृ. ४१

१९ पूर्व पाद् ५, पृ. ४

२० शम्भुप्रसाद ज्ञवाली, व्यक्ति र विचार, २०५५, जगदम्बा प्रकाशन, पाटनढोका, ललितपुर, पृ. १०२

२१ पूर्व पाद् ३, पृ. ४१

जनाको दरवन्दी रहेको पाइन्छ ।[२२] २०४७ साल जेष्ठसम्ममा महान्यायाधिवक्ताको कार्यालय १, क्षेत्रीय सरकारी वकील कार्यालयहरु (धनकुटा, पोखरा, सुर्खेत, दिपायल) ४, अञ्चल सरकारी वकील कार्यालयहरु १२ र जिल्ला सरकारी वकील कार्यालयहरु ६१ रहनुका साथै सबै तहका जम्मा संवैधानिक १, राजपत्रांकित तहमा १२५ सरकारी वकील र राजपत्रांकित अन्य कर्मचारी २५, राजपत्र अनंकित ३२३, पियन वा सो सरह २९४ जना गरी महान्यायाधिवक्ता सहित जम्मा ७६८ जनाको दरवन्दी रहेको पाइन्छ ।[२३]

नेपाल अधिराज्यको संविधान, २०४७ लागू भए पश्चात् अदालतको ३ तह कायम भए अनुरुप सरकारी वकील कार्यालयको पनि ३ तह कायम गरी सम्बन्धित ऐन नियममा संशोधन भइ सकेकोले साविकको क्षेत्रीय तथा अञ्चल सरकारी वकील कार्यालयहरु मिति २०४९।३।२४ देखि कायम छैनन् ।[२४] तत्पश्चात पुनरावेदन सरकारी वकील कार्यालयको संख्या ९ रहेको पाइन्छ ।

पुनरावेदन सरकारी वकील कार्यालयहरुको संख्या आ.व.२०५१/०५२ मा ११ रहेकोमा आ.व.२०५२/०५३ मा यो संख्या १६ कार्यालयहरु कायम ती कार्यालयहरुको व्यवस्था एवं स्थापना भएको पाइन्छ । जिल्ला सरकारी वकील कार्यालयहरुको संख्या आ.व.२०५१/०५२ मा ६६ रहेकोमा आ.व.२०५२/०५३ मा यो संख्या ६२ कायम भएको पाइन्छ ।[२५]

नेपाल सरकारको निर्णय अनुसार २०५७।१।१ बाट तत् तत् जिल्लाहरुमा जिल्ला सरकारी वकील कार्यालयको छुट्टै कार्यालय स्थापना भई हाल १६ पुनरावेदन सरकारी वकील कार्यालय र ७५ जिल्ला सरकारी वकील कार्यालयहरु सञ्चालन भइरहेका छन् ।[२६]

उल्लेखित कार्यालयहरु बाहेक अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, आन्तरिक राजस्व विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, राजस्व तथा सम्पत्ती शुद्धीकरण अनुसन्धान विभाग, अध्यागमन विभाग, जिल्ला प्रशासन कार्यालय, ठूला करदाता कार्यालय तथा विभिन्न ११ जिल्ला प्रशासन कार्यालयहरूमा रहि विभिन्न दर्जाका सरकारी वकीलहरू एवं कर्मचारीहरुले सेवा पुऱ्याइरहेका छन् । स्थापनाकालमा अधिकृतस्तरको सरकारी वकील अञ्चल सरकारी वकील हुने र जिल्लाहरूमा राजपत्र अंनकित र नायव सुब्बा सरहका वकील रहने व्यवस्था गरिएकोमा हाल ४५ जिल्लामा राजपत्रांति द्वितिय श्रेणीका र बाँकी ३० जिल्लामा राजपत्रांति तृतीय श्रेणीका सरकारी वकील कार्यालय प्रमुख रहने तथा पुनरावेदन तहमा भने राजपत्रांकित प्रथम श्रेणीका सह न्यायाधिवक्ता प्रमुख रहने व्यवस्था छ । सम्पूर्ण सरकारी वकीलहरूको प्रशासन महान्यायाधिवक्ताकै मातहतमा रहेको छ ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरु र अन्य निकायहरुमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरुको दरवन्दी विवरण हेर्दा संवैधानिक पद-१, राजपत्रांकित विशिष्ठ श्रेणी-४, राजपत्रांकित प्रथम श्रेणी-२७, राजपत्रांकित द्वितिय श्रेणी-९२, राजपत्रांकित तृतीय श्रेणी-१२७ गरी जम्मा सरकारी वकीलको संख्या २५० तथा राजपत्रांकित तृतीय र रा.प.अं.प्रथम ११०, रा.प.अं.द्वितिय टाइपिष्ट र अन्य समेत गरी कुल ८८५ जनशक्ति हालसम्म कायम रहेको देखिन्छ । यसको साथ-साथै सरकारी वकीलको सेवालाई विशिष्ठीकृत गर्दै लैजाने उद्देश्य अनुरूप हाल महान्यायाधिवक्ता कार्यालयमा प्रत्येक नायव महान्यायाधिवक्ताको सुपरिवेक्षणमा रहने गरी-५ वटा महाशाखा ( संवैधानिक तथा विविध मुद्दा महाशाखा, राजस्व सम्बन्धी मुद्दा महाशाखा, भूमि सम्बन्धी मुद्दा महाशाखा, कर्मचारी तथा वन मुद्दा महाशाखा र हालको अन्तरिम संविधान अनुसार अनुगमन महाशाखा) को गठन समेत भई कार्य सञ्चालन हुँदै आएको छ ।[२७] हालको मुद्दाको विवरण हेर्दा सरकारी वकीलले बहस पैरवी तथा प्रतिरक्षा गरेका मुद्दा तथा रिटको जम्मा लगत

---

[२२] पूर्व पाद् ३, पृ. ४०

[२३] नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयकको वार्षिक प्रतिवेदन २०४७, पृ. १९-२१ र परिशिष्ट क

[२४] नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयकको वार्षिक प्रतिवेदन २०४८/२०४९, पृ. २

[२५] नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयकको वार्षिक प्रतिवेदन २०५३/२०५४, पृ. २४, ३१

[२६] नेपाल अधिराज्यका महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०५६/२०५७, पृ. २

[२७] महान्यायाधिवक्ताको कार्यालयको अभिलेखबाट

३०९७४, फछ्र्यौट १३८४५ र बाँकी १७१२९ देखिन्छ भने ती मध्ये १९ थान मुल्तवी रहेको र कानूनी राय लगायतका जम्मा सम्पादित कार्य ३७८१७ रहेको देखिन्छ।[२८]

संस्थागत संरचना तर्फ हेर्दा वर्तमान व्यवस्था अन्तर्गत केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय रहने र सो कार्यालयमा रा.प.विशिष्ट, प्रथम, द्वितिय श्रेणीसम्मका सरकारी वकिल र सरकारी वकिल समूहका अन्य अधिकृत तथा कर्मचारी रहने व्यवस्था छ, पुनरावेदन अदालतको प्रादेशिक क्षेत्राधिकारभित्रको लागि १ पुनरावेदन सरकारी वकिल कार्यालय रहन्छ जसमा रा.प.प्रथम, द्वितिय र तृतीय श्रेणीका सरकारी वकिल रहने व्यवस्था छ। जिल्ला अदालतको प्रादेशिक क्षेत्राधिकारभित्रको लागि १ जिल्ला सरकारी वकिल कार्यालय रहन्छ जसमा जिल्ला हेरी रा.प.द्वितिय र तृतीय श्रेणीका सरकारी वकिल रहने व्यवस्था छ। सर्वोच्च अदालतमा रा.प.द्वितिय श्रेणीसम्मका सरकारी वकिलले बहस गर्न पाउने, पुनरावेदन र जिल्ला अदालतमा रा.प.तृतीय श्रेणीसम्मका सरकारी वकिलले बहस पैरवी गर्ने व्यवस्था भए पनि साक्षी बकपत्रमा सोधपुछ, जिरह र पुनः सोधपुछ गराउने कार्य रा.प.अनं.प्रथम श्रेणीसम्मले गर्ने व्यवस्था गरिएको छ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरुको संगठनात्मक स्वरूप अनुसूची १ मा दिइएको छ।[२९]

### १.१.३ महान्यायाधिवक्ताहरुको योगदान

महान्यायाधिवक्ताको रुपमा स्थापना कालदेखि हालसम्म नियुक्ति हुनु भएका १८ जना सबै महान्यायाधिवक्ताहरुले आ-आफ्नो बुद्धि, विवेक र क्षमताले विभिन्न योगदान पुऱ्याउनु आउनु भएको छ। सबैको योगदानलाई कदर गर्दै यहाँ उल्लेख गर्न नसकेकोमा क्षमाप्रार्थी छौ। प्राप्त भएसम्मका लेखबद्ध सन्दर्भ सामाग्रीहरुको मद्दतले केहीको योगदानलाई यहाँ प्रस्तुत गरिएको छ।

श्री शम्भुप्रसाद ज्ञवालीले हालको महान्यायाधिवक्ताको कार्यालय भवन बनाउन र भवन सहितको जग्गा प्राप्तीको लागि विशेष योगदान पुऱ्याउनु भएको थियो।[३०]

आफ्नो छुट्टै भवन निर्माण गरी सरकारी वकील कार्यालय स्थापना हुन नसक्दा काम कारवाहीमा अप्ठ्यारो परेको कुरा मैले राजा समक्ष राख्दा राजाबाट महान्यायाधिवक्ताको कार्यालयलाई प्रत्येक वर्ष २० लाख निकासा भयो। यसरी सर्वप्रथम मेरो ध्यान देशभरिका सरकारी वकील कार्यालयहरुको भवन निर्माण गर्ने तर्फ गयो। यस क्रममा मेरो समयमा देश भरी ४२ वटा घरहरु बने। मैले यी भवनहरुको निर्माण कार्य सम्पन्न गर्न प्रहरी र वन कार्यालयको मद्दत लिएको थिए। सो कारणले गर्दा भवनहरु निकै कम मूल्यमा तयार भए। सरकारी वकील फाँटको नाम दिइएको सिडिओ अफिसको एउटा कोठामा बसी काजमा ल्याइएका कर्मचारीबाट सरकारी वकील कार्यालयको काम कारवाही सम्पन्न हुन नसकेको अवस्था महसुस गरी सरकारी वकीलको पदीय जिम्मेवारी बमोजिमको पद वा दरवन्दीको श्रृजना गराएँ। त्यसपछि जिल्ला सरकारी वकील कार्यालयमा राजपत्रांकित तृतीय श्रेणीका सरकारी अभियोक्ता तथा सरकारी अभिवक्ताको दरवन्दी रहने व्यवस्था भयो।[३१]

सरकारी वकील जुन राम्रा छन् तिनीहरुलाई हौसला प्रदान गर्नु पर्दछ भन्ने मैले सोचे र राम्रा सरकारी वकीललाई ग्रेड दिने व्यवस्थाको शुरुवात गरे। सरकारी वकीलको सेवा शर्त सम्बन्धी छुट्टै कानून हुन पर्दछ भन्ने धारणा मैले राखेको छु। यस सम्बन्धमा मेरो पालामा सरकारी वकील सम्बन्धी ऐनको मस्यौदा पनि भएको थियो तर पारित हुन सकेन। सरकारी वकीलहरुको पेशागत दक्षता अभिबृद्धिका लागि नेपाल सरकार तथा अन्य निकायमा प्रस्ताव पेश गरे। मेरो पालामा कानूनमा स्नातकोत्तर तह (एलएल.एम.) र उच्च शिक्षा अध्ययन गर्ने अवसर पाएका मध्ये केही सरकारी वकील नै छन् केही न्यायाधीशमा।[३२]

---

[२८] पूर्व पाद् ४, पृ. ७, १२

[२९] पूर्व पाद् ४, पृ. ७३, ७४

[३०] विस्तृत जानकारीको लागि हेर्नुहोस् पूर्व पाद् ५, पृ. ५, ६

[३१] श्री कृष्णप्रसाद घिमिरे, सरकारी वकीलले आफूलाई सधै कानूनको विद्यार्थी सम्झिनु पर्दछ, न्यायदीप अर्धवार्षिक, फौजदारी न्याय विशेषाङ्क, २०६२, अंक २, सरकारी वकील समाज, काठमाण्डौ, पृ. ८

[३२] श्री मेघराज बहादुर विष्ट, सरकारी वकीललाई भौतिक सुविधा उपलब्ध गराउनु पर्दछ, न्यायदीप अर्धवार्षिक, फौजदारी न्याय विशेषाङ्क, २०६२, अंक २, सरकारी वकील समाज, काठमाण्डौ, पृ. १०

महान्यायाधिवक्ताको कार्यालयमा परेका विभिन्न मुद्दाहरु हेर्नका लागि संवैधानिक, राजस्व, भूमि सम्बन्धी र कर्मचारी तथा वनसँग सम्बन्धित मुद्दाहरु हेर्न र सरकारी वकीलहरुलाई विषयको विशेषज्ञता हासिल गराई छुट्टाछुट्टै विषयको विशेषज्ञ बनाउन क्रमशः संवैधानिक महाशाखा, राजस्व महाशाखा, भूमि सम्बन्धी महाशाखा र कर्मचारी सम्बन्धी महाशाखाको स्थापना गरें । प्रत्येक महाशाखामा १/१ जना विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ताको व्यवस्था गरी निज मातहतमा विभिन्न तहका सरारी वकीलहरु रहने व्यवस्था गराएँ । नेपाल सरकारका अन्य मन्त्रालयमा १ जना विशिष्ट श्रेणीको कर्मचारी रहने र महान्यायाधिवक्ताको कार्यालयमा पनि १ जनाको मात्र दरवन्दी भएकोमा तब उप्रान्त महान्यायाधिवक्ताको कार्यालयमा थप ३ जना गरी ४ जना विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता रहने व्यवस्था भयो । सरकारी वकीलले अन्य निकायका पदाधिकारी तथा कर्मचारीले भन्दा बढी मेहनत र बढी समय काम गर्नु पर्ने हुँदा उनीहरुलाई छुट्टै बहस भत्ता दिन पर्ने ठानी मैले पहल गरे र बहस भत्ता बढी समय काम गरे वापत मासिक रुपमा तलबको २५ प्रतिशत बहस भत्ता दिलाउने काम पनि गरेका थिएँ ।[३३]

एक मिनट पनि खेर नफाली अघि बढ्ने अठोट र सहकर्मीहरुको निस्वार्थ सहयोग, आफ्नो संस्थाको विकास प्रतिको प्रतिवद्धताले गर्दा नै होला महान्यायाधिवक्ताको कार्यालयको समस्या र विकास तर्फ तत्काल, अल्पकालीन र दीर्घकालीन समस्याको पहिचान गर्ने तथा त्यसलाई विस्तारै समाधान गर्ने तर्फ अघी बढ्ने प्रयास गरेको थिएं । समयको वहाव अनुरुप अघि बढ्न अवसरको अभावमा रुमल्लिएका साथीहरुलाई यान्त्रिक सारिणीदेखि अन्य विविध क्षेत्रमा अगाडि बढाउन सरकारी वकीलको कार्यमा एकरुपताको लागि पब्लिक प्रोसिक्युटर म्यानुअल निर्माण गर्न विश्व बैंकको सहयोगमा संस्थागत सुधार, स्वीस डेभलपमेन्ट, यूरोपियन यूनियन तथा मित्र राष्ट्र भारतको सहयोग तथा Indian Law Institute मार्फत नियमित पत्राचार कार्य गरी अध्ययनको अवसरको प्राप्ती, सरकार प्रमुखसँगको अनिवार्य साप्ताहिक भेटघाट जस्ता संस्थागत विकासको बाटोमा अघि बढाउदै गए ।[३४]

### १.१.४ हालसम्मका महान्यायाधिवक्ताहरु

स्थापनाकालदेखि हालसम्म नियुक्ति भई कार्यरत रहनु भएका महान्यायाधिवक्ताहरुको नामावली र कार्यकाल निम्न बमोजिम रहेको पाइन्छ । [३५]

श्री कालीप्रसाद उपाध्याय (२००९-२०१२)
श्री शम्भुप्रसाद ज्ञवाली (२०१६-२०२७)
श्री रमानन्द प्रसाद सिंह (२०२७।८।२५-२०३८।१।२८)
श्री कृष्णप्रसाद घिमिरे (२०३८।२।१४-२०४४।२।१३)
श्री मेघराज बहादुर विष्ट (२०४४।२।१४-२०४७।१०।२०)
श्री मोतीकाजी स्थापित (२०४७।१०।२३-२०५१।८।१३) र (२०५२।७।२०-२०५३।११।२७)
श्री सर्वज्ञरत्न तुलाधर (२०५१।८।२६-२०५२।५।२७)
श्री प्रेमबहादुर विष्ट (२०५४।१।५-२०५५।१।२८) र (२०५९।१।२३-२०५९।९।५)
श्री बद्रीबहादुर कार्की (२०५५।२।१-२०५८।१२।२२)
श्री कृष्णराम श्रेष्ठ (२०५९।११।९-२०६०।५।२६)
श्री सुशिलकुमार पन्त (२०६०।५।३०-२०६१।४।६)
श्री महादेवप्रसाद यादव (२०६१।४।२२-२०६१।१०।२२)
प्रा. श्री पवनकुमार ओझा (२०६१।११।६-२०६२।९।१०)
श्री लक्ष्मीबहादुर निराला (२०६२।९।११-२०६३।१।१५)
श्री यज्ञमूर्ति बन्जाडे (२०६३।१।२९-२०६५।४।३१)
श्री राघवलाल वैद्य (२०६५।५।५-२०६६।२।११)

---

[३३] श्री मोतीकाजी स्थापित, सरकारी वकील सार्वभौम राज्यको प्रतिनिधित्व गर्दछ, न्यायदीप अर्धवार्षिक, फौजदारी न्याय विशेषाङ्क, २०६२, अंक २, सरकारी वकील समाज, काठमाण्डौ, पृ. १२

[३४] श्री सुशिलकुमार पन्त, सम्झनाको पेटारो, न्यायदीप अर्धवार्षिक, फौजदारी न्याय विशेषाङ्क, २०६२, अंक २, सरकारी वकील समाज, काठमाण्डौ, पृ. २७, २८

[३५] महान्यायाधिवक्ताको कार्यालयको अभिलेख अनुसार

प्रा.डा. श्री भरतबहादुर कार्की (२०६६।३।४-२०६७।८।३)
प्रा.डा. श्री युवराज संग्रौला (२०६७।११।२-हालसम्म)

### १.१.५ समस्याहरु एवं चुनौतीहरु:[३६]

संविधान र कानूनले तोकेका विभिन्न जिम्मेवारी वहन गर्नुपर्ने महान्यायाधिवक्ता तथा निजको मातहतका सरकारी वकील तथा कर्मचारीहरूले आफ्नो कार्यसम्पादनको क्रममा विभिन्न कठिनाइ, समस्या र चुनौतीहरूको सामना गर्नु परेको छ । ती निम्न बमोजिम रहेका छन् ।

**समस्याहरू**

**फौजदारी न्याय प्रशासन सम्बन्धी कानूनको अभाव**

१. महान्यायाधिवक्ताको काम कर्तव्य तथा अधिकार सम्बन्धी छुट्टै ऐनको अभाव,
२. सरकारी वकीलको सेवाका शर्त सम्बन्धी छुट्टै ऐनको व्यवस्था नहुनु,
३. एकीकृत फौजदारी कानून तथा फौजदारी कार्यविधि संहिताको अभाव,
४. हदम्याद सम्बन्धी छुट्टै कानूनी व्यवस्थाको अभाव,
५. साक्षी संरक्षण तथा पीडित राहत र सहयोग सम्बन्धी कानूनी व्यवस्थाको अभाव,
६. समाजको शान्ति व्यवस्था र सदाचार विपरितका कार्यलाई प्रभावकारी रूपमा नियमन गर्ने कानूनको अभाव ।

**फौजदारी न्याय प्रशासन सम्बन्धी कानूनमा रहेका कमी कमजोरीहरू**

१. एकै कसूरमा विभिन्न कानून आकर्षित हुने अवस्थाको विद्यमानता,
२. सरकारी मुद्दा सम्बन्धी ऐनमा समयानुकूल सुधारको अभाव,
३. समयमै साक्षी उपस्थित गराउने र बकपत्र गराउने प्रभावकारी व्यवस्थाको अभाव,
४. जबर्जस्ती करणीको मुद्दामा हदम्यादको अपर्याप्तता,
५. साइवर कानून लगायत सूचना प्रविधि सम्बन्धी कानूनको अभाव ।

**सरकारी वकीलको व्यावसायिक दक्षता अभिवृद्धि सम्बन्धी समस्या**

१. सरकारी वकीलहरूले कार्यालय समय बाहेक अतिरिक्त समय र बिदाका दिनमा समेत मुद्दा सम्बन्धी काम गर्नु परिहेकोमा सो बमोजिम सुविधाको व्यवस्था नहुनु,
२. सरकारी वकील कार्यालयमा पर्याप्त भौतिक सामग्रीको अभाव,
३. सवारी साधनहरूको अभाव,
४. अद्यावधिक र पर्याप्त पाठ्य सामग्री सहितको पुस्तकालयको अभाव,
५. अध्ययन, तालिम तथा विदेश भ्रमणको अवसरमा कमी,
६. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकास एवं मानव संसाधन विकासको निमित्त योजनाको अभाव ।

**सरकारी वकील कार्यालयको जनशक्ति विकास तथा भौतिक सुधार गर्ने सम्बन्धमा**

१. सरकारी वकील कर्यालयको भवन नहुनु र भएका भवनहरू पनि पुराना तथा सा''घुरा भै कार्यसम्पादनको लागि पर्याप्त नहुनु,
२. सरकारी वकीलको लागि आवास सुविधा नहुनु,
३. सरकारी वकीलहरू तथा अन्य कर्मचारीको दरबन्दी अपर्याप्त हुनु ।

**विविध**

१. अपराध शास्त्रीय अध्ययन तथा अनुसन्धान केन्द्रको अभाव,
२. अदालतमा लिखित जवाफ पठाउँदा अपनाउने प्रक्रियामा आवश्यक समन्यवको अभाव,
३. अपराध अनुसन्धानको कार्य प्राथमिकतामा नपर्नु,
४. जनचेतना अभिवृद्धिमा ध्यान नपुग्नु ।

### १.१.६ सुझावहरू

फौजदारी न्याय प्रशासनको महत्वपूर्ण अङ्गको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयमा रहेका माथि उल्लेखित समस्याहरूको समाधानको लागि अपनाउनु पर्ने कानूनी र नीतिगत सुधार एवं भौतिक सुविधाका विषयहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

---

[३६] पूर्वपाद् ४, पृ. ६४-७१ बाट साभार गरिएको

**फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउन आवश्यक कानूनको निर्माण गर्ने**

१. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी छुट्टै ऐन निर्माण गर्नु पर्ने देखिन्छ ।
२. सरकारी वकीलको सेवा शर्त सम्बन्धी छुट्टै ऐन निर्माण गर्नुपर्ने देखिन्छ ।
३. एकीकृत फौजदारी कानून तथा फौजदारी कार्यविधि संहिताको निर्माण गर्नु पर्ने देखिन्छ ।
४. हदम्याद सम्बन्धी छुट्टै कानून पारित गरी लागू गर्नु पर्ने देखिन्छ ।
५. साक्षी संरक्षण तथा पीडित राहत र सहयोग सम्बन्धी छुट्टै ऐन निर्माण गर्नु पर्ने देखिन्छ ।
६. समाजको शान्ति व्यवस्था र सदाचार विपरितका कार्यलाई समेट्ने गरी नयाँकानूनको निर्माण गर्नुपर्ने गर्नु पर्ने देखिन्छ ।

**विद्यमान ऐन कानूनमा समसामयिक सुधार**

१. फौजदारी न्यायसँग सम्बन्धित विद्यमान ऐन कानूनमा एकरूपता कायम गर्ने गरी परिमार्जन गर्नु पर्ने देखिन्छ ।
२. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा आवश्यक संशोधन गर्नु पर्ने देखिन्छ ।
३. समयमै साक्षी उपस्थित गराउने र वकपत्र गराउने प्रभावकारी कार्यविधिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
४. जबर्जस्ती करणीको मुद्दा हदम्याद थप गर्नु पर्ने देखिन्छ ।
५. साइवर कानून तथा सुचना प्रविधि सम्बन्धी कानून निर्माण गर्नु पर्ने देखिन्छ ।

**व्यावसायिक दक्षता अभिवृद्धि**

१. व्यावसायिक भत्ता उपलव्ध गर्नु पर्ने देखिन्छ ।
२. आवश्यक भौतिक सामग्री उपलव्ध गर्नु पर्ने देखिन्छ ।
३. सवारी साधनहरूको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
४. अद्यावधिक र पर्याप्त पाठ्य सामग्री सहितको पुस्तकालयको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
५. संस्थागत विकास एवं मानव संसाधन विकास योजना लाई कार्यान्वयनमा ल्याउन दीर्घकालीन सोच अनुरूप जनशक्ति योजना आवश्यक तालिम एवं उच्च अध्ययन सम्बन्धी कार्यक्रम बनाई राष्ट्रिय योजनामा समावेश हुने गरी कार्य प्रक्रिया अगाडि बढाउनु आवश्यक छ ।
६. **अध्ययन, तालिम तथा विदेश भ्रमणको अवसर उपलव्ध गराउने :** सरकारी वकीलहरूले आफ्नो व्यावसायिक दक्षता अभिवृद्धिका लागि अध्ययन र अभ्यासमा निरन्तर लागि रहनु पर्ने हुन्छ । यसको लागि उनीहरूलाई स्वदेश तथा विदेशमा अध्ययनको अवसर उपलव्ध गराउने, सेवासँग सम्बन्धित तालिम, गोष्ठी, सेमिनार तथा छलफल कार्यक्रमहरूमा सहभागी गराउने योजनाबद्ध प्रयास हुनु आवश्यक छ । सबै सरकारी वकीलहरूलाई निश्चित मापदण्डको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमणमा क्रमशः सहभागी गराउने तथा त्यस्ता विषयमा उच्च अध्ययनको लागि प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न पठाउने सम्बन्धी योजना बनाई लागू गर्न आवश्यक छ ।

   त्यस्तै विश्वविद्यालयबाट कानून विषयको प्रमाणपत्र तह हटाइएपछि अन्य विषयमा प्रमाणपत्र तह उत्तीर्ण भएका जनशक्ति पनि सरकारी वकील समूहको राजपत्रअनङ्कित तहका पदमा नियुक्त हुन सक्ने अवस्था सिर्जना भएकोले कानूनको न्यूनत्तम ज्ञानको अभावमा सरकारी वकीलको काममा अपेक्षित सहयोग प्राप्त हुन सकेको छैन । तालिम आवश्यकता पहिचान गरी तयार भएको पाठ्यक्रम र प्रारूप अनुसार तालिम कार्यक्रम सञ्चालनको लागि आवश्यक पूर्वाधारको लागि बजेट विनियोजन हुनु आवश्यक छ ।

**सरकारी वकील कार्यालयको जनशक्ति विकास तथा भौतिक सुधार गर्ने सम्बन्धमा**

१. सरकारी वकील कर्यालयको जग्गा खरिद, भवन निर्माण तथा मर्मत सम्भार को लागि आवश्यक रकमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
२. सरकारी वकीलहरूलाई आवास सुविधाको व्यवस्था उपलब्ध गराउनु पर्ने देखिन्छ ।
३. सरकारी वकीलहरू तथा अन्य कर्मचारीको दरबन्दी थप गर्नु पर्ने देखिन्छ ।

**विविध**

**१. भावी संविधानमा महान्यायाधिवक्ताको सम्वन्धमा गरिनुपर्ने व्यवस्थाः**

**क)** न्याय परिषद्मा महान्यायाधिवक्ताको पदेन प्रतिनिधित्व हुने संवैधानिक व्यवस्था हुन पर्ने देखिन्छ ।
**ख)** नेपाल अधिराज्यको संविधान, २०४७ ले अभियोजनको पूर्ण अधिकार महान्यायाधिवक्तालाई प्रदान गरेकोमा अन्तरिम संविधान, २०६३ को धारा १३५(२) को व्यवस्थाले मुद्दा चलाउने नचलाउने निर्णय गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको अधिकारलाई केही संकुचित गरेको पाईन्छ । अभियोजन गर्ने पूर्ण अधिकार महान्यायाधिवक्ताको मात्र हुने गरी नयाँ निर्माण हुने संविधानमा समावेश हुनुपर्ने एवं संविधानमा महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूको पद दर्जा र कार्यको स्पष्ट उल्लेख हुने गरी व्यवस्था हुनु पर्ने देखिन्छ ।

२. प्रमाणको अभाव वा सार्वजनिक हितको दृष्टिले अदालतमा चलिरहेको मुद्दाको कारवाही स्थगन गर्न उपयुक्त देखिएमा महान्यायाधिवक्ताले **कुनै पनि अवस्थामा स्थगन गर्न पाउने** कानूनी व्यवस्था हुनु आवश्यक देखिन्छ । त्यसै गरी सरकार वादी मुद्दाहरू चलाउने नचलाउने अन्तिम निर्णय गर्ने अधिकार संविधानले महान्यायाधिवक्तालाई प्रदान गरेको परिप्रेक्ष्यमा सरकारले **मुद्दा फिर्ता लिने निर्णय लिदा महान्यायाधिवक्तासँग समन्वय गरी निर्णय लिने** व्यवस्था हुनु उपयुक्त देखिन्छ ।

३. कैद मिनाहा वा माफी सम्वन्धी निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गर्नु पर्ने देखिन्छ ।

४. सरकारी वकीलको सुरक्षाको लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

५. महान्यायाधिवक्ताको संयोजकत्वमा गृह मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, सर्वोच्च अदालत, राष्ट्रिय योजना आयोग, प्रहरी प्रधान कार्यालय, विश्व बिद्यालयको कानून संकायका प्रतिनिधि तथा अपराध र फौजदारी कानूनका विशेषज्ञ कानून व्यवसायीको समेत प्रतिनिधित्व हुने गरी अपराध शास्त्रीय अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरिनु आवश्यक छ ।

६. हरेक मन्त्रालयमा न्याय सेवा कानून समूहका अतिरिक्त सरकारी वकील समूहका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी सम्मका सरकारी वकीलहरूको दरवन्दी सिर्जना गरी मुद्दा व्यवस्थापन सम्वन्धी कार्य निजबाट गर्ने गराउने गरिएमा मन्त्रालयहरूबाट प्रस्तुत हुने लिखित जवाफ तथा अन्य अदालत सम्वन्धी काम कारवाहीमा सहजता हुन गई मुद्दामा उचित प्रतिनिधित्व हुन जाने देखिन्छ ।

७. नेपाल प्रहरीमा अपराध अनुसन्धान सम्बन्धी कार्यको लागि अपराध अनुसन्धान विभागको स्थापना भएको भए पनि अपराध अनुसन्धान कार्यमा खटिने जनशक्तिको विशिष्टीकरण हुन नसक्दा अनुसन्धान कार्यमा अपेक्षित सुधार आउन सकेको छैन । यसको लागि अपराध अनुसन्धान गर्न छुट्टै प्रहरी इकाईको स्थापना गरी अनुसन्धानमा संलग्न हुने प्रहरी कर्मचारीलाई अन्य काममा नखटाउने व्यवस्था हुनु आवश्यक छ ।

८. अपराध नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्थाको अनुभूति गराउनु लोकतान्त्रिक राज्यको प्राथमिक दायित्व हो । अपराध भई सकेपछि कारवाई चलाई अपराधीलाई दण्ड दिने व्यवस्थाले मात्र अपराध नियन्त्रण हुन सक्दैन । अपराधको कारण, प्रकार र प्रवृत्तिहरूको अध्ययन विश्लेषण गरी त्यस्ता अपराध हुन नदिन रोकथामका उपायहरू पनि अपनाउनु जरुरी छ । विशेष गरी भ्रष्टाचार, लागू औषध, मानव बेचबिखन र अपहरण सम्बन्धी अपराध जस्ता प्रकृतिका अपराधको रोकथामका लागि जनचेतना तथा जनजागरण कार्यक्रम सञ्चालन गरी अपराध हुनै नदिने तर्फ राज्यले विशेष पहल गर्नुपर्ने हुनाले यस्ता कार्यक्रम सञ्चालन गर्ने तर्फ आवश्यक बजेटको व्यवस्था गर्नु आवश्यक देखिएको छ ।

## महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको संगठनात्मक स्वरूप






## पुनरावेदन सरकारी वकील कार्यालयहरूको संगठन

- सह–न्यायाधिवक्ता (रा.प.प्रथम)
  - उप–न्यायाधिवक्ता (रा.प.द्वितीय)
    - शाखा अधिकृत (रा.प.तृतीय)
      - मुद्दा शाखा
      - पुनरावेदन शाखा
      - प्रशासन शाखा
      - लेखा शाखा

## जिल्ला सरकारी वकील कार्यालयहरूको संगठन

- जिल्ला–न्यायाधिवक्ता (रा.प.द्वितीय)
  - सहायक जिल्ला–न्यायाधिवक्ता (रा.प.तृतीय)
    - मुद्दा शाखा
    - पुनरावेदन शाखा
    - प्रशासन शाखा
    - लेखा शाखा

**राजपत्रांकित द्वितीय श्रेणीका जिल्ला न्यायाधिवक्ताहरुको दरवन्दी रहेका ४५ जिल्ला सरकारी वकील कार्यालयहरु:**

इलाम, झापा, **धनकुटा, भोजपुर, मोरङ, सुनसरी, सप्तरी, ओखलढुं**गा, खोटाङ, उदयपुर, सिराहा, सिन्धुली, महोत्तरी, सर्लाही, धनुषा, चितवन, पर्सा, वारा, रौतहट, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, नुवाकोट, धादिङ, ललितपुर, कास्की, गोरखा, तनहुँ, स्याङजा, वाग्लुङ, रुपन्देही, पाल्पा, गुल्मी, नवलपरासी, कपिलवस्तु, प्यूठान, दाङ, बांके, बर्दिया, सुर्खेत, जुम्ला, कैलाली, कञ्चनपुर ।

## जिल्ला सरकारी वकील कार्यालयहरूको संगठन

- जिल्ला–न्यायाधिवक्ता (रा.प.तृतीय)
  - मुद्दा शाखा
  - पुनरावेदन शाखा
  - प्रशासन शाखा
  - लेखा शाखा

**राजपत्रांकित तृतीय श्रेणीका जिल्ला न्यायाधिवक्ताहरुको दरवन्दी रहेका ३० जिल्ला सरकारी वकील कार्यालयहरु:**

ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, सोलुखुम्बु, रामेछाप, दोलखा, रसुवा, मनाङ, लमजुङ, मुस्ताङ, म्याग्दी, पर्वत, अर्घाखाँची, रुकुम, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, हुम्ला, मुगु, कालिकोट, डोल्पा, डोटी, बझाङ, बाजुरा, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा ।

## १.२ जिल्ला तहमा मुद्दाको अभियोजनको संस्थागत संरचना र विकासचु नौतीहरु र संभावनाहरु

### १.२.१ पृष्ठभूमि

अभियोजन कार्य फौजदारी न्याय प्रणालीको एक अभिन्न पाटो हो । यसले फौजदारी कानूनका उल्लंघनकर्तालाई कानून बमोजिम न्यायको कठघरामा उभ्याउँछ । अभियोजनको मुख्य उद्देश्य अपराधबाट पीडितपक्षलाई न्याय र अपराधीलाई दण्ड दिलाई समाजमा शान्ति सुरक्षा कायम गर्न सहयोग पुऱ्याउनु र संभावित अपराधीलाई कानूनको उल्लंघन प्रति भयको सिर्जना गर्नु हो जुन आफैमा जटिल कार्य हो । अभियोजन राम्रोसँग गर्न नसकेमा उक्त उद्देश्य पूर्ति हुन सक्दैन । अभियोजनको सफलता र प्रभावकारीताले फौजदारी न्याय प्रणालीको उद्देश्य प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपालको कानून प्रणालीले महान्यायाधिवक्तालाई राज्य/सरकारको प्रमुख कानूनी सल्लाहकार (Chief Legal Advisor) एवं प्रमुख अभियोजनकर्ता (Chief Prosecutor) को रुपमा स्वीकार गरेको छ । २०४७ सालको संविधानपूर्व महान्यायाधिवक्तालाई अभियोजनको अधिकार थिएन । महान्यायाधिवक्तालाई एक संवैधानिक संस्थाको रुपमा नेपालको संविधान र कानून प्रणालीले स्थापित गरेको छ । तीन तहमा विभाजित यो संस्था क्रमशः केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन तहमा १६ र जिल्ला तहमा ७५ सरकारी वकील कार्यालयहरुको स्थापना र संचालन कानूनले गरेको छ । मुलतः संविधान, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ सरकारी वकील सम्बन्धी नियमावली, २०५५, सरकारी वकील सम्बन्धी दिग्दर्शन, २०६३ तथा अन्य प्रचलित कानूनले सरकारी वकीलको काम कर्तव्य र अधिकारलाई नियमित एवं व्यवस्थित गरेको छ ।

### १.२.२ पद्धति र विकास

नेपालको अभियोजन पद्धति मूलतः अन्तर्राष्ट्रिय सम्बन्ध तथा राजनैतिक परिवर्तनसँगै कानूनमा परेको प्रभावका आधारमा रुपान्तरित हुँदै आएको पाइन्छ । यसमा सामाजिक आवश्यकताले भन्दा पनि वाह्य प्रभाव र राजनीतिक स्वरुपले निर्धारण गरेको देखिन्छ ।

२०४७ सालको संविधानको निर्माणपछि अवलम्बन गरिएको फौजदारी न्याय प्रणाली अन्तर्गत शंकित तथा अभियुक्त का मौलिक अधिकारहरुलाई अनुसन्धान तथा अभियोजन गर्दा सम्मान गर्नुपर्ने दायित्व स्वीकार गरियो । निर्दोषितको अनुमान गर्नुपर्ने चुप लाग्न पाउने, आफ्नो विरुद्ध आफै साक्षी हुन कर नलाग्ने, स्वच्छ सुनुवाई, कसूर प्रमाणित गर्ने दायित्व अभियोजनपक्षमा हुने आदि जस्ता अभियुक्तका अधिकारहरुको उचित सम्मान तथा पीडितको अधिकारको रक्षा सन्तुलित तवरले गर्नुपर्ने कर्तव्य कानूननले नै निर्धारण गरेको छ ।  जुन कुरालाई वर्तमान अन्तरिम संविधान, २०६३ ले पनि अंगिकार गरेको छ ।

### १.२.३ वर्तमान स्थिति

अभियोजनको आधारभूत तह जिल्ला सरकारी वकील कार्यालय हो । सरकारवादी हुने फौजदारी मुद्दाको सुरु कार्वाही र किनारा सामान्यतया जिल्ला तहबाट हुन्छ । कुनै व्यक्तिलाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्दा तथ्य र प्रमाणको सही मुल्यांकन गरी कानूनको उचित प्रयोग गर्नुपर्दछ । स्वतन्त्रता, स्वच्छता तथा निष्पक्षता अभियोजनका मूल सिद्धान्तहरु हुन् । यसो भएमा नै पेशागत उन्मुक्ति र कार्यगत स्वतन्त्रता अच्छुण रहन सक्दछ । दक्ष अभियोजनले फौजदारी न्याय प्रणालीलाई बलियो बनाउँछ भने खराब अभियोजनले फौजदारी न्याय प्रणालीमा प्रतिकूल प्रभाव पार्दछ र जनआस्था मर्न सक्दछ । तसर्थ, राज्यको तर्फबाट अधिकार प्रयोग गर्दा अभियोजकले हरहमेसा न्याय, कानून तथा विवेकलाई ख्याल गर्दै पीडक (Offender) र पीडित (Victim) दुबैका अधिकारको संरक्षण गर्ने सक्नु पर्दछ ।

अपराध गर्नेलाई दण्ड र पीडितलाई न्याय दिने फौजदारी न्यायको उद्देश्यको सफलता यसका सबै अवयवहरुको पारस्परिक सहयोग, समन्वय तथा कार्यकुशलतामा निर्भर गर्दछ । वस्तुगत तथा वैज्ञानिक अनुसन्धान पद्धति, दक्ष तथा कुशल अभियोजन पद्धति एवं सक्षम र यथार्थ न्याय सम्पादन  यसका अपेक्षित मापदण्ड हुन् । यसका अतिरिक्त अभियोजन पक्षको भूमिका पुलको रुपमा पनि रहने गर्दछ जसबाट अनुसन्धान गर्ने निकाय तथा न्याय निरोपण गर्ने

निकायलाई सन्तुलनमा राख्न सहयोग पुग्छ । दक्ष र व्यवसायीक एवं प्रभावकारी अभियोजनले अनुसन्धान र पुर्पक्ष दुवैलाई व्यवस्थित बनाउछ ।

अनुसन्धान कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउने दायित्वबाट सरकारी वकील पन्छन सक्दैनन् र हुँदैन पनि । किनकी वैज्ञानिक प्रमाणको संकलन र त्यसको प्रस्तुतीकरण कानूनसम्मत र विश्वसनीय बनाउन आवश्यक सल्लाह र निर्देशन दिनु उसको कानूनी कर्तव्य तथा दायित्व हो । कसूरको पुष्टि शंकारहित तवरले गर्नुपर्ने र निर्दोषिताको अनुमान गर्नुपर्ने फौजदारी कानूनको सिद्धान्तलाई अभियोजनले जिम्मेवारीपूर्वक एवं इमान्दारीपूर्वक ध्यान दिनुपर्ने
हुन्छ ।

अभियोजनको उद्देश्य मुद्दा जित्ने होइन, न्याय पार्नमा सहयोग पुऱ्याउनु हो । यसो भन्दैमा फौजदारी अपराध जस्तो गम्भीर प्रकृतिका मुद्दाहरुमा राज्यको तर्फबाट अभियोजन गरिसकेपछि कसूर स्थापना नहुनुको अर्थ या त निर्दोष व्यक्तिलाई अभियोजन गरिन्छ या प्रमाणको अपर्याप्ततामा पनि मुद्दा लगाइन्छ भन्ने हुन्छ । यस्तो कार्यले न्यायको मर्ममा आघात पुग्न जान्छ । परिणाम स्वरुप न्याय प्रणाली प्रतिको जनताको विश्वसनीयतामा ह्रास ल्याउँछ । महान्यायाधिवक्ताको हालै (आ.व २०६६/०६७) को वार्षिक प्रतिवेदनलाई दृष्टिगत गर्ने हो भने अभियोजनको पुष्टिमा प्राप्त सफलता सन्तोषजनक छैन । ८०% भन्दा बढी मुद्दामा सफलता मिलेको तथ्याङ्कले देखाएता पनि उक्त प्रतिशतको धैरै अंश सार्वजनिक अपराध सम्बन्धी मुद्दाले समेटेको छ । उदाहरणको लागि आ.व. ०६६/०६७ मा जम्मा २१४७८ थान मुद्दा दर्ता भएकोमा १०५४६ (४९.११%) थान मुद्दा फैसला भएकोमा ८५९४ (८१.४९%) थान सफल भएको देखिन्छ । त्यसमध्येमा अदालततर्फ ४४५४ (७१.२१%) थान जिल्ला प्रशासन कार्यालय तर्फ ३९३९ (९६.५५%) थान र अन्य निकाय तर्फ २०१ (९५.२६%) थान मुद्दा सफल भएको स्थिति छ । यसैगरी कूल ९४१७ थान मुद्दामा ९२४० (९८.१२%) थान चलाउने र १७७ (१.८८%) थान मुद्दा नचलाउने गरी निर्णय गरेको देखिन्छ । मुद्दा नचलाउने सम्बन्धी यो निर्णय प्रतिशत ज्यादै कम हो । अनुसन्धानकर्ता प्रहरीको भनाई छ- सरकारी वकीलले राम्रासँग वहस हुँदैन, प्रहरीले संकलन गरेको प्रमाणलाई मान्य भएनन् आदि । सरकारी वकील भन्छ प्रहरीले राम्रोसँग अनुसन्धान गरेन; त्यस्तै न्यायाधीशको भनाई 'प्रहरी र सरकारी वकील दुवैले जिम्मेवारीपूर्वक काम गरेका छैनन । न्यायाधीशलाई आरोप लाग्छ न्याय किनबेच भयो । जिम्मेवारी पन्छाउने (Shifting of Responsibilities) यस्तो प्रवृत्ति र संस्कारले समग्र न्याय प्रशासनमा प्रतिकूल प्रभाव पारेको छ फौजदारी न्यायको उद्देश्य पूर्ति गर्न सम्बन्धित सबैले इमान्दारी र जिम्मेवारीलाई बुझेर समन्वयात्मक रुपमा काम गर्नुपर्ने हुन्छ । सत्य के हो भने अभियोजन अनुसन्धानको सफलतामा भर गर्छ भने न्याय निरोपणको आधार पनि त्यही हो ।

### १.२.४ चुनौतिहरु र समाधानका उपायहरु

#### क) अनुसन्धानतर्फ

अपराधको रोकथाम तथा नियन्त्रण गरी समाजमा शान्ति सुरक्षा प्रदान गर्ने र अपराधीलाई कानून बमोजिम सजाय दिलाउने अहं दायित्व प्रहरीमा रहने गरी प्रहरी संगठन कानूनतः स्थापना भएकोमा अपराधको अनुसन्धान तहकिकात गरी कार्वाही र सजाय गर्न गराउन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले अझ स्पष्ट रुपमा मार्ग प्रशस्त गरेको छ । अपराधको सूचना दर्तादेखि लिएर अदालतमा साक्षी परीक्षणको निम्ति सरकारी साक्षी उपस्थित गराउने दायित्व प्रहरीलाई ऐनले सुम्पेको छ । वैज्ञानिक एवं प्रभावकारी अनुसन्धान गरी वास्तविक अपराधीलाई न्यायको कठघरामा उभ्याउने कार्यमा अनुसन्धान अधिकृतलाई कानूनले पर्याप्त अधिकार प्रदान गरेको छ । तथापि व्यवहारिक पक्षलाई हेर्दा अनुसन्धान तहकिकातको क्षेत्रमा निम्न चुनौतीहरु छन्:

**१) अनुसन्धान अधिकृतको योग्यता/क्षमता**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ७ ले प्र.स.नि. सम्मको दर्जालाई अधिकृतको रुपमा लिन सकिने व्यवस्था गरेको छ । तर के कस्तो योग्यता, ज्ञान, सीप चाहिने भन्ने कानूनमा प्रष्ट छैन । केवल दर्जाले अपराध अनुसन्धान जस्तो गहन र संवेदनशील विषयमा राम्रो अनुसन्धान गर्न असम्भव हुन्छ । अर्कोतर्फ अधिकृत भन्दा पनि तल्लो तहका कर्मचारीलाई खटाउने प्रचलन आमरुपमा छ । यसले अभियोजन तथा न्याय निरोपणमा नै प्रत्यक्ष प्रभाव पारेको छ । अतः पेशागत दक्षता, ज्ञान र क्षमता भएको योग्य व्यक्ति मात्र

अनुसन्धान अधिकृत हुन सक्ने गरी कानूनमा नै व्यवस्था गर्न आवश्यक देखिन्छ । अन्यथा अनुसन्धान सत्य भरपर्दो र विश्वसनीय हुन सक्दैन ।

**२) जवाफदेहीता र एकरुपता**

जवाफदेहीताको अभाव अनुसन्धान पद्धतिमा देखिएको अर्को जटिल समस्या हो । आफूलाई तोकिएको मुद्दा इमान्दारी र दक्षतापूर्वक अनुसन्धान गरी पेश गर्नु अनुसन्धान अधिकृतको दायित्व हो । यसको अभावमा कर्तव्य प्रतिको इमान्दारीता र निष्ठा रहन सक्दैन । अपराधको सूचना दर्ता देखि अभियोजन नहुँदासम्म तथ्य पत्ता लगाई प्रमाण संकलन गर्दा सिलसिलाबद्ध र कानून सम्मत तवरले गर्नुपर्ने हो तर त्यसो भइरहेको पाइदैन । अर्कोतर्फ अनुसन्धानमा एकरुपता नदेखिएको स्थिति छ । अनुसन्धान अधिकृतले आवश्यकतानुसार सरकारी वकीलको प्रत्यक्ष तथा परोक्ष सम्पर्क र सल्लाहमा रही तहकिकात गर्दा अनुसन्धान कार्य बढी वैज्ञानिक र प्रभावकारी हुन सक्छ । नेपाल प्रहरीमा छुट्टै अनुसन्धान इकाई SoCo officer र प्रारम्भिक यन्त्र उपलब्ध गराएकोमा कतिपय ठाउमा ती अधिकृतलाई कार्यालय प्रमुखले अन्यत्र काममा लगाउने र आफुखुशी अन्य अधिकृतलाई अनुसन्धान कार्य गर्ने गराउने गरिएको पाइन्छ । प्रहरी कार्यालयका प्रमुखको मुख्य दायित्व प्रति नेपाल प्रहरीको रेखदेख पुग्न जरुरी छ । साथै जवाफदेहीताको विकास गर्न अनुसन्धान गर्दा कुनै शंका भएमा त्यस्तो अधिकारी वा टिमलाई नै फेरबदल तथा कार्वाही गर्नुपर्छ ।

**३) वस्तुगत र वैज्ञानिक प्रमाण संकन नहुनु**

वस्तुगत प्रमाण संकलन नभै राम्रो अभियोजन र सही न्याय सम्पादन हुनै सक्दैन । अभियोजनकर्ता तथा न्यायकर्ताले त केवल प्रमाणको प्रस्तुततिकरण र घोषणा सम्म गर्ने हो । प्रमाणको सही संकलन त अनुसन्धान अधिकृतले नै गर्नुपर्ने हुन्छ । ऐनमा प्रमाण संकलन गर्न तथ्य पत्ता लगाई तहकिकातको सन्दर्भमा (दफा ३ देखि १७ सम्म) विभिन्न व्यवस्थाहरु तोकिएको छ तापनि त्यसको पूर्ण पालना भएको छैन । अनुसन्धान केवल मौखिक प्रमाणमा भर गरेको छ भौतिक प्रमाणमा होइन । अर्कोतर्फ कानूनमा पनि भौतिक प्रमाण संकलनलाई बाध्यकारी (Mandatory) बनाइएको छैन । यसतर्फ तुरुन्त उचित व्यवस्था हुनुपर्छ ।

**४) स्वतन्त्र, निष्पक्ष हुन नसक्नु**

कानूनतः अनुसन्धान अधिकारी स्वतन्त्र, सक्षम र निष्पक्ष छन् । अनुसन्धान कार्यमा कुनै बाह्य तथा आन्तरिक हस्तक्षेप हुँदैन भनिन्छ, तापनि व्यवहारिक पक्षलाई हेर्दा अपराधको सूचना (जाहेरी) दर्ता कै प्रक्रियादेखि लिएर विभिन्न चरणमा आन्तरिक र बाह्य हस्तक्षेप र प्रभावले तहकिकातमा चुनौती पुऱ्याएका विषयमा अनुसन्धान अधिकृतबाटै जानकारी प्राप्त हुन्छ । यसले यथार्थ र भरपर्दो अनुसन्धानमा बाधा पुग्न गएको पाइन्छ । कुनै विचार वा समूहको स्वार्थ निहित प्रभाव पर्न दिइनु हुदैन ।

**५) छुट्टै निकाय तथा विभाग नहुनु**

सक्षम र स्वतन्त्र प्रकृतिको छुट्टै निकायको अभावमा अनुसन्धान पद्धति अत्यन्त प्रभावित भएको छ । राजनैतिक हस्तक्षेप, अपराधिक गिरोहको प्रभाव बढ्दो छ । त्यस्तै, अपराधको अनुसन्धान कार्यलाई दोस्रो तथा गौण कार्यको रुपमा प्रहरी संगठनले हेर्ने गरेको छ । अनुसन्धान सम्बन्धी पर्याप्त ज्ञान र सीप भएका दक्ष अनुसन्धानकर्ताहरु भएको प्रहरी विभागको आवश्यकता धेरै पहिलेदेखि महशुस गरिए तापनि हालसम्म सो को उचित व्यवस्था हुन सकेको छैन । अतः सानो, चुस्त र साधन सम्पन्न Judicial Investigation Bureau को व्यवस्था कानूनद्वारा नै गर्नुपर्ने देखिन्छ । तवमात्र अनुसन्धानले पेशागत, जवाफदेही तथा क्षमतागत स्वरुप लिन सक्छ । संग्रौला कार्यदलले यस्तो निकायको गठन अविलम्ब गर्न सुझाव दिएता पनि प्रहरी प्रधान कार्यालय एवं गृह मन्त्रालयबाट त्यसको कार्यान्वयनमा सक्रियता देखाएको पाईदैन ।

**६) साधन र स्रोतको अभाव**

संचार र यातायातको विकासले अपराध जगतमा नयाँ प्रविधि र तरिकाहरु विकसित भएका छन् । यसलाई सामना गर्न अनुसन्धानकर्तालाई पनि नयाँ ज्ञान, सीप सहित अनुसन्धानको आधुनिक उपकरणहरुको व्यवस्था अनिवार्य छ । जबसम्म अनुसन्धान सम्बन्धी कार्यलाई साधन सम्पन्न र दक्ष बनाउन सकिन्न तबसम्म स्वतन्त्र र प्रभावकारी अनुसन्धानको अपेक्षा सम्भव छैन । यसका लागि आवश्यक तालिम प्राप्त

जनशक्ति तथा पर्याप्त भौतिक साधनको व्यवस्था यथाशिघ्र गर्नुपर्ने देखिन्छ । मुलुकको भौगोलिक अवस्थिती र वैज्ञानिक परीक्षण गर्ने वस्तुको महत्व हेरी कम्तीमा ५ क्षेत्रमा अनुसन्धान सहितको व्यवस्थापन शीघ्र हुनुपर्ने जरुरी देखिन्छ ।

**७) म्यादथप सम्बन्धी व्यवस्थामा सरकारी वकीलको भूमिका नराखिनु**

अनुसन्धान तहकिकात गर्ने अधिकृतले तहकिकातका सिलसिलामा हिरासतमा राखिएका शंकितव्यक्तीलाई अदालतमा एकल रुपमा म्याद थप लिने व्यवस्था ऐनले गरेको छ । (दफा १५) म्यादथप लिंदा अभियोग र त्यस्तो अभियुक्तलाई थुनामा नै राख्नुपर्ने आधार स्पष्ट रुपमा खुलाई लिनुपर्ने व्यवस्था छ । तर यसमा सरकारी वकीलको भूमिकालाई वेवास्ता गरिएको छ । यसले गर्दा अनुसन्धान तहकिकातको स्थिति, प्रगति तथा शंकितव्यक्तीको स्थितिको बारेमा समेत सरकारी वकीललाई थाहा हुँदैन । परिणामस्वरुप तहकिकातको कार्यमा ढिलाई; अप्रभावकारिता देखा पर्न गएको अनुभवले बताउँछ । अतः म्यादथप गर्दा अनुसन्धान अधिकारी एवं अभियोजनकर्ता दुवैको अनुरोधमा गर्ने कानूनी व्यवस्था हुन उपयुक्त हुन्छ ।

**ख) अभियोजन तर्फ**

जिल्ला तहका सरकारी वकीलको संवैधानिक तथा कानूनी कर्तव्य तथा अधिकार अन्तर्गत अभियोजनको काम पर्दछ । व्यक्ति उपर राज्यको तर्फबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार महान्यायाधिवक्तावाट प्रत्यायोजन भए अनुसार उसमा निहित छ । 'निर्दोष नपरोस दोषी नउम्कियोस' भन्ने मान्यतालाई ख्याल गर्दै पीडक र पीडितको हकको रक्षा गर्नु अभियोजनकर्ताको परम कर्तव्य हो । यस सन्दर्भमा संविधान तथा कानूनले प्रदान गरेका अधिकारका सीमाहरु, फौजदारी न्याय तथा कानूनका मूलभूत सिद्धान्तहरु तथा सार्वजनिक हितलाई राम्रोसँग ख्याल गर्नुपर्छ । अभियोजन ठीक तवरले भएको भन्ने कुरामा अभियोजनकर्ता विश्वस्त हुनुपर्छ । यसका लागि कानूनले सरकारी वकीललाई अभियोजनका अलवा अनुसन्धानको कार्य र न्याय निरोपणको कार्यमा समेत प्रभावकारी भूमिकाको अपेक्षा गरेको छ । अभियोजन पूर्व जिल्ला सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने भनी गर्ने निर्णय उक्त वारदातमा गरिएको तहकिकातमा निर्भर गर्दछ । तहकिकातको जिम्मा कानूनले प्रहरी कर्मचारीलाई दिएको छ । तर अभियोजनकर्ताको रुपमा रहेको सरकारी वकीललाई पनि परोक्ष रुपमा तहकिकात संग जोडेको छ । तहकिकात शुरु गर्नु भन्दा पहिले पठाउनु पर्ने भनी कानूनले व्यवस्था गरेको प्रारम्भिक प्रतिवेदन प्राप्त गरेपछि तथा तहकिकात कुनैपनि चरणमा रहेको समयमा तहकिकातलाई निर्देशन दिने अधिकार सरकारी वकीललाई छ । जुन अधिकारको प्रयोग स्वाभाविक रुपमा तहकिकातलाई सुदृढ वनाउनु नै गरिनु पर्छ । आफूमा रहेको निर्देशनको अधिकारको उचित प्रयोग गर्न नसकेको यथार्थ अवस्थाले गर्दा तहकिकातका कमजोडीका लागि प्रहरी कर्मचारीलाई मात्र दोष दिएर सरकारी वकील उम्कन सक्दैन । हालसम्मको अभ्यासलाई मनन गर्दा अभियोजनकर्ताले खेलेको भूमिकामा निम्नलिखित समस्याहरु देखा परेका छन् ।

**१) अनुसन्धान सम्बन्धी अधिकारको प्रयोगमा कमी**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६ मा अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीलाई तहकिकातको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ । तहकिकात गर्दा कुनै विषयमा राय मागेमा राय वा परामर्श उपलब्ध गराउन सरकारी वकीलको कर्तव्य तोकिएको छ । तर अनुसन्धान सम्बन्धी प्रर्याप्त ज्ञान सीपको कमीले गर्दा तथा भएपनि कर्तव्यप्रति जागरुक नभै दिंदा यो अधिकारको प्रयोग उचित तवरले भएको नदेखिएबाट स्पष्ट हुन्छ । अर्कोतर्फ निर्देशन दिए बमोजिम कर्तव्य पालन नगरेको स्थितिमा प्रहरी कर्मचारीलाई जवाफदेही बनाउने र आवश्यक राय लिनु पर्ने कानूनी व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

सरकारी वकीलको अर्को भूमिका बयान गराउने कार्यमा रहेको छ । दफा ९ ले अभियुक्तको बयान सरकारी वकील समक्ष गराउनु पर्ने व्यवस्था गरेको छ । यसको उद्देश्य अभियुक्तको अधिकारको रक्षा गर्नु तथा अपराधको सत्य तथ्य कुरालाई बयानसँग आवद्ध गराउनु हो । यही भूमिका मार्फत एउटा दक्ष र कुशल अभियोजनकर्ताले समग्र अनुसन्धान कार्यलाई मार्ग प्रशस्त गर्न सक्दछ । तर त्यसो हुन सकिरहेको छैन ।

अनुसन्धान सम्बन्धी पर्याप्त ज्ञान, सीप र क्षमताको कमीले गर्दा पनि यो भूमिका प्रभावकारी नभएको हो एकातिर भने अर्कोतिर उक्त जिम्मेवारीप्रति इमान्दार नहुनु पनि हुनसक्छ ।

यस्तै दफा १७(३) ले अनुसन्धान तहकिकातका सिलसिलामा थप सवुत संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा अनुसन्धान अधिकृतलाई निर्देशन दिन सक्ने गरी सरकारी वकीललाई अधिकार प्रदान गरेको छ भने त्यसको पालन गर्नु अनुसन्धान अधिकृतको कर्तव्य हुनेछ । तर व्यवहारिक पक्षलाई हेर्दा प्रहरीबाट रायसहितको मिसिल पेश गर्दा अदालत समक्ष मुद्दा प्रस्तुत गर्ने समय नै न्यून हुने गरी पेश गर्ने परिपाटी भएबाट थप अनुसन्धानको औचित्य त्यति प्रभावकारी हुन सकिरहेको छैन । यसका लागि ऐनको दफा ७ (५) को व्यवस्थाको पालना गर्नु गराउनु र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम ९(४) लाई बढी प्रभावकारी बनाइनु जरुरत छ ।

**२) अभियोजनको अधिकार सीमित हुनु**

अभियोजन सम्बन्धी अधिकारको प्रयोग मूलतः जिल्ला सरकारी वकीलले गर्छन् । यसमा मुद्दा चल्ने वा नचल्ने भनी गरिने निर्णयमा पर्याप्त प्रमाणको मूल्यांकन र पर्याप्ततालाई मात्रै मुद्दा चलाउने आधार लिइएको छ । तर साना तिना मुद्दा जुन सार्वजनिक हितको दृष्टिले महत्व राख्दैनन् तापनि मुद्दा चलाउने अभ्यास गर्दा राज्यको समय र खर्च अनावश्यक रुपमा भएको छ । यसबाट न्यायको उद्देश्य पूर्तिमा प्रभाव पर्न गएको छ । अतः अभियोजन गर्दा लिइने आधारमा अन्य मुलुकले झै सार्वजनिक हित (Public Interest) को Test र प्रमाणको मूल्यांकन (Test) दुवैबाट पुष्टि भएपछि मात्र अभियोजन गर्ने परिपाटी अपनाउन उचित हुन्छ । त्यस्तै सरकारी वकीललाई मुद्दाको प्रकृति र अवस्था अनुसार निलम्बन गर्ने; अपराधको प्रकृति अनुसार Plea-bargaining गर्न पाउने अधिकारपनि प्रदान गर्न जरुरत छ ।

**३) हचुवा अभियोजन (Random Prosecution)**

तथ्य, प्रमाण र कानूनको उचित मूल्यांकन नगरी हचुवा तवरले अभियोजन गर्ने यदाकदा देखिएको र साना ठूला कसूरदारलाई एउटै र ठूलो अभियोजन (गोश्वारा) गर्ने गरिएको देखिन्छ । यसले अभियोजनको सिद्धान्त र मर्म लाई समाप्त पार्दछ । साथै एउटै तथ्य र प्रमाणको विद्यमानता भएको फरक मुद्दामा फरक कानून प्रयोग गर्नाले विश्वसनीयतामाथि प्रश्न खडा हुन जान्छ । अतः अभियोजनलाई प्रभावकारी एवं विश्वसनीय बनाउन यसमा स्पष्टता, एकरुपताका लागि अनुगमन तथा मूल्यांकन पद्धतिलाई प्रभावकारी बनाउन आवश्यक छ ।

**४) जवाफदेहीता**

अभियोजनको सार्थकता त्यसको जवाफदेहीतामा निर्भर हुन्छ । यस कार्यमा पनि अनुसन्धान कार्यमा जस्तै जवाफदेहिताको अभाव देखिन्छ । जवाफदेहीताको कमीले गर्दा सरकारी वकीलको कार्य कुशलताको मूल्यांकन पनि राम्रोसँग हुन सकेको छैन । फलतः कर्तव्यप्रतिको जिम्मेवारी तथा इमान्दारी भन्दा पनि 'जागिर' खाने प्रवृत्तिबाट बढी निर्देशित हुन गएको हुँदा यस सम्बन्धमा कानूनले नै जवाफदेहीताको व्यवस्था गर्नुपर्छ ।

**५) मुद्दा नचलाउने अधिकारको प्रयोगमा अप्रभावकारीता**

अधिकार छ तर प्रयोग प्रभावकारी हुन सकेको छैन । प्रमाण नै नभएका मुद्दा पनि चलाउने प्रचलन आमरुपमा छ । फलतः मुद्दामा असफलता मात्र होइन निर्दोषलाई दोषी बनाउने काम भएको छ । मुद्दा नचलाउने गरी सुरु तहले गरेको निर्णय तहगत जाँच हुँदा निर्दोषको वचाउ हुन्छ तर यो अधिकार प्रयोगमा विश्वासको कमी र त्रास वढी छ । अनुसन्धानबाट प्रमाण संकलन हुन नसकेको अवस्थामा मुद्दा नचलाउने निर्णय गर्न सक्नु पर्छ । यसो हुन नसक्नुको कारण मूलतः संस्थागत विश्वास तथा संरक्षणको अभाव देखिन्छ । मनोवल गिरेको स्थितिमा अधिकारको सही प्रयोग हुन सक्दैन । यसमा समुचित ध्यान दिनु जरुरत छ ।

**६) मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने**

सरकार वादी भई अड्डा अदालत समक्ष दायर भएका मुद्दामा नेपाल सरकारले चाहेमा निर्णय गरी फिर्ता लिन सक्ने व्यवस्था छ । यसरी फिर्ता लिने निर्णय गर्दा महान्यायाधिवक्ताको सल्लाहमा गर्नुपर्ने सम्बन्धमा कानूनको अभाव छ । जसले गर्दा गम्भीर प्रकृतिका मुद्दाहरु पनि राजनैतिक स्वार्थसिद्धिका निम्ति फिर्ता लिने

गरेको देखिएको हुँदा त्यसले अभियोजन कार्य र औचित्यमा प्रश्न खडा गरेको देखिन्छ । यसर्थ सरकारवादी हुने फौजदारी मुद्दा फिर्ता वा मिलापत्र गर्ने जस्ता निर्णय गर्दा सरकारले महान्यायाधिवक्ताको सल्लाह र सम्मतिमा गर्नुपर्ने गरी कानूनमा व्यवस्था हुन जरुरी छ ।

**७) स्रोत र साधनको अभाव**

दक्ष अभियोजनको लागि सक्षम अभियोजनकर्ताको जरुरत पर्छ । यसको निम्ति पर्याप्त मात्रामा सम्बन्धित ज्ञान र सीप भएको जनशक्तिको खाँचो छ एकातिर भने अर्को तर्फ उसको दैनिक आवश्यकता तथा कार्यालयको काममा प्रभाव पार्ने तत्वहरु जस्तो उचित आर्थिक तथा भौतिक सुविधाहरुका बारेमा ध्यान दिन जरुरी छ जसको अभावमा अभियोजन जस्तो जटिल र संवेदनशील कार्य प्रभावकारी हुन सक्दैन । पाठ्यसामग्री (कानूनको पुस्तकहरु, अदालतबाट प्रकाशित नजिरहरु, राजपत्रहरु, पत्रपत्रिकाहरु) को उपलब्धता र विद्युतीय उपकरणहरुको देशभरी संजालको व्यवस्था गर्न आवश्यक छ ।

**८) अनुगमन र मूल्यांकन**

अभियोजन सम्बन्धी कामको दक्षता तथा प्रभावकारिता कस्तो छ भनी अनुगमन र मूल्यांकन गर्ने प्रभावकारी परिपाटीको अभ्यास बसालिएको छैन । सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम ८ को प्रयोजन प्रभावकारी रुपमा अघि बढाउन सकेमा हचुवा अभियोजनको अभ्यासमा कमी आउन सक्दछ । अनुगमन निरीक्षणको आधारमा आवश्यक निर्देशन, कार्वाही गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

**९) समन्वयको समस्या**

अनुसन्धान र अभियोजन एकअर्कासंग अन्तरसम्बन्धित कार्य हुन । यी कार्य गर्ने दुई निकाय बीचको उचित सम्बन्ध, समन्वय, सहयोग र समझदारी भएमा मात्रै उक्त कार्यहरु सरल, सहज एवं प्रभावकारी रुपमा सम्पन्न हुन सक्छन् । यो उद्देश्य पूर्तिका लागि सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ ले महान्यायाधिवक्ताको अध्यक्षतामा केन्द्रीय तहमा ५ सदस्यीय एक समन्वय समितिको व्यवस्था गरेको छ । केन्द्रीय स्तरमा मात्र सीमित यो समितिले नीतिगत तहमा मात्रै काम गर्ने हुँदा कार्यगत तह (जिल्ला र पुनरावेदन)मा पनि रहने गरी समिति गठन गरिएमा बढी उद्देश्यमूलक तथा परिणाममुखी (Objective and Result Oriented) हुन सक्दछ । अतः नियमावलीमा यो व्यवस्था थप गर्न आवश्यक छ ।

**१०) जनशक्तिको उचित व्यवस्था र परिचालन**

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत हालका दिनहरुमा कानूनका विभिन्न क्षेत्रमा उच्च ज्ञान हासिल गरेको केही जनशक्ति छ । तर त्यसको उचित व्यवस्थापन हुन सकेको छैन । अर्कोतिर परिवर्तित सन्दर्भमा बढ्दो सांगठनिक अपराधहरुको सामना गर्न उच्च शिक्षा अध्ययन गरेका जनशक्ति निर्माण तथा त्यसको विषयगत रुपमा व्यवस्थापन गर्नुपर्छ । यसो भएमा केन्द्रमा विभागलाई हालको चार महाशाखामा विभक्त अवधारणालाई पनि उद्देश्य अनुसार काम गर्न मद्दत पुग्दछ । यसमा निम्ति स्वदेशी तथा विदेशी उच्च शिक्षाको अध्ययन, तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्नु राम्रो हुन्छ ।

**११) सेवा सम्बन्धी छुट्टै कानून नहुनु**

बस्तुतः स्वतन्त्र र निष्पक्ष अभियोजनको लागि सक्षम, पेशागत र जवाफदेही अभियोजनको खाँचो हुन्छ । तर हाम्रो वर्तमान सांगठनिक ढाँचा तथा स्वरुपलाई हेर्दा संवैधानिक निकाय भएतापनि महान्यायाधिवक्ता बाहेक अन्य सबै कर्मचारी निजामति सेवा सम्बन्धी कानूनको मातहतमा रहनु परेको छ । सरकारी वकीलको कार्य प्रकृति नितान्त व्यवसायिक भएको सन्दर्भमा सेवा सम्बन्धी छुट्टै कानूनको अभावमा अपेक्षित तवरले स्वतन्त्र र निष्पक्षपूर्वक काम गर्न नसकेको स्थिति छ । अतः सरकारी वकीलको सेवा, सुविधा तथा सुरक्षाको लागि छुट्टै कानून ल्याइनुपर्छ ।

**ग) अदालत तर्फ**

फौजदारी न्याय सम्पादन गर्ने महत्वपूर्ण जिम्मेवारी अदालतको हो । अपराधको तथ्य प्रमाण र कानूनको यथार्थ मूल्यांकन गरी न्यायको मर्म तथा कानून बमोजिम स्वतन्त्र, स्वच्छ र निष्पक्ष भएर अदालतले निर्णय गर्नुपर्ने हुन्छ । अदालतको उक्त कार्यमा उपयुक्त सहयोग पुऱ्याउन अन्य निकायहरु (Stakeholders) को कर्तव्य हो ।

सही र वास्तविक न्याय दिने दायित्वबाट अदालत कहिले पनि विमुख हुनुहुँदैन । तथापि कानूनको कमी, प्रर्याप्त मानवीय तथा भौतिक स्रोत र साधनको कमी, साक्षीहरुको प्रस्तुती तथा मुद्दाको चापले पनि अदालतको कार्यमा प्रभाव पार्दछ । फलत मुद्दामा असफलता तथा न्यायमा अवरोध आएको स्थिति छ ।

**१) अदालतको संरचना र अभ्यास**

गम्भीर प्रकृतिका अपराध सम्बन्धी मुद्दाहरु हेर्न छुट्टै अदालत तथा इजलास नहुनुले पनि अभियोजनको प्रभावकारीतामा प्रतिकूल असर पुग्न गएको छ । किनकि यस्ता प्रकृतिका मुद्दाहरु छिटो छरितो, कुशलतापूर्वक सुनुवाई गर्नुपर्ने हुन्छ । केही जिल्लामा (६ जिल्ला) फौजदारी मुद्दा हेर्ने छुट्टै इजालाशको व्यवस्था गरिएको छ । तथापि प्रभावकारी हुन सकिरहेको छैन । अतः दीर्घकालीन रुपमा छुट्टै अदालत र अल्पकालीन रुपमा इजलासको व्यवस्था हुनुपर्ने ।

**२) सरकारी साक्षीको अदालतमा वकपत्रको लागि उपस्थिति र सुर**

सरकारवादी हुने मुद्दाको साक्षी प्रमाणहरु अदालतले खोजेको दिन सरकारी खर्चमा सरकारी वकील मार्फत उपस्थित गराउने कर्तव्य प्रहरीको हुने गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३० मा उल्लेख छ । तर सरकारी साक्षीलाई तोकिएको दिन प्रहरीबाट उपस्थित गराउने दायित्व इमान्दारीपूर्वक निर्वाह नहुँदा र यसका लागि पटक पटक आदेश वा ताकेता गर्दा पनि उपस्थित नगराएको कारणबाट मुद्दामा असर पुगेको छ । यसरी कर्तव्यको पालन नगर्ने प्रहरी कर्मचारीलाई आवश्यक कार्वाही गर्ने अधिकार अदालतलाई हुनुपर्छ । साथै सरकारी साक्षीको सुरक्षा तथा खर्चको व्यवस्था सम्बन्धमा राम्रो ध्यान पुगेको छैन । उदाहरणको लागि साक्षी उपस्थित गराउन भनी अर्थमन्त्रालयले प्रहरीलाई रकम नै विनियोजन गरेको छैन भन्ने प्रहरीको गुनासो छ । यसको लागि उचित समन्वय तथा संयन्त्रको व्यवस्था कानूनमा नै गर्नुपर्छ ।

**३) झुट्टा बक्ने साक्षीलाई सजाय**

फौजदारी मुद्दामा साक्षीको सत्य तथ्य प्रस्तुतिले न्याय निरोपणमा सहयोग पुग्छ । तर वर्तमान स्थितिलाई हेर्दा अभियुक्तपक्षको विभिन्न प्रभाव र दबाबले सरकारी साक्षी Hostile हुने हुँदा न्यायमा अवरोध भएको छ । मुद्दाको गम्भीरतालाई हेरेर झुट्टा वकपत्र गर्ने साक्षीलाई कडा सजाय गर्ने कानूनको व्यवस्था हुन आवश्यक छ ।

**४) साक्षी परीक्षण तथा मुद्दाको निर्णयमा ढिलाई**

अदालतमा मुद्दा दर्ता भईसकेपछि साक्षीको परीक्षण छिटो छरितो भएमा सत्य तथ्य कुराहरु आउन सक्छन् । ढिलो हुँदा साक्षी उपस्थित नहुने र भएपनि यथार्थ कुराहरु नआउने अवस्था हुन्छ । यो अभ्यासले देखाई राखेको छ । तर यसको लागि छुट्टै कार्यविधि सम्बन्धी कानून नहुँदा र परम्परागत प्रक्रियाको अवलम्बनले गर्दा पनि अभियोजन पक्षमा असर पुगेको छ । अतः प्रक्रियागत कानून छुट्टै र छिटो रुपमा ल्याउनु जरुरत छ ।

**घ) अन्य**

उपरोक्त कुराहरु बाहेक अभियोजन सम्बन्धी काममा कहिलेकाही बाह्य शक्ति तथा प्रभावले पनि असर पारेको देखिन्छ । जस्तै जनसमूहको दवाव (People's Pressure), संचारकर्मीहरुको दवाव (Media) आदि । यी दवावले गर्दा अभियोजनकर्ताले प्रमाणको अभावमा पनि अभियोजन गर्न बाध्य भएको उदाहरणहरु प्रशस्त पाइन्छन् । यस्तो दवावका आधारमा अभियोजन हुँदा एकातिर प्रमाणको अभावमा मुद्दा असफल हुन्छ भने अर्कोतर्फ गलत अभ्यास र प्रवृत्तिले प्रश्रय पाउने हुन्छ । अन्ततः समग्र फौजदारी न्याय प्रणालीमा नै असर पुर्‍याउँछ । अतः यस्ता सम्भावित दवावबाट मुक्त रहन अग्रिम रुपमा रोकथामको उपायको संयन्त्र बनाइनुपर्छ।

## १.२.५ निष्कर्ष

शान्ति र सुरक्षा कायम गरी न्यायपूर्ण समाजको सृजना गर्ने राज्यको चाहनालाई मूर्त रुप दिन फौजदारी न्याय प्रशासनको कुशल व्यवस्थापनबाट मात्र सम्भव हुन्छ । त्यसमा पनि मानव अधिकारको रक्षा तथा कानूनको शासनलाई संस्थागत गर्ने प्रमुख जिम्मेवारी बोकेको अभियोजन सम्बन्धी अंग र यसको प्रभावकारी कार्यको महत्व सर्वाधिक छ । उपरोक्त उल्लेखित कुराहरुले अभियोजन सम्बन्धी कार्यको महत्व र समस्यालाई संवोधन गरेको

छ । समस्या केवल समस्याकै लागि नभै समाधान तथा सुधारका लागि हुने हुँदा तदनुसार सम्बन्धित कानूनको निर्माण तथा सुधार गर्न एवं जनशक्ति तथा साधन र स्रोतको उचित व्यवस्था हुन जरुरी छ । साथै न्याय प्रशासनका अवयवहरुको बीच पारस्परिक सहयोग, समन्वय तथा समझदारीको विकास गरी विश्वसनीय र जवाफदेही फौजदारी न्याय प्रणालीको विकास गर्नु आवश्यक मात्र होइन अपरिहार्य देखिन्छ । यसको निम्ति दृढ नेतृत्व (Strong Leadership) तथा कुशल व्यवस्थापनले सदा महत्व राख्दछ ।

संक्षेपमा निम्न बुंदागत निष्कर्षमा विशेष ध्यान पुग्नु पर्ने देखिन्छ ।

(क) अनुसन्धानका क्रममा सरकारी वकीलले प्रहरी अनुसन्धानकर्तालाई कानूनी कार्यविधीमा मार्ग निर्देशन गर्नुपर्दछ । अनुसन्धानकर्ताबाट हुन सक्ने कानूनी कार्यविधि एवं प्रमाणको वैधता सम्बन्धी कमजोरी हुन दिनु हुदैन ।

(ख) म्याद थपका प्रकृयामा सरकारी वकीलबाट प्रहरीलाई निर्देशन हुन सक्ने कुरालाई कानूनले तोकेको छैन । अतः म्यादथपका लागि प्रहरीले शंकित व्यक्तिलाई अदालत समक्ष उपस्थित गराउनु पूर्व सरकारी वकील समक्ष वस्तुस्थिति जाहेर गर्न निर्देशन दिने संस्कृति निर्माण गर्नु पर्छ ।

(ग) वस्तुगत प्रमाणको गुणात्मक पक्षमा विशेष ध्यानदिई प्रहरीलाई निर्देशन दिनु पर्दछ ।

(घ) अभियोजन गर्दा प्रमाणहरुको वैज्ञानिक विश्लेषण गर्नु पर्दछ ।

## १.३ पुनरावेदन सरकारी वकील कार्यालयहरुको संरचना तथा पुनरावेदन, मुद्दा दोहोऱ्याउने/नदोहोऱ्याउने एवं जिल्ला स्तरको अभियोजनको अनुगमन : चुनौती एवं सुधारका सम्भावनाहरु

### १.३.१ पृष्ठभूमीः-

रणनीतिक योजनाको तर्जुमा देखि यसको सफल कार्यान्वयनकालागि महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरुको सक्रृयता अत्यावश्यक हुन्छ । रणनीतिक योजनालाई तीनै तहका कार्यालयहरुले अपनत्व ठानी योजनाले लिएका लक्ष्य, उद्देश्य र मार्गदर्शनहरुलाई सफल कार्यान्वयनमा पुऱ्याउन आ-आफ्नो जिम्मेवारी पुरा गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा प्रस्तुत कार्य-पत्रमा पुनरावेदन सरकारी वकील कार्यालयहरुको सन्दर्भ विवेचना गरएको छ ।

**मूलभूत लक्ष्य प्राप्तीमा देखिएका समस्याहरु**

- कानूनी शासनको सफल कार्यान्वयनमा पुनरावेदन सरकारी वकील कार्यालयहरुले आफ्नो जिम्मेवारी कसरी प्रभावकारी बनाउने ।
- आफ्नो क्षेत्र भित्र रहेका सरकारी निकायहरुलाई कानूनी राय सल्लाह दिने जिम्मेवारीलाई कसरी सहज र प्रभावकारी बनाउने ।
- समाजमा दण्डहिनताको अन्त्य गर्न पुनरावेदन सरकारी वकील कार्यालयहरुको कानूनी दायित्वलाई व्यवहारमा कसरी प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।
- अपराधीलाई सजाँय दिलाउन अग्रसर भई अपराध नियन्त्रण गर्न, बहस पैरवीमा प्रभावकारीता ल्याउन बहस व्यवस्थापन कसरी गर्ने,
- पीडितलाई न्याय र राहतको अनुभूति दिलाउन के कस्ता काम कारवाहीमा सुधार गर्न आवश्यक छ भनी समस्या पहिचान गरी कार्यान्वयनमा उतार्न कसरी लागि पर्ने ।
- मानव अधिकारको सम्मान तथा संरक्षणमा देखिएका कमी कमजोरी हटाई सफल कार्यान्वयनमा लैजान कसरी अगाडि बढ्ने भन्ने परिलक्ष्य निर्धारण गरी कार्यान्वयनमा ल्याउने ।
- राज्यको हक हित संरक्षणमा सरकारी वकील प्रतिवद्ध रहेको अनुभूति सरकार र आम जनमानसलाई दिलाई तिनीहरुको आस्था र बिस्वास कसरी हासिल गर्ने ।

### १.३.२ पुनरावेदन सरकारी वकील कार्यालयहरुको संस्थागत संरचना र जिम्मेवारी

पुनरावेदन सरकारी वकील कार्यालयहरुको संस्थागत संरचना हेर्दा पुनरावेदन अदालतकै संरचनामा आधारीत भएर देशको १६ ठाउंमा कार्यालयहरु स्थापना तथा संचालनमा रहेको सर्वविदितै छ । पुनरावेदन सरकारी वकील कार्यालयहरुमा एक एक जना सह न्यायाधिवक्ता, पु.स.व.का. पाटनमा तीन, धनकुटा, बाग्लुङ, जुम्ला र महेन्द्रनगरमा एक एक र अन्य ११ वटा कार्यालयमा दुई दुई जना उपन्यायाधिवक्ता र कुनै ठाउमा दुई र कुनै ठाउंमा एक जना शाखा अधिकृत तथा अन्य चार देखि सात जना सहायक कर्मचारीहरु कार्यरत रहेको देखिन्छ । सरकारी वकील तथा अन्य कर्मचारीको दरबन्दी कामको चापको अनुपातमा न्यून रहेको तथ्य सबैले महसुश गरेका छौ । कानूनी राय दिने, मातहत कार्यालयको काम कारवाहीको अनुगमन निरिक्षण गर्ने, आफ्नो क्षेत्र भित्रको प्रशासनिक अन्य कामको अतिरिक्त सरकारी वकीलहरुको कामको जिम्मेवारी मूलतः दुई प्रकृतिको छ । एउटा हो अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने, अर्को हो तल्लो अदालतको अन्तरिम वा अन्तरकालीन आदेश वा फैसला उपर निवेदन पुनरावेदन दर्ता गर्ने वा नगर्ने प्रस्ताव पठाउने, पुनरावेदन अदालतबाट मुद्दामा अन्तरिम वा अन्तरकालीन आदेश वा फैसला उपर निवेदन, पुनरावेदन, दोहोऱ्याउने वा नदोहोऱ्याउने प्रस्ताव गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने काम सम्पादन गर्नु पर्ने हुन्छ । साथै प्रतिवादी नखुलेका मुद्दामा हदम्याद भित्रै मुद्दा नचल्ने गरी प्राप्त मिसिलको अध्ययन गरी उपयुक्त निकासाकालागि निर्णय लिने काम पनि गर्नु पर्ने हुन्छ । कामको प्रकृति जति जटिल र लगनशील हुनु पर्ने अवस्था छ, सोही अनुपातमा जनशक्ति र भौतिक सुविधा अत्यन्त न्यून रहेको सबैले महसुश गरेको हुनु पर्दछ । जुन कुरा महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित वार्षिक प्रतिवेदनबाट प्रष्टै हुन्छ । यद्यपी अन्य सरकारी कार्यालयहरुको भौतिक सुविधाहरुको अनुपातमा सरकारी वकील कार्यालयहरु धेरै पछाडि परेको अवस्था सम्बद्ध सबैबाट महसुस भएको छ । जिम्मेवारी बहन गर्ने गराउने तौर तरिका, कार्य सम्पादन कार्य विवरण समेत कानूनमै व्यवस्था गरी जिम्मेवारी तोकिएको अवस्था छैन । कार्यालय प्रमुखले तोकेको जिम्मेबारी पुरा गर्ने परिपाटीले कार्य

सम्पादनमा पारदर्शीता, जवाफदेहीता, दायित्व वोध प्रति उत्तरदायी बनाएको छ छैन अध्ययनको आवश्यकता छ । कानूनमै अझ प्रष्ट प्रत्येक तहका सरकारी वकील र कर्मचारीको काम, कर्तब्य र अधिकार निर्धारण गरी संस्थागत कार्यसम्पादन सुधारको पक्षमा अगाडि बढ्नु पर्ने देखिन्छ । साथै आफ्ना क्षेत्रका सरकारी वकील कार्यालयहरुबाट हुने अभियोजन लगायत अन्य कामको अनुगमन, मूल्याङ्कन गरी सुसंचालन गर्ने र राज्यको प्रमुख कानूनी प्रतिनिधीको रुपमा काम कारवाही गर्ने दायित्व समेत पुनरावेदन सरकारी वकील कार्यालयहरुको संस्थागत संरचना र दायित्वमा पर्न गएको देखिन्छ ।

### १.३.३ पुनरावेदनका आधारहरु र व्यवहारिक प्रचलन

जिल्ला सरकारी वकील कार्यालयहरुबाट र अन्य निकायबाट प्राप्त हुने मस्यौदा एवं पुनरावेदन पत्रहरु नै यथार्थमा पुनरावेदनको आधारका रुपमा रहेका छन् । कतिपय अवस्थामा हुलाकीको काम जस्तो पनि देखिन गएको पाईन्छ । कतिपय मुद्दाहरुमा सम्वद्ध मुख्य मिसिलको अभावमा समेत हदम्यादको कारणबाट मुद्दाको पुनरावेदन गर्न परेको अवस्था छ । यस सम्वन्धमा विस्तृत चर्चा समस्याहरु/चुनौतिहरु शिर्षकमा गरिएको छ ।

### १.३.४ पुनरावेदन सरकारी वकील कार्यालयहरुको कार्यवोझ एवं दक्षताको स्तर

पुनरावेदन सरकारी वकील कार्यालयहरुले सम्पादन गर्नु पर्ने कामको अनुपातमा सरकारी वकीलको दरवन्दी न्यून रहेको तथ्य वार्षिक प्रतिवेदनमा उल्लेखित मुद्दाको संख्याले स्पष्ट झलक दिएको छ । पुनरावेदन सरकारी वकील कार्यालय धनकुटा, बाग्लुङ, जुम्ला, महेन्द्रनगर, को तुलनामा अन्य पुनरावेदन सरकारी वकील कार्यालहरुमा कामको चापका आधारमा दरवन्दी न्यून रहेको देखिन्छ । खासगरी पाटन, हेटौडा, बुटवल, जनकपुर, राजविराज, बिराटनगर, पोखरा समेतका पुनरावेदन सरकारी वकील कार्यालयहरुमा सरकारी वकीलहरुको दरवन्दी कामको चापका आधारमा अति न्यून रहेको छ । कामको चाप बढी हुँदा र भौतिक सुविधाको अभावका साथै अन्य आर्थिक सुविधा एवं सुरक्षाको सुनिश्चितता केही नहुँदा दरवन्दीमा सरकारी वकील बसेर काम गर्ने वातवरणको समेत अभाव देखिएको छ । अर्को तर्फ कार्य सम्पादनमा सहजता सृजना नगराई वा काममा उत्प्रेरणा नजगाई दक्षता बढ्न सक्दैन । एक सरकारी वकीलले दिनमा कती मुद्दामा बहस गर्न सक्छ, मुद्दाको प्रकृति अनुसार कती मुद्दा जिम्मा दिन उपयुक्त हुन्छ, कार्यालयमा समग्र मुद्दाको चाप कति छ, यी र यस्ता विषयमा गंभिर भएर सोच्ने र कामको प्रकृति अनुसार भार दिने बैज्ञानिक प्रणालीको विकास हुन सकेको छैन । जसले मुद्दाको सफलता असफलताको गुणस्तरमा कुनै जिम्मेवारी लिने परिपाटीको विकास हुन पनि सकेको छैन । त्यस तर्फ उचित संस्थागत सोच समेतको अभाव खड्किन्छ ।

आजको युगमा विशिष्टकृत विषय विशेषज्ञले मात्र समाजको विस्वास जित्न सक्छ भनिन्छ । विषयको सामान्य ज्ञान भएका सरकारी वकीलले हरेक फौजदारी मुद्दामा प्राईभेट कानून व्यवसायीहरु जो विषय विशेषज्ञ हुन्छन् ती संग प्रतिस्पर्धा गरी न्याय निरोपणकोलागि बहस पैरवीमा प्रतिस्पर्धि हुन नसक्ने स्थिति देखा पर्दै गएको छ । यसको समाधान एकै पटक संभव अवस्य हुदैन । संस्थागत सुधारको कार्यक्रममा यस्ता विषयले प्रथामिकताको आधारमा सरकारी वकीलको योग्ता, दक्षता र अनुभवलाई एकै साथ समन्वय गरी अगाडि बढ्न सकिने उपायहरु पहिल्याउन आवश्यक देखिन्छ । संस्थागत सुदृढीकरणमा सबै सरकारी वकील कार्यालयहरुको प्रतिवद्धताको अलवा राज्यका सबै निकाय संगको सहयोग र सहकार्य आवश्यक हुन्छ । साथै सरकारी वकील स्वयंको सक्रिय उत्साह र प्रतिस्पर्धि स्वभाव जागृत नभई दक्षता बढ्न सक्दैन । यसका बारेमा सरकारी वकील र सरकारी वकील कार्यालयहरुले गंभिर भएर सोच्न आवश्यक देखिएको छ । यसकालागि उपयुक्त वातवरणको निर्माण गर्ने मूल चुनौतिहरु हामीसंग रहेकोले यसमै केन्द्रीत हुनु पर्ने देखिएको छ ।

पुनरावेदन सरकारी वकील कार्यालयहरुले सम्पादन गर्नु पर्ने प्रमुख कार्यहरुलाई बुँदागत रुपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

- सरकारवादी मुद्दामा बहस पैरवी गर्नु तथा सरकार तथा सरकारी निकाय विरुद्ध परेका रिट तथा मुद्दामा प्रतिरक्षाका लागि बहस पैरवी गर्नु हो ।
- पुनरावेदन सरकारी वकील कार्यालयको क्षेत्राधिकार भित्र रहेका सरकारी कार्यालयहरुलाई कानूनी राय सल्लाह दिनु ।
- पुनरावेदन सरकारी वकील कार्यालयले आफ्नो मातहतका सरकारी वकील कार्यालयहरुको अभियोजन समेतका काम कारवाहीमा संस्थागत लक्ष्य, उद्देश्य तथा मार्गदर्शनहरुलाई जिम्मेवारी पूर्वक बहन गरे नगरेको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।
- जिल्ला सरकारी वकील कार्यालय र अन्य निकायले पुनरावेदन गर्न पठाएका सरकारवादी हुने मुद्दाको मिसिल समेत अध्ययन गरी पुनरावेदन-पत्र तयार पारी कानूनले निर्धारण गरेको म्याद भित्र पुनरावेदन अदालतमा दर्ता

गर्नु । यदी पुनरावेदन गर्नु नपर्ने अवस्था देखिएमा सोही आधार उल्लेख गरी निकासाकालागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

- पुनरावेदन अदालतमा दर्ता गर्नु पर्ने पुनरावेदन-पत्र कानूनले निर्धारण गरेको म्याद भित्र कार्यालयको कार्य बोझको हिसावले सके सम्म छिटो दर्ता गर्ने ।
- पुनरावेदन अदालतबाट भएका फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्नु पर्ने वा नपर्ने वा मुद्दा दोहोऱ्याउने वा दोहोऱ्याउन नपर्ने अवस्था हेरी फैसलाको जानाकारी प्राप्त भएपछि महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव पठाउनु पर्ने ।
- पुनरावेदन सरकारी वकील कार्यालयबाट मुद्दामा शुरु अदालतबाट भएका अन्तरकालीन वा अन्तरिम प्रकृतिका आदेश बदर गराई कानून बमोजिमको आदेश हुनु पर्ने अवस्था वा पुनरावेदन अदालतबाट भएका त्यस्ता आदेश उपर सर्वोच्च अदालतमा जानु पर्ने अवस्था देखिएमा निवेदन दर्ता गर्ने वा मस्यौदा पठाउनु पर्ने प्रकृतिको काम पनि पुनरावेदन सरकारी वकील कार्यालयले सम्पादन गर्नु पर्दछ ।
- मुद्दा चलाउने वा नचलाउने अभियोजन सम्वन्धमा, मुद्दा चलाउनु पर्ने भएमा मुद्दा चलाउन पठाउने र नचलाउने भएमा निकासाकोलागि म.न्या.का.मा पठाउने ।

### १.३.५ समस्याहरु/चुनौतिहरु

**क) पुनरावेदन सम्वन्धी काम कारवाही र यसमा देखिएका समस्याहरुः-**

- फैसलाको सूचना प्राप्त भएको १० दिन भित्रै पुनरावेदनको कारवाही सबै मुद्दामा सबै कार्यालयबाट अगाडि बढाइएको पाईदैन । १० दिन भित्र मस्यौदा अगाडि बढाउनु पर्ने व्यवस्था आफैमा बैज्ञानिक छ, छैन र कार्यान्वयनको तहमा पुनरावेदन-पत्र दायर गर्नु पर्ने कार्यालयले फैसलाको सूचना, पुनरावेदन गर्ने वा नगर्ने प्रस्तावित राय सहितको मिसिल प्राप्त भएको मितिले कती दिन भित्र कारवाही गरिसक्नु पर्ने हो वा कानूनको हदम्याद भित्र जहिले गरेपनि हुने हो ? एकरुपता ल्याउनु पर्ने अवस्था छ ।
- पुनरावेदन सरकारी वकील कार्यालयमा मुद्दा पुनरावेदन गर्ने वा नगर्ने भन्ने निर्णय लिदा के कस्तो प्रकृया अपनाउनु पर्ने हो भन्ने सम्बन्धमा कार्यविधि एकिन गरेको पाईदैन । महान्यायाधिवक्ताको कार्यालयमा जसरी निर्णय लिईन्छ त्यस्तो कार्याविधि अपनाएको पनि पाईदैन । सह न्यायाधिवक्ताले निर्णय लिने भएपनि निर्णयको अभिलेख राख्ने गरेको नपाईदा कार्यविधि स्पष्ट गर्नु पर्ने देखिन्छ ।
- कार्यालयको कार्यबोझलाई सूचकाङ्कमा निर्धारण गरी लक्ष्य अनुरुप पुनरावेदनको कारवाही समयमै भए नभएको आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन को एउटा आधार बनाईनु पर्ने देखिन्छ ।
- मुद्दाको पुनरावेदन प्रस्ताव पठाउदा कतीपय पुनरावेदन सरकारी वकील कार्यालयहरुबाट अभियोग दावी र फैसला बीच रहेको अन्तरका आधारहरु स्पष्ट उल्लेख गरी पठाउनु पर्नेमा आधार नै उल्लेख गरेको पाईदैन । अर्को तर्फ कतिपय कार्यालयले मस्यौदा पठाउदा मिसिल अध्ययनमा समेत उचित ध्यान दिएको देखिदैन । यस्ता कमजोरी हुँदा तत्काल अनुगमन गरी कमजोरीहरु समाधान गर्ने निकाय महान्यायाधिवक्ताको कार्यालयमा रहन सकेको छैन् । कार्य सम्पादनमा सतर्कता र दक्षता अभिबृद्धिमा चुनौतीहरु देखिएका छन् ।
- पुनरावेदन गर्नु पर्ने मुद्दामा यदाकदा पुनरावेदन नगरी सफल जनाई राख्ने प्रवृत्तिको अन्त्य गर्न तालुक कार्यालयले अनुगमन तथा निरिक्षण प्रणालीलाई प्रभावकारी बनाउन रणनीतिक योजनामा नै कार्यतालीका बनाई कार्यान्वयन गर्नु पर्ने अवस्था छ ।
- अदालतबाट कतीपय मुद्दाको समयमै फैसलाको जानाकारी प्राप्त नहुने र धेरै समय पछि फैसलाको जानाकारी प्राप्त हुँदा मिसिल कार्यालयमा नहुने समस्याले पुनरावेदन सम्वन्धी कारवाहीमा जटिलता नहोस भनी अभिलेख प्रणाली, मिसिल व्यवस्थापन प्रणाली र फैसला जानाकारीको अभिलेख प्रणालीलाई दुरुस्त र बैज्ञानिक बनाउन रणनीतिक योजनामा स्पष्ट व्यवस्थापन पक्ष समावेश गरि कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ ।
- महान्यायाधिवक्ताको कार्यालयले पुनरावेदन सरकारी वकील कार्यालयहरु अनुगमन तथा निरिक्षण गर्दा र पुनरावेदन सरकारी वकील कार्यालयहरुले मातहत जिल्ला सरकारी वकील कार्यालयहरु निरिक्षण गर्दा मुद्दाको पुनरावेदन सम्वन्धी कारवाही के कसरी भएको छ गंभिर रुपमा अध्ययन गर्ने सूचकाङ्क निर्माण गर्नु पर्ने अवस्था छ ।
- मुद्दाको अभिलेख राख्दा, फैसला भएका मुद्दाको अभिलेख राख्दा, मुद्दाको जिम्मेवारी सार्दा, म्याद सूचनालाई अभिलेख राख्दा समेत कार्यालयहरुले एक रुपताको अभिलेख प्रणाली विकसीत गरेको पाईदैन । कुनै कार्यालयले मुद्दाको दायरी दर्ता किताबको कैफियत महलमै पुनरावेदन सम्वन्धी कारवाही जनाउने, कुनै कार्यालयले छुट्टै

पुनरावेदन सम्वन्धी किताव राख्ने आदि ईत्यादि फरक फरक अभिलेख प्रणालीलाई सुव्यवस्थित गर्न आवश्यक छ ।

- अदालतले फैसलाको जानाकारी नदिएको मुद्दामा सरकारी वकीलले पुनरावेदनको कारवाही अगाडि बढाउन आफै फैसलाको जानाकारी माग गरी कारवाही अगाडि बढाउने परिपाटीको विकास गर्नु पर्ने अवस्था छ ।

**ख) मुद्दा दोहोऱ्याउने वा नदोहोऱ्याउने निवेदन सम्वन्धी काम कारवाही र व्यवहारिक कठिनाईहरु**

- फैसलाको सूचना प्राप्त भएको १० दिन भित्र मुद्दा दोहोऱ्याउने / नदोहोऱ्याउने कारवाही अगाडि बढाउनु पर्नेमा उक्त व्यवस्था प्रभावकारी बनाउनु पर्ने ।
- मुद्दा दोहोऱ्याउने निवेदन दायर गर्नु पर्ने कार्यालयले फैसलाको सूचना, मुद्दा दोहोऱ्याउने / नदोहोऱ्याउने प्रस्तावित राय सहितको मिसिल प्राप्त भएको मितिले कती दिन भित्र कारवाही गरिसक्नु पर्ने हो लक्ष्य किटान गर्नु पर्ने अवस्था छ ।
- पुनरावेदन सरकारी वकील कार्यालयले मुद्दा दोहोऱ्याउने / नदोहोऱ्याउने प्रस्ताव पठाउँने निर्णय लिदा के कस्तो कार्यविधि अपनाउनु पर्ने हो स्पष्ट छैन । महान्यायाधिवक्ताको कार्यालयमा जसरी निर्णय लिईन्छ त्यस्तो कार्यविधि अपनाएको पनि पाईदैन । सह न्यायाधिवक्ताले निर्णय लिने भएपनि निर्णयको अभिलेख राख्ने गरेको नपाईदा कार्यविधि स्पष्ट गर्नु पर्ने देखिन्छ ।
- मुद्दा दोहोऱ्याउने प्रस्ताव पठाउदा कतीपय पनरावेदन सरकारी वकील कार्यालयहरुबाट न्याय प्रशासन ऐन, २०४८ ले निर्धारण गरेको आधार स्पष्ट उल्लेख गरी पठाउनु पर्नेमा आधार नै उल्लेख गरेको पाईदैन । अर्को तर्फ कतिपय कार्यालयले मस्यौदा पठाउदा मिसिल अध्ययनमा समेत उचित ध्यान दिएको देखिदैन । कार्य सम्पादनमा सतर्कता र दक्षता अभिबृद्धिमा विशेष जोड दिने कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।
- कार्यालयको कार्यबोझको समेत विचार गरी सम्पादन हुनु पर्ने काम किन समयमै कार्यान्वयन हुन नसकेको हो वा नगरेको हो हेरी तत्काल प्रतिकृया लिई मिसिल सामेल गर्ने परिपाटी बिकास गर्नु पर्ने अवस्था छ ।
- कार्यालयको कार्यबोझलाई सूचकाङ्कमा निर्धारण गरी लक्ष्य अनुरुप मुद्दा दोहोऱ्याउने/ नदोहोऱ्याउने कारवाही समयमै भए नभएको आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन को एक आधार बनाईनु उपयुक्त हन्छ ।
- मुद्दा दोहोऱ्याउने/ नदोहोऱ्याउने प्रस्ताव पठाउनु पर्ने मुद्दामा यदाकदा मस्यौदा नपठाई सफल जनाई राख्ने प्रवृत्तिको अन्त्य गर्न तालुक कार्यालयले अनुगमन तथा निरिक्षण प्रणालीलाई प्रभावकारी बनाउन रणनीतिक योजनामा नै कार्यतालीका बनाई कार्यान्वयन गर्न पर्ने अवस्था छ ।
- अदालतबाट कतीपय मुद्दाको समयमै फैसलाको जानाकारी प्राप्त नहुने र धेरै समय पछि फैसलाको जानाकारी प्राप्त हुँदा मिसिल कार्यालयमा नहुने समस्याले मुद्दा दोहोऱ्याउने/ नदोहोऱ्याउने कारवाहीमा जटिलता नहोस भनी अभिलेख प्रणाली, मिसिल व्यवस्थापन प्रणाली र फैसला जानाकारीको अभिलेख प्रणालीलाई बैज्ञानिक बनाउन रणनीतिक योजनामा स्पष्ट व्यवस्थापन पक्ष समावेश गरि कार्यान्वयनमा लैजानु पर्ने अवस्था छ ।
- महान्यायाधिवक्ताको कार्यालयले मातहत पुनरावेदन सरकारी वकील कार्यालयहरु निरिक्षण गर्दा मुद्दा दोहोऱ्याउने/ नदोहोऱ्याउने सम्वन्धी कारवाही के कसरी भएको छ अध्ययन गर्ने सूचकाङ्क निर्माण गर्नु पर्ने अवस्था छ ।

**ग) अन्तरकालीन तथा अन्तरिम आदेश उपरको निवेदन सम्वन्धी काम कारवाही र यसमा देखिएका अन्यौलहरु**

- शुरु अदालतले गरेको बेरीतको अन्तरकालीन तथा अन्तरिम आदेश बदर गराउन पुनरावेदन अदालतमा निवेदन दायर गर्नु पर्ने र पुनरावेदन अदालतले गरेको आदेश उपर सर्वोच्चमा निवेदन गर्न मस्यौदा पठाउनु पर्ने काम पुनरावेदन सरकारी वकील कार्यालयहरुले गर्दा एक रुपतामा आधारित बनाउनु पर्ने अवस्था छ ।
- कानूनमा अदालतको अन्तरकालीन तथा अन्तरिम आदेश बदर गराउन एकिन हदम्याद निर्धारण भएको पाईदैन । यस सन्दर्भमा आदेश भएको समयदेखि मुद्दाको अन्तिम फैसला नभए सम्म जहिले सुकै बदर गराउन जान हुने, नहुने वा कहिले सम्म जानु पर्ने कुनै स्पष्टता छैन । कार्यालय तथा पदाधिकारी पिच्छे फरक कार्यशैली छ ।
- मु.ऐ. अ.वं. ११८ को देहाय (२) ले ३ बर्ष वा सो भन्दा बढी कैदको सजाँय हुने मुद्दामा पुनरावेदन अदालत सम्म तथा न्याय प्रशासन ऐन, २०४८ ले ५ बर्ष वा सो भन्दा बढी कैद सजाँय हुने मुद्दामा अभियुक्तलाई थुनामा नराखी मुद्दाको पुर्पक्ष भएको रहेछ भने सर्वोच्च अदालत सम्म त्यस्तो आदेश बदर गराउन निवेदन दिन सकिने व्यवस्था व्यवहारमा एकरुपता छैन ।

- उत्तिकै प्रमाण भएको एक मुद्दामा एउटै पदाधिकारीले निवेदन, पुनरावेदन, मुद्दा दोहोऱ्याउने भनी कारवाही अगाडि बढाएको तर अर्को त्यस्तै अझ बढी प्रमाण भएको मुद्दामा निवेदन पनि दायर नगरेको, पुनरावेदन नगर्ने, मुद्दा नदोहोऱ्याउने भनी प्रस्तावको कारवाही अगाडि बढाएको छ छैन भनी अनुसन्धान भएको छ छैन ।

**घ) अभियोजनको अनुगमन सम्वन्धी काम कारवाही**

- पुनरावेदन सरकारी वकील कार्यालयहरुले मातहत जिल्ला सरकारी वकील कार्यालयहरुको कम्तिमा वर्षको एक पटक अनुगमन तथा निरिक्षण गरी सो को प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने व्यवस्था कानूनमा उल्लेख छ । यसको कार्यान्वयन के कसरी भएको छ, काम सन्तोषप्रद छ छैन, यस विषयमा महान्यायाधिवक्ताको कार्यालयले मातहत दुवै निकायका काम कारवाहीलाई गंभिरता पूर्वक विश्लेषण गरेको पाईदैन ।
- अभियोजन सम्वन्धी काम कारवाहीलाई शुरुदेखि नियन्त्रण गर्न कानूनले मार्ग प्रशस्त गरेको अवस्था छैन । अभियोजनको निर्णय भई अदालतमा दायर भएको अभियोगपत्रमा देखिएको गल्ती सुधार गर्ने अवस्था नहुँदा अनुगमनले प्रभावकारीता पाउन नसकेको र अनुगमनबाट अभियोजनमा देखिएको गल्ती सच्चाउने तर्फ सम्वन्धित व्यक्तिलाई तत्काल ध्यानाकर्षण गराउने परिपाटीको प्रभावकारी कार्यान्वयन भएको पनि देखिदैन ।
- मुद्दाको अभियोजन नै न्यायको मूल आधार विन्दु हो । अभियोग पत्रमा हुने कमी कमजोरीले महान्यायाधिवक्ताको कार्यालय र यस मातहतका सबै कार्यालयहरुको काम कारवाहीको अन्य निकाय र आम जनमानसले सरकारी वकील माथिको गुणस्तर मापनको मुख्य आधार बनाउनु र सोही अनुरुप हेर्नुलाई अन्यथा भन्न सकिदैन । यसर्थ पनि अभियोजन सम्वन्धी कामको गंभिरता प्रति मातहत सरकारी वकील कार्यालयहरुलाई सजग र सचेत रहन पुनरावेदन सरकारी वकील कार्यालयहरुले दिने निर्देशन महत्वपूर्ण हुन्छ । तर सही निर्देशन र सन्तोषजनक अनुगमन भएको विरलै देखिन्छ ।
- सरकार वादी सबै मुद्दामा अभियोजन गर्ने काम कुशल व्यवसायिक दक्षता, अनुभव र सैद्धान्तिक ज्ञान विना संभव हुदैन । यस्तो पछि सच्चाउन नसकिने जोखिम पूर्ण कार्य जानी जानी वा ज्ञानको अभाव के कारणले अभियोजनमा त्रुटी हुन गएको हो अनुसन्धान भएको छ छैन । अर्को तर्फ एउटै प्रकृतिको कसूरलाई दुई अलग अलग ऐनले कसूर घोषित गरेको र सजाँय समेत तोकेको अवस्था (नक्कली नोटको कारोवार राष्ट्र बैंक ऐन र मु.ऐ. खोटाचलनको महल) मा कुन ऐनको दावी लिन उपयुक्त हुने हो संस्थागत रुपमा कुनै एक धारणा बनाउन सकेका छैनौ ।
- अभियोजनको काम मिसिल प्राप्त हुँदासाथ सम्पन्न गर्नु पर्ने अवस्थामा कसरी व्यवस्थापन गर्ने भन्ने मूल चुनौती छ । अभियोजनमा दुविधा उत्पन्न भएमा निर्देशन लिने, उपयुक्त राय लिन सकिने, तथ्य र कानूनको व्यवस्थालाई सहि ढंगले छलफलमा ल्याई तत्काल निकास खोज्न सकिने संस्थागत संयन्त्रको सख्त अभाव छ ।
- जाहेरी तथा अनुसन्धानबाट अपराध वारदातमा धेरै व्यक्तिको संलग्नता भएको हुन सक्ने भनी नाम उल्लेख भएको अवस्थामा प्रमाणलाई बस्तुनिष्ठ ढंगले विश्लेषण गर्ने क्षमताको अभाव, भनसुन वा प्रलोभनको प्रभाव र अनावश्यक शंकाबाट बच्न सबैलाई अभियोग लगाउने परम्परागत कार्यशैली बीच सरकारी वकीलको निर्णय परिक्षण गर्ने प्रणालीको बैज्ञानिक सूचकाङ्क नहुँदा ठीक निर्णय लिन सकेको पाइदैन । आंशिक निर्णय लिई अभियोग दायर भएको मुद्दामा नियन्त्रण गर्न अभियोगको एक प्रति माथिल्लो कार्यालयहरुमा पठाउने व्यवस्था कडाईका साथ कार्यान्वयन भएको पनि छैन । यस विषयमा बस्तुपरक तरिकाले कार्यान्वयनमा लैजान आवश्यक छ ।
- अभियोजन सम्वन्धी निर्णय लिने काम न्यायिक पनि भएकोले यस्तो काममा सम्वन्धित व्यक्तिको सजगता नै प्रमुख कारक तत्व हुन्छ । तर त्यस्तो काम गर्ने व्यक्तिलाई विशेष तालिम, सैद्धान्तिक ज्ञान र अनुभव बिना अभियोजनको जिम्मेवारी दिने कार्य नै कती हद सम्म उपयुक्त छ अध्ययन हुन जरुरी देखिन्छ ।

**ङ) बहस पैरवीको व्यवस्थापन सम्वन्धी काम कारवाही**

- सरकारी वकीलको महत्वपूर्ण काम मध्येको एक अदालतमा उपस्थित भई बहस पैरवी गर्नु हो । बहस व्यवस्थापन वीनाको बहस औपचारिकतामा सिमित हुन्छ भन्दा कुनै अत्युक्ति नहोला । रणनीतिक योजनाको मूल कार्यक्रम यस समस्यालाई निराकरण गर्ने तर्फ केन्द्रीत गर्न आवश्यक छ ।
- मुद्दामा प्रतिवादी एवं रिट निवेदक तर्फका कानून व्यवसायी अत्यन्तै सवल रुपमा बहसमा प्रस्तुत हुँदा अर्को सरकारी पक्ष वीना तयारीकासाथ बहसमा उपस्थित हुने परम्पराले बेञ्चबाट र खुल्ला इजलासमा उपस्थित आम समुदायले सरकारी वकीलमाथि राख्ने नकरात्मक अवधारणालाई हटाई उत्तिकै सवलरुपमा प्रस्तुत हुने वातवरण

कसरी तयार पार्न सकिन्छ । यस चुनौतीको समाधानको उपाय निराकरण गर्ने उपायको खोजि हुनु पर्ने अवस्था छ ।

- मुद्दाको प्रकृति र जनसरोकारको चासो समेतलाई मध्येनजर गरी बरिष्ठता तथा विषय विशेषज्ञताका आधारमा (Lead Lawyer) को अवधारणा अनुसार) बहसमा उपस्थित हुने प्रणाली विकास गर्नु पर्ने देखिन्छ ।
- बहस व्यवस्थापनमा एउटै व्यक्तिको प्रयास सार्थक हुँदैन । कागज प्रमाण जुटाउने, नक्कल कागजात दुरुस्त गर्ने, आवश्यक अध्ययन सामग्री जुटाउने काम बहसको तयारी गर्ने व्यक्ति स्वयं, सम्वद्ध कर्मचारी र अन्य निकाय तथा व्यक्तिको समन्वय सहयोगको अभावमा प्रभावकारी बहस व्यवस्थापनमा समस्या देखा परेको पाईन्छ ।

### १.३.६ **सुधारका संभावनाहरु**

- फैसलाको सूचना प्राप्त भएको १० दिन भित्र पुनरावेदन वा मुद्दा दोहोऱ्याउने/नदोहोऱ्याउने कारवाही अगाडि बढाउनु पर्ने व्यवस्था आफैमा राम्रो भए पनि कार्यान्वयन हुन सकेको छैन । यसलाई व्यवस्थित गर्न कामको चाप भएका र नभएका कार्यालयहरुका हकमा कामको चापका आधारमा मूल्याङ्कन गर्ने सूचकाङ्क तयार गरी यती दिन भित्र पठाउनु पर्ने भनी समय तालीका निर्धारण गरी तोकिनु पर्ने र अनुगमन गरी कडाई साथ लागू गरिनु पर्ने ।
- पुनरावेदन सरकारी वकील कार्यालयमा मुद्दा पुनरावेदन गर्ने वा नगर्ने भन्ने निर्णय लिदा के कस्तो प्रकृया अपनाउनु पर्ने हो भन्ने सम्बन्धमा कार्यविधि एकिन गरेको पाईदैन । महान्यायाधिवक्ताको कार्यालयमा जसरी निर्णय लिईन्छ त्यस्तो कार्याविधि अपनाएको पनि पाईदैन । सह न्यायाधिवक्ताले निर्णय लिने भएपनि निर्णयको अभिलेख राख्ने गरेको नपाईदा कार्यविधि स्पष्ट गर्नु पर्ने भएकोले मस्यौदा को अलवा छोटकरी निर्णय लेख्ने परिपाटीको विकास गरिनु पर्ने ।
- कार्यालयको कार्यबोझको समेत विचार गरी माथिल्लो कार्यालयमा पठाउनु पर्ने मस्यौदा प्रस्ताव किन समयमा कार्यान्वयन हुन नसकेको हो वा नगरेको हो हेरी तत्काल प्रतिकृया लिई मिसिल सामेल गर्ने र अभिलेख राख्ने व्यवस्था लागू गर्नु पर्ने ।
- कार्यालयको कार्यबोझलाई सूचकाङ्कमा निर्धारण गरी लक्ष्य अनुरुप निवेदन/पुनरावेदन/दोहोऱ्याउने वा नदोहोऱ्याउने मुद्दाको कारवाही समयमै भए नभएको आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन को एक आधार बनाईनु पर्ने ।
- मुद्दाको पुनरावेदन प्रस्ताव पठाउदा कतीपय पुनरावेदन सरकारी वकील कार्यालयहरुबाट अभियोग दावी र फैसला बीच रहेको अन्तरका आधारहरु स्पष्ट उल्लेख गरी पठाउनु पर्नेमा आधार नै उल्लेख गरेको पाईदैन । अर्को तर्फ कतिपय कार्यालयले मस्यौदा पठाउदा मिसिल अध्ययनमा समेत उचित ध्यान दिएको देखिदैन । कार्य सम्पादनमा सतर्कता र दक्षता अभिबृद्धिमा त्यस्ता मिसिलकोअभिलेख राखी सम्वन्धित सरकारी वकीललाई ध्यनानकर्षण गराउने ।
- निवेदन/पुनरावेदन/दोहोऱ्याउने वा नदोहोऱ्याउन प्रस्ताव गर्नु पर्ने मुद्दामा यदाकदा त्यसो नगरी सफल जनाई राख्ने प्रवृत्तिको अन्त्य गर्न तालुक कार्यालयले अनुगमन तथा निरिक्षण प्रणालीलाई प्रभावकारी बनाउन रणनीतिक योजनामा नै कार्यतालीका बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- अदालतबाट कतीपय मुद्दाको समयमै फैसलाको जानाकारी प्राप्त नहुने र धेरै समय पछि फैसलाको जानाकारी प्राप्त हुँदा मिसिल कार्यालयमा नहुने समस्याले पुनरावेदन सम्वन्धी कारवाहीमा जटिलता नहोस भनी अभिलेख प्रणाली, मिसिल व्यवस्थापन प्रणाली र फैसला जानाकारीको अभिलेख प्रणालीलाई बैज्ञानिक बनाउन रणनीतिक योजनामा स्पष्ट व्यवस्थापन पक्ष समावेश गरि कार्यान्वयनमा लैजानु पर्ने टडकारो आवश्यकता छ ।
- महान्यायाधिवक्ताको कार्यालयले पुनरावेदन सरकारी वकील कार्यालयहरु अनुगमन तथा निरिक्षण गर्दा र पुनरावेदन सरकारी वकील कार्यालयहरुले मातहत जिल्ला सरकारी वकील कार्यालयहरु निरिक्षण गर्दा मुद्दाको पुनरावेदन सम्वन्धी कारवाही के कसरी भएको छ गंभिर अध्ययन गर्ने सूचकाङ्क निर्माण गरी योजना निर्माण गर्नु पर्ने तर्फ सबैको सक्रिय सहयोगबाट सूचकाङ्क निर्माण गर्नु पर्ने ।
- मुद्दाको अभिलेख राख्दा, फैसला भएका मुद्दाको अभिलेख राख्दा, मुद्दाको जिम्मेवारी सार्दा, म्याद सूचनालाई अभिलेख राख्दा समेत कार्यालयहरुले एक रुपताको अभिलेख प्रणाली विकसीत गरेको पाईदैन । फरक फरक अभिलेख प्रणालीलाई सुव्यवस्थित गर्न आवश्यक हुँदा केन्द्रीय कार्यालयबाट परिपत्र गरिनु पर्ने ।
- अभियोजन सम्वन्धी निर्णय लिने जिम्मेवारी तोक्नु भन्दा पहिले सरकारी वकीलहरुकालागि अभियोजन सम्वन्धी ज्ञान र तालिमको अनिवार्य प्रशिक्षण दिएर मात्र जिम्मेवारी तोकिनु पर्ने ।

- अभियोजनमा देखिएको त्रुटीलाई कम गर्दै लैजान पुनरावेदन सरकारी वकील कार्यालयबाट मिसिल प्राप्त भई अध्ययन हुँदा साथ वा निरिक्षण गर्दा देखिएको बखत तत्काल ध्यानाकर्षण गराउने, त्यसको अभिलेख राख्ने, पटक पटक जानी जानी गल्ती गरेको पाईएमा कारवाही गर्ने परिपाटिलाई कडाईका साथ लागू गर्नु पर्ने ।
- पुनरावेदन सरकारी वकील कार्यालयहरुले मातहत जिल्ला सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरु, मुद्दा अनुसन्धान गर्ने निकायका प्रमुखहरु, स.मु.स. ऐनको अनुसूची बाहिरका सरकारवादी मुद्दा दायर गर्ने सरकारी निकायहरु, समावेस गरी पुनरावेदन सरकारी वकील कार्यालयका सह न्यायाधिवक्ताको संयोजकत्वमा सरकारवादी मुद्दा व्यवस्थापन समन्वय समिति गठन गर्न कानून मै व्यवस्था गरी रणनीतिक योजनामा कार्यक्रम तय गरिनु उपयुक्त हुन्छ ।
- बेञ्चबाट र खुल्ला इजलासमा उपस्थित आम समुदायले सरकारी वकीलको बहस कार्यसम्पादन माथि राख्ने नकरात्मक अवधारणालाई हटाई उत्तिकै सवलरुपमा प्रस्तुत हुने वातवरण तयार पार्न सरकारी वकील स्वयं र सस्थागत उत्प्रेरणा आवश्यक हुन्छ । साथै विषयगत तालिम, विदेश भ्रमण, शैक्षिक योग्यता बृद्धि र अध्ययनसिलताको विकास तथा शैक्षिक सामग्रीको सहज उपलब्धता सृजना गर्ने कार्यक्रम ल्याईनु पर्ने ।
- एक सरकारी वकीलले दिनमा कती मुद्दामा बहसको राम्रो तयारी गर्न सक्छ, मुद्दाको प्रकृति अनुसार कती मुद्दा जिम्मा दिन उपयुक्त हुन्छ, कार्यालयमा समग्र मुद्दाको चाप कति छ, यी र यस्ता विषयमा गंभिर अध्ययन गरी कामको प्रकृति अनुसार भार दिने बैज्ञानिक प्रणालीको विकास गर्न आवश्यक छ । मुद्दाको सफलता वा असफलताको कारण धेरै Factors जिम्मेवार हुने भएकोले बहस मात्र आफैमा केही होईन । तर बहसमा जाने व्यक्तिको जिम्मेवारी, मुद्दाको प्रकृति अनुसार कति प्रतिशत रहन्छ । मूल्याङ्कनको सूचकाङ्क निर्धारण गरिनु पर्दछ ।
- सरकारी वकील सबैलाई बहस व्यवस्थापन सम्वन्धी तालिम अनिवार्य दिईनु आवश्यक भएकोले कार्यक्रम तय गरी कार्यान्वयनमा लागू गर्न उपयुक्त हुन्छ ।
- सरकारी वकीलको सेवा शर्त र सुविधा सम्वन्धी विशेष ऐनको व्यवस्था गरी तत्काल लागू नगरिने हो भने आउदा दिनमा यस समूहमा रही काम गर्ने जनशक्ति कि त अन्यत्र पलायन हुने, अन्यत्र कतै जान नसक्नेहरु निरासा र कुण्ठा संगाली काम गर्ने, काममा उत्साह र उत्प्रेरणाको अभावले संस्थाको जिम्मेवारी र प्रतिष्ठा माथि नै प्रश्न उठ्ने, अन्ततोगत्वा राज्यले धेरै मूल्य चुकाई नयां हिसावले सुधार गर्न ठूलो लगानी लागाई धेरै समय सस्थाले गति लिन नसक्ने स्थितिलाई तत्काल मनन गर्न आवश्यक छ ।
- सरकारवादी हुने मुद्दाका साक्षीहरुको संरक्षण सम्वन्धी विशेष ऐनको व्यवस्था, ती साक्षीहरुलाई अदालतमा उपस्थित भई साचो कुरा भन्न सक्ने स्थिति सृजना गर्न तिनीहरुलाई दिईने खर्चको निकासाको व्यवहारिक कार्यान्वयन, अपराध पीडितलाई तत्काल के कस्तो राहतको आवश्यकता छ सो बुझि सरकारी वकीलले सिफारिस गरेको आधारमा सरकारबाट सक्दो राहत उपलब्ध हुने कानूनको व्यवस्था गर्न पहल गर्नु उपयुक्त दखिन्छ ।
- जि.स.व.का.को पु..व.का. संग एवं म.न्या.का. संग सूचना प्रविधि सञ्जाल (IT Net Work) स्थापना गर्नु पर्ने देखिन्छ ।
- आफ्नो कार्यालयमा नै नियमित रुपमा पेशागत काम कारवाहीको सम्वन्धमा नियमित छलफल गरी त्यसको अभिलेख राख्ने व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- प्रत्येक पु.स.व.का. हरुमा अनुसन्धान तथा मुद्दा व्यवस्थापन शाखा खडा गर्नु पर्ने देखिन्छ ।
- राज्यको तर्फबाट पु.स.व.का. को क्षेत्रमा कुनै पनि कानूनी लिखत, सम्झौता वा कानूनी समस्याको वारेमा पु.स.व.का.बाट अध्ययन, अनुमोदन वा राय सुझाव प्रस्तुत गर्ने अनिवार्य व्यवस्था हुनु पर्ने देखिन्छ ।
- प्रत्येक पु.स.व.का. मा इन्टरनेट सुविधा सहितको कम्प्यूटरको व्यवस्था हुनु पर्ने देखिन्छ ।
- पु.स.व.का. सबै सरकारी वकीलहरुलाई अनिवार्य रुपमा आवासको व्यवस्था हुनु पर्ने देखिन्छ ।
- आफ्नो क्षेत्र भित्र विशेष मुद्दामा विशेषज्ञताको आधारमा एक ठाउंबाट अर्को ठाउंमा पु.स.व.का. सरकारी वकील खटाउने व्यवस्था गरिनु पर्दछ ।
- कुनै पनि नागरिक वा व्यक्तिलाई राज्यको तर्फबाट हिरासतमा लिदासाथ त्यसको जानकारी पु.स.व.का.लाई दिनु पर्ने कानूनी व्यवस्था हुन आवश्यक देखिन्छ ।

## १.४ महान्यायाधिवक्ताको कार्यालयको संस्थागत एवं संरचनात्मक स्वरूपः चुनौती र संभावना

### १.४.१ भूमिका

महान्यायाधिवक्ताको कार्यालय नेपालका सरकारी वकील कार्यालयहरू मध्ये उच्चतहको कार्यालय हो । यस कार्यालयमा सरकारी वकीलका रूपमा स्वयं महान्यायाधिवक्ता लगायत राजपत्रांकित विशिष्ट श्रेणीका तथा सो भन्दा मुनिका सबै तहका सरकारी वकीलहरू कार्यरत रहेका छन् । सरकारी वकील मध्ये महान्यायाधिवक्ताको व्यवस्था संविधानवाटै भएको सन्दर्भमा महान्यायाधिवक्ताका काम, कर्तव्य र अधिकारहरू संविधानले स्पष्ट रूपमा उल्लेख गरेको छ । त्यस अतिरिक्त संवैधानिक व्यवस्था अनुरूप नै महान्यायाधिवक्ताका काम, कर्तव्य र अधिकारहरू कानूनद्वारा व्यवस्था गरिएका छन् । महान्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा तथा निजलाई निजको काममा सघाउन तथा कानूनद्वारा प्राप्त आफ्नो जिम्मेवारीको सुदृढीकरण र सक्षमता बृद्धिका लागि प्राप्त गर्ने अवसर तथा व्यवसायिक कार्य सम्पादन गर्दा भोग्नु पर्ने चुनौती नै यस कार्यालयका संभावना र चुनौती हुन् ।

**महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका सम्बन्धमा संवैधानिक र कानूनी व्यवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारका रूपमा संवैधानिक तथा कानूनी विषयमा सरकार वा सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने कर्तव्य महान्यायाधिवक्तालाई दिएको छ । यसवाहेक महान्यायाधिवक्तालाई संविधानले दिएका काम, कर्तव्य र अधिकार निम्न छन् ।

१. नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने ।

२. संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने ।

३. नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने ।

४. आफ्नो पदीय कर्तव्यको पालना गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुन पाउने ।

५. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने ।

६. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसंग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

७. संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने ।

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले महान्यायाधिवक्तालाई निम्न थप काम, कर्तव्य र अधिकार दिएको छ ।

१. अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त देखेमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई ध्यानाकर्षण गराउने ।

२. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आईपरेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

३. नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा कार्यविधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने ।

४. मुद्दाको सिलसिलामा वा कानूनी रायको लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै निकायको मुख्य भई काम गर्ने व्यक्ति वा अधिकारीले कानून उल्लंघन गरेको वा हेलचक्रयाई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा हैरानी

दिने काम भएको देखेमा सो व्यहोरा उल्लेख गरी विभागीय कारवाहीका लागि सम्बन्धित अख्तियारवाला समक्ष पठाई दिने ।

५. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै सरकारी वकीललाई खटाउन सक्ने ।

६. कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हक, हित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्न, पुनरावलोकनको निवेदन दिन कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्ने ।

७. कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने ।

**१.४.२ प्रशासनिक जिम्मेवारीः**

महान्यायाधिवक्ताको कार्यालयलाई सरकारी वकील सम्बन्धी नियमावलीले देशभित्रका सवै सरकारी वकील कार्यालयहरूको सामान्य प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनको जिम्मा दिएको छ । यसअर्न्तगत यस कार्यालयले सरकारी वकील कार्यालयको निरीक्षण वर्षमा कम्तीमा एकपटक गर्नु गराउनु पर्ने र निरीक्षण गर्ने अधिकृतले यसै नियमावलीले तोकेका कुराहरू समेत खुलाई यस कार्यालयमा निरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ । त्यस्तो निरीक्षणको मुख्य उद्देश्य सबै सरकारी वकील कार्यालयहरुले सम्पादन गर्नु पर्ने कामको अनुगमन गर्नु र तिनीहरुको व्यवसायिकता अभिवृद्धि गर्नुका अतिरिक्त प्रभावकारी समन्वयको व्यवस्था गर्नु हो ।

**१.४.३ महान्यायाधिवक्ताका थपिदै गएका जिम्मेवारी र त्यसले यस कार्यालयमा वढाएको कार्यवोझः**

२०१९ सालमा संवैधानिक रूपमा एटर्नी जनरलको व्यवस्था गर्दा श्री ५, श्री ५ को सरकार र श्री ५ बाट तोकिएका अन्य अधिकारीलाई संवैधानिक र कानूनी विषयमा माग गरेमा राय सल्लाह दिने काम मात्र नेपालको संविधान, २०१९ ले महान्यायाधिवक्तालाई दिएको थियो । अन्य काम कानूनले तोके वमोजिम हुनेछ भनिएको थियो । त्यसै संविधानको २०३७ सालमा गरिएको तेश्रो संशोधनले महान्यायाधिवक्तालाई निजलाई तोके वमोजिमको काम गर्दा देशभित्रका सवै अदालतमा उपस्थित हुने अधिकार दिएको थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्तालाई पहिलेको संविधानले दिएका भन्दा थप काम, कर्तव्य र अधिकार दियो । जुन निम्न थिए –

१. कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने ।

२. संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने ।

हालको संविधानले उपरोक्त काम, कर्तव्य, अधिकारका अतिरिक्त महान्यायाधिवक्तालाई थप निम्न जिम्मेवारी दिएको छ –

१. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने ।

२. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसंग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

### १.४.४ संविधान र कानूनले दिएका अधिकार र कर्तव्य पूरा हुन नसकेको अवस्थाः

हालको संविधानले दिएका काम, कर्तव्य र अधिकारहरू मध्ये नेपाल सरकारको तर्फवाट मुद्दा चलाउने वा नचलाउने भन्ने निर्णय गर्ने अधिकार महान्यायाधिवक्तावाट प्रत्यायोजन भए अनुसार जिल्ला र पुनरावेदन तहका सरकारी वकीलवाट प्रयोग हुँदै आएको छ । तर निम्न काम गर्नका लागि हालसम्म महान्यायाधिवक्ताको कार्यालयमा कुनै संयन्त्र वनेको छैन । न त यी काम गर्नका लागि मातहत कार्यालयका सरकारी वकीलहरूलाई महान्यायाधिवक्तावाट अधिकार सुम्पेको अवस्था नै छ ।

१. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने ।

२. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसंग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

त्यसबाहेक सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले महान्यायाधिवक्तालाई दिएका निम्न काम, कर्तव्य र अधिकार पनि व्यवहारमा नआई यस नियमावलीका अक्षरमा मात्र सीमित रहेको पाइन्छ-

१. मुद्दाको सिलसिलामा वा कानूनी रायको लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै निकायको मुख्य भई काम गर्ने व्यक्ति वा अधिकारीले कानून उल्लंघन गरेको वा हेलचक्रयाई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा हैरानी दिने काम भएको देखेमा सो व्यहोरा उल्लेख गरी विभागीय कारवाहीका लागि सम्बन्धित अख्तियारवाला समक्ष पठाई दिने ।

२. कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हक, हित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्न, पुनरावलोकनको निवेदन दिन कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्ने ।

३. कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने ।

### १.४.५ समयक्रमले स्वाभाविक रूपमा बढाएको जिम्मेवारीः

महान्यायाधिवक्ताको कार्यालयमा कार्यसम्पादन गर्ने सरकारी वकीलहरूको कार्यवोझ समय क्रममा वढ्दै गएको छ । सर्वोच्च अदालतमा रहेका सरकारवादी मुद्दाहरू, नेपाल सरकारका विभिन्न निकायका विरुद्ध परेका रिट निवेदनहरू तथा नेपाल सरकारको हक हित वा सरोकार निहित रहेका अन्य मुद्दाहरूको वढ्दो संख्याका कारण सर्वोच्च अदालतमा वहस पैरवी र प्रतिरक्षा गर्ने कामको चाप वढेको कुरा निम्न अंकहरूले देखाउछन् ।

| आर्थिक वर्ष | मुद्दाको संख्या |
|---|---|
| (क) २०४७/०४८ | १९८२ |
| (ख) ०५२/०५३ | ३६७६ |
| (ग) २०६५/०६६ | ६४४० |

(विशेष शाखाले गरेको वहस पैरवी वाहेकको संख्या)

वहस पैरवी र प्रतिरक्षा बाहेक महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलहरूले नेपाल सरकारवादी भएका मुद्दाहरूमा पुनरावेदन गर्ने नगर्ने, त्यस्ता मुद्दाहरू दोहोऱ्याउने निवेदन गर्ने नगर्ने, पुनरावलोकनका लागि निवेदन गर्ने नगर्ने भन्ने टुंगोमा पुग्ने काम गर्नु पर्ने हुन्छ । मुद्दाको संख्या बढ्दै जा"दा यी कामहरू पनि स्वतः बढ्छन् । यसैगरी यस कार्यालयले नेपाल सरकारलाई र अन्य सरकारी निकायले माग गरेका संवैधानिक एवं कानूनी विषयमा राय दिनु पर्ने हुन्छ । नेपाल सरकारको काम कारवाहीसंग सम्वन्धित विभिन्न समितिमा यस कार्यालयको प्रतिनिधिका रूपमा काम गर्नु पर्ने हुन्छ ।

नेपाल  सरकारवाट गठन हुने समिति, कार्यदलमा रही काम गर्नु पर्ने हुन्छ । सरकारको कामको विविधतासंग सरकारी वकीलको काममा पनि वृद्धि भएको र विविधता आएको छ ।

### १.४.६ चुनौतीहरु

**क. कार्यक्षेत्रको वृद्धि र त्यसले थपेका चुनौतीहरू** :

संवैधानिक तथा कानूनी परिवर्तन तथा संशोधनवाट महान्यायाधिवक्तालाई थप काम, कर्तव्य र अधिकार दिनुले राज्यले महान्यायाधिवक्तावाट कानूनी र न्यायिक क्षेत्रमा वढी अपेक्षा गर्दै आएको स्पष्ट छ । महान्यायाधिवक्तालाई यसरी जिम्मेवारी थप गर्दा त्यसको प्रत्यक्ष असर अरु सरकारी वकीलको काममा पर्दछ । महान्यायाधिवक्ताले आफ्ना थप जिम्मेवारीहरू पूरा गर्ने सहयोगी हातहरू भनेका सरकारी वकील नै हुन् ।

महान्यायाधिवक्ताको कार्यक्षेत्र थपिदा पनि महान्यायाधिवक्ताको कार्यालय र अन्य  सरकारी वकील कार्यालयमा रहने सरकारी वकीलको संख्या यथास्थितिमा रहदा थपिदै गएका कामको जिम्मेवारी वास्तविक रूपमा पूरा भएको अवस्था देखिदैन । नेपालको अन्तरिम संविधान, २०६३ ले थप गरेका कामहरू गर्नका लागि यस कार्यालयले हालसम्म कुनै व्यवस्था गर्न नसकेको एउटा कारण गर्दै आएका कामहरूवाट फुर्सद नपाएर पनि हो । यस सम्बन्धमा तत्काल आवश्यक संयन्त्रहरुको विकास गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु पर्ने अबस्था रहेको छ ।

**ख. फौजदारी कसूरका नयाँ रूपहरू र त्यसले थपेका चुनौतीहरू :**

परम्परागत कसूरहरू भन्दा आधुनिक फौजदारी कसूरहरूको प्रकृति जटिल छ । नयाँ हुनुको कारणले नबुझिने अवस्था एक ठाउ"मा छ भने जटिलताले गर्दा त्यसलाई बुझन बढ्ता समय लाग्ने अवस्था अर्को छ । आर्थिक क्षेत्रसंग सम्वन्धित वैंकिङ वा मुद्रा निर्मलीकरणका कसूर हुन या कम्प्यूटर वा साइवरसंग सम्बन्धित कसूर तिनीहरूको सैद्धान्तिक आधार र प्राविधिक स्वरूपका न्यूनतम कुराको जानकारी सरकारी वकीललाई हुनु आवश्यक छ, किनभने तिनीहरूको अनुसन्धानदेखि वहस पैरवीसम्म सरकारी वकील परोक्ष वा प्रत्यक्ष रूपमा जोडिनु पर्छ । सरकारी वकीलहरूको माथिल्लो निकायका रूपमा महान्यायाधिवक्ताको कार्यालयले त्यस्ता विषयमा आफ्ना कार्य क्षेत्रमा सरकारी वकीलले व्यहोर्ने अपठ्याराहरूलाई सुल्झाउन सक्नुपर्छ । साथै, आफ्नो कार्यक्षेत्रवाट ती कसूरका मुद्दाहरूको सक्षम वहस पैरवी गर्नुपर्ने हुन्छ । राज्यले सृजना गर्ने प्रत्येक नया"फौजदारी कानूनका वारेमा शुरूदेखि नै जानकार रहनु पर्ने सरकारी वकीलको चुनौतीलाई सम्वोधन गर्ने उचित व्यवस्थाको जिम्मेवारी यस कार्यालयलाई छ । यस सन्दर्भमा हेर्दा हाल यस कार्यालयमा गरिएको महाशाखा विभाजनको आधारलाई परिमार्जन गरी विभिन्न फौजदारी मुद्दाहरूमा विशेषज्ञता प्राप्त हुने किसिमले समेत महाशाखाको जिम्मेवारी तोकिनु पर्ने देखिन्छ । यस सम्बन्धी कार्यलाई व्यवस्थि तगर्न महान्यायाधिवक्ताको कार्यालयमा सुदृढ एवं व्यवस्थीत अनुसन्धान महाशाखाको स्थापना हुनु पर्ने अबस्था टढकारो छ ।

**ग. सरकारको बढ्दो कार्यक्षेत्र र त्यसले थपेका चुनौतीहरू :**

सरकारको कार्यक्षेत्र वढ्दै जाँदा यस कार्यालयलाई अप्रत्यक्ष रूपमा जिम्मेवारी थपिदै जान्छ । विधायिकावाट वनेका कानूनको संवैधानिकताको परीक्षणको सम्बन्धमा तथा सार्वजनिक सरोकारका विषयमा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रका सम्बन्धमा हकदैयाको अवधारणा फराकिलो भएका कारण सरकारका कुनै पनि कामहरूलाई चुनौती दिदै रिट दायर भै रहेका छन् । त्यसको प्रत्यक्ष प्रभाव यस कार्यालयले प्रतिरक्षा गर्नु पर्ने मुद्दाको संख्या वढेको कारणले थपिने कार्यवोझ हो । आफ्ना कामहरू कानूनी रूपमा विरोधाभासी नहोउन् भन्ने सरकारको अपेक्षाको कारण सरकारले गर्ने निर्णयभन्दा पहिले नै यस कार्यालयका सरकारी वकीललाई सहभागी वनाई राय लिने तथा निजहरूको संलग्नता रहेको अध्ययन, सुझाव कार्यदलको निर्माण गरिने गर्दा यस कार्यालयलाई थपिने कार्यवोझ यसको अप्रत्यक्ष प्रभाव हो । जसका लागि पर्याप्त मात्रामा व्यावसायिक र  दक्ष जनशक्ति  यस कार्यालयमा रहनु आवश्यक हुन्छ ।

**घ. भविश्यको महान्यायाधिवक्ताको कार्यालय** :

राज्यको पुनर्संरचना, केन्द्र र राज्यका बीचको कानूनी अन्तरसम्वन्ध तथा न्यायपालिकाको संरचनाको स्पष्ट खाका नआउँदासम्म भोलीको महान्यायाधिवक्ताको कार्यालयको स्वरूपलाई स्पष्ट चित्रण गर्न गाह्रो हुन्छ । त्यति हुँदा हुँदै पनि संघीयताको स्वरूपमा प्रवेश गर्दाको संक्रमणका समयमा यस कार्यालयको जिम्मेवारी वढ्ने कुरामा कुनै द्विविधा छैन किनभने आउँदा दिनमा केन्द्र र राज्यका बीचमा उठ्ने विवादहरू यस कार्यालयका लागि थप चुनौतीपूर्ण हुने छन् । सरकारी वकीलहरूको केन्द्रीय कार्यालयको रूपमा यस कार्यालयले आफ्नो कार्यक्षेत्रको मात्रै नभई आफू मातहतका सबै सरकारी वकील कार्यालयहरूका समस्या समाधान गर्ने अभिभावकका रूपमा काम गर्दै आएकोमा भविष्यमा पनि त्यसै रूपमा काम गर्नु पर्ने निश्चित छ । लगभग ५० वर्षको समयावधिमा यस कार्यालयले कार्यालय प्रमुखलाई माध्यम बनाउदै पाइरहेका थप जिम्मेवारीहरूलाई आधार बनाइ हेर्दा यस कार्यालयले भविष्यमा थप जिम्मेवारी पाउदै जाने सम्भावनामा शंका गर्ने ठाउ देखिदैन । पाइरहेको जिम्मेवारीलाई उचित तरिकाले पूरा गर्न नसकिएको अवस्थाले भोलीको संभावनामा नै चुनौती दिएको छ ।

काम बढ्दै जादा बढ्दो कामका अनुपातमा सरकारी वकीलको संख्या नबढ्नु, सामान्यतया सरकारी वकीलहरूले आफ्ना कामका लागि सहयोगी नपाउनु, उनीहरूले आफ्नो कामसंग सम्बन्धित अत्यावश्यक पछिल्ला विकासका बारेमा थाहा पाउने अवस्थाको संभावना अति न्यून हुनु, जिम्मेवारी बढ्दै गए पनि सेवालाई आकर्षक बनाउन नसकिनु तथा नेपाल न्याय सेवाको सबैभन्दा थोत्रो जनशक्ति भएको संस्थाका रूपमा हेरिनु जस्ता वर्तमानका यथार्थले भविष्य जतिसुकै संभावनायुक्त भए पनि यो कार्यालयले आफ्ना चुनौती सामना गर्न सक्छ वा सक्दैन भन्ने शंका उठ्ने अवस्था आएमा सबैभन्दा भयानक र विशाल चुनौती त्यो हुनेछ ।

**१.४.७ उपसंहारः**

यो कार्यालय राज्यको प्रमुख कानूनी सल्लाहकारको कार्यालयका हुनुका अतिरिक्त राज्यका हक हित जोडिएका कानूनी विवादको प्रतिनिधित्वकर्ता तथा फौजदारी न्यायका सर्न्दभमा त्यसको एउटा आधार स्तम्भका रूपमा रहेका सरकारी वकीलको अभिभावक कार्यालय हो । अपराध अनुसन्धानकर्तालाई ठीक निर्देशन दिनु पर्ने तथा राज्यको सरोकारका कानूनी बिबादमा सक्षम प्रतिनिधित्व गर्नु पर्ने सरकारी वकीललाई उचित अवस्थामा उचित मार्गदर्शन गर्न यो कार्यालय पहिले आफू स्वयं सक्षम हुनु आवश्यक छ । त्यसपछि आफ्ना सरकारी वकीललाई हालका समयमा रहेका सबै प्रकारका तथा भविष्यमा आउनै लागेका चुनौतीसंग भिड्न सक्ने रूपमा विकसित गराउनु जरुरी छ । त्यसका लागि कार्यालयको कार्यबोझलाई आधार बनाई जनशक्तिको व्यवस्था हुनु पहिलो आवश्यकता हो । त्यसपछि सबै सरकारी वकीलहरूलाई उनीहरूको जिम्मेवारी समयसापेक्ष रूपमा पूरा गर्न सक्ने बनाउन उनीहरूलाई समय सापेक्ष आउने कानूनहरूको बारेमा तालीम, गोष्ठी, सेमिनार, विदेशमा त्यस्ता कानूनको व्यवहारिक प्रयोग लगायतका अभ्यासमूलक जानकारी गराउने प्रणालीको शुरुवात गराउनु अति आवश्यक देखिन्छ । उपरोक्त सबै सम्भावना एवं चुनौतीहरुको विश्लेषण गर्दा निम्न निष्कर्षहरु निकाल्न सकिन्छः

(१) महान्यायाधिवक्ताको कार्यालयमा एक सक्षम अनुसन्धान महाशाखाको व्यवस्था गरी देश भरीका सबै कार्यालयले सम्पादन गरेका कार्यहरुको अनुगमन गर्ने र समय सापेक्षित व्यवसायिक दक्षताका कार्यक्रमहरु सञ्चालन गर्न सिफारीश गर्ने ।

(२) नेपाल सरकारका सबै किसिमका कार्यालयहरुले निर्णय पूर्व सरकारी वकीलको राय सल्लाह लिने व्यवस्थाको अनुगमन गर्ने र सरकारलाई दिनु पर्ने सुझावहरु तयार पार्ने ।

(३) संविधान र कानूनले तोकेको जिम्मेवारीहरु तथा अधिकारहरुको प्रभावकारी प्रयोग भए नभएको अनुगमन गरी समसामयिक सुधारका कार्यहरु गर्ने ।

(४) फौजदारी न्यायलाई सुदृढ गर्न प्रयोजनका लागि सेवा विशिष्टीकृत गर्ने र सोही अनुसार महान्यायाधिवक्ताको कार्यालयको पुर्नसंरचना गर्ने ।

(५) योजना महाशाखाको निर्माण गरी संस्थागत सुदृढीकरणका लागि रणनीतिक योजनाको कार्यान्वयन गर्ने गराउने ।

## १.५ भ्रष्टाचार बिरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि र यसको कार्यान्वयन सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको सुदृढीकरण : सम्भावना र चुनौतीहरु

### १.५.१ बिषय प्रवेश

संसारभरी फैलिएको भ्रष्टाचाररुपी महारोगबाट मुक्ति पाउँन विश्वब्यापि सहयोग, प्रयास र संरचनाको आवश्यकता भएकाले नब्बेको दशकदेखि भ्रष्टाचार नियन्त्रण विश्वब्यापि चासो र चिन्ताको विषय बन्यो । फलत, कतिपय विश्वब्यापि र क्षेत्रीय महासन्धि समेत तर्जुमा भए । यसक्रममा United Nations Convention Against Corruption (UNCAC) 2003 भ्रष्टाचार नियन्त्रणसंग सम्बन्धित विशेष र ब्यापक महासन्धि हो ।

यो महासन्धि संयुक्त राष्टसंघको महासभाले ३१ अक्टोबर ,२००३ मा स्वीकार गरेको थियो[३७] र महासन्धि हस्ताक्षरका लागि सन् २००३ डिसेम्बर ९देखि ११सम्म मेक्सीकोको मेरिडा र तदुपरान्त सन् २००५ को डिसेम्बर ९ सम्म खसंयुक्त राष्टसंघको मुख्यालय न्युयोकमा खुला गरेको थियो । यसै गरी भ्रष्टाचार बिरुद्ध जनचेतना जगाउन तथा यो महासन्धिले भ्रष्टाचार नियन्त्रणमा निर्वाह गर्ने भूमिकाबारे ब्यापक मात्रामा प्रचार प्रसार र जानकारी प्रदान गर्ने उद्देश्यले डिसेम्बर ९ का दिनलाई भ्रष्टाचार बिरुद्धको अनतर्राष्ट्रिय दिवसको रुपमा मनाउने निर्णय पनि गरेको थियो ।[३८] ३० वटा मुलुकले सन्धिको अनमोदन गरेपछि १४ डिसेम्बर, २००५ मा सन्धि प्रारम्भ भएको थियो । १४० मुलुकले हस्ताक्षर गरेको यो महासन्धिको अनुमोदन, सम्मिलन, समर्थन र स्वीकृति गरी सदस्य भने १५०[३९] मुलुक भएका छन् । हस्ताक्षर गरेका कतिपय मुलुकले अद्यापी अनुमोदन गरेका छैनन् । नेपालले पनि मिति १० डिसेम्बर २००३ मा हस्ताक्षर गरेको सातबर्षपछि हालै फेब्रुअरी २४, २०११ मा अनुमोदन गरेको छ ।

### १.५.२ महासन्धिका उद्देश्य :

भ्रष्टाचारका कारण सामाजिक स्थायित्व र सुरक्षामा गंभीर समस्या उत्पन्न हुने र प्रजातन्त्रको मूल्य र सो सम्बद्ध संस्थाको नैतिक मूल्य र न्याय प्रतिको उपेक्षा गर्ने, एवं दिगो बिकास तथा कानूनको शासन प्रति खतरा उत्पन्न गर्ने तथा भ्रष्टाचार स्थानीय समस्या मात्र नभई अन्तरराज्यीय क्रियाकलाप भएको र त्यसले सबै समाज एवं अर्थ व्यवस्थाहरुलाई प्रभावित गर्ने तथा त्यसको रोकथाम तथा नियन्त्रणका लागि अन्ताराष्ट्रिय सहयोग आवश्यक पर्ने कुरालाई मध्यनजर गरी भ्रष्टाचारलाई प्रभावकारी रुपमा रोकथाम गर्न र त्यसको प्रतिरोध गर्न व्यापक र बहुआयामिक दृष्टिकोण आवश्यक पर्ने कुरामा समेत सहमत हुँदै यो महासन्धि जारी भएको हो ।[४०] भ्रष्टाचार बिरुद्ध संगठित रुपमा लड्नका लागि अन्तर्राष्ट्रिय समुदायबाट एउटा ब्यापक महासन्धिको आवश्यकता महशूस भएकाले सोहि आवश्यकताको संबोधन गर्न यो महासन्धि आएको हो । महासन्धिका देहायका उद्देश्यहरु रहेका छन् :[४१]

- भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध सम्बन्धी उपायहरु अझ दक्षतापूर्वक र प्रभावकारी रुपमा बिकसित र सुदृढ गर्नु,
- भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध लगायत सम्पति फिर्ता गर्ने सम्बन्धमा अन्ताराष्ट्रिय सहयोग र प्राविधिक सहायताको अभिवृद्धि, सरलीकरण र समर्थन गर्नु,
- सार्वजनिक कार्य र सार्वजनिक सम्पतिको उचित व्यवस्थापन र जिम्मेवारी तथा शुद्धताको अभिबृद्धी गर्नु ।

### १.५.३ महासन्धिले गरेका मुख्य ब्यबस्थाहरु :

भ्रष्टाचार नियन्त्रण गर्न कुनै एक उपायमात्र पर्याप्त हुदैन । महासन्धिले यसै तथ्यलाई मनन गरी भ्रष्टाचार नियन्त्रण गर्न निवारणात्मक, प्रवर्द्धनात्मक उपायहरुको साथसाथै उपचारात्मक तथा अन्तर्राष्ट्रिय सहकार्य समेतका बिभिन्न उपायहरुको व्यवस्था गरेको छ । यी भनाईबाट यो कुरा थप प्रष्ट हुनेछ ,This Convention and the understanding behind it incorporate crucial elements of the fight against corruption, such as preventive measures, criminalization, protection of sovereignty, sanctions and reparations, confiscation and seizure, the liability of legal persons, protection of witnesses and victims, international cooperation in extradition and in the repatriation of property and money, the transfer of funds derived from acts of corruption, the laundering of assets and money, and the

37 *http://en.wikipedia.org/wiki/ United Nations Convention against Corruption*

38 *http://www.un.org/*News/press/2003/ga10199.doc.htm

39 *http://www.unodc.org/unodc/en/treaties/CAC/signatories.htm*

40 *United Nations Convention Against Corruption*, 2003, Preamble, बिस्तृत अध्ययनका लागि हेर्नुहोस् *www.unodc.org/pdf/crime/convention_corruption/signing/convention-epdf*

41 *Ibid*, article, 1

exchange of information between Governments and nations.[42] भ्रष्टाचारको प्रभावकारी रोकथाम गर्न र त्यसको प्रतिरोध गर्नका लागि क्षमता बृद्धी एवं संस्थागत बिकास लगायत राज्यहरुको कार्यक्षमता अभिबृद्धी गर्न प्राविधिक सहायता प्राप्त भएमा त्यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने कुरातर्फ महासन्धि सचेष्ट रहेको छ । महासन्धिले गरेका मुख्यब्यस्थाहरु सारमा देहाय बमोजिम छन् :

- निवाराणात्मक उपाय,[४३]
- अपराधीकरण र कानून कार्यान्वयन,[४४]
- प्राविधिक सहयोग र सूचनाको आदानप्रदान जस्ता अन्तर्राष्ट्रिय सहयोग,[४५]
- सम्पत्ति फिर्ता,[४६]

### १.५.४ महासन्धि पूर्ण कार्यान्वयनमा रहेका चुनौतिहरु

महासन्धि कार्यान्वनमा बिभिन्न चुनौति रहेको देखिन्छ । भ्रष्टाचारसम्बन्धी सूचनाको अन्तर्राष्ट्रिय आदानप्रदान नेपालका लागि चुनौति हुन सक्छ ।[47] यद्दपी राज्यशक्तिको दृढ अठोट र इमान्दार इच्छाशक्ति भए यस्ता चुनौतिहरु सामना गर्न नसकिने होइन । कार्यान्वयनका क्रममा आउने चुनौति देहाय बमोजिम रहेका छन् :

- नीतिगत, कानुनी आदि पूर्वाधारहरु पर्याप्त नहुनु,
- महासन्धि कार्यान्वयनका लागि संरचनागत सुधार र दक्ष जनशक्तिको विकासको पक्ष उपेक्षित रहनु,
- राजनीतिक अस्थिरता,
- संक्रमणकाल भएकाले यो विषय प्राथमिकतामा नपर्नु,
- महासन्धिले ओगटेको क्षेत्र ब्यापक र महत्वकांक्षी हुनु ,
- महासन्धि कार्यान्वयनमा जटीलता,
- भ्रष्टाचार बिरुद्धका सबै निकाय र भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक संयन्त्रबीच साझा रुपमा काम गर्ने संस्कृति विकास हुन नसक्नु ।

### १.५.५ महासन्धिको पूर्ण कार्यान्वयनका लागि आवश्यक थप पूर्वाधार :

भ्रष्टाचार बिरुद्ध लड्नकालागि ब्यापक ब्यबस्था समेटेको महासन्धि भएकाले यसको कार्यान्वयनका लागि बृहतरुपमा ब्यबस्था गर्नु पर्ने हुन्छ । कतिपय कानुनी र संरचनागत ब्यबस्था प्रचलनमा रहेको भएपनि थप कानुनी र संरचनागत ब्यबस्था गर्नु अपरिहार्य हुन्छ । महासन्धिको कार्यान्वयनकालागि देहायका थप पूर्वाधार आवश्यक छन् । यस्ता पूर्वाधार शीघ्र विकास गरिनु जरुरी छ :

**नयाँ कानूनहरुको निर्माण :**

महासन्धिको भावना र ब्यबस्था समेट्ने गरी पूर्ण कार्यान्वयनका लागि हामीकहाँ कतिपय कानूनी संयन्त्रको अभाव रहेको छ । यी कानूनको अभावमा महासन्धि कार्यान्वयन असहज मात्र होइन असंभव समेत हुन्छ । अत यस प्रसंगमा देहायका बिषयमा नयाँ कानुन आवश्यक छन्

- निजी क्षेत्र बाट हुने भ्रष्टाचार नियन्त्रण गर्ने सम्वन्धी ,
- साक्षी, सुराकी,पिडीत र बिशेषज्ञहरु को संरक्षणसम्वन्धी,
- पारस्परिक कानूनी सहायता सम्बन्धी,
- कानूनी व्यक्तिको फौज्दारी, देवानी तथा प्रशासनिक दायित्व स्थापित गर्ने सम्बन्धी,
- सम्पत्ति फिर्ता गर्ने ,
- राजनैतिक दलको आम्दानी तथा खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी,
- बिदेशी सार्वजनिक अधिकारीहरु तथा सार्वजनिक अन्तर्राष्ट्रिय संगठनका सार्वजनिक पदाधिकारीको भ्रष्टाचार सम्बन्धी,

---

42 UNODC, *Global Action against Corruption* **,** The Merida Papers, 2004 at 4
43 *supranote 4* chapter, 2
44 *id*, chapter, 3
45 *id*, chapter, 4
46 *id*, chapter, 5
47 सोपान, *नबीनतम प्रशासनिक दृष्टिकोण*,२०६१, काठमाण्डौ,पृ३०१

- संयुक्त अनुसन्धान गर्ने सम्बन्धी,
- बिदेशी अदालतबाट भएका आदेश वा फैसला कार्यान्वयन गर्ने सम्बन्धी ।

**प्रचलित कानूनमा संशोधन** :

महासन्धि पूर्ण कार्यानवयनका लागि कतिपय कानूनमा संशोधन जरुरी हुन्छ । त्यस्ता संशोधन गर्नुपर्ने कानूनबारे बिस्तृत खोज आवश्यक छ । यद्यपी सामान्यत : देहायका कानूनमा महासन्धिको भावना अनुरुप आवश्यक संशोधन जरुरी हुने दखिएको छ :

- भ्रष्टाचार निवारण ऐन,
- सपुर्दगी ऐन,
- बैंक तथा वित्तीय संस्था ,कम्पनी र वीमा सम्बन्धी कानूनहरु,
- निर्वाचन सम्बन्धी कानूनहरु,
- स्थानीय निकाय सम्बन्धी कानूनहरु,
- आर्थिक कार्यविधि सम्बन्धी कानूनहरु,
- विभिन्न सरकारी तथा सार्वजनिक संस्थाका कर्मचारीहरुको सेवा सम्बन्धी कानून ।

**कसूर स्थापित गर्ने कार्य :**

भ्रष्टाचार निवारण ऐन, २०५९ ले माथि महासन्धिले निर्देश गरेका धैरैजसो कसुरलाई समेटेको भएपनि कतिपय कार्यहरुलाई कसूर कायम गर्नुपर्ने आवश्यकता छ । तदनुरुप कसूर कायम गरिनु पर्ने कार्य देहाय बमोजिम पहिचान गरिएको छ

- अन्तर्राष्ट्रिय संगठनका विदेशी सार्वजनिक पदाधिकारीको घुस, रिसवत दिने कार्य,
- निजी क्षेत्रमा हुने भ्रष्टाचार ।

**थप संरचनागत पूर्वाधार :**

भ्रष्टाचार निवारण गर्ने अभियानलाई सार्थक तुल्याउन संबिधान र कानुन अन्तर्गत कतिपय निकायहरु स्थापित रहेपनि महासन्धिको पूर्ण कार्यान्वययनका लागि केहि थप निकाय समेत आवश्यक पर्छन् । त्यस्ता आवश्यक निकाय देहाय बमोजिम पहिचान गरिएको छ :

- वित्तीय निगरानी एकाई,
- सम्पत्ति शुद्धिकरण अनुसन्धान बिभाग,
- पारस्पारिक कानूनी सहायता तथा सम्पत्ति फिर्ता सम्बन्धमा कामगर्न जिम्मेवार अधिकारी र निकायको ब्यबस्था ।

**संस्थागत सुधार :**

भ्रष्टाचार सम्बन्धी अनुसन्धान र तहकिकात गर्ने क्षेत्रमा हाल रहेका निकायहरु परम्परागत रुपमा काम गर्न अभ्यस्त रहेका छन् । महासन्धिको कार्यान्वयन हुदा अनुसन्धानमा उपस्थित हुने हाँक र चुनौति सामना गर्न वा सम्पत्ति फिर्ता, पारस्पारिक कानूनी सहायता, संयुक्त कानूनी सहायता लगायतका नबीन बिषयमा उनीहरुको सीमित ज्ञान मात्र पर्याप्त हुदैन । यसका साथै अनुसन्धान, अभियोजन र न्याय सम्पादनमा संलग्न देहायका निकायहरुलाई सुदृढ र सशक्त बनाउनु आवश्यक देखिन्छ :

- अख्तियार दूरुपयोग अनुसन्धान आयोग :
- राष्ट्रिय सतर्कता केन्द
- न्यायपरिषद्
- महान्यायाधिवक्ताको कार्यालय
- बिशेष अदालत

**१.५.६ महान्यायाधिवक्ताको कार्यालयसंग सान्दर्मिक ब्यबस्थाहरु**

**सार्वजनिक अधिकारीहरुका आचार संहिता**[४८]

(१) भ्रष्टाचारसित लड्नका लागि, प्रत्येक राज्य पक्षले, आफ्नो कानून प्रणालीका आधारभूत सिद्धान्तहरु अनुसार अन्य कुराका अतिरिक्त, आफ्ना सार्वजनिक अधिकारीहरुमा स्वाभिमान, इमान्दारी र उत्तरदायित्व अभिबृद्धी गर्नेछन् ।

---

ढड *supranote 4*, article1

(२) खासरुपमा, प्रत्येक राज्य पक्षले सार्वजनिक कार्यहरुको सही सम्मानजनक र समुचित सम्पादनका लागि आफ्ना संस्थागत र कानूनी पद्धतिहरु भित्र आचार संहिता र आचरणका मापदण्डहरु लागु गर्न प्रयास गर्नेछन् ।

(३) यस धाराका प्रावधानहरु कार्यान्वयन गर्ने उद्देश्यका लागि, प्रत्येक राज्य पक्षले, उपयुक्त भएसम्म र आफ्नो कानून पद्धतिका आधारभूत सिद्धान्तहरु अनुसार, महासभाको परिशिष्टमा अबस्थित १२ दिसम्वर १९९६ को प्रस्ताव ५१/५९ सार्वजनिक अधिकारीका अन्तर्राष्ट्रिय आचार संहिता जस्ता क्षेत्रीय, अन्तरक्षेत्रीय र बहुपक्षीय संगठनका सम्बद्ध प्रयासहरुलाई जानकारीमा लिने (take note) छन् ।

(४) प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरु अनुसार, कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिलाई आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा भ्रष्टाचारको कुनै कार्य भएको भन्ने कुरा जानकारी हुन आएमा, त्यस्तो अधिकारीले सो कुराको सूचना सम्बन्धित निकायलाई प्रदान गर्न प्रेरित गर्ने पद्धति र उपाय अबलम्वन गर्न समेत विचार गर्नेछन् ।

(५) प्रत्येक राज्य पक्षले, उपयुक्त भएसम्म र आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरु अनुसार, सार्वजनिक अधिकारीले त्यस्तो अधिकारीको रुपमा आफ्नो कार्य सम्पादन गर्दा स्वार्थ संघर्ष देखिन सक्ने स्थितिमा आफ्ना बाहिरी क्रियाकलापहरु, रोजगारी, लगानी, सम्पति र ठूलठूला उपहार र लाभ प्राप्त गर्ने लगायतका कुराहरु बारे सम्बद्ध निकायसमक्ष घोषणा गर्ने पद्धति र उपायहरु स्थापित गर्न प्रयास गर्नेछन् ।

(६) प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरु अनुसार, यसै धाराद्वारा स्थापित आचरण र मापदण्डहरु उलंघन गर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरु बिरुद्ध अनुशासनात्मक कारवाही गर्ने वा अन्य उपाय अबलम्वन गर्नेतर्फ विचार गर्नेछन् ।

**न्यायपालिका र अभियोजन सेवासँग सम्बन्धित उपायहरु**[४९]

(१) न्यायपालिकाको स्वतन्त्रता र भ्रष्टाचारको प्रतिरोधमा यसको महत्वपूर्ण भूमिकालाई ध्यानमा राख्दै, प्रत्येक राज्य पक्षले, आफ्नो कानून पद्धतिका आधारभूत सिद्धान्तहरु अनुसार र न्यायपालिकाको स्वतन्त्रताको प्रतिकूल नहुने गरी शुद्धता (integrity) बढाउने र न्यायपालिकाका सदस्यहरुलाई भ्रष्टाचारको मौका प्राप्त हुन नदिने उपायहरु अबलम्वन गर्नेछन् । यस्ता उपायहरु भित्र न्यायपालिकाका सदस्यहरुको आचार संहितासँग सम्बन्धित नियमहरु समेत पर्न सक्नेछन् ।

(२) ती राज्य पक्षहरु जहाँ अभियोजन सेवा न्यायपालिकाको अंग भने नभएको तर त्यहाँ यस सेवाले न्यायपालिकी सेवाले जस्तै स्वतन्त्रताका उपभोग गर्ने गरेको त्यस्ता राज्यहरुमा यस धाराको अनुच्छेद (१) मा उल्लेख भए सरहकै उपायहरुको थालनि गर्न र लागु गर्न सकिनेछ ।

**राष्ट्रिय निकायहरु बीचको सहयोग**[५०]

प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानून अनुरुप, एकातर्फ आफ्ना सार्वजनिक निकायहरु लगायत आफ्ना सार्वजनिक अधिकारीहरु र अर्कातिर फौजदारी कसूरको अनुसन्धान र अभियोजनका लागि जिम्मेवार आफ्ना निकायहरु बीचको सहयोगलाई आवश्यकता अनुरुप प्रोत्साहित गर्ने उपायहरु अबलम्वन गर्नेछन् । त्यस्ता सहयोग भित्र निम्न कुरा समावेश हुन सक्नेछन् :-

(क) यो महासन्धिको धारा १५, २१ र २३ बाट कसूर स्थापित गरिएका कुनै कार्य भएको भनी विश्वास गर्न सकिने तर्कसंगत आधारहरु भएकोमा पछिल्ला निकायहरुलाई आफ्नै प्रयासमा सूचना प्रदान गर्ने कुरा ;

(ख) पछिल्ला निकायहरुलाई अनुरोधका आधारमा सबै आवश्यक सूचना प्रदान गर्ने कुरा ।

**तालीम र प्राविधिक सहायता**[५१]

प्रत्येक राज्य पक्षले, आवश्यकता अनुरुप, भ्रष्टाचार नियन्त्रण गर्ने र प्रतिरोध गर्ने जिम्मेवारी पाएका आफ्ना कर्मचारीलाई दिइने विशेष तालीम कार्यक्रमहरुको शुरुवात गर्ने, बिकसित गर्ने वा सुधार गर्नेछन् ।

### १.५.७ महान्यायाधिवक्ताको कार्यालयबाट चाल्नुपर्ने कदमहरु

महासन्धिको कार्यान्वयनकालागि आवश्यक पर्ने कानुनी तथा संस्थागत संयन्त्रको निर्माणमा नेपाल सरकार र बिधायिकाको महत्वपूर्ण भूमिका रहने र भ्रष्टाचारको मुद्दाको अनुसन्धान र अभियोजनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारको बिषय भएकाले कानुन निर्माण समेतका कार्यमा महान्यायाधिवक्ताको कार्यालयबाट प्रकृया प्रारम्भ गर्नुपर्ने अवस्था छैन । तथापी कानुनी रायको जिम्मेवारी, फौजदारी मुद्दामा नेतृत्वदायी भूमिका रहने र भ्रष्टाचार मुद्दाको बहस पैरवी गर्नुपर्ने सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयबाट देहायका बिषयमा कार्य गर्न आवश्यक देखिन्छ :

---

[49] *ibid* article 11
[50] *ibid* 38
[51] *ibid* 60

**कानुनी संरचनाको पुनराबलोकन**

(क) महासन्धिले निरोधात्मक उपाय अबलम्बन गर्ने कुरामा जोड दिएको छ । महासन्धिका चारवटा मुख्य सिद्धान्त मध्ये निरोधात्मक उपाय रहेको छ । यससन्दर्भमा महासन्धिले आत्मसात गरेको ब्यबस्थालाई समेट्ने गरि सरकारी वकीलको व्यवसायिक आचारसंहितामा परिमार्जन गर्ने,

(ख) महासन्धिको धारा ३८ फौज्दारी मुद्दाको अनुसन्धान र अभियोजन गर्ने निकायको सहयोगलाई प्रभावकारी रुपमा प्रोत्साहन गर्नकालागि हाल सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ मा रहेको समन्वय समितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायपरिषद्का सचिवलाई ती निकायको परामर्श लिई सदस्यको रुपमा राख्ने गरी नियमावलीमा संशोधन गर्न नेपाल सरकारमा लेखी पठाउने,

(ग) उल्लेख भएबमोजिम संशोधन नभएसम्म सोहि नियम बमोजिम बैठकमा आमन्त्रण गर्ने र यो समन्वय समिति हाल खासै सक्रिय नरहेको हुदा यसलाई सक्रिय र जीवन्त बनाउने ।

**कार्यप्रणालीमा सुधार**

महासन्धिको धारा ११ बमोजिम अभियोजनकार्यमा भ्रष्टाचार नहुने अवस्था सृजना गर्न आचार संहिताको पालना सम्बन्धमा अनुगमन र अभियोजनको न्यायिक परीक्षण गरी गलत भएको पाइएमा विभागीय कारबाही गर्ने अभ्यास विकास गर्ने ।

**क्षमता विकास**

भ्रष्टाचारको मुद्दामा बहस पैरवी गर्नुपर्ने र महासन्धिमा कतिपय प्राविधिक र नयाँ बिषय पनि समावेश भएको तथा महासन्धिको धारा ६० ले आवश्यकता अनुरुप, भ्रष्टाचार नियन्त्रण गर्ने र प्रतिरोध गर्ने जिम्मेवारी पाएका आफ्ना कर्मचारीलाई दिइने विशेष तालीम कार्यक्रमहरुको शुरुवात गर्ने, बिकसित गर्ने वा सुधार गर्नेगरी सदस्य राष्टलाई दिशानिर्देश गरेको सन्दर्भमा सरकारी वकीलहरुलाई देहायको बिषयमा स्वदेशी तथा बिदेशी तालिम आवश्यक पर्ने भएकाले स्वदेशी तालिमका हकमा राष्ट्रिय न्यायिक प्रतिष्ठान र बिदेशी तालिमको हकमा नेपाल सरकार तथा दातृसंस्थामा अनुरोध गरी जनशक्ति महासन्धि कार्यान्वयनको हाकलाई संबोधन गर्नसक्ने स्तरको निर्माण गर्ने

(क) प्रमाण संकलन र अनुसन्धानमूलक पद्धतिहरुको उपयोगिता लगायत भ्रष्टाचार नियन्त्रण गर्ने ; पत्ता लगाउने, अनुसन्धान गर्ने, दण्ड गर्ने र नियन्त्रण गर्ने प्रभावकारी उपायहरु सम्बन्धी ।

(ख) भ्रष्टाचार बिरुद्धको रणनीतिक नीतिको बिकास गर्ने र योजना बनाउने क्षमता बृद्धी गर्ने सम्बन्धी ;

(ग) महासन्धिका शर्तपूर्ति गर्ने गरी पारस्परिक कानूनी सहायता सम्बन्धी अनुरोधहरु तैयार गर्ने सक्षम निकायहरुको तालीम सम्बन्धी ;

(घ) सार्वजनिक खरिद बिक्री र निजी क्षेत्र लगायतका संस्थाहरु, सार्वजनिक सेवा व्यवस्थापन र सार्वजनिक वित्तको व्यवस्थापनको मूल्याङ्कन तथा सबलीकरण सम्बन्धी ;

(ङ) महासन्धिद्वारा व्यवस्था गरिएका कसूरका उपजहरुको स्थानान्तरणलाई नियन्त्रण गर्ने र प्रतिरोध गर्ने र त्यस्ता उपज फिर्ता गर्ने सम्बन्धी ;

(च) महासन्धिद्वारा व्यवस्था गरिएका कसूरका उपजहरुको स्थानान्तरण, पत्ता लगाउने र रोक्का राख्ने सम्बन्धी ;

(छ) महासन्धिद्वारा व्यवस्था गरिएका कसूरका उपजहरुको ओहोर दोहोर माथि निगरानी राख्ने र स्थानान्तरणका तरीका एवं यस्ता उपजलाई लुकाउने वा पहिचान बदल्ने तरीका सम्बन्धी ;

(ज) महासन्धिद्वारा व्यवस्था गरिएका कसूरका उपजहरु फिर्ता गराउन मार्ग प्रशस्त गर्ने समुचित र प्रभावकारी कानूनी र प्रशासनिक संयन्त्र तथा पद्धति सम्बन्धी ;

(झ) न्यायिक निकायहरुलाई सहयोग पुऱ्याउने, पिडित र साक्षीहरुको सुरक्षाको लागि प्रयोग हुने पद्धति ; र

(ञ) राष्ट्रिय र अन्ताराष्ट्रिय कानूनी बिषय र भाषामा तालीम दिने सम्बन्धी ।

**फोकल प्वाइन्ट**

महासन्धिको कार्यान्वयनकालागि पारस्पारिक कानुनी सहायता सम्बन्धी कानुन, सम्पत्ति फिर्ता सम्बन्धी कानुन निर्माण र सपुर्दगी सम्बन्धी कानुनको परिमार्जन लगायतका कार्य गर्नुपर्ने र बिदेश बाट माग हुन सहयोग र नेपालबाट अनुरोध गर्नुपर्ने कानुनी सहायता लगायतका बिषयमा कानून निर्माण गर्दा महान्यायाधिवक्ताको कार्यालय मार्फत हुने ब्यबस्था गर्न उपयुक्त हुने हुदा नेपाल सरकारलाई सुझाव दिने ।

# परिच्छेद - दुई

# परिदृष्य, परिलक्ष्य, तात्कालिक लक्ष्यहरु र मूल्यहरु

## २.१ परिदृष्य (Vision)

कानूनी शासनको सुनिश्चितता एवं मानव अधिकारको प्रवर्द्धनका लागि फौजदारी न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष एवं प्रभावकारी बनाई दण्डहिनताको अन्त्य, भरपर्दो अभियोजन प्रणालीको स्थापना सुशासन, मानव अधिकारको संरक्षण र सामाजिक सुव्यवस्था सुदृढीकरण यस रणनीतिक कार्य योजनाको परिदृष्य हुनेछ ।

## २.२ परिलक्ष्य (Mission)

संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वतन्त्र, स्वच्छ एवं निष्पक्ष अभियोजन प्रणालीको सुदृढीकरण गर्नु, फौजदारी न्यायको प्रभावकारी कार्यान्वयन गर्नु र सोका लागि सरकारको तर्फबाट भरपर्दो प्रतिनिधित्व गरी सेवा उपलब्ध गराउनु, राज्यको हक, हित एवं सरोकार निहित रहेका सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको कार्यान्वयन गराउनु र पीडित र हिरासतमा रहेका व्यक्ति प्रति मानवोचित व्यवहार सुनिश्चित गर्नु यस रणनीतिक कार्य योजनाका परिलक्ष्य हुनेछन् ।

## २.३ तात्कालिक लक्ष्यहरु (Goal)

**निम्न लक्ष्यहरुलाई यस रणनीतिक कार्य योजनाका तात्कालिक लक्ष्य निर्धारण गरिएको छ :**

- महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयहरुको व्यवसायिक कार्यदक्षता सुदृढ गरी प्रभावकारी बनाउनु ।
- संविधानबाट महान्यायाधिवक्तालाई प्रदान गरिएका कार्यदेशहरुको प्रभावकारी सम्पादनका लागि आवश्यक सयन्त्रहरु, पद्धतिहरु र प्रक्रियाहरुलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउनु ।
- महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयहरुमा संस्थागत सुदृढीकरणका लागि स्मरणका सयन्त्रहरु एवं पद्धतिहरुको निर्माण गर्नु ।
- फौजदारी न्यायको सन्दर्भमा गरिने अभियोजनलाई व्यवसायिक, स्वच्छ र निष्पक्ष बनाउन आवश्यक ज्ञान र सीपको विकास गर्नु ।
- फौजदारी न्यायको सर्न्दभमा हिरासतमा रहेका र अपराधहरुबाट पीडित व्यक्तिहरुको मानव अधिकारको संरक्षण गर्दै मानव अधिकार संरक्षणको संस्कृति विकास गर्नु, र
- राज्यका काम कारवाहीमा कानूनी शासनको पद्धतीलाई सुदृढ पार्नु ।

## २.४ आधारभूत मूल्य मान्यताहरु

महान्यायाधिवक्ताको कार्यालय तथा यस मातहत सबै सरकारी वकील कार्यालयहरु र कार्यरत सबै कर्मचारीहरुले आ-आफनो कार्य सम्पादन गर्दा निम्न मूल्य मान्यताहरुलाई आधारभूत मूल्य एवं मान्यताका रुपमा ग्रहण गर्ने संस्कृतिको विकास गर्ने छन् ।

- दण्डहिनताको अन्त्यका लागि स्वतन्त्र एवं स्वच्छ र निष्पक्ष अभियोजन प्रति प्रतिवद्ध रहने ।
- समाजमा शान्ति र सुव्यवस्था र सुशासन कायम गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्धन गर्ने कार्यमा प्रतिवद्ध रहने ।
- जनताको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक सद्भाव विकास गर्न सो कार्यप्रति प्रतिवद्ध रहने ।

- संविधानले सुनिश्चित गरेको फौजदारी न्यायको हक प्रति प्रतिवद्ध रहदै हिरासतमा रहेका व्यक्ति उपर मानवोचित व्यवहार गरे नगरेको अनुगमन गर्ने ।
- हिरासतमा रहेको व्यक्तिलाई कानून व्यवसायी तथा आफन्तसंग भेटघाटको व्यवस्था सहज गराउने ।
- वस्तुनिष्ठ एवं वैज्ञानिक अनुसन्धान एवं निष्पक्ष अभियोजनको प्रवर्धन गर्ने ।
- संविधान, कानूनको आधारमा व्यवसायिक मूल्य मान्यता अनुरुप राज्यका प्रतिरक्षाको लागि वहस पैरवीको कार्य गर्ने ।
- व्यक्तिका हक प्रति संवेदनशील रही अभियोजन एवं प्रतिरक्षाका कार्य गर्ने ।
- नेपाल सरकार र नेपाल सरकारका निर्णयबाट सम्पादित काम कम विवादित बनाउन सरकारी वकीलहरुले सक्रिय कानूनी सल्लाहकारकारको भूमिका निर्वाह गर्दै आवश्यक कानूनी राय दिने ।
- नेपाल सरकारको हक हित सरोकार निहित रहेका विषयहरुमा सरकारका विभिन्न तहका निकायहरुमा सक्रिय कानूनी सल्लाहाकारको रुपमा कार्य गर्ने एवं आवश्यक कानूनी राय दिने ।
- मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णय गर्दा उच्च नैतिक आचरण एवं वस्तुनिष्ठ प्रमाणको आधारमा गर्ने ।
- सरकारी वकीलहरुको व्यवसायिक आचार संहिता, २०५८ प्रति प्रतिवद्ध भै कार्य गर्ने ।

# परिच्छेद - तीन

## बस्तुस्थिति विश्लेषण

### ३.१ पृष्ठभूमि

महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुलाई संविधान र विभिन्न ऐनहरुले गहन जिम्मेवारी सुम्पेको छ । बस्तुतः सवै सरकारी वकील कार्यालयहरु फौजदारी न्याय प्रणालीका प्रमुख अवयव हुन् । यी निकायहरुले निवार्ह गर्नु पर्ने जिम्मेवारी व्यवस्थित र प्रभावकारी रुपले निर्वाह गर्न सक्ने गरी आवश्यक पर्ने नीतिगत, संस्थागत तथा कार्यविधिगत प्रबन्धहरुको व्यवस्था हुन नसक्दा सरकारी मुद्दाको सफलता प्रतिशत न्यून रहेको र अपराधी ले उन्मुक्ति पाइरहेको अबस्था छ । यसैले महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयको भौतिक पूर्वाधार, मानवीय संशाधन, सूचना प्रविधि, कानूनी संयन्त्र लगायतका विभिन्न क्षेत्रमा व्यापक र व्यवस्थित रुपमा सुधार गर्नु पर्ने आवश्यकता विगत लामो समयदेखि महसुस भै आएको थियो । तथापि महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुको कार्य सम्पादनमा प्रभावकारिता, व्यवसायिकता, दक्षता तथा गुणस्तरीयता हुन नसक्नु पछाडि रहेका समस्या तथा चुनौतीहरु के हुन भन्ने संस्थागत र सुक्ष्मगत रुपमा अध्ययन हुन नसकेको अवस्था थियो । यिनै पृष्ठभूमिमा महान्यायाधिवक्ता कार्यालयलाई योजनाबद्ध सुधारको आवश्यकता खडकिरहेको अवस्थामा रणनीतिक योजनाको तर्जुमा गरी सोही आधारमा सुधार गर्नु  पर्ने आवश्यक ठानियो । रणनीतिक योजनाको तर्जुमाको क्रममा महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालले भोग्नु परेका समस्या तथा चुनौतीहरु सम्बन्धमा वस्तुस्थितिको अध्ययन गर्ने क्रममा महान्यायाधिवक्ता र मातहत सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुसंग अन्तरक्रिया गरी सो बाट निस्केका निचोड तथा सरकारी वकीलहरुका केन्द्रिय तथा क्षेत्रिय सम्मेलनले पारीत गरेका प्रस्तावलाई आधार वनाई वस्तुस्थितिको विश्लेषण (SWOT Analysis) गरी वर्तमान पृष्ठभूमिमा महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयका समस्या र सुधार गर्नु पर्ने मुख्य क्षेत्रहरु देहाय बमोजिम उल्लेख गरिएको छ :

- संविधान तथा कानूनद्वारा प्रदत्त जिम्मेवारी वहन गर्न चाहिने आवश्यक जनशक्ति
- नेपाल सरकारका हक, हित वा सरोकार निहित मुद्दा मामिलामा प्रभावकारी प्रतिरक्षा लागि सरकारका निकायहरुसँग समन्वय
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरुको संबैधानिक एवं कानूनी दायित्व र अधिकार प्रति सरकारका निकायहरु अनभिज्ञ
- नेपाल सरकारका विभिन्न निकायहरुले निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालय एवं मातहत सरकारी वकील कार्यालयहरुका बीचमा समन्वय गरी राय सुझाव लिने परिपाटी
- फौजदारी अपराध सम्बन्धी अनुसन्धान बस्तुगत नभै बयानमुखी भएकाले अभियोजना सफलता प्रतिशत न्यून हुनु गई जनताको न्याय माथिको भरोसा घटेका
- सरकारी वकीलको कार्य वा जिम्मेवारीलाई सम्पादन गर्न व्यवसायिक दक्षता अभिवृद्धि एवं वृति विकासका सुबिधा उपलब्ध नभइराखेकाले जनशक्ति संस्थाबाट अन्यत्र पलायन हुने प्रवति
- महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरु बीच समन्वय र सम्पर्क
- प्रशिक्षित बिशिष्टीकृत जनशक्तिको अभाव
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरुमा आधुनिक भौतिक संरचना एवं आधुनिक प्रविधिको कमी
- महान्यायाधिवक्ताको कार्यालय एवं मातहत सरकारी वकील कार्यालयको कार्यसम्पादन व्यवस्थापन तथा अनुगमन
- कार्य सम्पादनका लागि पर्याप्त वजेट
- कार्य सम्पादन मूल्याकंन सम्बन्धमा
- सहायक स्तरका कर्मचारीको कानूनी दक्षता अभिवृद्धी
- कर्मचारी कल्याण एवं सुविधा
- फौजदारी न्याय प्रणालीमा आवश्यक कानूनको सुधार

- स्वच्छ एवं निष्पक्ष न्यायका लागि अर्ध न्यायिकको सुदृढीकरण
- सरोकारवाला निकायहरुसंगको सम्पर्क र समन्वय
- महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालहरु तथा सरकारी वकील कार्यालयहरुको सुरक्षा
- सरोकारवाला निकायहरुसँगको सम्बन्ध र समन्वय

## ३.२ बस्तुस्थितिको विश्लेषण

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु समेतको समष्टिगत स्वरुपलाई मध्यनजर गरी बस्तुस्थिति विश्लेषण (SWOT Analysis) गर्दा क्षेत्रहरुमा व्यापक सुधारका सुदृढीकरणका कार्यहरु संचालन गर्नुपर्ने आवश्यकता महसुस गरियो ।

### ३.२.१. संविधान तथा कानूनद्वारा प्रदत्त जिम्मेवारी वहन गर्न चाहिने आवश्यक जनशक्ति

नेपालको अन्तरिम संविधान, २०६३ ले यस पूर्वका संविधानहरुले समेत महान्यायाधिवक्तालाई निरन्तरता दिदैं थप जिम्मेवारी र कार्यादेश सुम्पेको छ । सरकारवादी हुने मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने, नेपाल सरकारको हक हित र सरोकार रहेका मुद्दा मामिलामा नेपाल सरकारको प्रतिरक्षा गर्ने, हिरासतमा रहेका व्यक्तिहरु माथि मानवोचित व्यवहार भएको छ वा छैन् भन्ने कुराको अनुगमन गर्ने, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको कार्यान्वयन गर्ने लगायत प्रधानमन्त्री लगायत नेपाल सरकारका विभिन्न निकायहरुलाई कानूनी राय सल्लाह दिने गहनतम जिम्मेवारी महान्यायाधिवक्तालाई तोकिएको छ । तर यी सबै जिम्मेवारी बहन गर्न अहिले कायम रहेको उपलब्ध जनशक्ति संख्यात्मक र गुणात्मक दुवै रुपमा संस्थागत पनि पर्याप्त छैन । अतः सुदृढीकरणका लागि जनशक्तिको पर्याप्त व्यवस्था गर्नुका अतिरिक्त आवश्यक प्रशिक्षण गरी क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता रहेको छ । अन्यथा कार्यसम्पादन स्तरीय र गुणात्मक हुन सक्तैन । प्रस्तुत रणनीतिक कार्ययोजनाले यस सम्बन्धमा विशेष जोड दिई भावी कार्यहरु तर्जुमा जमर्को गरेको छ ।

### ३.२.२. नेपाल सरकारका हक, हित वा सरोकार निहित मुद्दा मामिलामा प्रभावकारी प्रतिरक्षा लागि सरकारका निकायहरुसँग समन्वय

नेपालको अन्तरिम संविधान, २०६३ र यस पूर्वका संविधानहरुले गरेको संबैधानिक व्यवस्थालाई निरन्तरता दिदै नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरुबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने व्यवस्था गर्नुका साथै नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने जिम्मेवारी तोकको छ । नेपाल सरकारका मन्त्रालय, विभाग वा सरकारका निकायहरुलाई विपक्षी बनाइएका वा नेपाल सरकार वादी भई दायर भएका मुद्दा मामिलाहरुमा महान्यायाधिवक्ता वा निज मातहतका सरकारी वकीलहरुले विभिन्न अदालत वा निकायहरुमा बहस, पैरवी तथा प्रतिरक्षा गर्नु पर्ने हुन्छ । सरकारी निकायहरुको तर्फबाट बहस पैरवी तथा प्रतिरक्षा गर्दा अध्ययनका लागि सरकारी वकीललाई विवादीत विषयमा भएका निर्णय, परिपत्र, आदेश तथा अन्य आवश्यक कागजात तथा मिसिलहरु बहस पैरवी र प्रतिरक्षा गर्नु भन्दा पहिले नै प्राप्त हुनु पर्छ ।  तर यस्ता कागजात प्राप्त हुन नहुने गरेको कारण मुद्दाको तथ्य एवं अन्य बस्तुस्थितिको बारेमा जानकारी प्राप्त हुन नसकी सरकारी वकीलले मुद्दामा प्रभावकारी रुपमा प्रतिरक्षा गर्न नसकेको अबस्था सिर्जना भएका छन् । यसर्थ महान्यायाधिवक्ताको कार्यालय एव मातहत सरकारी वकील कार्यालयहरु तथा विभिन्न तहका सरकारी निकायहरु बीच सम्पर्क, समन्वय तथा समय समयमा अन्तक्रिया हुन पर्ने देखिन्छ । यस्तो संयन्त्रको विकास गर्न यस सम्बन्धमा सरकारी वकील र अन्य निकायहरु बीच सम्पर्क समन्वयको अभाव टडकारो रुपमा महसुस भएको छ । यसका साथै सम्बन्धित निकायहरुमा बहस पैरवीको महत्व र यसका पूर्वाधारहरु सरकारी वकीललाई प्रवाहित गर्ने कुरामा उदासिनता रहेको अवस्था समेत देखिन्छ । सो गर्न नसकिएमा नेपाल सरकारको हक, हित वा सरोकार निहित मुद्दामा प्रभावकारी रुपमा सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने अबस्था सिर्जना भई सरकारका निर्णयहरु अदालतबाट बदर हुने संभावना बढन जान्छ ।

### ३.२.३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरुको संबैधानिक एवं कानूनी दायित्व र अधिकार प्रति सरकारका निकायहरुको जानकारी अभिवृद्धि हुन आवश्यक

नेपालको अन्तरिम संबिधान, २०६३ ले महान्यायाधिवक्तालाई नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने, संविधानमा अन्यथा लेखिए बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने

वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरुबाट नेपाल सरकारको प्रतिनिधित्व हुने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा सो रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने, सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरुको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने अधिकार प्रदान भई आएका छन । संविधानले महान्यायाधिवक्तालाई प्रदान गरेका यी अधिकारहरु तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्ने गरी आफू मातहतका अधिकृतहरुलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था स्वयं संविधानले परिकल्पना गरेको छ । यस बाहेक महान्यायाधिवक्तालाई व्यवस्थापिका-संसद, संविधान सभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको अवस्था छ । साथै संविधानले महान्यायाधिवक्तालाई नेपाल न्याय सेवाको सदस्य र प्रचलित कानूनले नेपाल कानून व्यवसायी परिषद्को अध्यक्ष, केन्द्रीय कानूनी सहायता समितिको सदस्य, अपराध अनुसन्धान समन्वय समितिको सदस्य लगायत विभिन्न जिम्मेवारीको दायित्व सुम्पेको छ ।

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले महान्यायाधिवक्तालाई थप जिम्मेवारीहरु जस्तै महान्यायाधिवक्तालाई प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आईपरेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने र नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा कार्यविधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने थप अधिकार समेत सुम्पिएको छ । अतः संविधान र कानूनले महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरुलाई प्रदान गरेका विभिन्न दायित्व र अधिकारहरु प्रति नेपाल सरकारका अधिकांश निकायका निकायहरु अनभिज्ञ रहेको अवस्था छ । यसले गर्दा एकातर्फ महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरुसँग सरकारी निकायहरुका बीच समन्वय हुन सकेको छैन् भने अर्को तिर नेपाल सरकार र यसका निकायहरुको कानुनी सल्लाहकारको जिम्मेवारी प्राप्त निकायबाट आवश्यक कानूनी सल्लाह समेत निर्णय र काम कारवाहीमा कानूनी त्रुटि हुन पुगी सरकारका निकायहरुले ठूलो नोक्सानी व्यहोर्नु परेको छ । सरकारी नोक्सानीलाई समय मै रोक्न र सरकारी निकायहरुलाई विवादमुक्त बनाई जन सरोकार तथा विकास निर्माण कार्यलाई सहज र चुनौती विहिन रुपमा सम्पादन गर्नका लागि महान्यायाधिवक्ता र मातहत सरकारी वकील कार्यालयहरुलाई सो निकायहरुले कानूनी विशेषज्ञ संस्थाको रुपमा स्वीकार गर्नु पर्ने हुन्छ । सरकारी निकायहरुलाई महान्यायाधिवक्ता र मातहत सरकारी वकील कार्यालयका काम कारवाही, जिम्मेवारी तथा दायित्वको ज्ञान हुनु अत्ति आवश्यक छ । अन्यथा सरकारी काम कारवाहीमा कानूनी अड्चन आई सरकारले आफ्ना काम कारवाहीहरुलाई अपेक्षित रुपमा सम्पादन गर्न सक्तैन ।

### ३.२.४. नेपाल सरकारका विभिन्न निकायहरुले निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालय एवं मातहत सरकारी वकील कार्यालयहरुका बीचमा समन्वय गरी राय सुझाव लिने परिपाटीः

नेपालको अन्तरिम संविधा, २०६३ को धारा १३५ (१) ले मन्याायाधिवक्तालाई नेपाल सरकारको कानूनी सल्लाहकार हुनेछ र संबैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ भन्ने संबैधानिक व्यवस्था छ । सभामुखले कुनै कानूनी प्रश्नका सम्बन्धमा महान्यायाधिवक्ताको राय लिन आवश्यक ठानेमा महान्यायाधिवक्तालाई सदनमा उपस्थित भई राय व्यक्त गर्न अनुमति दिने भन्ने व्यवस्था गरी व्यवस्थापिका संसदको समेत कानूनी सल्लाहकार महान्यायाधिवक्ता हुने भन्ने मान्यतालाई संविधानसभा नियमावली २०६५ को नियम १५१ र संविधानसभा (व्यवस्थापिका संसदको कार्य संचालन) नियमावली, २०६५ को नियम १४८ मा स्वीकार गरिएको छ ।

संबिधानतः महान्यायाधिवक्तालाई प्रदान गरिएको उक्त अधिकारलाई सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १०(१) मा समेत यथोचित रुपमा जोड दिदैं संबैधानिक एवं कानूनी विषयमा संबैधानिक निकाय वा नेपाल सरकारलाई राय सल्लाह दिने कानूनी व्यवस्था गरिएको छ । त्यसै गरी सोही नियमावलीको नियम ११(१) ले कुनै संबैधानिक वा कानूनी विषयमा नेपाल सरकाको कुनै मन्त्रालय, सचिवालय वा संबैधानिक निकायलाई राय सल्लाह दिने कर्तव्य नायव महान्यायाधिवक्तालाई तोकिएको छ । त्यसै गरी सरकारी वकील सम्बन्धी नियमावलीको नियम १४(५) ले सह न्यायाधिवक्ताले आफ्नो प्रादेशिक अधिकार क्षेत्र भित्रको क्षेत्रमा रहेका क्षेत्रीय वा अञ्चल स्तरका कुनै सरकारी कार्यालय वा सो कार्यालयका कार्यालय प्रमुखले वा अन्य कुनै विभागीय प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय दिने जिम्मेवारी तोकेको छ । त्यसै गरी ऐ. नियमावलीको नियम १६(५) ले जिल्ला स्थित सरकारी कार्यालय वा सो कार्यालयको प्रमुखले मागेको कुनै कानूनी राय दिने कर्तव्य तोकिएको छ ।

यसरी संविधान तथा कानूनले केन्द्रीय स्तरका नेपाल सरकारका मन्त्रालय, सचिवालय वा संबैधानिक निकायलाई संबैधानिक वा कानूनी प्रश्नमा कानूनी राय दिने र अञ्चल तथा क्षेत्रीय स्तरका कार्यालयहरुलाई सह न्यायाधिवक्ता र जिल्ला स्तरका कार्यालयहरुलाई जिल्ला सरकारी वकीलले कानूनी राय दिने व्यवस्था भए पनि प्राप्त सबै सरकारी निकायहरुले निर्णय गर्नु भन्दा पहिले कानूनी राय नै नलिई काम थालनी गर्ने परिपाटी छ । निर्णय कार्यान्वयनका क्रममा कुनै कानूनी बाधा अड्चन आएको अबस्थामा वा लम्बाउने अभिप्रायले कानूनी रायका लागि पठाउँदा मात्र कानूनी राय लिने प्रचलन रहेबाट सरकारका निकायहरुले गरेको निर्णय उपर मुद्दा परी अदालतबाट बदर भई ठूलो क्षति व्यहोर्नु परेको छ । कानूनी राय लिनु पर्ने अबस्था महसुस भएका अधिकांश अबस्थामा पनि कानून तथा न्याय मन्त्रालयमा राय लिने गरेको र कानून तथा मन्त्रालयबाट निकास नआएको वा राय लिने निकायको अपेक्षा प्रतिकुल भएको अबस्थामा मात्र महान्यायाधिवक्ताको कार्यालयमा कानूनी रायका सोधनी गर्ने अभ्यास रहेको देखिन्छ । यसरी केन्द्र, क्षेत्र, अञ्चल तथा जिल्लातरका नेपाल सरकारका निकायहरुलाई कानूनी राय परामर्श दिनका लागि देशव्यापी संयन्त्र भएको महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुबाट उपयोग सहज रुपमा उपलब्ध हुन सक्ने व्यवसायिक व्यक्तिको सेवालाई सरकारी निकायहरुले सकिने सेवालाई समेत सरकारी निकायहरुले प्रयोग गर्न नसक्दा सरकारी निकायहरुका निर्णयहरु अदालतबाट बदर भई तिनीहरुको काम कारवाहीमा गतिरोध उत्पन्न भएको र सरकारी निकायहरुले ठूलो नोक्सानी व्यहोर्नु परेको अबस्था छ । अतः सरकारले आफ्ना काम कारवाही सम्पन्न गर्ने क्रममा निर्णय गर्नु अघि सरकारी वकीलको कानूनी राय लिने परिपाटी नरहेकाले निर्णय पूर्व कानूनी राय लिने प्रक्रियालाई बाध्यात्मक बनाइनु पर्दछ ।

### ३.२.५. फौजदारी अपराध सम्बन्धी अनुसन्धान बस्तुगत बैज्ञानिक नभै बयानमुखी भएकाले अभियोजना सफलता प्रतिशत न्यून हुन गई जनताको न्याय माथिको भरोसा घटेको

भनिन्छ सफल अनुसन्धान नै सफल अभियोजनको आधार हो । कुनै पनि सरकारवादी फौजदारी मुद्दामा वारदातको सम्बन्धमा जाहेरी दरखास्त परी तोकिएको अनुसन्धान अधिकारीबाट अनुसन्धान शुरु गर्दा सर्वप्रथम वारदारसँग सम्बन्धित भौतिक, दशी प्रमाणहरु नष्ट हुन नपाउने प्रमाणहरुको संरक्षण गरी यथासक्य चाँडो घटनास्थलबाट त्यस्ता प्रमाणहरु संकलन हुनु पर्दछ । त्यस्ता संकलित भौतिक सबुत प्रमाणहरुको नमूना राखी सुरक्षीत साथ राखी प्रयोगशाला परीक्षणका लागि पठाउनु पर्ने हुन्छ । हालसम्मको फौजदारी मुद्दामा भौतिक प्रमाणहरुको संकलनको अभ्यासको स्थितिलाई हेर्दा अनुसन्धान भौतिक प्रमाणमुखी हुन नसकेको अबस्था छ । पहिलो, फौजदारी मुद्दामा छुट्टै अनुसन्धान अधिकृतको व्यवस्था हुन नसकेको र तालीम प्राप्त गरेका अनुसन्धान अधिकृतहरुलाई मुद्दाको अनुसन्धान बाहेक अन्यत्र नै खटाइने एवं अनुसन्धान अधिकृतलाई अनुसन्धानको क्रममा प्रयोग गर्नु पर्ने आधारभूत अनुसन्धान सामग्रीहरु समेत प्रयोग हुन नसक्दा फौजदारी मुद्दामा भौतिक प्रमाण संकलन हुन सकेको अबस्था छैन । अनुसन्धान अधिकारीले अनुसन्धानका क्रममा अभियुक्त उपर लगाउन खोजेको आरोप शंकारहित तवरबाट पुष्टि हुनका लागि भौतिक प्रमाण आवश्यक पर्दछ भन्ने कुरा अनुसन्धान अधिकारीले हेक्का राख्नु पर्दछ तर अनुसन्धान अधिकारीले अभियुक्तको साविती प्राप्त गर्नु खोज्दा उसले महत्वपूर्ण प्रमाणहरु लोप हुन पुग्दछन् । यसै गरी अनुसन्धान अधिकारीले वारदात संलग्न भौतिक प्रमाणहरुको संकलनमा जोड नदिई साविती तथा साक्षी प्रमाणहरुमा बढी महत्व दिने प्रवृति रहेको तर प्रतिवादी उपर लगाईको अभियोग कसुर पुष्टि हुनका लागि भौतिक प्रमाणहरुमा विद्यमानता आवश्यक हुने हुनाले सरकारवादी फौजदारी मुद्दाको सफलता प्रतिशत न्यून छ । यसर्थ अनुसन्धान भौतिक प्रमाणमुखी एवं बस्तुगत अनुसन्धान प्रणाली विकसित गर्न सकिएको अबस्थामा मात्र अभियोजनको सफलता अपेक्षा गर्न सकिन्छ । यसो भएमा मात्र पीडितले न्याय र पिडकले सजाय हुन्छ । अन्यथा हिनता मौलाउदैं जान्छ ।

हालको अबस्थामा हेर्दा अनुसन्धान अधिकारीबाट संकलन भएका भौतिक प्रमाणका नमूनाको प्रयोगशालाको परीक्षण गर्नका लागि देशभरमा एक मात्र प्रहरी विधि विज्ञान प्रयोगशाला भएको र सो समेत साधन सम्पन्न हुन नसकेको अबस्था छ । तालिम प्राप्त अनुसन्धान अधिकृत, अनुसन्धान सामग्री, अनुसन्धान अधिकारीहरुलाई आवश्यक उत्प्रेरणा, आधुनिक तथा साधन स्रोत सम्पन्न विधि विज्ञान प्रयोगशालाको विकास गर्न सकिएमा मात्र अनुसन्धानलाई भौतिक प्रमाणमुखी बनाउन सकिन्छ ।

### ३.२.६. सरकारी वकीलको कार्य वा जिम्मेवारीलाई सम्पादन गर्न व्यवसायिक दक्षता अभिवृद्धि एवं वृति विकासका सुबिधाबाट बञ्चित भएका कारण संस्थाबाट जनशक्ति संस्थाबाट अन्यत्र पलायन हुने प्रवृति

सरकारी वकील पेशागत एवं व्यावसायिक व्यक्ति भएकाले उसले सम्पादन गर्ने कार्यहरुका लागि व्यवसायिक दक्षता अभिवृद्धि एवं वृति विकासका अवसरहरु उपलब्ध हुनु पर्दछ । आधुनिक समयमा अपराधका क्षेत्रहरुमा बढदै गएको व्यापकता र विशिष्टीकरणका कारणले महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुलाई संविधान तथा कानूनले तोकेका जिम्मेवारीहरु सम्पादन गर्नका लागि विश्व विद्यालयको

औपचारिक अध्ययन मात्र पर्याप्त नभएकाले आफनो काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि विभिन्न नविनतम विषयहरुमा व्यवसायिक प्रशिक्षण तथा अभिमुखीकरणको टड्कारो आवश्यकता रहेको छ । सरकारी वकीलहरुलाई मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी, प्रतिरक्षा र पुनरावेदन गर्ने तथा नेपाल सरकारका निकायहरुलाई कानूनी प्रश्नमा राय उपलब्ध गराउँदा विभिन्न विषयमा स्पष्ट जानकारी राख्नु पर्ने र आफूलाई अध्यावधिक राख्नु पर्ने हुन्छ । कानून समय र समाजको विकास संगसंगै परिवर्तन हुने विषय भएकोले सो सम्बन्धमा कुनै बखत हासिल गरेको शिक्षा र राखेको जानकारी पछिल्लो समयमा अव्यवहारिक र प्रयोजनहीन र अपर्याप्त हुन जाने भएकोले सरकारी वकीलले आफूलाई कानूनका विषयमा आफूले आर्जन गरेको ज्ञानलाई निरन्तर तिर्खान र अध्यावधिक गर्नका लागि सरकारी वकीललाई प्रशिक्षणको आवश्यकता पर्दछ । यस बाहेक सरकारी वकीलहरुले नेपाल सरकारका तर्फबाट अदालत वा नायिक निकायमा बहस पैरवी र प्रतिरक्षा गर्ने क्रममा कार्यालय समय बाहेक पनि मिसिलहरु अध्ययन गर्नु पर्ने भएको तर थप परिश्रम गरे वापत कुनै उत्प्रेरणा वा सुविधा उपलब्ध गराउन नसकेकाले महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुमा कार्यरत जनशक्ति संस्थाबाट अन्यत्र पलायन हुने प्रवृति बढदै गएको छ । अतः सरकारी वकील भई लामो समयसम्म लगानी कार्य क्षेत्रमा आफ्नो महत्वपूर्ण समय, परिश्रम र लगानी गरिसकेको अनुभवी सरकारी वकीलहरुका मानव स्रोत संस्थाबाट बाहिरिने वा अन्यत्र जाने क्रम रोक्न नसकेको अबस्थामा महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयमा दक्ष तथा व्यवसायिक जनशक्तिको अभाव रहनेछ । संस्थामा कार्यरत सरकारी वकीलहरुलाई सरकारी वकीलहरुलाई व्यवसायिक सीपमूलक प्रशिक्षण तथा उत्प्रेरणा कार्यहरुको व्यवस्था हुनु जरुरी छ ।

### ३.२.७. महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरु बीच समन्वय र सम्पर्क

महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुबीच निरन्तर समन्वय र सर्म्पकका आवश्यकता रहन्छ । सरकारी वकील सम्बन्धी नियमावली, २०५५ ले जिल्ला सरकारी वकील कार्यालय, पुनरावेदन सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुका काम, कर्तव्य तथा जिम्मेवारीहरुको तोकेको छ । जिल्ला सरकारी वकील कार्यालयलाई तोकिएको जिम्मेवारी सम्पादनका सिलसिलामा पुनरावेदन सरकारी वकील कार्यालयले र सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताका प्रशासकिय रेखदेख, नियन्त्रण र निर्देशन रहने व्यवस्था नियमावलीले गरेको छ । साथै महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकील कार्यालयको र पुनरावेदन सरकारी वकील कार्यालयले आफ्नो प्रादेशिक अधिकार क्षेत्र भित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयहरुको वर्षको कम्तिमा एक पटक निरीक्षण गर्ने गराउने व्यवस्था रहे पनि मातहत सरकारी वकील कार्यालयहरुमा निरीक्षण गर्ने तथा निर्देशन दिने व्यवस्था प्रभावकारी हुन नसकेको अबस्था छ । मातहत सरकारी वकील कार्यालयलाई माथिल्लो कार्यालयबाट समय समय हुने निरीक्षण तथा निर्देशनले मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी एवं प्रतिरक्षा, कानूनी राय, कार्यालय व्यवस्थापन, मानव संशाधन र अन्य सरकारी निकायहरु बीचको सरकारी वकील कार्यालयको समन्वयमा सुधार गर्न र प्रभावकारी बनाउनमा मद्दत गर्दछ । वर्तमान अबस्थाको विश्लेषण गर्दा पुनरावेदन सरकारी वकील कार्यालयले मातहत सरकारी वकील कार्यालयलाई पुनरावेदन सरकारी वकील कार्यालयले र पुनरावेदन सरकारी वकील कार्यालयलाई महान्यायाधिवक्ताको कार्यालयबाट पर्याप्त अनुगमन, निर्देशन हुन नसकेको हुनाले सरकारी वकील कार्यालयहरुले सम्पादन गर्ने कार्यमा गुणात्मकता देखिँदैन । अतः विभिन्न तहका सरकारी वकील कार्यालयहरुले सम्पादन गर्ने कार्यमा प्रभावकारीता ल्याउनका लागि पुनरावेदन सरकारी वकील कार्यालयले आफ्नो प्रादेशिक क्षेत्र भित्रका जिल्ला सरकारी वकील कार्यालयहरु र पुनरावेदन सरकारी वकील कार्यालयहरुलाई महान्यायाधिवक्ताको कार्यालयले निरीक्षण, अनुगमन तथा निर्देशन हुनु आवश्यक छ । सो नभएको अबस्थामा सरकारी वकील कार्यालयहरुको कार्य सम्पादनमा गुणात्मकता, चुस्तता र प्रभाविकारी हासिल हुन सक्तैन ।

### ३.२.८. प्रशिक्षित बिशिष्टीकृत जनशक्तिको अभाव

महान्यायाधिवक्तालाई संविधानले प्रदान गरेको मुद्दा चलाउने नचलाउने सम्बन्धमा निर्णय गर्ने अधिकार महान्यायाधिवक्ताबाट प्रत्यायोजन भए बमोजिम सरकारी वकीलहरुले मुद्दा चलाउने नचलाउने निर्णय गर्नु पर्ने र सो बमोजिम दायर भएका मुद्दा र नेपाल सरकारको हक हित सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्नु पर्ने र नेपाल सरकारका निकायहरुलाई कानूनी राय उपलब्ध गराउनु पर्ने हुन्छ । आधुनिक समयमा अपराधका क्षेत्रहरु बढदै गएको अबस्थामा सरकारी वकीलले विभिन्न आर्थिक अपराध जस्तैः मुद्रा निर्मलीकरण अपराध, कम्प्युटर अपराध, सुरक्षीत कारोवारसँग सम्बन्धी मुद्दा तथा प्रतिष्पर्धी सम्बन्धी मुद्दाहरुमा अभियोजन, बहस पैरवी तथा प्रतिरक्षा गर्ने जिम्मेवारी तोकिएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुमा कार्यरत जनशक्तिले कानूनका नविनतम विषयहरु र अपराधका विषयहरुमा जानकारी प्राप्त गर्न नसकेको अबस्था छ । नेपाल राष्ट्र वा सरकार विभिन्न अन्तर्राष्ट्रिय महासन्धी तथा सम्झौताको पक्ष राष्ट्र भई सकेको सम्बन्धमा सो महासन्धीले सिर्जना गर्ने दायित्वलाई नेपालले पूरा गर्नु पर्ने नेपाल सरकारको दायित्व हुन जान्छ ।

नेपाल पक्ष हुने सन्धी सम्झौताको कार्यान्वयनको सन्दर्भमा नेपाल कानून तथा कार्यविधि सुधार गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयले नेपाल सरकारलाई सल्लाह वा सुझाव दिनु पर्ने हुन्छ । त्यसैगरी नेपाल विश्व व्यापार संगठनको सदस्य भइ सकेको अबस्थामा अन्य सेवा क्षेत्रहरु नेपालले खुला गरे झैं कानूनी सेवाका क्षेत्र पनि विदेशीहरुका लागि खुला गर्नु पर्ने हुन्छ । यस अबस्थामा नेपालको कानूनी क्षेत्र निकै प्रतिष्पर्धी हुन जाने र सरकारी वकीलले व्यापारिक विवादका नेपाल सरकारका तर्फबाट स्वदेशी वा विदेशी कानून व्यवसायीहरुसँग प्रतिष्पर्धा गर्न सक्ने हुनु पर्ने अबस्था छ । त्यसका लागि सरकारी वकीलहरुले फौजदारी कानून, संबैधानिक कानून, अन्तर्राष्ट्रिय कानून, व्यापारिक कानून आदिका विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान राख्नु पर्ने हुन्छ । सरकारी वकीलको विद्यमान जनशक्तिको अबस्था हेर्दा केही सरकारी वकीलहरुले विभिन्न विषयमा स्वदेश तथा विदेशबाट विभिन्न विषयमा स्नातकोत्तर तहको अध्ययन सम्पन गरी पेशामा कार्यरत रहे पनि विश्वविद्यालयको शिक्षा बढी सैद्धान्तिक हुने हुनाले सरकारी वकीलले आफ्नो कार्य क्षेत्रमा काम गर्दा आवश्यक पर्ने व्यवसायिक दक्षताको अभाव छ । यसरी विद्यमान जनशक्तिलाई दक्ष बनाउनका सरकारी वकीललाई पर्याप्त प्रशिक्षणको टड्कारो आवश्यकता छ । दक्ष, प्रशिक्षीत तथा सक्षम जनशक्तिको अभावमा महान्यायाधिवक्ताको कार्यालय र सो मातहतका सरकारी वकील कार्यालयले सम्पादन गर्ने कार्यमा गुणात्मकता आउन सक्तैन ।

### ३.२. ९. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरुमा आधुनिक भौतिक संरचना एवं आधुनिक प्रविधिको कमी

कुनै पनि संस्था संचालनका लागि भौतिक, मानवीय स्रोत साधन तथा प्रविधिको उपलब्धता हुनु पर्दछ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयका भवनहरु अधिकांश भवनहरु आज भन्दा करीव तीन दशक अगाडी निर्माण भएका र तत्कालीन आवश्यकतालाई मध्यनजर गरी तिनीहरुको निमार्ण भएका कार्यालय भवन वर्तमान समयमा जिर्ण, अपर्याप्त कार्यवातारणका लागि अनुपयुक्त रहेका छन् । साथै कतिपय सरकारी वकील कार्यालयहरुको आफ्नो कार्यालय भवनहरु बन्न नसकि भवन भाडामा लिई कार्यालय संचालन भई आएको अबस्था छ । जिल्ला सरकारी वकील कार्यालयहरुका अधिकांश कार्यालय भवनहरु पुराना भई कार्यालय संचालन गर्न समेत कठिनाई उत्पन्न भएको छ । केही पुनरावेदन सरकारी वकील कार्यालयको अबस्था बाहेक अधिकांश सरकारी वकील कार्यालयहरुका भवनहरुका भित्ता चर्किएका, प्लास्टर निक्सीएका, छतबाट पानी चुहिने अबस्थामा रहेका र कार्यरत कर्मचारीका लागि बस्ने आवश्यक स्थानको अभाव समेत रहेको छ । महान्यायाधिवक्ताको कार्यालय भवनको अबस्था हेर्दा विद्यमान जनशक्तिका लागि अपर्याप्त भएको र महान्यायाधिवक्ताको कार्यालयमा रहने चारवटा सचिवालय र महान्यायाधिवक्तालाई संविधानले प्रदान गरेका विभिन्न जिम्मेवारीहरु सम्पादन गर्ने क्रममा आवश्यक महाशाखा तथा अन्य महाशाखाहरुमा कार्यरत सरकारी वकीलहरुका लागि आवश्यक कार्यकक्ष, पुस्तकालय, मिसिल शाखा, सूचना शाखा लगायतका शाखाहरुको व्यवस्थापन गर्न स्थानको अभाव रहेको छ । कार्यालय सुरक्षाका लागि आवश्यक पर्ने सुरक्षाकर्मीहरु बस्ने कोठाहरु, सुरक्षा पोष्टका व्यवस्था, सवारी साधनहरु राख्न पाकिङ्गका लागि आवश्यक ठाउँ, कार्यालय हाता भित्रै कर्मचारीहरुका लागि क्याफटेरियाको उपयुक्त व्यवस्थाका लागि आवश्यक स्थानको समेत अभाव रहेको अबस्था छ ।

हालसम्म महान्यायाधिवक्ताको कार्यालय र मातहत पुनरावदेन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरुबीच सूचना संजालको व्यवस्था गर्न नसकिएको हुनाले जिल्ला सरकारी वकील कार्यालय र पुनरावदेन सरकारी वकील कार्यालयहरु बीच सीध्र तथा सहज सम्पर्क स्थापित हुन सकेको छैन । सरकारी वकील कार्यालयहरुमा आवश्यक संख्यामा कम्प्युटर, टेलिफोन तथा इन्टरनेट लाईनको व्यवस्था गर्न नसकिएकाले सूचना संयन्त्रको स्थापनामा कठिनाई उत्पन्न भएको अबस्था छ । फलतः जिल्ला सरकारी वकील कार्यालयहरुले सम्पादन गर्ने दैनिक कामहरुको पुनरावेदन सरकारी वकील कार्यालयबाट अनुगमन हुन नसकेको र पुनरावेदन सरकारी वकील कार्यालयहरुले सम्पादन गर्ने दैनिक कामहरुको महान्यायाधिवक्ताको कार्यालयले अनुगमन गर्न नसकेको अबस्था छ । अतः सरकारी वकीलहरु बीच सूचना संजाल बन्न नसकेको अबस्थामा प्रभावकारी अनुगमन, सम्पर्क र समन्वय हुन सक्ने अबस्था छैन् । सूचना र प्रबिधि र भन्यखभचलबलअभ को वर्तमान युगमा महान्यायाधिवक्ताको कार्यालयमा सूचना प्रविधिको अभाव छ ।

### ३.२.१०. महान्यायाधिवक्ताको कार्यालय एवं मातहत सरकारी वकील कार्यालयको कार्यसम्पादन व्यवस्थापन तथा अनुगमन

कुनै पनि संगठनले सुचारु रुपमा कार्यसम्पादन गर्न उपयुक्त कार्य गर्ने वातावरण हुनु अपरिहार्य हुन्छ । उपयुक्त कार्यसम्पादन गर्ने वातावरण,संगठनको भवन,आवास लगायतका भौतिक व्यबस्था, प्रभावकारी संचारको लागि संचारका साधनको उपलब्धता र प्रभावकारी प्रयोग उचित समन्वय र अनुगमनको प्रयोग जस्ता कुराहरुले निर्माण गर्दछन् । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको वर्तमान स्थितीलाई मूल्याङ्कन गर्दा

उचित रुपमा भवनको व्यवस्था हुन नसकेको र कतिपय मातहतका सरकारी वकील कार्यालयहरुको आफ्नो कार्यालय भवन निर्माण हुन नसकी भाडामा कार्यालय संचालन गर्नुपर्ने स्थिती रहेको छ । कार्यालयहरुको आफ्नो भवन भएको जिल्ला तथा पुनरावेदन सरकारी वकील कार्यालयहरुको भवनको स्थितीलाई हेर्दा कार्यालय संचालन र कर्मचारी आवासको लागि उपयुक्त र पर्याप्त नभएको अवस्था छ । कतिपय सरकारी वकील कार्यालयहरुका लागि भवन,तथा आवास निर्माणका लागि जमिन समेत नभएको एवं अपर्याप्त भएको स्थिती छ ।

यसरी अपर्याप्त र अनउपयुक्त कार्यालय भवन र आवासको अभावको कारणले उपयुक्त काम गर्ने वातावरण सिर्जना हुन सकिरहेको छैन् । त्यस्तै गरी संगठनको व्यवस्थापनलाई सुदृढ गरी कार्यसम्पादन र अनुगमनको कार्यलाई प्रभावकारी बनाउन सूचना केन्द्रको स्थापना र केन्द्रिय कन्ट्रोल रुमको स्थापना हुन नसकिरहेको अवस्था एकातिर छ भने आधुनिक सूचना प्रविधिलाई उपभोग गरी उचित एवं प्रभावकारी समन्वय स्थापना हुन नसकेको अवस्था अर्कोतर्फ देखिई रहेको छ ।

### ३.२.११. सरकारी वकिलको सेवा शर्त सम्बन्धी ऐनको व्यवस्था

सरकारी वकिलको काम प्रकृति एक व्यवसायिक एवं निश्चित सक्षमता,योग्यता तथा दक्षता हुनु पर्ने पेशा भएको कुरामा विवाद छैन । सरकारी वकिलले नेपाल सरकारको हक,हित तथा सरोकारका विषयमा तथा नेपाल सरकार वादी हुने मुद्दाको अभियोजन,वहस,पैरवी तथा प्रतिरक्षा गर्नु पर्ने एवं नेपाल सरकारका निकायहरुलाई कानूनी सल्लाह दिनु पर्ने भएकोले सो गहन जिम्मेवारी सम्पन्न गर्नका लागि सरकारी वकिल सम्बन्धमा विद्यमान कानूनले व्यवस्था गरेको सेवा शर्त सम्बन्धी कानून पर्याप्त भएको अवस्था छैन । वर्तमानमा सरकारी वकिललाई निजामती कर्मचारीका रुपमा नेपाल न्याय सेवाको एक समुहमा राखिएको भएपनि संयुक्त राष्ट्र संघको अपराध रोकथाम तथा नियन्त्रण समितिको आठौं काग्रेसबाट पारित Guideline on the Rale of Public Prosecutors, १९९० ले सरकारी अभियोक्तालाई एक पेशागत,व्यवसायिक तथा जिम्मेवार व्यक्तिका मानिएको छ । यस सन्दर्भमा सोही मार्गदशनले जसरी न्यायपालिकाका न्यायाधिशहरुको नियुक्ति सेवा,सर्त र सुविधा सम्बन्धी छुट्टै कानूनी तथा संस्थागत व्यवस्था हुनुपर्ने अपेक्षा राखिन्छ ,त्यसैगरी सरकारी अभियोक्ताको लागि पनि छुट्टै नियुक्ति प्रकिया छुट्टै सेवा शर्त तथा सुविधा सम्बन्धी व्यवस्था विशेष कानूनले गरेको हुनुपर्दछ भन्ने अवधारणा अगाडी सारेको छ । व्यवसायिक जनशक्तिलाई गैर व्यवसायिक जनशक्तिको रुपमा राज्यले व्यवहार गरिएको अबस्थामा सुधार हुनु आवश्यक छ ।

नेपालको हाल सम्मको सरकारी वकिलको सेवा शर्त सुविधा सम्बन्धी कानूनी तथा संस्थागत व्यवस्था हेर्दा सरकारी वकिललाई व्यावसायिक र पेशागत व्यक्ति भन्दा पनि निजामति कर्मचारीका रुपमा व्यवहार गरिएको छ । तर वास्तवमा सरकारी वकिलले आफूलाई तोकिएका जिम्मेवारीहरु सम्पादन गर्दा पेशागत व्यक्तिको हुनुपर्ने दक्षता,कार्यकुशलता,इमान्दारीता,जिम्मेवारी तथा व्यावसायिक सीपको आवश्यकता पर्दछ । यसर्थ राज्यले सरकारी वकिललाई निजामती कर्मचारी सरह व्यवहार गरी समान तलब तथा सोही अनुसारका सेवा शर्त सुविधा भन्दा पनि न्यून सुविधाहरु प्रदान गरेको अवस्था देखिदा सरकारी वकिलहरु आफ्नो काम प्रति उत्प्रेरित हुन नसकेको अवस्था छ । सरकारी वकिललाई तोकिएका जिम्मेवारी तथा सो सम्पन्न गर्नका लागि आवश्यक पर्ने थप परिश्रम एवं लगनशिलतालाई मध्यनजर गरी सरकारी वकिलको सेवालाई व्यवसायिक सेवाको रुपमा स्थापित गरी अपेक्षित कार्य सम्पादन स्तर प्राप्त गर्नका लागि सरकारी वकिलहरुको सेवा शर्त,सुविधा सम्बन्धी छुट्टै ऐनको निर्माण हुनु पर्ने आवश्यकता देखिन्छ । सो हुन नसकेको अवस्थामा महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकिल कार्यालयमा कार्यरत सरकारी वकिलहरुको वृत्ति विकास हुन नसक्ने अवस्था देखिन्छ ।

यस वाहेक सरकारी वकिलले नेपाल सरकारका तर्फवाट विभिन्न न्यायिक निकायमा वहस पैरवी तथा प्रतिरक्षा गर्नुपर्ने र विद्यमान दरवन्दी अनुसारको कार्यवोझ समेत वढी भएकोले मुद्दाको दैनिक वहस पैरवीका तयारीका लागि कार्यालय समेत अपर्याप्त भै घरमा समेत मिसिल लगी अध्ययन गर्नुपर्ने अवस्था भएकोले सो थप परिश्रम गर्नका लागि वहस भत्ताको व्यवस्था हुनु अति जरुरी छ । हाल महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकिल र सहायक कर्मचारीलाई न्यून रुपमा उपलब्ध गराइएको कमश : वहस र वहस सहयोगी भत्ता उपलब्ध पर्याप्त र राज्य भरका सरकारी वकील कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइएमा सरकारी वकिलको कार्य सम्पादन स्तर गुणात्मक भै सरकार वादी मुद्दाहरुमा सफलत र सरकारका पक्षमा गरिने बहस,पैरवी र प्रतिरक्षामा प्रभावकारीता आउने देखिन्छ ।

### ३.२.१२. पुस्तकालय एवं अन्य आधारभूत आवश्यकता परिपूर्ति

सरकारी वकीलहरुले मुद्दाको अभियोजन, वहस पैरवी एवं प्रतिरक्षा तथा कानूनी राय परामर्श दिने लगायतका जिम्मेवारी सम्पादन गर्दै आएका छन् । सो कार्य सम्पादनका लागि उनीहरुलाई विहंगमन अध्ययनको आवश्यकता पर्दछ । सरकारी वकीलले गर्ने अभियोजनलाई वस्तुपरक वनाउनका लागि अभियोग दायर गर्दा ध्यान दिनु पर्ने

कुराहरुको शैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्राप्त गर्नु जरुरी हुन्छ । कसुरदारका उपर लगाइएको मागदावी पुष्टिहरु आधारहरु खोजवीन गर्न विधि विज्ञान शास्त्र, फौजदारी विधिशास्त्र, शव्दकोष र समसामायिक रुपमा विकसित भएका स्वदेशी तथा विदेशी कानून विद्वहरुका धारणाहरु विद्यमान ऐन, कानूनहरु सर्वोच्च अदालतबाट प्रतिपादित नजीर एवं कानूनी सिद्धान्तहरुको अध्ययन सरकारी वकीलले गर्नु पर्ने हुन्छ । तव मात्र सरकारी वकीलले अभियोग पत्रमा कसुरदार विरुद्ध लगाउन खोजेको अभियोग दावी तर्क, तथ्य र आधारयुक्त हुन पुगी कसुर पुष्टि भई अभियोगदावी अदालतबाट ठहर हुन जान्छ । साथै सरकारी वकीलले आफूले न्यायिक निकाय समक्ष दायर गरेका नेपाल सरकारको हक हित सरोकार निहित रहेका मुद्दामा प्रभावकारी रुपमा वहस पैरवी र प्रतिरक्षा गर्न सरकारी वकील वहस कलाको ज्ञान हुनु जरुरी हुन्छ । त्यसका लागि सरकारी वकीललाई वहसका आधारभूत सिद्धान्तको ज्ञान हुनु पर्दछ । त्यसै गरी विश्वव्यापीकरण, सूचना र प्रविधिको विकास तथा अपराधको नयाँ क्षेत्रहरुको सिर्जनाका कारण अहिलेको वर्तमान समयमा सरकारी वकीलले सम्पादन गर्नु पर्ने कार्यक्षेत्रहरु बढी रहेका छन् । यस सन्दर्भमा सरकारी वकीलले अन्तर्राष्ट्रिय संगठित अपराध, साइवर सम्बन्धी अपराध, भ्रष्टाचार, मुद्रानिर्मलीकरण, मानव बेचविखन, आर्थिक अपराध जस्ता गम्भिर प्रकृतिका अपराधको अनुसन्धानमा अनुसन्धानकर्तालाई निर्देशन दिनु पर्ने, अभियोजन गर्नु पर्ने, साक्षी परिक्षण गर्नु पर्ने, वहस, पैरवी तथा प्रतिरक्षाका लागि समेत अन्तर्राष्ट्रिय महासन्धि तथा न्यायिक निकायका फैसलाहरु र विदेशी कानून विदहरुका विश्लेषणत्मक एवं अनुसन्धान मूलक लेख रचनाहरु प्राप्त हुनु पर्ने हुन्छ । यसर्थ सरकारी वकीललाई उपर्युक्त उल्लिखित अध्ययन सामाग्रीको प्राप्यताका लागि महान्यायाधिवक्ताको कार्यालयमा आधुनिक अनलाईन पुस्तकालय र इन्टरनेट सुविधा उपलब्ध छैन् । सरकारी वकीलले वहस पैरवीका क्रममा अन्तर्राष्ट्रिय स्तरका अध्ययन सामग्रीको प्राप्ती र अध्ययन पश्चात मात्र आफूलाई प्रतिष्पर्धी वनाउन सक्दछ । हाल महान्यायाधिवक्ता कार्यालयको वेवसाइटको डिजाइन भएपनि अध्यावधिक नभएको अवस्था छ । त्यसै गरी महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरु बीच सूचना प्रविधि संजालको स्थापना हुन नसकेकोले अनलाइन सामाग्रीहरुमा पहुंच हुन सकेको छैन । सरकारी वकीललाई दक्ष, कुशल व्यवसायिक तथा प्रतिष्पर्धी बनाउन महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुमा आधुनिक अनलाईन पुस्तकालयको व्यवस्था हुन अति आवश्यक देखिन्छ ।

### ३.२.१३. कार्य सम्पादनका लागि पर्याप्त वजेट

कुनैपनि कार्यालयले प्रभावकारी रुपमा कार्य सम्पादन गर्नका लागि आवश्यक भौतिक स्रोत साधनको उपलब्धता हुनु पर्दछ । महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकिल कार्यालयहरुले संविधान तथा कानूनले तोकेका जिम्मेवारीहरु सम्पादन गर्नका लागि आफ्नो कार्य जिम्मेवारी तथा कार्यादेशलाई सम्पादन गर्न जरुरत पर्ने पुस्तक सवारी साधन,कम्प्यूटर इन्टरनेट सुविधा र कार्यरत जनशक्तिका लागि श्रम गर्न कार्यवातावरण सहितको कार्यालय भवनको टड्कारो आवश्यकता देखिन्छ । त्यसै गरी विद्यमान कानूनले अभियुक्तको वयान सरकारी वकील समक्ष गराउनु पर्ने वाध्यात्मक कानूनी व्यवस्था गरेको र थुनुवाहरुको मानव अधिकार संरक्षण भए नभएको अनुगमन गर्ने समेतको जिम्मेवारी तोकिएको हुनाले सरकारी वकील कार्यालय अभियुक्तहरुको वयानका लागि छुट्टै वयान कक्षको व्यवस्था हुन नसकेको अवस्था छ । अभियुक्तको वयान गराउनका लागि अभियुक्तको उमेर,अभियोगको प्रकृति र अवस्था हेरी वयानको लागि आवश्यक आधुनिक सूचना प्रविधिमूलक साधन सम्पन्न वयान कक्षको आवश्यकता पर्दछ । त्यसका साथै अभियुक्तलाई अभियोग पत्र साथ अदालतमा पेश गर्दा सरकारी वकील मार्फत पेश गर्नु पर्ने भएकाले थुनुवालाई राख्ने छुट्टै कोठाको व्यवस्था समेत सरकारी वकिल कार्यालयहरुमा अभाव छ । सरकारी वकिलले मुद्दामा प्रभावकारी अभियोजन गर्नका लागि आवश्यक पर्ने उपयुक्त र सुहाउदो कार्यालय भवन नभएको मात्र होइन, फर्निचर कम्प्यूटर इन्टरनेट, पुस्तक, ऐन, नजीर, राजपत्र तथा पत्र पत्रिकाहरु जस्ता आधारभूत अध्ययन ामग्रीहरुको पनि अभाव छ । यी सबै आवश्यकता पुरा गर्न महान्यायाधिवक्ताको कार्यालयलाई विनियोजन भएको बजेट न्यून छ । अतः सरकारी वकीललाई भौतिक साधन स्रोत सम्पन्न बनाउनका लागि आवश्यक बजेट व्यवस्था हुनु अत्ति जरुरी छ ।

सरकारवादी मुद्दाको अनुसन्धान भौतिक प्रमाणमुखी नभै वयानमुखी भएको तीतो यथार्त हामी सामु छ । यस्तो कमजोरीलाई निरुत्साही गर्न सरकारी वकीलबाट मुद्दाको अनुसन्धानको अनुगमन हुनु पर्ने हुन्छ तर यसका लागि सरकारी वकीललाई आवश्यक स्रोत साधन उपलब्ध गराउनु पर्ने हुन्छ । अनुसन्धानका क्रममा खडा भएका कागज प्रमाणहरुमा कागज गर्ने साक्षीहरुलाई नेपाल सरकारका तर्फवाट रोहवरमा वसेका साक्षीहरुलाई अदालतमा पेश गरी परीक्षण गराउन सकिएमा मात्र त्यस्ता साक्षीहरुको भनाई प्रमाण ग्राहय हुन्छ । सरकारी मुद्दाहरुमा अदालतबाट आदेश भई प्रहरी मार्फत साक्षीहरु अदालतमा पेश हुने कानूनी व्यवस्था छ तर साक्षीलाई कुनैपनि आर्थिक उत्प्रेरण ( भत्ता) उपलब्ध गराउन नसकिएकाले सरकारी पक्षका गवाहहरुको न्यून उपस्थिती भई सरकारवादी मुद्दाहरुको वढ्दो असफलताको क्रम बढदो देखिन्छ । सरकारी पक्षका गवाहलाई अदालतमा उपस्थित गराउनका लागि साक्षीहरुलाई

उनीहरुले सरकारको पक्षमा आफनो गवाही दिएको आधारमा कानूनमा भएको व्यवस्था अनुसार दैनिक भ्रमण भत्ता दिनु अत्ति जरुरी छ । कानूनमा भएको व्यवस्था लामो समयसम्म पनि कार्यान्वयनमा आउन नसकको अबस्था विद्यमान छ । त्यसका लागि आवश्यक वजेटको अभाव रहेको अवस्था छ । साथै सरकारी वकीलले विविध विशिष्ट प्रकृतिका अपराधहरु (जस्तैः मुद्दा निर्मलीकरण, राजश्व छली मानव वेचविखन तथा संगठीत अपराधहरु) को अभियोजन गर्ने जिम्मेवारी विभिन्न विशेष कानूनले तोकेको सन्दर्भमा मुद्दा अभियोजन सन्दर्भमा विषयको गम्भिरताको आधारमा विशेषज्ञहरुसंग परामर्श लिने सुविधा, अवसर सरकारी वकीललाई प्रदान हुन सकेमा मात्र सो मुद्दाहरुमा प्रभावकारी अभियोजन तथा वहस पैरवी एवं प्रतिरक्षा हुन सक्दछ । सरकारी वकीलहरुको विशेषज्ञहरुसंग परामर्श लिन सक्ने व्यवस्थाका लागि आवश्यक वजेटको निकाशा हुनु पर्ने देखिन्छ । सरकारी वकीललाई आवश्यक पर्ने भौतिक श्रोत साधन, पुस्तकालय, सूचना प्रविधि र परामर्श सुविधाका लागि वजेटको निकाशा हुन नसकेमा सरकारबादी मुद्दाको प्रभावकारी प्रतिरक्षा र अभियोजनमा सफलता हुन नसक्ने अवस्था देखिन्छ ।

**३.२.१४. कार्य सम्पादन मूल्याकंन सम्बन्धमा**

मानव संशाधनलाई संगठन प्रति उत्तरदायी बनाउन र उनीहरुमा अपनत्वको भावना विकास गर्न उनीहरुको वृति विकासको मार्ग सुनिश्चित र उत्प्रेरणाको वातावरण सिर्जना गर्नु पर्छ । सो का लागि संस्थाको कार्य प्रति बनाउनका लागि सरकारी वकीलको कार्यसम्पादन मूल्याकंन प्रणालीलाई पारदर्शी र अनुमानयोग्य बनाउनु आवश्यक देखिन्छ । सरकारी वकीलहरुको वृति विकासका अवसरलाई सुनिश्चित, पारदर्शी र अनुमानयोग्य बनाउनका लागि कायसम्पादन मूल्याकंनको पारदर्शी मापदण्ड निर्धारण हुनु पर्ने हुन्छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयमा विभिन्न तहका सरकारी वकीलहरु र सहायक स्तरमा कार्यरत कर्मचारीहरुमा रहेको आफनो कार्य प्रतिको इमान्दारीता, दक्षता, व्यवसायिकता तथा लगनशिलता सहितका मूल्याकंनका मापदण्डहरुका आधारमा दण्ड र पुरस्कारको व्यवस्था समेत गरिनु पर्ने अवस्था देखिन्छ । कार्यसम्पादन मूल्याकंनका मापदण्डरुलाई व्यवस्थित गर्नका लागि सरकारी वकील सम्बन्धी सेवा शर्त नियमावलीको व्यवस्था गरी सुनिश्चित, स्पष्ट र पारदर्शी मापदण्ड तर्जुमा हुन सकेमा सरकारी वकीलको सेवामा कार्यरत जनशक्तिहरुको कार्य सम्पादनमा गुणस्तरियता अभिवृद्धीका साथै जनशक्तिको वृति विकास र मनोवलमा समेत बृद्धि भई कानूनी राज्यको अबधारणाको अभिष्ट पुरा हुनेछ ।

**३.२.१५. सहायक स्तरका कर्मचारीको कानूनी दक्षता अभिवृद्धीः**

महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयमा राजपत्र अनंकित स्तरको विभिन्न तहका कर्मचारीहरुको दरबन्दी रही कार्यरत रहेका अवस्था छ । तर सहायक स्तरका जनशक्तिको खास गरी नायव सुब्बा स्तरका नियुक्ती हुदा नेपालमा प्रविणता प्रमाणपत्र उत्तिर्ण गरी सेवा प्रवेश गर्नका लागि न्यूनतम योग्यता तोकिएको हुंदा पछिल्लो समयमा कानूनी विषय वाहेक अन्य विषयमा उत्तिर्ण भएका जनशक्तिहरु सरकारी वकील समूहमा कार्यरत रहेका हुन । परिणामतः सहायक स्तरका जनशक्तिहरुमा कानूनी ज्ञानको कमी हुने हुंदा सरकारी वकीलहरुलाई कार्य सम्पादन कठिनाई उत्पन्न भएको छ । कानूनी शिक्षा आर्जन नगरी सरकारी वकीलको सेवामा प्रवेश गरी कार्यरत रहेका सहायक स्तरका कर्मचारीहरुकोमुद्दा मामिलाको कार्यविधि र सरकारी वकीलले दैनिक रुपमा सम्पादन गर्ने कार्यमा कसरी दक्ष बनाउन सकिन्छ भन्ने सम्बन्धमा सोच्न ढिलो हुन सकेको छ । यसर्थ सहायक स्तरका कर्मचारीहरुलाई सरकारी वकीलको पेशागत कार्यमा जानकार बनाई कार्यसम्पादन स्तर अभिवृद्धी गर्नका लागि बार्षिक प्रशिक्षण कार्यक्रम कर्मचारीको वृत्ति विकासको अवसर विभिन्न कानूनी, व्यवस्थापन तथा कानूनी लिखतहरुको मस्यौदा सम्बन्धी तालिम दिइ दक्ष बनाउनु पर्ने नितान्त जरुरी छ । त्यसै गरी महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयमा कार्यरत प्राविधिक जनशक्तिहरुको लागि समेत कार्य क्षमता तथा व्यावसायिक वृति विकासका लागि आवश्यक प्रशिक्षणको उत्तिकै खाँचो छ । अतः सहायक स्तरका कर्मचारीहरुलाई कानूनी ज्ञान दिलाउन अभिवृद्धी गर्नका लागि आवश्यक तालिम तथा वृति विकासको व्यवस्था हुनु पर्दछ । यसो गर्न सकिएमा सहायक स्तरका कर्मचारी र अन्य प्राविधिक कर्मचारीहरुको कार्यदक्षता एवं स्तरियता अभिवृद्धी भै सरकारी वकीलले सम्पादन गर्नु पर्ने कार्यमा प्रभावकारीता आउने र प्रतिरक्षामा प्रभावकारीता आउनेछ । अतः सहायक स्तरका कर्मचारी र अन्य प्राविधिक कर्मचारीहरुलाई कानूनी विषयमा ज्ञान दिलाउने र प्राविधिक कर्मचारीहरुलाई प्राविधिक विषयमा तालीमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**३.२.१६. कर्मचारी कल्याण एवं सुविधा**

महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुमा कार्यरत सहायक स्रतका कर्मचारीहरुको सेवा संस्थाका लागि महत्वपूर्ण भएको कुरामा विवाद छैन । महान्यायाधिवक्ताको कार्यालय र उपत्यकामा रहेका अन्य सरकारी वकील कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीहरुका लागि

आवासको सुविधाको व्यवस्थ ागर्न सकिएको अवस्था छैन । साथै सहायक स्तरका कर्मचारीहरुलाई कार्यालय आउंदा जांदा यातायातको सुविधा नभएकोले उनीहरुले गर्ने कार्य सम्पादनमा समेत प्रभावकारीता आउन नसकेको अवस्था छ । प्रायः सबै कार्यालयमा कर्मचारीका लागि सवारी साधनको व्यवस्था गर्न सकिएको छैन् । यसले गर्दा महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरुको आवत जावतका लागि बस सुविधा व्यवस्था हुंदा सरकारी वकीलले सम्पादन गर्ने कार्यमा समेत सहायक स्तरका कर्मचारीहरुबाट आवश्यक सहयोग प्राप्त हुन सक्दछ । त्यसैगरी हालसम्म महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीहरुको सामाजिक सुरक्षा साथै सहायक स्तरका कर्मचारीको योग्यताको विकासका लागि वृति विकास योजनाको पनि अभाव छ । अतः सहायक स्तरका कर्मचारीहरुको काम प्रतिको उत्प्रेरणा कार्य सम्पादनमा स्तरियता र गुणात्मकता अभिवृद्धी र कर्मचारीहरुको सामाजिक सुरक्षाका लागि कर्मचारी कल्याण कोष र वृति विकास योजनाको टड्कारो आवश्यकता देखिन्छ ।

### ३.२.१७. फौजदारी न्याय प्रणालीमा आवश्यक कानूनको सुधार

फौजदारी न्याय प्रणाली आफैमा जटिल पद्धति हो । फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउनका लागि समय सापेक्ष कानूनको निर्माण संशोधन तथा कानून कार्यान्वयनका संयन्त्रलाई प्रभावकारी बनाइनु पर्ने हुन्छ । वर्तमान फौजदारी न्याय प्रणाली परम्परागत कानूनमा आधारित भै सरकारबादी मुद्दाहरुको सफलतामा समेत बाधक देखिएको अवस्था छ । फौजदारी कानूनहरुको समय सापेक्ष संशोधन हुन नसकेको र फौजदारी न्याय प्रशासनसंग सम्बन्धित आवश्यक संस्कृति कानूनहरुको निर्माण हुन नसकेको हुनाले सरकारी मुद्दाको सफलता न्यून रहेको महसुस भई आएको छ । फौजदारी न्याय प्रणालीका लागि लामो समय देखि आवश्यकता महसुस भै आएका र मस्यौदा समेत निर्माण भैसकेका साक्षीको संरक्षण सम्बन्धी कानून, झुठ्ठा बकपत्र गर्नेलाई सजाय गर्ने कानून, हदम्याद सम्बन्धी एकिकृत कानूनको निर्माण आदि नयां कानूनहरुको निर्माण हुन नसकेको अवस्था छ । फौजदारी न्याय प्रणालीको प्रभावकारीताका लागि उल्लेखित कानूनहरु निर्माण भई लागु हुनु पर्ने टड्कारो आवश्यक देखिन्छ । नयाँ अपराधहरुको कारण उपस्थित भएका चुनौतीहरुको सामना गर्न र आधुनिक फौजदारी न्याय प्रणालीको हाँकलाई संबोधन गर्न प्रचलित फौजदारी कानूनमा सुधार गर्नु अनिवार्य छ । सो हुन सकेमा मात्र सरकारबादी मुद्दामा अभियोजनको सफलता प्रतिशतमा वृद्धि हुने देखिन्छ ।

### ३.२.१८. स्वच्छ एवं निष्पक्ष न्यायका लागि अर्धन्यायिक निकायहरुको सुदृढीकरण

प्रचलित विभिन्न कानूनहरुमा नेपाल सरकार वादी भै चल्ने मुद्दाहरुको (जस्तै राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण अधिकृत अध्यागमन अधिकृत, वन अधिकृत आदि) अधिकारीहरुबाट अनुसन्धान हुने र मुद्दा चल्ने नचल्ने सम्बन्धमा सरकारी वकीलको निर्णय बमोजिम अनुसन्धान अधिकारीबाट मुद्दा दायर गर्ने कच्ची प्रावधान रहेको छ । तर त्यस्ता अनुसन्धान अधिकारीहरुलाई कानूनी ज्ञान र अनुसन्धान सीपको अभाव छ । सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनसूची १ र २ वाहेकका मुद्दामा अनुसन्धान अधिकृतले अनुसन्धानका क्रमा अपनाउनु पर्ने कार्यविधिहरुका वारेमा जानकारी प्राप्त गर्न नसकेको अवस्था छ । फलतः अपराधको अनुसन्धान प्रक्रियामा कानूनी प्रक्रियागत त्रुटी रहेबाट मुद्दामा सरकारी पक्षको असफलता बढदो छ । केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७, वन ऐन, २०४९, अध्यागमन ऐन, २०४९, खाद्य ऐन, २०२३ लगायतका कानूनहरुले क्रमशः प्रमुख जिल्ला अधिकारी, अध्यागमन अधिकारी, खाद्य तथा प्रविधि गुणस्तर अधिकृतलाई सम्बन्धित कानून अन्तगर्तका अपराधहरुमा निर्णय गर्ने अधिकार दिएको छ । विभिन्न विशेष कानूनले प्रशासनिक अधिकारीलाई मुद्दा हेरी निर्णय गर्ने अधिकार तोकिएको भएतापनि सो अधिकारीहरुलाई मुद्दा मामिलाको सुनुवाई गर्ने सम्वन्धमा "अर्ध न्यायिक निकायले कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि नियमावली" को अभाव रहेकाले निर्णयमा कानूनी त्रुटी हुन सक्ने र कार्यविधि एकरुपता कायम हुन नसकेको अवस्था छ । साथै अर्धन्यायिक निकायलाई नै मुद्दामा अनुसन्धान गर्ने जिम्मेवारी तोकिएकोले उनीहरुले थुनुवा प्रति गर्ने व्यवहारमा समेत सुधार हुनु जरुरी छ । यसरी अर्धन्यायिक निकायहरुले गर्ने न्यायिक काम कारवाहीमा न्यायिक स्वच्छता, निश्पक्षता, स्पष्टता तथा एकरुपता कायम गर्नुका लागि न्यायिक कार्यविधि मापदण्ड आधारमा अर्ध न्यायिक निकायहरुको कार्यविधिन सम्बन्धी नियमावली निर्माण हुनु आवश्यक छ । साथै मुद्दामा संलग्न थुनुवाहरुको मानव अधिकारहकको संरक्षणमा संवेदनशील वनाउन अनुसन्धान अभियोजन तथा मुद्दा हेर्ने अधिकारीहरुलाई प्रशिक्षणको व्यवस्था गर्नु पर्ने जरुरी देखिन्छ । अतः उल्लिखित विषयहरुमा व्यवस्थापन हुन सकेमा मात्र अर्धन्यायिक निकायहरुको न्यायिक कार्यविधिमा निश्पक्षता, स्वच्छता तथा प्रभावकारीता आउने देखिन्छ ।

## परिच्छेद - चार
## रणनीतिक कार्य योजना तथा समय र बजेट प्रक्षेपण

### १. संविधान एवं कानूनद्वारा प्रदत्त कार्यादेशको कार्यान्वयनको लागि जनशक्ति परिपूर्ति

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १. | १.१. हाल कार्यरत जनशक्तिको योग्यता विवरण (Profile) तयारी एवं प्रकाशन । | • सम्पूर्ण सरकारी वकीलहरुको शैक्षिक योग्यता, अनुभव, विशिष्टिकृत क्षेत्र, प्रशिक्षण एवं प्राज्ञिक सृजना सहितको व्यक्तिगत विवरण अभिलेख पारदर्शी हुने । | • व्यक्तिगत विवरण अभिलेख गरी प्रकाशन गर्न प्रकाशन समिति गठन गर्ने ।<br>• व्यक्तिगत विवरणलाई नियमित रुपमा अद्यावधीक गरी प्रकाशन गर्नका लागि योजना अनुसन्धान एवं अनुगमन सचिवालयको एक अधिकृतलाई जिम्मेवारी तोक्ने । |
| | | • व्यक्तिगत विवरण तयार भएपछि कम्प्युटर प्रणालीमा अभिलेख खडा भई नेपाल सरकार एवं जनसाधारणलाई महान्यायाधिवक्ताको कार्यालयको क्षमता एवं व्यक्तिगत कार्य सम्पादन स्तर जानकारी हुने । | • व्यक्तिगत विवरणलाई व्यवस्थित गर्ने प्रयोजनको लागि हाल कायम रहेको वेभसाईटलाई up date गरी परिमार्जन गर्ने ।<br>• नियमित परिमार्जन तथा स्तर वृद्धीका लागि एक कम्प्युटर विज्ञ कर्मचारीको दरबन्दी सृजना गरी कार्य सम्पादन गराउने । |
| | १.२. आगामी पांचबर्षको दरबन्दी निर्धारण । | • कार्यबोझ अनुसारको दरबन्दी कायम भई महान्यायाधिवक्ताको कार्यालयले गर्नु पर्ने कार्यसम्पादनमा स्तरियता एवं छिटो छरितोपन कायम हुने ।<br>• योजनाको पहिलो बर्षमा कार्यालयको कार्यबोझ एवं दरबन्दीको अनुपात खुलेको अनुसन्धान प्रतिवेदन ५ महिनामा प्रकाशित हुने । | • विद्यमान कार्यबोझ र दरबन्दीको अनुपात निर्धारण गर्ने प्रयोजनार्थ मेट्रिक्समा आधारित अनुसन्धानका लागि व्यवस्थापन, अनुसन्धान पद्धति, कानून र अर्थशास्त्र क्षेत्रका विज्ञहरु रहेको एक अनुसन्धान कार्यदल गठन गर्ने ।<br>• अनुसन्धान कार्यदलको प्रतिवेदन प्रकाशित गर्ने । |

| | | | |
|---|---|---|---|
| | | • व्यक्तिगत योग्यता र विशिष्टिकृत क्षमताका आधारमा कार्यसम्पादन जिम्मेवारी तोकीई सरकारको कानूनी प्रतिरक्षा प्रणालीमा गुणात्मक सुधार हुने र सरकारको हक, हित एवं सरोकार रहेका मुद्दाको सफलतामा अपेक्षित सुधार हुने । | • प्रतिवेदनका आधारमा दरबन्दी कायम गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>• कार्यबोझ र कार्य सम्पादनका लागि आवश्यक विशिष्ट योग्यताका आधारमा जिम्मेवारी तोक्न एक कार्यदलको गठन गरी सोको परामर्श अनुसार पदस्थापनाको लागि न्याय सेवा आयोगमा पेश गर्ने । |
| | १.३. जनशक्ति विकास एवं सुदृढीकरणका लागि अल्पकालीन एवं दीर्घकालीन योजना तर्जुमा । | • महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयको संस्थागत विकासको स्पष्ट कार्यदिशा तय भई उनीहरुको भूमिका प्रभावकारी हुन जाने ।<br>• जनशक्तिको विकास एवं सुदृढीकरणबाट हाल कायम रहेको प्रतिरक्षा सफल दर कम्तिमा ७५% मा पुग्ने ।<br>• कार्यबोझ अनुरुप दरबन्दीको अनुपात निर्धारण भई योजना तर्जुमा भएपछि कार्यसम्पादन मूल्याकंन र पदोन्नतिका व्यवस्थाहरु वैज्ञानिक हुने ।<br>• दरबन्दीको अनुपात र कार्यसम्पादन मूल्याकंन पारदर्शी एवं बैज्ञानिक हुनाले संस्थाको समग्र पक्षको विकास हुने । | • विद्यमान कार्यबोझ, दरबन्दी र योजना अवधिमा थपिने सम्भावित कार्यबोझ सहित अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमाका लागि योजना निर्माण कार्यदलको गठन गर्ने ।<br>• कार्यसम्पादन प्रणालीलाई छिटो छरितो, व्यवस्थित र चुस्त बनाउने नयां व्यवस्थापन प्रणालीको स्थापना गर्न व्यवस्थापन विशेषज्ञ समेत रहेको कार्यदलको गठन गर्ने ।<br>• हाल कायम रहेको संगठन तथा व्यवस्थापन ढांचालाई परिमार्जन गरी दरबन्दी एवं पदस्थापना मिलान गरी नयां ढांचा कार्यान्वयन गर्ने । |
| | १.४. विशिष्टिकृत सेवा आवश्यक पर्ने क्षेत्रको पहिचान गरी आवश्यक जनशक्ति वितरण । | • संविधान एवं कानूनले निर्दिष्ट गरेका कार्यादेश बमोजिम महान्यायाधिवक्ताको कार्यालयले कानूनी राय, सल्लाह वा | • संविधान एवं कानूनले तोकेका कार्यदेश अनुरुपका प्रदान गर्नु पर्ने सेवाका क्षेत्रहरु एवं निकायहरुको पहिचान गरी आवश्यक |

| | | | |
|---|---|---|---|
| | | प्रतिरक्षाको सेवा उपलब्ध गराउनुपर्ने निकायहरु र क्षेत्रको पहिचान भई आवश्यकता अनुसारको दरबन्दी एवं पदस्थापनाको कार्य सम्पादन हुने । | नीति एवं निर्देशिका तयारीका लागि कार्यदलको गठन गर्ने ।<br>● कार्यदलले वस्तुगत अध्ययन गरी तयार पारेको प्रतिवेदन अनुसार तोकिएको क्षेत्रमा कार्यसम्पादन संयन्त्रको विकास गर्ने ।<br>● तोकिएका क्षेत्रका कार्यसम्पादनका लागि आवश्यक जनशक्ति छनौट वा प्रशिक्षण गर्ने ।<br>● तोकिएका क्षेत्रमा कार्यसम्पादन मूल्यांकन गर्न चाहिने निर्देशिका तयार पार्ने ।<br>● उपर्युक्त कार्य सम्पादनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने । |
| | १.५. सेवाको स्तरीयता एवं विशिष्टिकरणका लागि कार्यविधि मापदण्डको निर्धारण । | ● तोकिएका क्षेत्रको कार्यसम्पादनका लागि आवश्यक कार्य स्तरीयता मापदण्ड (SOP) तयार भई महान्यायाधिवक्ता एवं मातहतका सरकारी वकील कार्यालयहरुको कार्यसम्पादनमा एक रुपता र स्तरीयता वृद्धी भई संस्थागत सुदृढीकरण हुन जाने ।<br>● SOP कार्यान्वयन भएपछि अभियोजन सफलताको दर ७५ % भन्दा बढी हुने ।<br>● SOP कार्यान्वयन भईसकेपछि विभिन्न निकायका निर्णयमा हुने कानूनी त्रुटीहरु कम्तीमा ७५ % न्यून हुने ।<br>● क्षेत्रगत SOP लागू भएपछि हाल विभिन्न अदालतमा पर्ने रिटहरुमा ५० % ले कमी आउने । | ● SOP तयारी पारिनु पर्ने क्षेत्रहरुको पहिचान गर्नका लागि । महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ताको संयोजकत्वमा एक समितिको गठन गर्ने ।<br>● विभिन्न क्षेत्रगत SOP हरुको निर्माण गर्नका लागि क्षेत्रगत कार्यदलहरु गठन गर्ने ।<br>● उक्त समितिले दिएका निर्देशन समेतका आधारमा माथि उल्लेखित क्षेत्रगत कार्यदलहरुले स्तरीय कार्यविधि मापदण्ड तयार पार्ने । |

## २. नेपाल सरकारको हक हित एवं सरोकार निहित रहेका मुद्दा मामिलाको प्रभावकारी प्रतिरक्षा

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| २. | २.१. महान्यायाधिवक्ताको कार्यालय र सरकारका विभिन्न निकायहरु वीच प्रभावकारी समन्वय । | ● विभिन्न निकायविरुद्ध पर्ने रिट एवं उजुरीहरुमा महान्यायाधिवक्ताको कार्यालयबाट हुने प्रतिरक्षा सूचनायुक्त, जिम्मेवारीपूर्ण एवं प्रतिफलयुक्त हुने ।<br>● रिट तथा उजुरीहरुको लिखित जवाफ वा प्रतिउत्तरहरु तयार पार्ने एवं प्रस्तुत गर्ने कार्यमा महान्यायाधिवक्ताको कार्यालयको प्रत्यक्ष संलग्नता भई प्रतिरक्षा प्रणालीको गुणस्तरमा सुधार आउने । | ● विभिन्न निकायहरुसंग नियमित समन्वय गरी उनीहरुको सक्रिय सहयोग सहित प्रतिरक्षाको कार्य सम्पादनका लागि महान्यायाधिवक्ताको कार्यालयमा सरोकारवालाहरु सहितको समन्वय समितिको गठन गर्ने ।<br>● नेपाल सरकार वा सरकारका विभिन्न निकायका विरुद्ध पर्ने उजुरी निवेदन आदिका सम्बन्धमा नेपाल सरकारको तर्फबाट तयार पारिने लिखित जवाफको स्तर वृद्धिका लागि सुझाव दिन कार्यदल गठन गर्ने ।<br>● उपरोक्त कार्यदलले तयार पारेको सुझाव अनुसार लिखित जवाफको ढांचा तयार गर्ने । |
| | २.२. सरकारी वकीलको दरबन्दी रहेका अन्य निकायमा कार्यरत रहने सरकारी वकीलका कार्यसम्पादन सम्बन्धी शर्त (ToR) को निर्माण । | ● विभिन्न निकायमा कार्यरत सरकारी वकीलहरु तथा महान्यायाधिवक्ताको कार्यालयका वीचमा संस्थागत रुपमा सम्पर्क कायम भई त्यस्ता निकायका निर्णयहरुमा कानूनी त्रुटी हुने सम्भावना न्यून हुने ।<br>● त्यस्ता निकायहरु विरुद्धमा परेका रिट निवेदनहरुमा तयार हुने लिखित जवाफ एवं प्रतिरक्षाको स्तर वृद्धि भई निर्णयको स्थिरता कायम रहने अवस्था सुदृढ हुने । | ● महान्यायाधिवक्ताको कार्यालयमा कानूनी राय परामर्श तथा सुशासन सुझाव सचिवालय अन्तर्गत रहने गरी एक परामर्श एवं समन्वय समितिको गठन गर्ने ।<br>● विभिन्न निकायमा कार्यरत सरकारी वकीलहरुले तत् निकायमा कार्यरत रहंदा पालना गर्नु पर्ने ToR को निर्माण गर्न एक कार्यदलको गठन गर्ने । |

| | | | |
|---|---|---|---|
| | | ● त्यस्ता निकायमा कार्यरत सरकारी वकील र महान्यायाधिवक्ताको कार्यालयको सक्रिय समन्वयले हाल मुद्दाको किनारामा हुन लाग्ने समयमा उल्लेखित कटौती भई न्याय छिटो छरितो हुन जाने । | ● विभिन्न सरकारी निकायमा महान्यायाधिवक्ताको कार्यालयको Desk स्थापना गरी कार्यसम्पादनलाई छिटो र छरितो बनाउने कानून तथा न्याय मन्त्रालय र सम्बन्धित अन्य निकायसंग समन्वय गरी कार्य सम्पादन गर्न समितिको गठन गर्ने । |
| | २.३. विभिन्न निकायमा कार्यरत सरकारी वकीलहरुको वृत्ति विकास एवं क्षमता विकासको अवसरहरुमा वृद्धि । | ● विभिन्न निकायमा कार्यरत सरकारी वकीलहरुले निजहरु कार्यरत रहेको क्षेत्रमा क्षमता विकासका अवसरहरु प्राप्त गरी कार्यसम्पादनमा दक्षता वृद्धि हुने<br>● राजश्व, वन, अध्यागमन जस्ता विशिष्ट क्षेत्रमा सरकारले गर्ने निर्णयमा कानूनी त्रुटीका सम्भावनाहरु न्यून भई सुशासनको अभिवृद्धि हुने ।<br>● यस्ता विशिष्ट क्षेत्रमा सरकारको तर्फबाट कानूनी प्रतिरक्षा प्रभावकारी हुन गई सरकारका विरुद्धमा पर्ने निवेदन तथा उजुरीमा रिट जारी हुने सम्भावना न्यून हुन जाने ।<br>● रिट जारी भएका कारण सरकारलाई राजश्व प्राप्त नहुने अवस्था वा सरकारले आर्थिक दायित्व व्यहोर्नु पर्ने अवस्था न्यून भई राजश्व संकलन र बचतमा सहयोग पुग्ने । | ● विभिन्न निकायमा कार्यरत सरकारी वकीलहरुको योग्यता र क्षमताको अध्ययन गरी उनीहरुको क्षमता विकासमा संचालन गरिनुपर्ने कार्यक्रम तर्जुमा गर्न एक कार्यदलको गठन गर्ने ।<br>● कार्यदलको प्रतिवेदन अनुसार सरकारी वकीलहरुको क्षमता विकासका लागि कार्यक्रम तयार पारी योजना आयोग तथा सम्बन्धित अन्य निकायमा पेश गर्न समितिको गठन गर्ने ।<br>● सरकारी वकीलहरुको व्यवसायिक दक्षता वृद्धिको लागि योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय मातहत एक व्यवसायिक प्रशिक्षण केन्द्रको स्थापनाका लागि सम्भाव्यता अध्ययन कार्यदल गठन गर्ने । |

| | | | |
|---|---|---|---|
| | २.४. सरकारी वकीलहरु कार्यरत रहने विभिन्न सरकारी निकायबाट मानव अधिकार एवं कानूनी शासनको प्रर्वद्धन । | ● सरकारी वकीलहरु कार्यरत निकायमा मानव अधिकार संरक्षण संस्कृतिको विकास हुने ।<br>● मानव अधिकार उल्लघंनका घटनाहरुमा कमी भई सरकार प्रति जनताको विश्वासमा अभिवृद्धी हुने ।<br>● सरकारी निकायका कार्यहरु पारदर्शी एवं जिम्मेवारीपूर्ण हुने ।<br>● भ्रष्टाचार र अनिमियतताका घटनाहरुमा न्यूनता आउने । | ● मानव अधिकारको संस्कृतिको प्रवर्द्धनका लागि सरकारी वकीलहरुले निर्वाह गर्नु पर्ने निर्देशिका तयार गरी लागू गर्न कार्यदलको गठन गर्ने ।<br>● सरकारी वकीलहरुद्वारा विभिन्न निकायका पदाधिकारीहरुलाई संविधान, कानून एवं मानव अधिकार दस्तावेजका व्यवस्थाहरुमा चेतना अभिवृद्धि गर्न संचालन गरिने प्रशिक्षणहरुको पाठ्यक्रम तथा सामग्री तयार गर्न कार्यदलको गठन गर्ने । |

**३. महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकीललाई संविधान एवं कानूनद्वारा निर्धारित जिम्मेवारी, कर्तव्य एवं अधिकारको नेपाल सरकारका निकायमा जानकारी अभिवृद्धि गर्ने**

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ३. | ३.१. वार्षिक प्रतिवेदनको ढाँचागत, विषयगत एवं संस्थागत विकासका लागि अनुसन्धान । | ● ठोस एवं बस्तुगत बार्षिक प्रतिवेदन प्रकाशन गरी सवल एवं कमजोर पक्षको स्पष्ट खुलासा हुने गरी पारदर्शीता प्रवर्द्धन हुने । | ● बार्षिक प्रतिवेदनलाई ठोस एवं बस्तुगत बनाउन योजना अनुसन्धान तथा अनुगमन सचिवालयमा एक छुट्टै शाखाको स्थापना गर्ने । |
| | ३.२. महान्यायाधिवक्तालाई संविधान एवं कानूनद्वारा प्रदत्त कार्यादेशका वारेमा अन्य सरकारी निकायहरुसँग केन्द्रीय, क्षेत्रीय तथा जिल्लास्तरमा वार्षिक परामर्श गोष्ठीको आयोजना । | ● महान्यायाधिवक्ताको कार्यालय, मातहत सरकारी वकील कार्यालय र अन्य सरकारी निकायहरुका वीच अन्तरक्रिया भई नेपाल सरकारका निकायहरुलाई संवैधानिक, कानूनी र अदालतका निर्णयहरु जानकारी हुने ।<br>● महान्यायाधिवक्ताको कार्यालय, मातहत सरकारी वकील कार्यालय र अन्य सरकारी निकायहरुका वीच अन्तरक्रिया भई वर्षमा कम्तिमा २ पटक अन्तरक्रिया तथा परामर्श गोष्ठी भई कार्यसमिक्षा मार्फत कार्यसम्पादनमा देखिएका समस्या समाधानको पहिचानमा मद्दत पुग्ने । | ● सरकारी निकायबाट हुने निर्णयमा अदालतहरुबाट गरेका फैसलामा उल्लेखित कुराहरुका पृष्ठपोषण समेत प्रदान गर्नका लागि वर्षमा कम्तिमा एक पटक सरकारी निकायका प्रमुखहरुसंग छलफल र अन्तरक्रिया गर्ने ।<br>● विभिन्न निकायबाट कानूनी राय माग्नु पर्ने विषयमा सरकारी वकील कार्यालय र कार्यविधि सम्बन्धी जानकारी गराउन कानूनी राय सम्बन्धी दिर्ग्दशन प्रकाशित गरी उपलब्ध गराउने ।<br>● कानूनी रायका विषयमा सरकारी निकायका प्रमुखहरुसंग छलफल गोष्ठी गर्ने । |

| | | | |
|---|---|---|---|
| | ३.३ सरकारका निकायहरुले महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयहरुसंग राय सल्लाह लिनुपर्ने अगंहरुको पहिचान र दिग्र्दशनको प्रकाशन । | • महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी  वकील कार्यालयहरुले कानूनी राय प्रदान गर्नु पर्ने सरकारी निकायलाई कानूनी राय लिदा र दिदा अपनाइनु पर्ने कार्यविधिको सम्बन्धमा एकरुपता र विश्वसनीयता कायम हुने । | • महान्यायाधिवक्ताको कार्यालयमा नेपाल सरकारका विभिन्न निकायहरुसंग समन्वय राख्ने प्रयोजनका लागि नोडल अधिकृतको नियुक्ती गर्ने ।<br>• महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी  वकील कार्यालयहरुले केन्द्रिय, क्षेत्रिय र जिल्ला स्तरमा आफूले गर्ने कार्यका सम्बन्धमा अन्य सरकारी निकायहरुसंग वर्षमा २ पटक छलफल र अन्तरक्रिया गर्ने ।<br>• कानूनी राय लिने दिने प्रक्रियाका सम्बन्धमा निर्देशिका प्रकाशन गरी सम्बन्धित निकायहरुमा वितरण गर्ने । |

**४.नेपाल सरकारका विभिन्न निकायले निर्णय गर्दा सरकारी वकीलको कानूनी सल्लाह लिनुपर्ने परीपाटीको विकास गर्ने**

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ४. | ४.१.केन्द्र, पुनरावेदन तथा जिल्ला स्तरमा सरकारका निकायहरुले मागेका राय सल्लाहहरुको विधिवत पंजीकरण ।<br>४.२. सरकारी वकीलले प्रदान गरेको सल्लाह वमोजिम भएको वा नभएको बारेमा अनुगमन प्रतिवेदनको प्रकाशन । | ● कानूनी राय माग गर्नु पर्ने सरकारी निकायका प्रमुखहरुले निर्णय गर्दा कानूनी राय माग गर्ने परिपाटीको विकास गरी सरकारका विरुद्धमा पर्ने अनावश्यक रिटको संख्या योजना अवधिमा ५० % ले घट्ने ।<br>● कानून विपरित निर्णय गर्ने एवं अनियमित कार्य गर्ने कर्मचारी माथि कारवाही भई सुशासनको अभिवृद्धि हुने ।<br>● सरकारका विभिन्न निकायहरुले गर्ने निर्णयबाट कानूनी शासनको अवधारणाको अभिवृद्धि हुने । | ● महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुले दिएको कानूनी रायको अभिलेखिकरण गरी सो अभिलेख सुरक्षित राख्न सबै सरकारी वकील कार्यालयहरुमा अभिलेख शाखाको स्थापना गर्ने ।<br>● महान्यायाधिवक्ताको कार्यालयमा कानूनी राय परामर्श तथा सुशासन सुझाव सचिवालय अन्तर्गत कानूनी राय प्रदान गर्ने महाशाखाको स्थापना गर्ने ।<br>● महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी  वकील कार्यालयहरुले प्रदान गरेको राय अवज्ञा गरेको कार्य योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालयमा जानकारी गराउने संयन्त्रको व्यवस्था गर्ने । |

## ५.फौजदारी अपराधको अनुसन्धान एवं अभियोजनको वैज्ञानिकीकरण

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ५. | ५.१.अपराधको अनुसन्धान प्रणालीलाई प्रमाणमुखी वनाउन सरकारी वकीलले प्रहरीसंग गर्नुपर्ने समन्वयका लागि स्तरयुक्त कार्यविधिको (SOP) विकास । | • योजना अवधिमा वैज्ञानिक एवं वस्तुगत अनुसन्धान प्रणाली सुदृढ भई मुद्दाको सफलता ७५% भन्दा बढी पुग्ने ।<br>• सावितीमा आधारित रहने वर्तमान प्रवृत्ति घटी वस्तुगत एवं बैज्ञानिक प्रमाणमा आधारित हुने हुदा मुद्दाको सफलताको दर ७५ % माथि पुग्ने ।<br>• अभियोजन प्रणाली बैज्ञानिक प्रमाणमा आधारीत हुने हुँदा न्याय प्रति जनताको विश्वास वृद्धि हुने । | • प्रमाणमुखी अनुसन्धानका लागि प्रत्येक विकास क्षेत्रमा एक/एक विधिविज्ञान प्रयोगशाला स्थापना गर्ने ।<br>• अनुसन्धान अधिकृतले पालना गर्नु पर्ने निर्देशनका सम्बन्धमा निर्देशिका निर्माण गरी लागू गर्ने संयन्त्रको विकास गर्ने ।<br>• अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन SoCo Officer लाई अनुसन्धानमा खटाउनका लागि प्रहरी प्रधान कार्यालयसंग आवश्यक समन्वय गर्ने । |
| | ५.२.अभियोजनका लागि आवश्यक सीप एवं व्यावसायिक सुदृढीकरण सम्बन्धी अल्पकालीन एवं दीर्घकालीन प्रशिक्षण केन्द्रको स्थापना । | • सरकारी वकीलद्धारा मुद्दामा गर्ने अभियोजन व्यवसायिक सीप र दक्षतामा आधारित हुन जाने ।<br>• वैज्ञानिक एवं वस्तुगत अनुसन्धान प्रणालीको विकासको लागि सबै सरकारी वकील र अनुसन्धान अधिकृतलाई प्रशिक्षण प्राप्त भई वयानमुखी अनुसन्धान प्रणालीको अन्त्य हुने । | • सरकारी वकीलहरुको व्यवसायिक दक्षता एवं सीप विकासका लागि अनुसन्धानमूलक प्रशिक्षण केन्द्रको स्थापना गर्ने ।<br>• अभियोग पत्र तयार पार्ने, मुद्दाको प्रतिरक्षा प्रभावकारी बनाउने र अनुसन्धानमा आधारित पूर्पक्ष प्रणालीको विकास गर्ने प्रयोजनका लागि वृहत प्रशिक्षण निर्देशिका तयार पार्ने ।<br>• सो कार्यसम्पादनका लागि फौजदारी न्याय एवं मानव अधिकारका विशेषज्ञ संलग्न कार्यदल गठन गर्ने । |

| | | | |
|---|---|---|---|
| | ५.३.अभियोग पत्रका लागि आवश्यक सीप एवं व्यावसायिकताको अल्पकालीन एवं दीर्घकालीन प्रशिक्षण संचालन । | ● प्रशिक्षणको माध्यमबाट सरकारी वकीलले अभियोजन गर्दा आवश्यक पर्ने आवश्यक सीप एवं कौशलता हासिल गरी स्वच्छ एवं निष्पक्ष न्यायको प्रवर्द्धन हुने । | ● अभियोग पत्रको मस्यौदा एवं प्रमाण विश्लेषण गर्ने सीप सम्बन्धी विशेष प्रशिक्षण संचालन गर्ने । |
| | ५.४.अनुसन्धान प्रक्रियामा संकलन हुने प्रमाणहरुको वैधता सुनिश्चित गर्न अनुसन्धानकर्तालाई प्रशिक्षण । | ● अनुसन्धानमा संलग्न अनुसन्धान अधिकृतहरुले अनुसन्धान प्रक्रियामा संकलन गर्ने प्रमाणहरुको वैधताका सम्बन्धमा प्रशिक्षण प्राप्त गर्ने भएबाट संकलित प्रमाण भरपर्दो हुने तथा साक्षीहरु विरोधी (Hostile) हुने र पीडितले विपरित (Hostile) बकपत्र गर्ने अवस्थाको अन्त्य हुने । | ● मुद्दामा अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई प्रशिक्षण दिने प्रयोजनका लागि विशेष पाठ्यक्रम तर्जुमा गर्ने ।<br>● अनुसन्धानको बैधानिकताको लागि प्रहरी प्रधान कार्यालयसंग समन्वय गरी प्रशिक्षणको पाठ्यक्रम निर्धारण गर्न एक कार्यदल गठन गर्ने । |
| | ५.५.विवादास्पद प्रमाणहरु यकिन गर्ने प्रयोजनको लागि महान्यायाधिवक्ताको कार्यालयमा न्यूनतम सेवा प्रदान गर्न सक्ने विधिविज्ञान प्रयोगशालाको स्थापना । | ● विवादास्पद प्रमाण यकिन गर्ने प्रयोजनको लागि महान्यायाधिवक्ताको कार्यालयमा विधिविज्ञान प्रयोगशालाको स्थापनाले सरकारी वकीललाई प्रमाणको बैधता यकिन गर्न सजिलो भई अभियोजन असफल हुने सम्भावना उल्लेखनिय रुपमा नियन्त्रण हुने । | ● राष्ट्रिय विधिविज्ञान प्रयोगशालासंग समन्वय कायम गरी महान्याधिवक्ताको कार्यालयमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्न वजेटको माग गर्ने ।<br>● विधिविज्ञान प्रयोगशालाको सम्भाव्यता एवं स्वरुप निर्धारणका लागि विशेषज्ञको नियुक्ती गरी योजना तर्जुमा गर्ने । |

| | | | |
|---|---|---|---|
| | ५.६.अभियोजनको स्तर निर्धारण एवं सुनिश्चितताको लागि निर्देशिका तर्जुमा । | • अभियोजनको सुनिश्चितता र स्तर निर्धारण भई अभियोजन असफलताको वर्तमान अवस्थाको सम्बोधन हुने ।<br>• अभियोजन प्रणालीको गुणात्मक स्तर सुनिश्चित भएपछि न्यायमा हुनसक्ने अनिमियतता एवं भ्रष्टाचारमा नियन्त्रण हुने । | • अभियोजनको स्तर निर्धारणका लागि निर्देशिकाको तर्जुमा गर्न एक कार्यदल गठन गर्ने ।<br>• सरकारी वकीललाई अभियोजन सम्बन्धी द्धिविधाको निकासा दिने । महान्यायाधिवक्ताको कार्यालयमा परामर्श डेस्कको व्यवस्था गर्ने । |
| | ५.७.अभियोजन परिणामको मूल्यांकन एवं अनुगमन | • अभियोजनको परिणामको अनुगमन र मूल्याङ्कन नियमित रुपमा हुने भएबाट सरकारी वकीलहरुको कार्य सम्पादनमा सुधार भई फौजदारी मुद्दाको प्रतिरक्षा प्रणाली सुदृढ हुने । | • महान्यायाधिवक्ताको कार्यालयमा अभियोजनको परिणामको मूल्यांकन गर्न योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय अन्तर्गत एक छुट्टै अनुगमन र मूल्यांकन शाखाको स्थापना गर्ने । |

## ६.सरकारी  वकीलको व्यावसायिक सेवा सुदृढीकरण

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ६. | ६.१. जिल्ला देखि महान्यायाधिवक्ताको कार्यालयका वकीलहरुलाई वहस क्षमता विकासका लाीग आवश्यक पर्ने सुविधाको व्यवस्था । | • सरकारी वकीलहरुको सेवा प्रति आकर्षणमा वृद्धि भई अन्यत्र निकायमा जाने क्रम बन्द हुने ।<br>• .सरकारी वकीलहरुको व्यवसायिक कार्यदक्षता अभिवृद्धि भई अनुसन्धान एवं अभियोजन प्रणाली विश्वसनीय हुन जाने ।<br>• महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयका सरकारी वकीलहरुलाई नविनतम एवं विशिष्ट प्रकृतिका अपराधको अभियोजन ज्ञान प्राप्त हुने भएबाट सरकारी वकीलले प्रदान गर्ने सेवा प्रतिरक्षी कानून व्यवसायीसंग प्रतिस्पर्धा गर्न सक्ने स्तरमा विकसित हुने । | • सरकारी  वकीललाई मुद्दा बहस पैरवीका लागि कार्यसम्पादनमा आधारित बहस भत्ता र बहस सहयोगी भत्ताको व्यवस्था गर्ने ।<br>• सरकारी  वकीलहरुको व्यवसायिक कार्यदक्षता अभिवृद्धिका लागि आवश्यक भौतिक प्राविधिक साधन (पुस्तकालय, कम्प्यूटर, फ्याक्स फोटोकपी इन्टरनेट आदि) को व्यवस्था गर्ने ।<br>• महान्यायाधिवक्ताको कार्यालय अर्न्तगत सरकारी  वकीलहरुलाई प्रशिक्षण दिने प्रयोजनका लागि प्रशिक्षण केन्द्रको स्थापना गर्ने । |
| | ६.२. दक्षता अभिवृकि लागि सरकारी वकीलको छुट्टै सेवा शर्त र सुविधान सम्बन्धी कानूनको व्यवस्था । | • छुट्टै सेवा शर्त र सुविधा सम्वन्धी ऐनको व्यवस्थाले सरकारी वकीलको सेवालाई दक्ष, व्यवसायिक र मर्यादित भई सरकारको कानूनी प्रतिरक्षा प्रणाली सुदृढ हुने । | • सरकारी  वकीलको  सेवा, शर्त एवं सुविधा सम्बन्धी ऐनको मस्यौदा कानून तथा न्याय मन्त्रालयसंग समन्वय गरि तर्जुमा गर्न कार्यदलको गठन गर्ने ।<br>• ऐन पारित गर्न सरकारका सम्बन्धित निकायसंग समन्वय गर्न र आवश्यक कार्य गर्न समितिको गठन गर्ने |
| | ६.३.व्यावसायिक कार्यदक्षता वृद्धिका लागि आवश्यक भौतिक एवं प्राविधिक  सुविधाको व्यवस्था । | • भौतिक एवं प्राविधिक सुविधाले कार्य कुशलता अभिवृद्धी भई हाल लाग्ने गरेको श्रम तथा समयमा गुणात्मक रुपमा वचत हुने । | • सूचना र प्रविधियुक्त व्यावसायिक दक्षता अभिवृद्धिका लागि प्रत्येक सरकारी वकील कार्यालयमा Internet को सुविधा उपलब्ध गराउने ।<br>• सवै सरकारी वकीलहरुको आवासमा |

| | | | |
|---|---|---|---|
| | | | Wireless Router सहितको ADSL Inrtenet सेवा उपलब्ध गराउने ।<br>● प्रत्येक सरकारी वकीललाई Laptop Computer उपलब्ध गराइ किस्ताबन्दीमा तलबबाट कट्टा गर्ने ।<br>● सरकारी वकीलले अदालतमा गर्ने प्रतिरक्षा कार्यलाई कम्प्युटर प्रणालीमा विकास गर्ने । |
| | ६.४. व्यावसायिक दक्षता मूल्याकंन प्रणाली विकास | ● सरकारी वकीलको व्यवसायिक दक्षता मूल्याकंन प्रणालीबाट न्यायोचित रुपमा कार्यसम्पादन मूल्याकंन भई वृति विकासमा हुने भेदभाव समाप्त हुने ।<br>● कार्यसम्पादन मूल्याकंनले कार्यसम्पादन क्षमतामा आधारित भई सकारात्मक प्रतिस्पर्धाको परीपाटीको विकास हुने । | ● दक्षतामा आधारित कार्य सम्पादन मूल्यांकन प्रणालीको ढांचा विकास गर्न एक कार्यदल गठन गर्ने ।<br>● कार्यदलको प्रतिवेदन अनुसार कार्यसम्पादन मूल्याकंन निर्देशिका तयार पार्ने । |
| | ६.५. सरकारी वकील कानूनी व्यावसायिका रुपमा दर्ता भई अन्य निकायमा परामर्शदाता हुन सक्ने सुविधा प्रदान । | ● आफ्नो जिम्मेवारीको प्रतिकूल नहुने गरी सरकारी वकीलहरुलाई अन्य निकायमा परामर्शदाताको रुपमा काम गर्न सुविधाको कारणले व्यवसाय प्रति आकर्षण र मनोबल बढने तथा व्यवसायिक दक्षता अभिवृद्धि हुने । | ● परामर्शदाताको रुपमा काम गर्ने अवसर प्रदान गर्दा अपनाउनु पर्ने नियमावली तथा निर्देशिका तयार गर्न कार्यदलको गठन गर्ने । |
| | ६.६.अनुसन्धानको माध्यमबाट दक्षता विकासको सुविधा प्रदान । | ● अनुसन्धानकर्ताको रुपमा कार्य अवसर दिनाले अनुसन्धान सीप र वैज्ञानिक विश्लेषणको क्षमता विकास भई कानूनी दस्तावेजको मस्यौदा, व्याख्या एवं वहस पैरवीमा क्षमता अभिवृद्धी हुने । | ● अनुसन्धान सुविधा उपयोग गर्दा वा प्रदान गर्ने कुरालाई व्यवस्थित गर्न तत्सम्बन्धमा पालना गर्नु पर्ने शर्तहरु (ToR) को निर्माण गर्न कार्यदलको गठन गर्ने । |

**७.महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको वीचमा व्यावसायिक सम्पर्क तथा अनुगमन गर्ने**

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ७. | ७.१.मातहतका कार्यालयहरुको कार्यसम्पादन स्तर विकासका लागि नियमित व्यावसायिक अनुगमन । | ● महान्यायाधिवक्ताको कार्यालय र अर्न्तगतका सरकारी वकील कार्यालयहरु वीच व्यवसायिक सम्पर्क अनुगमनबाट कार्यसम्पादन गुणस्तरमा एकरुपता स्थापित हुने । | ● महान्यायाधिवक्ताको कार्यालयमा योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय अन्तर्गत छुट्टै अनुगमन महाशाखाको स्थापना गर्ने ।<br>● अनुगमन महाशाखाले नियमित अनुगमन गरी सम्बन्धित सचिवालयमा प्रतिवेदन पेश गर्ने ।<br>● अनुगमन प्रतिवेदनको आधारमा सम्बन्धित सरकारी वकील कार्यालयलाई आवश्यक सुझाव दिने । |
| | ७.२.व्यावसायिक सम्पर्क र कार्यसम्पादनका लागि सूचना प्रविधिको स्थापना । | ● महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको बीचमा कार्यसम्पादन र व्यावसायिक सम्पर्क स्थापना भई कार्यसम्पादन सहज र छिटो छरितो हुने । | ● महान्यायाधिवक्ताको कार्यालयमा उच्च प्रविधियुक्त सूचना प्रविधि केन्द्रको स्थापना गर्ने ।<br>● देशभरिका सरकारी वकील कार्यालयहरुको कार्यसम्पादन सूचना केन्द्रबाट अनुगमन गर्न आवश्यक प्राविधिक कर्मचारीको नियुक्ती गर्ने । |
| | ७.३.केन्द्र र मातहतका सवै सरकारी वकील कार्यालयहरुका कार्यहरुको विद्युतीय अभिलेखीकरण (Computerization) | ● महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुका मुद्दा र अन्य कागजातहरु कम्प्यूटरमा अभिलेखिकरण भई कार्यसम्पादन व्यवस्थित बैज्ञानिक एव विद्युतीय कार्यप्रणाली विकसित हुने । | ● महान्याधिवक्ताको कार्यालयदेखि जिल्ला सरकारी वकील कार्यालयहरुसम्म कम्प्युटर संजालको निर्माण र विशेष योजना तर्जुमा गर्नका लागि कम्प्युटर प्राविधिकहरुको विशेष कार्यदल गठन गर्ने ।<br>● उक्त कार्यदलले तर्जुमा गरेको योजना कार्यान्वयन गर्ने । |

| | | | |
|---|---|---|---|
| | ७.४.वेभसाइटको निर्माण र डिजीटल अभिलेख प्रणालीको स्थापना । | • महानयायाधिवक्ताको कार्यालयको वेभसाईटलाई update गरी मातहतका सरकारी वकील कार्यालयहरुसंग Link up गरि आवश्यक सूचना मिसिल कागजातहरुमा पहुंचयोग्य भएको हुने भएबाट मानिसबाट हुने अनुगमन, सहजीकरण न्यून हुन गई कार्यसम्पादन लागत/खर्च घट्न जाने । | • महान्यायाधिवक्ताको कार्यालयको वेबसाईट update गरी सो संग मातहतका सरकारी वकील कार्यालयहरुको Link up गर्न आवश्यक Software निर्माण गर्ने ।<br>• सो Software निर्माण र कार्यान्वयन गर्न प्राविधिक परामर्श एवं सेवा लिने<br>• महान्यायाधिवक्ताको कार्यालयमा Digital Attendence प्रणाली लागु गर्ने । |
| | ७.५.डिजीटल प्रणालीको प्रयोगको लागि विशेष प्रशिक्षण कार्यक्रम संचालन । | • डिजिटल प्रणालीको विशेष प्रशिक्षणले सरकारी वकीलहरुको सूचना प्रविधिको प्रयोग गर्ने क्षमतामा बृद्धि भई नयां प्रविधिको पूर्ण प्रयोग हुन गई कार्यसम्पादन लागत न्यून हुने । | • प्राविधिकको सहयोग लिई डिजिटल प्रणालीको प्रशिक्षणको लागि आवश्यक पाठ्यक्रम तर्जुमा गरी प्रशिक्षण संचालन गर्ने । |
| | ७.६ महान्यायाधिवक्ताको कार्यालयमा सचिवालयको स्थापना । | • सचिवालयको स्थापनाबाट महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको सरकारी वकीलहरुले गर्ने कार्यहरुमा ७५% भन्दा बढी स्तरियता आई कार्यमा सफलता प्राप्त हुने । | • महान्यायाधिवक्ताको कार्यालयमा मुद्दा तथा बहस पैरवी व्यवस्थापन सचिवालय, योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय, कार्यालय व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन सचिवालय र कानूनी राय परामर्श तथा सुशासन सुझाव सचिवालय स्थापनाको लागि कानूनमा आवश्यक संशोधन गर्ने सुझाव पेश गर्न एक कार्यदल गठन गर्ने ।<br>• प्रत्येक सचिवालयको नेतृत्व नायव महान्यायाधिवक्ताबाट हुने गरी सचिवालयको स्थापना गर्ने । |

**८.सेवा विशिष्टीकरण प्रशिक्षण**

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ८. | ८.१.सेवा विशिष्टीकरण एवं पुनर्ताजगी प्रशिक्षण केन्द्रको स्थापना । | ● पुनर्ताजगी प्रशिक्षणबाट सरकारी वकीलहरुको सामयिक रुपमा कार्य क्षमता, दक्षता र कार्यसम्पादन गुणस्तरमा अभिबृद्धि भई समसामयिक चुनौती र आवश्यकता सम्बोधन गर्न दक्षताको विकास हुने ।<br>● सेवा विशिष्टिकरणबाट सरकारी वकीलको विशेषज्ञतामा अभिवृद्धि भई क्षमता विकास हुने । | ● सरकारी वकीलहरुको सेवा बिशिष्टीकरण र पुनर्ताजगी प्रशिक्षण कार्यक्रमको पाठ्यक्रमको निर्माणको लागि कार्यदलको गठन गर्ने ।<br>● महान्यायाधिवक्ताको कार्यालयमा प्रशिक्षण केन्द्र स्थापना गर्ने । |
| | ८.२.सेवा विशिष्टीकरणका लागि महान्यायाधिवक्ताको कार्यालयमा विशिष्ट व्यावसायिक कार्यसम्पादन समूहहरुको गठन । | ● महान्यायाधिवक्ताको कार्यालयमा विशिष्ट व्यवसायिक कार्यसम्पादन समूहहरुको गठन भई सेवा विशिष्टिकरण हुदा सरकारलाई उपलब्ध हुने कानूनी राय/सल्लाह एवं सरकारको हक हित सरोकार रहेका मुद्दाको प्रतिरक्षा प्रभावकारी भई अरबौ राजश्वको संरक्षण हुने एवं सरकारका निर्णयहरुको स्थिरता कायम रहने । | ● महान्यायाधिवक्ताको कार्यालयमा रहने विशिष्टीकृत व्यावसायिक समूहको पहिचान गर्न सम्बन्धित सरकारी वकीलहरुको विवरण संकलन गरी समूहको गठन गर्ने कार्यका लागि कार्यदलको गठन गर्ने ।<br>● पहिचान भए अनुरुप महान्यायाधिवक्ताको कार्यालयको सांगठनिक ढांचा परिवर्तन गर्ने । |
| | ८.३.प्रशिक्षकहरुको दरबन्दी एवं योग्यता निर्धारण । | ● प्रशिक्षकहरुको दरबन्दी र योग्यता निर्धारण गरी महान्यायाधिवक्ताको कार्यालयमा स्थायी प्रशिक्षकको व्यवस्था हुंदा हाल भई रहेको प्रशिक्षण खर्चमा व्यापक कटौती हुन जाने । | ● प्रशिक्षण केन्द्रमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्ने र वाह्य श्रोतबाट सहयोग लिनु पर्ने प्रशिक्षकको सूची तयार गर्ने कार्यका लागि योजना तर्जुमा गर्न कार्यदलको गठन गर्ने । |
| | ८.४. विशिष्ट सेवा क्षेत्र अर्न्तगतका पाठ्यकमहरु निर्धारण । | ● प्रशिक्षण केन्द्रबाट विशिष्ट सेवा क्षेत्र अर्न्तगतका पाठ्यकमको निर्धारण भई संस्थागत विकासको प्रवर्द्धन हुने । | ● विशिष्ट सेवा क्षेत्र अर्न्तगतका प्रशिक्षण कार्यक्रमहरुको पाठ्यक्रम तयार पार्न कार्यदलको गठन गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | ● पाठ्यक्रम अनुरुपको प्रशिक्षण संचालन गर्न प्रशिक्षण केन्द्रको स्थापना गर्ने । |
| | ८.५. नेपाल सरकारको तर्फबाट बिदेशमा प्रतिनिधित्व गर्नु पर्ने मुद्दाका लागि महान्यायाधिवक्ताको कार्यालयमा अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार महाशाखाको स्थापना । | ● राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तर र विदेशमा नेपाल सरकारसंग सम्बन्धित मुद्दाहरुको प्रभावकारी बहस पैरवी र प्रतिरक्षा हुने ।<br>● महान्यायाधिवक्ताको कार्यालयको अन्तर्राष्ट्रिय संघ संगठन र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तार हुने । | ● नेपाल सरकारको हक हित सरोकार रहेको मुद्दामा अन्तर्राष्ट्रियस्तरमा महान्यायाधिवक्ताको कार्यालयले प्रतिनिधित्व गर्ने प्रणालीको विकास गर्ने ।<br>● महान्यायाधिवक्ताको कार्यालयको योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय अन्तरगत रहने गरी अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार महाशाखाको स्थापना गर्ने ।<br>● सो महाशाखामा अन्तर्राष्ट्रिय कानून सम्बन्धी विशेष ज्ञान अनुभव भएका सरकारी वकीलहरुको पदस्थापना गरी अन्तर्राष्ट्रिय कानून र कार्यविधि सम्बन्धी प्रशिक्षण दिने ।<br>● नेपाल सरकारका विरुद्ध अन्तर्राष्ट्रिय संस्थामा परेका मुद्दा मामिलाको प्रतिरक्षा गर्ने वा गराउने व्यवस्था मिलाउने । |

## ९.भौतिक संरचना एवं आधुनिक प्रविधि

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ९. | ९.१.महान्यायाधिवक्ताको कार्यालयलाई प्राप्त कार्यादेश अनुकुलको नयाँ भवन निर्माण ।<br>९.२. भवन निर्माणका लागि जमिनको व्यावस्थापनः जमिन खरीद ।<br>९.३. जिल्ला सरकारी वकील कार्यालयहरु तथा पुनरावेदन सरकारी वकील कार्यालयका भवन निर्माण । | ● महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरुको लागि नयाँ भवनहरुको निर्माण भई कार्यसम्पादन स्तरीय हुने । | ● महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयको जमिनको व्यवस्था र भवनको निर्माण सम्बन्धी ठोस योजना तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्न कार्यदलको गठन गर्ने ।<br>● उक्त कार्यदलले सबै सम्भाव्यता एवं आवश्यकता अध्ययन गरी ठोस योजना निर्माण गर्ने । |
| | ९.४ जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंलाइ नमूना अभियोजन कार्यालयको (Model Prosecution Office) रुपमा स्थापना । | ● आधुनिक विद्युतीय उपकरणहरु (CCTV, Video Camera आदि) को जडान र प्रयोग भई काठमाडौ जिल्ला सरकारी वकील कार्यालय १ बर्ष भित्र नमूना अभियोजन कार्यालयको रुपमा विकसित हुने । | ● जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको आफ्नो अत्याधुनिक कार्यालय भवनको निर्माण गर्ने ।<br>● सो कार्यालय भवनमा विशेषज्ञ/साक्षीहरु बस्नको लागि छुट्टै कोठाको व्यवस्था गर्ने ।<br>● जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंलाई आवश्यक पर्ने आधुनिक विद्युतीय उपकरणहरु (CCTV, Video Camera आदि) उपलब्ध गराउन बजेटको व्यवस्था गर्ने ।<br>● आधुनिक विद्युतीय उपकरण र प्रविधिको प्रयोगको लागि दक्ष जनशक्ति र प्रशिक्षणको व्यवस्था गर्ने । |

| | | | |
|---|---|---|---|
| | ९.५. देशभरीका सरकारी वकीलहरुको अभियोजन कार्यको समन्वयका लागि Wireless रेडियो सेट युक्त केन्द्रिय कन्ट्रोल रुमको स्थापना । | ● देशभरिका सरकारी वकील कार्यालयहरुको अभियोजन कार्यको समन्वयका लागि रेडियो सेटबाट केन्द्रीय कन्ट्रोल रुम मार्फत सम्पर्क भई तत्काल निर्देशन एवं समन्वयको कार्य हुने र सोबाट सेवा छिटो, छरितो र विश्वसनिय हुने । | ● रेडियो कन्ट्रोल रुमको स्थापनार्थ एक प्राविधिक कार्यदलको गठन गर्ने ।<br>● कार्यदलको प्रतिवेदन अनुसार कन्ट्रोल रुमको स्थापनाका लागि बजेटको व्यवस्था गर्ने ।<br>● महान्यायाधिवक्ताको कार्यालयमा केन्द्रिय कन्ट्रोल रुमको स्थापना गर्ने । |
| | ९.६. विभिन्न जिल्लामा विधिविज्ञान परीक्षण सहयोगका लागि घुम्ति प्रयोगशालाको स्थापना । | ● महान्यायाधिवक्ताको कार्यालय अर्न्तगत रहने गरी विभिन्न जिल्लामा हुने अनुसन्धान कार्यलाई चाहिने विधि विज्ञान परीक्षणका लागि घुम्ति प्रयोगशालाको स्थापना भएपछि प्रयोगशालाको अभावमा प्रमाण संकलन हुन नसकी अभियोजनमा पर्ने बाधाको अन्त्य हुने । | ● महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत घुम्ति प्रयोगशालाको स्थापना गर्न वजेटको व्यवस्था गर्ने । |
| | ९.७. राष्ट्रिय विधिविज्ञान केन्द्रसंग समन्वय गरी विराटनगर, हेटौडा, पोखरा, नेपालगञ्ज र महेन्द्रनगरमा क्षेत्रीय विधि विज्ञान प्रयागशालाको स्थापना । | ● क्षेत्रीय विधि विज्ञान प्रयोगशालाको स्थापनाले विभिन्न जिल्लामा शीघ्र, बैज्ञानिक, वस्तुगत अनुसन्धान प्रणालीको विकास भई प्रमाणमुखी अभियोजन प्रणालीको स्थापना हुने । | ● विराटनगर, हेटौडा, पोखरा, नेपालगञ्ज र महेन्द्रनगरमा क्षेत्रीय विधिविज्ञान प्रयोगशालाको स्थापना गर्न वजेटको व्यवस्था गर्ने । |

## १०. महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका सरकारी वकील कार्यालयका कार्य सम्पादन व्यवस्थापन तथा अनुगमन

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १०. | १०.१.आधुनिक सूचना केन्द्, सुसज्जित अनुसन्धान, अनुगमन तथा योजना महाशाखाको स्थापना । | • आधुनिक सूचना केन्द्रको स्थापनाबाट अनुसन्धान, अनुगमनको कार्य प्रभावकारी हुन गई अनुसन्धान एवं अभियोजन प्रणाली विश्वसनीय हुन जाने र सोबाट स्वच्छ एवं निष्पक्ष न्यायको प्रवर्द्धन हुने । | • महान्यायाधिवक्ताको कार्यालयमा योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय अन्तर्गत रहने योजना तथा अनुगमन महाशाखाको स्थापनाका लागि अध्ययन गरी सुझाव दिन कार्यदलको गठन गर्ने ।<br>• महान्यायाधिवक्ताको कार्यालयमा योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय अन्तर्गत आधुनिक सूचना केन्द्र, अनुसन्धान, अनुगमन तथा योजना महाशाखाको स्थापना गर्न बजेट, मानव श्रोत र सवारी साधनको व्यवस्था गर्ने । |
| | १०.२. अनुसन्धान, अनुगमन तथा योजना महाशाखाबाट मासिक प्रगती प्रतिवेदन (वुलेटीन) प्रकाशन । | • महान्यायाधिवक्ताको कार्यालयले आफ्नो कार्य प्रगती विवरण सार्वजनिक गर्नका लागि मासिक र वार्षिक कार्य प्रगती प्रतिवेदन वुलेटिन प्रकाशन हुने भएबाट पारदर्शिताको अभिवृद्धी भई संस्थाप्रति जनताको जनआस्थामा वृद्धी हुने । | • वुलेटिन प्रकाशनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।<br>• अनुसन्धान, अनुगमन तथा योजना महाशाखाले मासिक तथा वार्षिक वुलेटिन निरन्तर प्रकाशन गर्ने प्रयोजनका लागि आवश्यक वजेटको व्यवस्था गर्ने |
| | १०.३. बार्षिक कार्यको प्रगती प्रतिवेदन प्रकाशन । | | |
| | १०.४. अभियोजन कार्य अनुगमन तथा नियमित निर्देशन प्रणाली स्थापना । | • अभियोजन कार्य अनुगमनका लागि महान्यायाधिवक्ताको कार्यालयमा अनुगमन महाशाखा स्थापना भई अनुगमन कार्यमा प्रभावकारीता हुनका साथै मुद्दा सफलता ७५ % भन्दा बढी पुग्ने । | • अभियोजन अनुगमन महाशाखाको स्वरुप र ToR निर्धारणका लागि कार्यदल गठन गर्ने ।<br>• सह न्यायाधिवक्ता स्तरको सरकारी वकीलको नेतृत्वमा अभियोजन अनुगमनका लागि अभियोजन अनुगमन |

| | | | |
|---|---|---|---|
| | | | महाशाखाको स्थापना गर्ने । |
| | १०.५.जनशक्ति परिचालनका लागि प्रशासन व्यवस्थापन महाशाखाको गठन । | ● जनशक्ति परिचालनका लागि आवश्यक नीति, योजना र कार्यक्रम तर्जुमा भई जनशक्ति परिचालनमा एकरुपता, पारदर्शीता र निश्चितता कायम हुने । | ● महान्यायाधिवक्ताको कार्यालयमा कार्यालय व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन सचिवालय अन्तर्गत मानव संशाधन महाशाखा स्थापना गर्नका लागि आवश्यक ToR निर्धारण गर्न कार्यदल गठन गर्ने ।<br>● मानव संशाधन महाशाखाको स्थापना गर्ने ।<br>● न्यायाधीश नियुक्ति गर्ने संयन्त्रमा न्याय परिषद्मा वारको समेत प्रतिनिधित्व भएकाले महान्यायाधिवक्ताको समेत प्रतिनिधित्व हुने व्यवस्था भावी संविधानमा गर्न संविधान सभामा सुझाव दिन समिति निर्माण गर्ने । |
| | १०.६.आवश्यकता अनुसार जनशक्ति वितरणमा आधारित सरुवा प्रणालीको विकास । | ● सरकारी वकीलले विभिन्न कार्यालयमा कार्यरत रही विभिन्न प्रकृतिका कार्य गर्ने व्यवसायिकताको वृद्धी हुने । | ● सरुवा क्यालेण्डरको व्यवस्था गर्ने ।<br>● सो क्यालेण्डर निर्माण गरी लागु गर्न जनशक्ति महाशाखा अन्तर्गत एक शाखाको स्थापना गर्ने । |
| | १०.७. क्षेत्रीय अनुगमन प्रणालीको विकास । | ● मातहत पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरुको सुदृढीकरण, अनुगमन तथा समन्वय प्रणाली सुदृढ हुने ।<br>● मातहत सरकारी वकील कार्यालयहरुमा अनुगमन गरेको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश भई महान्यायाधिवक्ताको कार्यालयबाट हुने अनुगमन सहज र कम खर्चिलो हुने । | ● क्षेत्रीय अनुगमनका लागि आवश्यक कार्यदल गठन गर्ने ।<br>● क्षेत्रीय अनुगमनका लागि वजेटको व्यवस्था गर्ने ।<br>● विराटनगर, हेटौडा, पोखरा, नेपालगंज र महेन्द्रनगरका पुनरावेदन सरकारी वकील कार्यालयहरुलाई प्रभावकारी अनुगमनको क्षमता अभिवृद्धी गर्न व्यवस्था गर्ने । |

| | | | |
|---|---|---|---|
| | १०.८.विशिष्टीकृत क्षेत्रको सेवा प्रदानका लागि महान्यायाधिवक्ताको कार्यालयमा तत्सम्बन्धी प्राविधिक विषयगत सल्लाहकारहरु (जस्तै कर, बैकिंग, सूचना प्रविधि, विधिविज्ञान आदि विशेषज्ञ) को नियुक्ति । | • सरकारी वकीलहरुले विशिष्टीकृत संस्थाहरुलाई दिने कानूनी सल्लाह ठोस हुने र ती सो संस्थाहरुबाट हुने कानूनी त्रुटीमा कमी आउने । | • विभिन्न क्षेत्रका आवश्यक विशेषज्ञ पहिचान गर्ने कार्यदल गठन गर्ने ।<br>• विशिष्टीकृत संस्थाहरुमा सरकारी वकीलहरुको जनशक्तिको व्यवस्था गर्ने । |
| | १०.९. प्रशिक्षण केन्द्रको स्थापना । | • केन्द्रले प्रदान गर्ने प्रशिक्षणद्वारा सरकारी वकीलहरुको कार्यक्षमता, दक्षता र मनोवलमा अभिवृद्धी भई संविधान एवं कानूनद्वारा प्रदत्त कार्यादेश प्रभावकारी रुपमा सम्पादन हुने । | • केन्द्रीय प्रशिक्षण केन्द्रको स्थापनाका लागि वजेटको व्यवस्था गर्ने । |
| | १०.१०. वृत्ति विकास कोषको स्थापना । | • सरकारी वकीलको वृत्ति विकास कोषको स्थापनाले सरकारी वकीलमा कार्य प्रति उत्प्रेरणा र मनोवलमा वृद्धी हुने । | • महान्यायाधिवक्ताको कार्यालयमा सरकारी वकील वृत्ति विकास कोषको स्थापना गर्ने सम्बन्धमा आवश्यक नियमावली तथा ToR निर्माणका लागि कार्यदलको गठन गर्ने |
| | १०.११. हिरासत अनुगमन सयन्त्रको निर्माण र संचालन । | • हिरासतमा रहेका व्यक्तिहरुलाई प्रहरी तथा अनुसन्धानकर्ताद्वारा गर्ने व्यवहारमा सुधार भई नेपाल पक्ष रहेका सन्धिहरुको सफल कार्यान्वयनको अवस्था सृजना हुने ।<br>• सोबाट मानव अधिकार संरक्षणको संस्कृति विकासमा मद्दत पुग्ने । | • हिरासतमा रहेका व्यक्तिहरुको अनुगमनका लागि महान्यायाधिवक्ताको कार्यालयमा हिरासत अनुगमन महाशाखाको स्थापना गर्ने ।<br>• अनुगमनको अधिकार मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्ने सम्बन्धमा कार्यदल गठन गर्ने । |
| | १०.१२. सर्वोच्च अदालतवाट | • सर्वोच्च अदालतवाट प्रतिपादित | • महान्यायाधिवक्ताको कार्यालयको योजना, |

| | | | |
|---|---|---|---|
| | प्रतिपादित सिद्धान्तहरु कार्यान्वयन सम्बन्धी सयन्त्रको स्थापना र संचालन । | सिद्धान्तहरुको प्रभावकारी कार्यान्वयन भई न्याय प्रति जनसाधारणको आस्था वृद्धि हुने । | अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालय अन्तर्गत सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको कार्यान्वयन भए नभएको निरन्तर अनुगमन गर्न एक छुट्टै महाशाखाको स्थापना गर्ने । |
| | १०.१३. सरकारी सम्पती संरक्षण र सरकारका करारीय दायित्वमा सरकारको प्रतिरक्षा । | ● सरकारी सम्पतिको उचित संरक्षण भई सरकारका करारीय दायित्वमा सरकारको तर्फबाट प्रभावकारी प्रतिरक्षा हुने । | ● महान्यायाधिवक्ताको कार्यालयको मुद्दा तथा वहस पैरवी व्यवस्थापन सचिवालय अन्तर्गत सरकारी सम्पतिको संरक्षण र सरकारका करारीय दायित्वमा सरकारको तर्फबाट प्रतिरक्षाका लागि एक महाशाखाको गठन गर्ने ।<br>● सोका लागि आवश्यक विशिष्टीकृत जनशक्तिको व्यवस्था गर्ने । |

**११. सरकारी  वकीलको सेवा शर्त सम्वन्धी ऐनको व्यवस्था**

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| ११. | ११.१. सरकारी वकीलको सेवा शर्त एवं सुविधा सम्वन्धी विशेष कानूनको तर्जुमा (प्रस्तावित मस्यौदा समेत अध्ययन गरी) | • सरकारी वकीलको सेवा, शर्त, सुविधा सम्बन्धी विशेष कानून वनाउन कार्यदल गठन गरी उक्त कार्यदलको सुझाब वमोजिमको कानून पारित भई सरकारी वकीलको व्यावसायिकतामा वृद्धी हुने । | • सरकारी वकीलको सेवालाई निजामती सेवा भन्दा अलग राखी एक व्यावसायिक जनशक्तिका रुपमा स्थापित गर्न सरकारी वकीलको सेवा, शर्त, सुविधा सम्बन्धी विधेयक मस्यौदा संसदमा पेश गर्ने प्रयोजनका लागि ऐन मस्यौदा परामर्श समितिको गठन गर्ने ।<br>• मस्यौदा विधेयक पेश गरी पारित गर्न कानून तथा न्याय मन्त्रालयसंग समन्वय गर्ने ।<br>• जिल्ला सरकारी वकील कार्यालय र पुनरावेदन सरकारी वकील कार्यालयहरको वर्तमान नामाकरणलाई क्रमशः महान्यायाधिवक्ताको जिल्ला कार्यालय र महान्यायाधिवक्ताको पुनरावेदन कार्यालयमा रुपान्तरण गर्ने सम्बन्धमा अध्ययन गरी नियमावलीमा संशोधनको लागि सिफारिश गर्न कार्यदलको गठन गर्ने । |
| | ११.२. स्पष्ट नभएका कार्यादेशहरुलाई स्पष्ट पारी संविधानमा समावेश गर्न सिफारिश | • सरकारी वकीलहरुको कार्यादेश स्पष्ट हुने । | • सरकारी वकीलहरुको कार्यादेशलाई स्पष्ट पारी संविधानमा समावेश गर्ने सिफारिश गर्न कार्यदलको गठन गर्ने । |

## १२. पुस्तकालय एवं अन्य आधारभूत आवश्यकताको परिपूर्ती

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १२. | १२.१.आधुनिक पुस्तकालयको स्थापना । | ● सरकारी वकीलहरुको व्यावसायिक दक्षता अभिवृद्धि हुने । | ● आधुनिक पुस्तकालय स्थापनाका लागि वजेट व्यवस्था गर्ने |
| | १२.२. अनलाइन स्रोत सामाग्रीको अनुसन्धानका लागि ब्रोडवैण्ड इन्टरनेट सुविधाको स्थापना । | ● विविध किसिमका अन्तर्राष्ट्रिय अध्ययन सामग्रीहरुमा सरकारी वकीलको पहुंच वृद्धी हुने । | ● ब्रोडबैण्ड अनलाइन स्रोतहरुसंग पहुँचका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । |
| | १२.३.पर्याप्त सूचना संग्रहित वेवसाइटको डिजाइन र संचालन । | ● सहज रुपमा सरकारी वकीलले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश तथा विषयवस्तुका बारेमा जानकारी प्राप्त गर्ने अवसर वृद्धी हुने ।<br>● संस्थागत सूचना प्रणालीको स्थापना भई अन्तरसंगठन सम्पर्क र गोपनियताको प्रवर्द्धन हुने । | ● महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुमा व्यवस्थित अनलाईन पुस्तकालयका वीच Link up गर्न बजेट व्यवस्था गर्ने । |
| | १२.४.लेक्सेस नेक्सेस जस्ता आधुनिक कानूनी अनुसन्धान स्रोतहरुको प्रयोग ।<br>१२.५. अनलाईन पुस्तकालयको स्थापना गर्ने (जिल्ला र पुनरावेदन सरकारी वकील कार्यालय प्रयोजनको लागि) | ● सरकारी वकीलहरुले नविनतम ज्ञानका विषयमा अनुसन्धानमूलक अध्ययन सामाग्री तथा विदेशी अदालतले गरेको फैसलाहरुको अध्ययन गर्ने अवसर प्राप्त गरी कार्यसम्पादनमा स्तरियता अभिवृद्धि हुने । | ● महान्यायाधिवक्ताको कार्यालयमा Electronic Library को स्थापना गर्न आवश्यक वजेट व्यवस्था गर्ने ।<br>● पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरुमा अनलाइन पुस्तकालयको व्यवस्था गर्ने ।<br>● सोका लागि बजेटको व्यवस्था गर्ने |

## १३. कार्य सम्पादनका लागि पर्याप्त वजेट

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १३. | १३.१. प्रत्येक पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयलाई पुस्तक, सवारी साधनका लागि बजेटको व्यवस्था । | • सरकारी वकील कार्यालयहरुले सम्पादन गर्ने कार्यहरुमा प्रभावकारीता अभिवृद्धी हुने । | • प्रत्येक पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयलाई एउटा सवारी साधन, पर्याप्त कम्प्युटर, प्रिन्टर, फोटोकपी, टेलिफोन कनेक्सनका लागि बजेट व्यवस्था गर्ने । |
| | १३.२.अभियुक्तलाई वयान गराउने कक्षको निर्माण । | • मुद्दाको अनुसन्धान तथा अभियोजनका सन्दर्भमा अभियुक्तको मानव अधिकारको संरक्षण हुने । | • प्रत्येक जिल्ला सरकारी वकील कार्यालयहरुमा अभियुक्तको वयानका लागि छुट्टै वयान कक्षको निर्माण गर्ने ।<br>• सोका लागि वजेटको व्यवस्था गर्ने ।<br>• वयानलाई भिडियो रेकर्डिगं प्रविधिको प्रयोग गर्ने । |
| | १३.३. अदालतमा पेश गर्नु पूर्व अभियुक्तहरुलाई राख्ने थुनुवा कक्षको निर्माण । | • अभियुक्तको मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन हुने ।<br>• अभियुक्तसंग निजहरुका कानून व्यवसायीको भेटघाट सहज र व्यवस्थित हुने । | • अदालतमा पेश गर्नु पूर्व प्रत्येक सरकारी वकील कार्यालयमा थुनुवा राखिने थुनुवा कोठाको निर्माण गर्ने ।<br>• कानून व्यवसायीसंग सहज भेटघाट र कुराकानीको व्यवस्था मिलाउने । |
| | १३.४.अनुसन्धानको अनुगमनका लागि आवश्यक वजेट । | • मुद्दाको अनुसन्धानको अनुगमन प्रभावकारी हुने । | • अनुसन्धान अनुमगनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । |
| | १३.५.सरकारी पक्षले प्रस्तुत गर्ने साक्षीहरुको भत्ता वितरण । | • सरकारी पक्षबाट अदालत समक्ष बकपत्र गर्ने साक्षीको संख्या वृद्धी हुने ।<br>• सरकारी पक्षका साक्षी Hostile हुने प्रवृत्तिमा कमि आउने । | • सरकारी पक्षका साक्षीहरुको भत्ताको लागि सरकारी वकील कार्यालयहरुमा वजेटको व्यवस्था गर्ने ।<br>• भत्ता वितरण सम्बन्धी निर्देशिका तयार गर्न कार्यदलको गठन गर्ने । |

| | | | |
|---|---|---|---|
| | १३.६. भ्रष्टाचार, राजश्व, मानव वेच विखन,मानव अधिकार उल्लघंन तथा संगठित अपराधको अभियोजनमा आवश्यकतानुसार परामर्श । | • विशेष प्रकृतिका अपराधहरुः मानव वेचविखन, मानवअधिकार उल्लंघन र संगठित अपराधको अभियोजन प्रभावकारी हुने । | • भ्रष्टाचार, राजश्व, मानव वेच विखन, मानव अधिकार उल्लंघन तथा संगठित अपराधको अभियोजनमा परामर्श खर्चको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने । |
| | १३.७ भ्रष्टाचार सम्बन्धी मुद्दाहरुको प्रतिरक्षाका लागि छुट्टै महाशाखाको व्यवस्था । | • भ्रष्टाचारको प्रतिरक्षाको लागि स्थापित महाशाखाले सरकारी वकीलहरुमा सेवा विशिष्टिकृत भई प्रभावकारी प्रतिरक्षा हुने ।<br>• सोबाट भ्रष्ट्राचार मुद्दामा रहेको हालको सफलता प्रतिशतमा बृद्धि हुने । | • विशेष अदालत र सर्वोच्च अदालतमा वहस पैरवी र प्रतिरक्षाका लागि महान्यायाधिवक्ताको कार्यालयको मुद्दा तथा बहस पैरवी व्यवस्थापन सचिवालय अन्तर्गत महाशाखाको स्थापना गर्ने ।<br>• सो महाशाखामा भ्रष्टाचार मुद्दाका सम्बन्धमा अनुभव, अध्ययन र विशेष दखल हुने सरकारी वकीलहरुको पदस्थापना गर्ने । |

## १४. कार्य सम्पादन मूल्याकंन सम्बन्धमा

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १४. | १४.१.कार्य सम्पादन मूल्यांकनको लागि स्पष्ट पारदर्शी मापदण्डको निर्धारण । | ● निष्पक्ष, स्पष्ट र पारदर्शी रुपमा सरकारी वकीलको कार्यसम्पादनको मूल्याकंन हुने र यसबाट अनियमित कार्य हुने सम्भावना समाप्त हुने । | ● सरकारी वकीलहरुको कार्य सम्पादन मूल्याङ्कनको लागि मापदण्डको निर्धारण गर्न कार्यदल गठन गर्ने । |
| | १४.२.व्यावसायिक दक्षता अनुसार कार्यसम्पादनको लागि पुरस्कारको लागि मापदण्डको निर्धारण । | ● कार्य सम्पादनको मूल्याकंनको आधारमा दिइने पुरस्कारको व्यवस्थाले सरकारी वकीलहरुको कार्य प्रतिको उत्प्रेरणा अभिवृद्धि भई अन्य निकायमा जाने प्रवृत्तिको अन्त्य हुने । | ● कार्यसम्पादनका आधारमा दिइने पुरस्कारको मापदण्डको निर्धारण गर्न कार्यदल गठन गर्ने । |
| | १४.३.नियमावलीको तर्जुमा कार्यसम्पादन मूल्याकंन एवं पुरस्कारको व्यवस्था सस्थापन । | ● सरकारी वकीलहरुको कार्यसम्पादन मूल्याङ्कन पुरस्कारको व्यवस्थाको लागि उपयुक्त पद्धतिको विकास हुने । | ● नियमावलीको मस्यौदा तयार गर्नका लागि कार्यदल गठन गर्ने । |

**१५.सहायक स्तरका कर्मचारीको कानूनी दक्षता अभिवृद्धि**

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १५. | १५.१.सहायक स्तरका कर्मचारीको कानूनी ज्ञान अभिवृद्धिको लागि वार्षिक प्रशिक्षण कार्यक्रम संचालन । | • सहायक स्तरका कर्मचारीहरुको कानूनी ज्ञान र कार्यक्षमतामा अभिवृद्धि हुने । | • सहायक स्तरका कर्मचारीहरुको कानूनी ज्ञान अभिवृद्धि गर्नका लागि प्रशिक्षण दिने र प्रशिक्षण पाठ्यक्रम निर्माण गर्न कार्यदल गठन गर्ने । |
| | १५.२.कानूनी सहायकको रुपमा कार्यरत कर्मचारीको वृति विकास । | • कानूनी सहायक कर्मचारीहरुको वृत्ति विकासको लागि उपयुक्त पद्धति स्थापित भई कार्य सम्पादनमा उत्प्रेरणाको विकास हुन जाने । | • प्रशिक्षण कार्यक्रमको लागि बजेटको व्यवस्था गर्ने ।<br>• प्रशिक्षण कार्यक्रम संचालन गर्ने । |
| | १५.३.प्राविधिक कार्यमा संलग्न कर्मचारीको पदोन्नती तथा स्तर वृद्धि । | • प्राविधिक कर्मचारीहरुको कार्यक्षमतामा अभिवृद्धि हुने । | • प्राविधिक कर्मचारीहरुको प्रशिक्षणको लागि पाठ्यक्रम निर्धारण गर्न कार्यदलको गठन गर्ने ।<br>• निर्धारित प्रशिक्षण कार्यक्रमको लागि वजेटको व्यवस्था गर्ने । |

## १६.कर्मचारी कल्याण एवं सुविधा

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १६. | १६.१.उपत्यकामा घर नभएका सहायक स्तरका कर्मचारीका लागि आवास सुविधाको व्यवस्था । | • सहायक स्तरका कर्मचारीहरुको कार्य सम्पादनमा स्तरीयता र सेवा प्रति उत्प्रेरणा बृद्धि हुने । | • सहायक स्तरका कर्मचारीको आवासको लागि छुट्टै बजेटको व्यवस्था गर्ने । |
| | १६.२. कर्मचारीलाई यातायातको लागि वसको व्यवस्था र निजी सवारी साधन खरिदको लागि ऋण सुविधाको प्रवन्ध । | • कार्यालयमा कर्मचारीको समयमा उपस्थिति र कार्यालयको कार्यसम्पादनमा अभिवृद्धि हुने । | • महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरुको आवतजावतका लागि बसको व्यवस्था गर्ने ।<br>• निजी सवारी साधनको ऋण सुविधाको सम्बन्धमा कार्यविधि तयार गर्न कार्यदल गठन गर्ने । |
| | १६.३. सहायक स्तरका कर्मचारीका लागि कल्याणकारी कोषको व्यवस्था । | • सहायक स्तरका कर्मचारीमा सामाजिक सुरक्षाको अनुभूति हुने । | • सहायक स्तरका कर्मचारीहरुको लागि महान्यायाधिवक्ताको कार्यालयमा कल्याणकारी कोषको स्थापना गर्ने प्रयोजनका लागि कार्यविधि तय गर्न कार्यदलको गठन गर्ने ।<br>• महान्यायाधिवक्ताको कार्यालयमा सहायक स्तरका कर्मचारीहरुको एक कल्याणकारी कोषको स्थापना गर्ने । |
| | १६.४.सहायक स्तरका कर्मचारीको योग्यता विकासको लागि वृत्ति विकासको योजना तर्जुमा । | • सहायक स्तरका कर्मचारीहरुलाई व्यक्तित्व बिकासको अवसर प्राप्त भई दक्ष जनशक्तिमा रुपान्तरण हुने । | • सहायक स्तरका कर्मचारीको वृत्ति विकासको योजना तर्जुमा गर्न कार्यदलको गठन गर्ने । |

## १७. फौजदारी न्याय सुधारको लागि आवश्यक कानूनको तर्जुमा

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १७. | १७.१. अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसुर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको तर्जुमा ।<br>१७.२. सरकारी मुद्दा सम्वन्धी ऐन २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को समसामयिक सुधार ।<br>१७.३. केही सार्वजनिक अपराध (नियन्त्रण) ऐन २०२७ को समसामयिक सुधार ।<br>१७.४. संगठित अपराध ऐनको तर्जुमा<br>१७.५. सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिगं) निवारण ऐन, २०६४ मा समसामयिक सुधार ।<br>१७.६. विद्युतीय कारोबार (साइवर अपराध सम्वन्धी) ऐन, २०६३ मा समसामयिक सुधार ।<br>१७.७ भ्रष्टाचार निवारण ऐन, २०५९ मा समसामयिक सुधार । | • फौजदारी न्याय प्रणालीमा एकरुपता र प्रभावकारीता र सामयिकताको विकास हुने<br>• फौज्दारी न्याय प्रणालीको आधुनिकीकरण हुने ।<br>• सरकारी वकीलको निर्देशनमा अनुसन्धान तहकिकात हुने व्यवस्था स्थापना हुने ।<br>• फौजदारी न्यायमा मानव अधिकारको संस्कृति सुदृढ हुने । | • अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी  कसुर सजाय ( निर्धारण तथा कार्यान्वयन) ऐन पारित भई लागु गर्न कार्यदलको गठन गर्ने ।<br>• नयाँ कानून (जस्तै साक्षी संरक्षण तथा पीडित राहत र सहयोग सम्बन्धी कानून, एकिकृत हदम्याद सम्बन्धी कानून, झुठ्ठा बक्ने साक्षीलाई सजाय गर्ने सम्बन्धी कानून आदि) तर्जुमा र भई रहेका कानूनमा सुधारको लागि सुझाव दिन कार्यदलको गठन गर्ने ।<br>• सरकारवादी हुने मुद्दा फिर्ता गर्दा महान्यायाधिवक्ताको पूर्व परामर्शमा मात्र सरकारले निर्णय गर्ने व्यवस्था हुन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा संशोधन गर्ने सन्दर्भमा कानून तथा न्याय मन्त्रालयसँग समन्वय गर्ने ।<br>• मुद्दा चलाउने र नचलाउने अन्तिम निर्णय गर्ने सिलसिलामा आंशिक मुद्दा चलाउने सम्बन्धमा अनुगमन गर्ने संयन्त्र निर्माण गर्ने । |

## १८. स्वच्छ एवं निष्पक्ष न्यायका लागि अर्धन्यायिक निकायको सुदृढिकरण

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १८. | १८.१. प्रमुख जिल्ला अधिकारी, वन, राष्ट्रिय निकुञ्ज, अध्यागमन, राजश्व प्रशासन आदि फौजदारी न्याय सम्पादनसंग सम्बद्ध अर्ध न्यायिक निकायका अनुसन्धान अभियोजन र पुर्पक्षमा संलग्न कर्मचारी र न्यायिक अधिकारीलाई प्रशिक्षण । | ● अर्धन्यायिक निकायका अनुसन्धान अभियोजनमा संलग्न कर्मचारी र मुद्दा हेर्ने अधिकारीहरु प्रशिक्षित भै मानव अधिकारको संरक्षण हुने ।<br>● सरकारी निकायहरुबाट तयार हुने फिराद पत्र, अभियोग पत्र, निवेदन लगायतका मस्यौदा स्तरीय हुने । | ● प्रशिक्षणको लागि पाठ्यक्रम तयार पार्न कार्यदलको गठन गर्ने ।<br>● प्रशिक्षणका लागि पाठ्यक्रमको तर्जुमा गर्ने ।<br>● प्रशिक्षणका लागि बजेटको व्यवस्था गर्ने । |
| | १८.२.अर्धन्यायिक निकायवाट थुनुवा प्रति गर्ने व्यवहारको अनुगमन । | ● अर्धन्यायिक निकायवाट थुनुवा प्रति मानवोचित व्यवहार भई फौजदारी न्यायमा मानव अधिकारको संरक्षण हुने । | ● अर्धन्यायिक निकायमा खटिने अनुसन्धान अधिकृत र अन्य कर्मचारीलाई मानव अधिकारका बारेमा दिइने प्रशिक्षणको पाठ्यक्रम तर्जुमा गर्न कार्यदलको गठन गर्ने । |
| | १८.३.अर्धन्यायिक निकायले पालना गर्नु पर्ने न्यायिक कारवाहीको कार्यविधि नियमावली तर्जुमा । | ● अर्धन्यायिक निकायका अनुसन्धान, अभियोजनमा संलग्न कर्मचारी र मुद्दा हेर्ने अधिकारीहरुको न्यायिक कारवाहीमा न्यायिक सिद्धान्त र कार्यविधि सम्बन्धी मापदण्डहरुको प्रयोग हुने । | ● नियमावली तर्जुमा गर्न कार्यदलको गठन गर्ने ।<br>● अर्धन्यायिक निकायका अनुसन्धान, अभियोजनमा संलग्न कर्मचारी र मुद्दा हेर्ने अधिकारीहरुलाई प्रशिक्षण दिने । |
| | १८.४.अर्ध न्यायिक निकायका कार्यविधिमा स्वच्छ एवं निष्पक्ष न्यायको आधारभूत सिद्धान्तको परिपालना गराउने । | ● अर्ध न्यायिक निकायबाट न्यायिक कार्य सम्पादन गर्दा कानूनी कार्यविधि त्रुटि रहीत हुने । | ● न्यायिक मापदण्डको प्रकाशन, प्रशारण र अभिमुखीकरण सम्बन्धी पाठ्यक्रम तयार गर्न कार्यदलको गठन गर्ने ।<br>● सो सम्बन्धी प्रशिक्षण संचालन गर्ने । |
| | १८.५ मानव अधिकार उल्लघंनका अपराधको अभियोजनका लागि कानूनमा सुधार । | ● मानव अधिकार उल्लघंनका मुद्दाहरुको अभियोजन भई दण्डहिनता सम्बोधन हुने । | ● मानव अधिकार उल्लघंन सम्बन्धी मुद्दाहरुको अभियोजन सहज पार्न कानूनमा गर्नु पर्ने संशोधनका लागि |

| | | | |
|---|---|---|---|
| | | | मस्यौदा तयार पार्न कार्यदलको गठन गर्ने ।<br>● सो कार्यदलले तयार गरेको संशोधनको मस्यौदा कानून तथा न्याय मन्त्रालयसंग समन्वय गरी व्यवस्थापिका संसदमा प्रस्तुत गर्ने । |

## १९.सरोकारवाला निकायहरुसंग सम्बन्ध र समन्वय

| क्रम संख्या | मूल कार्यहरु | नतिजा परिसूचक | रणनीतिक कार्यहरु |
|---|---|---|---|
| १९. | १९.१ महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत समन्वय समितिको स्थापना । | • सरोकारवाला निकायहरुसंग संस्थागत सम्बन्धको विकास भई प्रभावकारी समन्वय स्थापित हुने । | • महान्यायाधिवक्ताको कार्यालयको र प्रहरी, अदालत, बार, सरकारी निकाय, संवैधानिक निकाय, गैर सरकारी संस्थाहरु, दातृ संस्थाहरु बीच संस्थागत सम्बन्ध स्थापना गर्न केन्द्रीयस्तरमा समन्वय समितिको स्थापना गर्ने<br>• नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार महान्यायाधिबक्ताको च्याम्बर राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संविधानसभा, व्यवस्थापिका संसद र सोका समिति लगायतका निकायमा हालसम्म पनि सो च्याम्बरको ब्यवस्था नभएकाले संबैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न महान्यायाधिबक्ताको च्याम्बर राख्ने व्यवस्था तत्काल गर्न नेपाल सरकारका मुख्य सचिव, व्यवस्थापिका संसदका महासचिव, कानून तथा न्याय मन्त्रालयका सचिव, राष्ट्रपतिको कार्यालय र नायव महान्यायाधिवक्ता रहेको समिति निर्माण गर्ने ।<br>• पुनरावेदन सरकारी वकील कार्यालय र प्रहरी, अदालत, बार, सरकारी निकाय, गैर सरकारी संस्थाहरु, दातृसंस्थाहरु बीच संस्थागत सम्बन्ध स्थापना गर्न पुनरावेदनस्तरमा समन्वय समितिको |

| | | | |
|---|---|---|---|
| | | | स्थापना गर्ने ।<br>● जिल्ला सरकारी वकील कार्यालय र प्रहरी, अदालत, बार, सरकारी निकाय, गैर सरकारी संस्थाहरु, दातृसंस्थाहरु बीच संस्थागत सम्बन्ध स्थापना गर्न जिल्लास्तरमा समन्वय समितिको स्थापना गर्ने ।<br>● नेपाल सरकारको हक हित र सरोकार भएका अनुसूची बाहिरका मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट समन्वय गर्न एक समिति गठन गर्ने । |

**२०. महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरु र सरकारी वकीलहरुको सुरक्षा**

| | | | |
|---|---|---|---|
| २०. | २०.१. महान्यायाधिवक्ताको कार्यालय लगायतका मातहतका सरकारी वकील कार्यालयहरु र सरकारी वकीलहरुको सुरक्षा । | ● सरकारी वकीलहरुको व्यक्तिगत र संस्थागत सुरक्षामा सुधार भई कार्य सम्पादन गर्न आत्मबल बढने ।<br>● महान्यायाधिवक्ताको कार्यालय र नेपाल सरकारले संचालन गर्ने विभिन्न कार्यक्रमहरुको माध्यमबाट फौजदारी न्याय प्रशासनका सम्बन्धमा जनचेतना अभिबृद्धि हुने । | ● महान्यायाधिवक्ताको कार्यालय, मातहतका सरकारी वकील कार्यालयहरु र सरकारी वकीलहरुको सुरक्षाको सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न कार्यदल गठन गर्ने ।<br>● महान्यायाधिवक्ताको कार्यालयमा Metal Detector / CCTV लगायतका आधुनिक विद्युतीय उपकरण सहितको सुरक्षा प्रबन्ध गर्ने ।<br>● पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरुमा Metal Detector / CCTV सहितका सुरक्षा गार्डको व्यवस्था गर्ने ।<br>● सरकारी वकीलहरु वहस पैरवी लगायत सरकारी काममा आउंदा जांदाको अवस्थामा सुरक्षा दिन सुरक्षाकर्मीको व्यवस्था गर्ने ।<br>● महान्यायाधिवक्ताको कार्यालयले फौजदारी न्याय प्रशासनका सम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न कार्यदल गठन गर्ने ।<br>● सो का लागि बजेट व्यवस्था गर्ने |

## रणनीतिक कार्ययोजनाको
## पांचवर्षे कार्य विभाजन

### १. संविधान एवं कानूनद्वारा प्रदत्त कार्यादेशको कार्यान्वयनको लागि जनशक्ति परिपूर्ति

| क्र.स. | कार्यहरु | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पांचौ बर्ष |
|---|---|---|---|---|---|---|
| १. | व्यक्तिगत विवरण अभिलेख गरी प्रकाशन गर्न प्रकाशन समिति गठन गर्ने । | ✓ | | | | |
| २. | व्यक्तिगत विवरणलाई नियमित रुपमा अद्यावधीक गरी प्रकाशन गर्नका लागि योजना अनुसन्धान एवं अनुगमन सचिवालयको एक अधिकृतलाई जिम्मेवारी तोक्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३ | व्यक्तिगत विवरणलाई व्यवस्थित गर्ने प्रयोजनको लागि हाल कायम रहेको वेभसाईटलाई up date गरी परिमार्जन गर्ने । | ✓ | | | | |
| ४. | नियमित परिमार्जन तथा स्तर वृद्धीका लागि एक कम्प्युटर विज्ञ कर्मचारीको दरबन्दी सृजना गरी कार्य सम्पादन गराउने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ५ | विद्यमान कार्यबोझ र दरबन्दीको अनुपात निर्धारण गर्ने प्रयोजनार्थ मेट्रिक्समा आधारित अनुसन्धानका लागि व्यवस्थापन, अनुसन्धान पद्धति, कानून र अर्थशास्त्र क्षेत्रका विज्ञहरु रहेको एक अनुसन्धान कार्यदल गठन गर्ने । | ✓ | | | | |
| ६ | अनुसन्धान कार्यदलको प्रतिवेदन प्रकाशित गर्ने । | ✓ | | | | |
| ७ | प्रतिवेदनका आधारमा दरबन्दी कायम गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने । | ✓ | | | | |
| ८ | कार्यबोझ र कार्य सम्पादनका लागि आवश्यक विशिष्ट योग्यताका आधारमा जिम्मेवारी तोक्न एक कार्यदलको गठन गरी सोको परामर्श अनुसार पदस्थापनाको लागि न्याय सेवा आयोगमा पेश गर्ने । | ✓ | | | | |
| ९ | विद्यमान कार्यबोझ, दरबन्दी र योजना अवधिमा थपिने सम्भावित कार्यबोझ सहित अल्पकालीन तथा दिर्घकालीन योजना तर्जुमाका लागि योजना निर्माण कार्यदलको गठन गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १० | कार्यसम्पादन प्रणालीलाई छिटो छरितो, व्यवस्थित र चुस्त बनाउन नयाँ व्यवस्थापन प्रणालीको स्थापना गर्न व्यवस्थापन विशेषज्ञ समेत रहेको कार्यदलको गठन गर्ने । | ✓ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | हाल कायम रहेको संगठन तथा व्यवस्थापन ढांचालाई परिमार्जन गरी दरबन्दी एवं पदस्थापना मिलान गरी नयां ढांचा कार्यान्वयन गर्ने । | ✓ | ✓ | | | |
| १२ | संविधान एवं कानूनले तोकेका कार्यदेश अनुरुप प्रदान गर्नु पर्ने सेवाका क्षेत्रहरु एवं निकायहरुको पहिचान गरी आवश्यक नीति एवं निर्देशिका तयारीका लागि कार्यदलको गठन गर्ने । | ✓ | | | | |
| १३ | कार्यदलले वस्तुगत अध्ययन गरी तयार पारेको प्रतिवेदन अनुसार तोकिएको क्षेत्रमा कार्यसम्पादन सयन्त्रको विकास गर्ने । | ✓ | | | | |
